कता जाँदैछन् चीन, चीनको क.पा. र नेताहरु ?
अमेरिकाका विश्वप्रसिद्ध माओवादी लेखकका विचारहरु



# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ७३

मूल्य रु. २०/–
भारतमा यस अंकदेखि भा.रु. १५/–



# कता लम्कँदैछ नेपालमा माओवादी जनयुद्ध ?

- के के गर्दैछन् माओवादीहरु आधार–इलाकामा ?
- सेनाले माओवादी समस्या हल गर्न दिएका सुझावहरु
- माओवादी पार्टी छाड्नेहरु के भन्दछन् ?

यसरी काठमाडौंका तीनवटा किसान संघर्षहरु सफल भए।



क. निर्मल लामाको रोचक संस्मरण

कर्णाली एनरोनलाई सुम्पनु किन राष्ट्रको अहितमा छ ?
डा. हरिमान श्रेष्ठ र रत्नसंसार श्रेष्ठका विश्लेषणात्मक टीप्पणीहरु



अचेल: सुश्री शैलजा आचार्य



# नेपाल आयल निगम

सफलतापूर्वक २९ औं वर्ष पूरा गरी
३० औं वर्षमा प्रवेश गरेको छ ।
यस सुखद उपलक्ष्यमा हामी हाम्रा सम्पूर्ण ग्राहक
तथा शुभचिन्तकहरूमा अझ उच्चस्तरीय सेवा
पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**नेपाल आयल निगम लि.**



श्री ५
महाराजाधिराज
वीरेन्द्र
वीरविक्रम
शाहदेव
सरकारको
५५ औं शुभ-जन्मोत्सवको
सुखद् उपलक्ष्यमा
मौसूफप्रति हार्दिक शुभ-कामना

**नेपाल बैंक लिमिटेड**



श्री ५
महाराजाधिराज
वीरेन्द्र
वीरविक्रम शाहदेव
सरकारको
५५ औं
शुभ-जन्मोत्सवको
सुखद् उपलक्ष्यमा
मौसूफप्रति हार्दिक शुभ-कामना

**औद्योगिक क्षेत्र व्यवस्थापन लि.**

परिवार, बालाजु, काठमाडौं

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १७, पूर्णाङ्क ७३
पुस/माघ, २०५६



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख ब्यवस्थापक**
श्याम खड्का
**लेखा ब्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार ब्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोनः ४२२७६९, फ्याक्सः ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं



*इमेल :*
mulyankan@hons.com.np
*वेबसाइट:*
www.webnepal.com/mulyankan




# कता लम्कँदैछ माओवादी जनयुद्ध ?

किन जरुरी भएको छ आधार इलाका ? कुन शर्तमा यो बन्न सक्छ ? -क. प्रचण्ड

*वर्तमान माओवादी गतिविधिबारे क. लिलामणि पोखरेल के भन्नु हुन्छ ?*

किन मैले माओवादी पार्टी छोडें ? - पुण्य गौतम

माओवादी पार्टी कमिटी प्रणालीबाट होइन, हुकूमतन्त्रबाट चलेको छ: आई. पी. खरेल

❑ के गर्दैछन् माओवादीहरू आधार-इलाकामा ?
❑ सेनाले माओवादी समस्या हल गर्न दिएका सुझावहरू

## कर्णाली किन राष्ट्रको अहितमा छ?

- डा. हरिमान श्रेष्ठ

*मैले कर्णाली आयोजनाबाट नेपाललाई फाइदा हुने देखेको छैन*

-रत्न संसार श्रेष्ठ

## चीन, चीनको कम्युनिष्ट पार्टी र चीनका नेताहरू कता जाँदैछन् ?

*अमेरिकाका विश्वप्रसिद्ध माओवादी लेखक विलियम हिन्टनसँगको विचारोत्तेजक कुराकानी*

## वामपन्थी कर्मकाण्ड

*समता समाजको बटौली सम्मेलन हेरेपछि*

-खगेन्द्र संग्रौला

## बीसौं शताब्दीका महान कवि-नाटककार ब्रेख्तको जीवनी


**हाम्रो मूल्यांकन**
कसरी हल हुन संभव छ - वर्तमान नेतृत्वको अनिकाल ? ४
**घटना र प्रवृत्ति**
नेकपा (माले) को अर्को एउटा विवादास्पद बैठक -नारायण ढकाल ५
**आत्मकथा**
यसरी काठमाण्डौका तीनवटा किसान-संघर्षहरू सफल भए -निर्मल लामा २४
**अचेल**
जलस्रोत विकासको लागि स्पष्ट दृष्टिकोण निर्माण भएकै छैन सुश्री शैलजा आचार्य २१
**दर्शन**
के हो अधिभूतवाद र द्वन्द्ववादबीचको मुख्य भिन्नता ? ३६
**अन्तर्क्रिया**
कर्णाली किन राष्ट्रको अहितमा छ? - डा. हरिमान श्रेष्ठ २८
मैले कर्णाली आयोजनाबाट नेपाललाई फाइदा हुने देखेको छैन -रत्न संसार श्रेष्ठ ३०
**विश्व कम्युनिष्ट आन्दोलन**
चीन, चीनको कम्युनिष्ट पार्टी र चीनका नेताहरू कता जाँदैछन् ? *अमेरिकाका विश्वप्रसिद्ध माओवादी लेखक विलियम हिन्टनसँगको विचारोत्तेजक कुराकानी* ४०
जापानी कम्युनिष्ट पार्टीको अग्रगतिः अत्याधुनिक शैलीको सम्मेलन ३३
'लेफ्टवर्ड' नामक प्रकाशन संस्था खुल्यो ! पार्टीभन्दा बाहिरका वाम बौद्धिकहरूलाई बेसी समेटिने घोषणा १९
**जीवनको झाँकी**
नेतृत्वको क्षमतामाथि प्रश्नचिन्ह ! नक्सलवादी षड्यन्त्र केसको खारेजीको माग २०
**उत्पीडित चौतारी**
वामपन्थी कर्मकाण्डः समता समाजको बटौली सम्मेलन हेरेपछि -खगेन्द्र संग्रौला ३४
**आँखीझ्याल**
यूरोप कसरी अमेरिकाको टक्करमा आउन खोज्दैछ ? -दीपक वैद्य १७






**व्यंग्य**
क्यालेण्डर ४५
**साहित्य**
बर्तोल्त ब्रेख्तः बीसौं शताब्दीका महान कवि-नाटककार ३८
ब्रेख्तसम्बन्धी छलफलको शुरूवात ३९
**पाठकको कुरो** ४६



आवरणमा : माओवादी छापामारको काल्पनिक चित्र । काँधमाः क. माओ त्से तुङ । तलः क. निर्मल लामा (बायाँ) र सुश्री शैलजा आचार्य (दायाँ)
आवरण सज्जाः टाइम्स क्रिएशन, बागबजार, फोनः २५२६४५कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारू, यति आर्ट, पुतलीसडक
मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार/स्क्यानिङ्गः पोलिइमेज, बसन्तपुर, फोनः २४४०४१

# कसरी हल हुन संभव छ - वर्तमान नेतृत्वको अनिकाल ?

नेपाल अहिले उल्टो दिशातिर लम्किरहेछ । ती जो लोकप्रिय र जन-विश्वास प्राप्त संस्था थिए, अलोकप्रिय र जनताको नजरमा गिरेका संस्थामा बदलिन गएका छन् । ती जो अलोकप्रियताको चुलीमा र जनताको विश्वास गुमेका संस्थाहरू थिए, ती विस्तारै लोकप्रिय हुन थालिरहेछन् । नेपाली राजनीतिले यतिखेर प्रतिगामी बाटो समातिरहेछ ।

राजनीतिमा मूल पूंजी भनेको जनताको विश्वास हो । नेतृत्वप्रति जनताको भरोसा छ भने, त्यो पूंजी भजाएर नेतृत्वले धेरै कुरा गर्नसक्छ । सिंगै देशलाई निर्देशित दिशामा लानसक्छ । कुनै पनि संकट मजाले झेल्न सक्छ । जनता र नेतृत्व एक ढिका भएको स्थितिमा दुनियाँको कुनै ताकतले पनि त्यसलाई परास्त गर्नसक्दैन, झुकाउन सक्दैन ।

नेपालको संसदीय पूंजीवादी प्रजातन्त्रको दशवर्षको मूल विशेषता के रह्यो भने, यो व्यवस्थाका सबै महारथीहरूले जनताको विश्वास साह्रै छिटो गुमाए । जनताबाट पहिले प्राप्त अपार विश्वासलाई उनीहरूले व्यक्तिगत स्वार्थ र मोजमस्तीसँग भजाएर खाए । सिद्धान्त जे भए पनि, आदर्श उन्नत भए पनि काँग्रेस आचरणमा पंचजस्तै देखियो, एमाले काँग्रेसजस्तो, माले एमालेजस्तो । भेद कहीं कतै गुणको देखापरेन, थोरै थोरै मात्राको मात्र देखियो । कतै त मात्राको पनि अन्तर देखिएन । राष्ट्रको अपार नोक्सानीमा महाकाली भारतलाई सुम्पने प्रवृत्ति र कर्णाली एनरोनलाई सुम्पने प्रवृत्तिमा भेद के ? छँदा खाँदाको पार्टी फोडेर माले जुन कारणले एमालेबाट छुट्टिएको थियो त्यसको औचित्य कहीं कतै पुष्टि भएको देखापरेन ।

अहिले नेपाल भयावह अनिकाल भोग्दैछ । त्यो अनिकाल खानेकुराको होइन, भरोसायोग्य नेतृत्वको हो । त्यस्तो नेतृत्व जोसित वैकल्पिक भिजन छ, उन्नत नैतिक-सांस्कृतिक मूल्यहरू छन् र सिद्धान्तप्रतिको प्रतिवद्धता छ । एक्काइसौं शताब्दीको आजको नेपाललाई कता हाँक्ने ? कसरी हाँक्ने ? त्यसबारे सुस्पष्ट भिजन र भिजन अनुकूलको आचरण भएको भरोसायोग्य नेतृत्वको नेपालमा अहिले औधी खाँचो परिरहेछ । अहिलेको नेपालको अन्तरविरोध के हो भने जोसँग भिजन र उन्नत जीवनमूल्य छ, ऊ नेतृत्वमा छैन, जो नेतृत्वमा छ ऊसँग भिजन पनि छैन, इमान्दारिता पनि छैन । यो अन्तरविरोध हल गर्नु नै यतिखेरको नेतृत्वको संकट हल गर्ने एक मात्र उपाय हो ।

भरोसायोग्य नेतृत्वको अभावमा अहिले नेपालमा प्रतिगामी तत्वहरू दरवारलाई फेरि सक्रिय भईदिन खुला आह्वान गर्न थालिरहेछन् । दरवार पनि सल्वलाउन थालेको छ । परन्तु, जनताको भरोसा त दरवारप्रति पनि देखिन्न । दरवार कति भ्रष्ट छ, र नेतृत्व गर्न असक्षम छ, पंचायती कालरात्रीको ३० वर्षमा छर्लङ्ग देखिइसकेको कुरा हो । तर भ्रष्टाचारमा त्यही दरवारलाई समेत बहुदलीय नेताहरूले दशैवर्षमा उछिनेकाले लोकप्रियतामा निकै पुङ्को दरवार पनि अहिले उत्तिकै उँचाइमा पहिलेभन्दा अग्लो देखिनगएको छ । यस अर्थमा दरवार पहिलेभन्दा ज्यादा लोकप्रिय देखिनथालेको छ ।

जन-आकर्षण अहिले माओवादीतिर बढ्नथालेको छ । त्यो बढ्नु स्वाभाविक र राम्रो कुरो पनि थियो, किनकि उनीहरू क्रान्तिकारी विकल्प लिएर मैदानमा आएका थिए । उनीहरू देश र जनताको लागि ज्यान हत्केलामा राखेर मैदानमा उत्रेका थिए । परन्तु, माओवादीसित समर्पण र क्रान्तिकारी भावनाको उँचाई त रह्यो, यथार्थसम्मत चिन्तन, र सबैलाई समेटेर साथै लिएर हिंड्नसक्ने गतिशील उदात्त नेतृत्व-क्षमता देखिएन । जडसूत्रवादी यान्त्रिक चिन्तनप्रक्रिया, आलोचनाप्रतिको अति असहिष्णुता, अनावश्यक हिंसा, र फरक मतका सबैलाई शत्रु साध्ने उनीहरूको प्रवृत्तिले -वैकल्पिक नेतृत्वका रूपमा उदीयमान हुने सारा संभावनाहरूलाई खत्तम पाऱ्यो ।

राम्रो संभावना नौ वामको पनि देखापरेको थियो । परन्तु नौ वाम अभ्रष्ट छवि, जन-आधार र शक्तिका हिसावले निकै उल्लेखनीय भए पनि जनताको विश्वास जित्ने गरी फलदायी र प्रभावकारी जन-आन्दोलन गर्न असक्षम देखापऱ्यो । खालि अस्तित्व धान्ने र झाराटार्ने खालका उसका मनताता संघर्षका कार्यक्रमले जनतामा भरोसा नै जगाउन सकेन ।

यो स्थितिमा विकल्प के त ?

हाम्रो ठम्याईमा यतिखेर दुईटा विकल्प सामुन्ने छन् :

एउटा, नेपाली समाजको प्रगतिशील रूपान्तरण र समग्र प्रजातान्त्रिकरण चाहने सबै देशभक्त, प्रजातान्त्रिक र वामपन्थी शक्तिहरूको एउटा न्यूनतम् साझा कार्यक्रमका आधारमा - जन-संघर्षमुखी कार्यगत एकता वा संयुक्त मोर्चा ।

दोश्रो, अति वामपन्थी वा दक्षिणपन्थी दुबै विचारसित असहमत सन्तुलित वैज्ञानिक समाजवादी शक्तिहरूको सांगठनिक एकता ।

यी दुवै विकल्प नेपालमा यतिखेर कार्यान्वयन गर्न संभव छन् भन्ने हामीलाई लाग्छ ।

पहिलो विकल्प यस कारणले संभव छ कि त्यस्ता शक्तिहरू नेपालमा यतिखेर मूर्त रूपमा विद्यमान छन् र यी सवालमा ती सबैको साझा समझदारीको न्यूनतम कार्यक्रम बन्नसक्छ :

- ❑ सन् १९५० को सन्धिको खारेजी र समानताको र पारस्परिक लाभका आधारमा नयाँ सन्धि
- ❑ कालापानी क्षेत्रबाट भारतीय सेनाको वापसी
- ❑ नेपाललाई क्रमबद्ध रूपमा विदेशी ऋण मुक्त पार्ने कार्यक्रम
- ❑ नेपालको स्वावलम्वी आर्थिक विकास, ग्रामीण औद्योगिकीकरण र विद्युतीकरणको कार्यक्रम
- ❑ मजदूरहरूलाई जीविकायोग्य ज्याला
- ❑ प्रगतिशील भूमिसुधार र कृषि क्रान्तिको कार्यक्रम
- ❑ महिलाहरूलाई आर्थिक, सामाजिक सबै क्षेत्रमा समानताको हक
- ❑ एक भाषा विशेषाधिकार र एक धर्म विशेषाधिकारविरूद्धको कार्यक्रम
- ❑ स्थानीय निकायलाई व्यापक क्षेत्रीय स्वायत्तता

यी यस्ता कार्यक्रम हुन् जुन सबैजसो वामपन्थी पार्टीको दस्तावेजमा साझा रूपमा उल्लेख गरिएका छन् र प्रतिवद्ध प्रजातान्त्रिक तत्वहरूको समेत यसमा सहमति हुन संभव छ । संसदभित्र र, बाहिर र प्रभुत्वको क्षेत्रमा यहीं र अहिल्यै यसको अभ्यासको निम्ति संघर्ष हुन संभव छ ।

दोश्रो, विकल्प यसकारणले संभव छ कि, त्यस्ता मध्यवर्ती कम्युनिष्ट घटकहरू नेपालमा अहिले मूर्त रूपमा अस्तित्वमा छन्, जस्तो कि नेकपा (मसाल), एकताकेन्द्र, माले-एमालेभित्रका मध्यवर्ती विचार राख्ने नेता-कार्यकर्ताहरू, ने.म.कि.पा, ने.क.पा (मालेमा), देशभक्त कम्युनिष्ट लीग र समाजवादी आन्दोलन, नेपाल । यी सबैबीच तत्काल एकता संभव नहुन पनि सक्छ । परन्तु मसाल र एकता केन्द्र बीच, देशभक्त कम्युनिष्ट लीग र समाजवादी आन्दोलन, नेपाल बीचको एकता निकट भविष्यमा संभव छ । यो प्रक्रिया शुरू भएपछि अरू सबै सहमत पक्षहरू त्यसमा सामेल हुँदै जान सक्छन् ।

आवश्यकता यतिखेर संगठित पहलको छ । यो पहल हुनसक्यो भने अहिले व्याप्त नेतृत्वको अनिकाल धेरै हदसम्म हल हुनसंभव छ । ❑

# नेकपा (माले) को अर्को एउटा विवादास्पद बैठक

❑ नारायण ढकाल

गएको पुस १५ देखि पुस २२ गतेसम्म नेकपा (माले)को केन्द्रीय कमिटीको एघारौं बैठक सम्पन्न भयो । बीचमा नयाँ सहस्राब्दीको आगमन परेको कारण एक दिन सो समारोह मनाउन बैठक स्थगित पनि गरियो । बाँकी रहेका सात दिनमा नेकपा (माले)ले ९ वटा विभिन्न विषयहरुमा छलफल गर्दै आफूलाई विवाद र चर्चाको नयाँ धरातलमा पुऱ्यायो ।

बैठकको समापनको लगत्तैपछि त्यसभित्र हुर्किएको विवाद नयाँ उचाईमा पुगेको स्पष्ट देखिएको छ ।



नेकपा मालेका महासचिव वामदेव गौतम

केन्द्रीय नेतृत्वको बहुमत पक्षले "अब माले अघि बढ्यो" भनेर प्रचारात्मक उद्घोष गरेको भोलिपल्टै नेकपा(माले) चितवन जिल्ला कमिटीका केही महत्वपूर्ण कार्यकर्ताहरु एमालेतर्फ फर्किएका छन् र अहिले यो क्रम अन्यत्र पनि तीव्र हुने संकेतहरु पाइएका छन् ।

केन्द्रीय कमिटीको एघारौं बैठकका ताजा एजेण्डाहरुमा 'आचारसंहिता' मुख्य थियो । यो विषय नेकपा एमालेबाट चोइटिएपछि पार्टीभित्रका संघर्षशील र शुद्धिकरणको पक्षमा रहेका कार्यकर्ताहरुको दवावबाट विधानको परिशिष्टमा समावेश गरिएको थियो । आफ्नो दुईवर्षको इतिहासमा यो विषय कार्यान्वयन गर्न केन्द्रीय नेतृत्व कहिल्यै उत्साहित भएन । तर एकाएक यस पटक यो के भयो ? कसरी भयो ? र, त्यसको परिणाम के रह्यो ? आदि प्रश्नहरुले अहिले नेपाली राजनीतिमा आफ्नो फणा उठाएका छन् । आचारसंहिताभित्रको एउटा बुँदा 'पजेरो फिर्ता' गर्नुपर्ने निर्णयअनुरुप केन्द्रीय सदस्य देवी ओभा निलम्बित भएका छन् भने पार्टीकी अध्यक्ष सहाना प्रधान र पोलिटब्यूरो सदस्य राधाकृष्ण मैनाली एवं सिद्धिलाल सिंहलाई सो प्रकरणमा दुई महिनाको समय सीमा दिइएको छ । दुई महिनाभित्र गाडी नबेचेमा उनीहरुलाई पनि देवी ओभाको ठाउँमा पुऱ्याइने निर्णय गरिएको छ ।

पार्टी बैठकले पजेरो प्रकरणका अन्य पक्षहरुमा भने कुनै उल्लेखनीय निर्णय गरेन । गाडी सुविधा लिएर आफ्नो गाडीलाई देशका अरु धनकुवेरहरुलाई बेचेर फाइदा उठाउने सदस्यहरु पार्टीलाई एक लाख बुझाएपछि चोखिने भए । साथै गाडी किनेर भाडा खाने अन्य केन्द्रीय सदस्यहरुको हकमा पनि सोही प्रकारको उपचारपद्धति लागू गरियो । आचारसंहिताको मूल मर्म र भावना भनेको सादा जीवन उच्च विचार, भ्रष्टाचारको विरोध र सामाजिक कुरीतिहरुको अवज्ञाका व्यापक आयामहरुतिर बैठकले कुनै किसिमको ध्यान दिएन । फलस्वरुप गत वर्ष कांग्रेससित सरकारमा रहँदा गरिएको गंभीर भ्रष्टाचारको काण्ड चेज एयरको प्रकरण अहिले पनि लुक्यो र त्यसका सूत्रधार, सहयोगी र वैचारिक समर्थकहरुलाई कुनै पनि कार्वाही भएन । यदि यो विषयमा छलफल भएको भए केन्द्रीय सदस्य देवी ओभाभन्दा पनि ठूलो सजायँ पाउने सूचीमा स्वयं महासचिव वामदेव गौतम पर्ने थिए भन्ने मालेभित्रका एकथरि कार्यकर्ताहरुको राय रहेको छ ।

नेकपा (माले) को एघारौं केन्द्रीय कमिटीको बैठकको अर्को विवादास्पद निर्णय हो – राष्ट्रिय सम्मेलनको मिति सार्नु । पहिले केन्द्रले आउँदो फागुनमा सम्मेलन गर्ने निर्णय गरेको थियो । त्यो निर्णयलाई गत भदौमा भएको पोखराको राष्ट्रिय कार्यकर्ता भेलाले पनि सर्वसम्मतिले अनुमोदन गरेको थियो । तर यो बैठकले सम्मेलनको तिथिलाई विना कुनै कारण दश महिना पर हटायो । किन यसो भयो ?

पोखरा कार्यकर्ता भेलापछि माले महासचिव वामदेव गौतमलाई पहिलोपटक अनुभूति भयो कि उनी पार्टीमा त्यति लोकप्रिय छैनन् -जति उनले आफूलाई सोचेका थिए । पार्टीभित्र अहिले अभ्यास भइरहेको राजनीतिक कार्यक्रम-जनताको बहुदलीय जनवाद पनि त्यति लोकप्रिय छैन- जति उनी त्यसबारे आफ्नो काल्पनिक अडान राख्थे । उनले भन्दै आएका थिए - बहुदलीय जनवाद पृथ्वीमा मात्र होइन ब्रम्हाण्डको अर्को ग्रहमा पनि उत्तिकै सत्य छ । तर पोखरा भेलामा यो सत्यको पोल खुल्यो । उपस्थित कार्यकर्ताको ठूलो संख्याले 'एमालेभन्दा फरक हुने हो भने छुट्टै कार्यक्रम हुनुपर्छ' भन्ने खुला अडान देखाए । ठीक यही कुरा महासचिव गौतमका निम्ति असजिलो बिषय बन्यो । यदि फागुनमा सम्मेलन भयो भने आफू र आफू जस्ता बहुदलीय जनवादीहरुको हालत के हुने हो भन्ने अनुमान गौतम पक्षधरहरुले गरे । फलस्वरुप सम्मेलन २०५७ सालको मंसिरतिर पुऱ्याइयो । यहाँ योभन्दा अर्को निष्कर्ष निकाल्न सकिने ठाउँ नै छैन ।

नेकपा (माले) भर्खरै बनेको एउटा राजनीतिक समूह थियो । त्यो समूह बनेपछि त्यसको केन्द्रमा रहेका नेताहरुबारे पटक पटक पार्टीबाहिर र भित्र विभिन्न विवाद र आलोचना हुँदै आएका थिए । यो स्थितिमा त्यो पार्टीले जनवादी अभ्यासद्वारा आफ्नो नेतृत्वलाई वैधता दिन सम्मेलनको निम्ति ज्यादै हतार गर्नुपर्थ्यो भन्ने अडान राखेर सम्मेलन सारेको यो निर्णयविरुद्ध पार्टीभित्रका केही नेताहरुले फरक मत राखेको कुरा अहिले राजधानीका छापाहरुमा पढ्न पाइएको छ । यस्तो अडान राख्नेमा पोलिटव्यूरोमा चन्द्रप्रकाश मैनाली र केन्द्रीय कमिटीमा हरि रोकाहरु भएको थाहा भएको छ ।

एघारौं केन्द्रीय कमिटीले गरेको अर्को सबभन्दा डरलाग्दो र प्रतिक्रियावादी निर्णय– आन्दोलनमा दक्षिणपन्थीहरुसित मिल्ने निर्णयलाई लिन सकिन्छ । यो निर्णय निकै रहस्यमय छ । यो निर्णयपछि नेकपा (माले) को नौ वामसितको सम्बन्धमा पनि चीसो र शंकाको वातावरण उत्पन्न हुनसक्ने संभावना बढेको छ । राप्रपा, सद्भावना र सेभ द नेशनहरुसित मिलेर सडकमा ओर्लने यो निर्णयविरुद्ध पनि केन्द्रीय सदस्यहरु हरि रोका, टंक कार्की, ऋषि कट्टेल, सुशीला श्रेष्ठ, जीतवीर लामा, वाङछे शेर्पा, यमलाल कँडेल लगायतका नौ जना केन्द्रीय सदस्यहरुले विरोधमत जाहेर गरेका छन् ।

यो बैठकको अर्को नाटकीय पक्ष हो– अनुशासन पर्व । त्यो पर्वमा युवा वामपन्थी नेता लोककृष्ण भट्टराई र स्तंभ लेखक कोमल भट्टराईलाई अनावश्यक किसिमले मुछिएको छ । लोककृष्ण भट्टराईलाई कार्वाही गर्नुपर्ने वास्तविक कारण केही नै छैन । तर उनले पोखरा भेलामा नयाँ जनवादी कार्यक्रमको निमित्त हस्ताक्षर गराएको अभियोग लगाइएको छ । त्यसरी नै कोमल भट्टराईलाई 'चेज एयर प्रकरण'बारे लेखिएको कुनै विषयलाई लिएर पार्टीविरोधी भएको भन्ने आधारमा कार्वाही गर्न खोजिएको छ । यो कदमले गर्दा नेपालको राजनीतिक बजारमा एउटा अत्यन्त संवेदनशील प्रश्न उठेको छ । सादा जीवन र भ्रष्टाचारको विरोधमा रहेका आफ्ना असल कार्यकर्ताहरुलाई कार्वाही गरेर महासचिव गौतमले कस्तो आचारसंहितालाई फुलाउन र फलाउन खोजेका हुन् ? यसै सम्बन्धमा एक वर्ष अघि नै राजिनामा दिएर स्वतन्त्र बसेका लेखक नारायण ढकाललाई पनि साधारण सदस्यबाट समेत निकाल्ने निर्णय गरिएको छ । यो निर्णय हेर्दा नेकपा मालेको केन्द्रीय तह कति केटाकेटी, कति संस्कारहीन र कति अराजनीतिक रहेछ भन्ने सावित हुन पुगेको छ ।

यसरी मालेको एघारौं केन्द्रीय कमिटीको बैठकले यसपटक पनि पार्टीभित्रका गतिरोधहरुलाई समाधान गरेर वैचारिक र सांगठनिक पुनर्गठनमा आफूलाई अग्रगामी बनाएर जाने गोरेटो खन्न सकेन । हो, पजेरोवादीहरुलाई कार्वाही गर्ने शुरुवातलाई अवश्य पनि सकारात्मक रुपमा लिइनुपर्छ । तर यो बैठकले त्यो निर्णयलाई प्रतिष्ठित पार्न आचारसंहिताभित्रका अरु गणपूरक अन्तरवस्तुहरुलाई पनि सँगसँगै ल्याउनुपर्थ्यो । हिजो तस्कर व्यवसायमा बदनाम भएका व्यक्तिहरुसित नेतृत्वका केही प्रभावशाली मानिसहरुको जमघटलाई पनि शुद्धिकरणको विषयभित्र समावेश गरिनुपर्थ्यो । यस्तो गरिएको भए मालेको यो कदमलाई कसैले पनि विशुद्ध 'नाटक' मात्र भनेर विशेषण दिने धृष्टता गर्ने थिएनन् । तर माले बैठकले यो स्वर्ण अवसरलाई फेरि पनि गुमायो । बैठकका अन्य एजेण्डाहरुमा प्रचार विभागको पुनर्गठनबाहेक अन्य बूँदाहरु राजनीतिक महत्वका हिसावले गौण देखिन्छन् । प्रचार विभागबाट नौलो जनवादी विचारसित नजिक भएका दुईजना कार्यकर्तालाई निष्कासन गरिएको छ । कोमल भट्टराईलाई पार्टीविरोधी लेख लेखेको भनेर निकाल्नु एक हदमा उनीहरुको तर्कमा स्वभाविकै थियो । तर भरत श्रेष्ठलाई पनि हटाइएको छ । त्यसबाहेक रुपनारायण श्रेष्ठको नेतृत्वमा स्वयंसेवक विभाग गठन, महासचिव वामदेव गौतमको नेतृत्वमा केन्द्रीय संघर्ष समितिको गठन, विस्तार तथा सुदृढीकरण अभियानको समीक्षा र सीतानन्दन रायको नेतृत्वमा अनुशासन आयोगको गठन नेकपा मालेको एघारौं केन्द्रीय कमिटीका अरु उल्लेखनीय निर्णयहरु हुन् । ❑

**यो बैठकले सम्मेलनको तिथिलाई विना कुनै कारण दश महिना पर हटायो । किन यसो भयो ?**



# कता लम्कँदैछ नेपालमा माओवादी जनयुद्ध ?

◆ श्याम श्रेष्ठ

२०५२ साल फागुन [illegible] माओवादी 'जनयुद्ध [illegible] जिल्लामा शुरू हुँदा ज्यादै थोरैलाई मात्र विश्वास थियो- यो आन्दोलन यति ज्यादा टिक्ला र फैलला भनेर । झापा विद्रोह, २०२८ को यो परिमार्जित रूप झापा विद्रोहझैं चरम राज्य-दमनमा तुरुन्तै टुंगेला भन्ने धेरैलाई भय थियो । परन्तु, अहिले भन्न सकिन्छ -माओवादी जनयुद्ध सरकारको सम्पूर्ण फासिष्ट दमन ब्यहोर्दै झण्डै चार वर्ष आश्चर्यजनक ढंगले टिकेको छ । यो टिकेको मात्र होइन, देशको पन्छाउनै नमिल्ने अत्यन्त जुझारू र बलवान सामाजिक शक्तिका रूपमा उदीयमान भएको छ । माओवादी पार्टी वामपन्थी पार्टीहरूमध्ये एमालेपछिको देशकै दोस्रो ठूलो वामपन्थी पार्टी हुनपुगेको छ । रोल्पा, रूकुम, जाजरकोट र सिन्धुलीमा सानो स्केलको प्रतीकात्मक प्रहरीचौकी-कार्वाहीबाट प्रारम्भ गरिएको माओवादी जनयुद्ध अहिले देशको एक तिहाई जिल्लाहरूमा प्रभावोत्पादक ढंगले विस्तारित भएको छ । अझ, माओवादी सूत्रको दावी छ- देशका ५६ जिल्लामा यसको संगठन सम्पर्कको जालो फैलिसकेको छ । प्रारम्भमा ज्यादै थोरै जनतालाई मात्र माओवादी पार्टीबारे जानकारी थियो, अहिले पूर्व मेचीदेखि पश्चिम महाकालीका बालकदेखि बूढासम्मका निम्ति माओवादी पार्टी अत्यन्त परिचित सांगठनिक पदावली भएको छ । यति धेरै चर्चित हुनु, यति ज्यादा समय टिक्नु र यति तीव्र गतिले फैलिनु नै माओवादी जनयुद्धको पहिलो ४६ महीनाको सबैभन्दा ठूलो उपलब्धि भएको छ । परन्तु, यो चर्चा र उपलब्धि सानो मूल्यमा प्राप्त भएको छैन । निकै महँगो मूल्य चुकाउनु परेको छ । माओवादीले यस निम्ति जनयुद्ध शुरू भएयता करिव १०५ जना प्रहरीहरू माओवादीबाट आक्रमणमा मारिएका छन्, तर यही अवधिमा प्रहरीको गोलीबाट करिव ८१५ जना माओवादीको ज्यान गएको छ । यसको तात्पर्य, हरेक एकजना प्रहरीको हत्याको बदलामा करिव ८ जना माओवादीको हत्या भइरहेको छ । युद्धको बिज्ञानमा यो सारै ठूलो खतीको र विफलताको प्रतीक हो । माओको प्रशिद्ध भनाइ छ- "युद्धको आधारभूत सिद्धान्त हो- आफ्नो शक्तिलाई सुरक्षित राख्नु र दुश्मनलाई नष्ट गर्नु ।" (हेर्नुहोस्, अध्यक्ष माओत्सेतुङ्गकि छे सैनिक रचनाएँ, पेकिङ, १९६९, पृष्ठ १५५) तर माओवादी जनयुद्धमा गत चार वर्षमा युद्धको यो आधारभूत सिद्धान्तको ठीक उल्टो भइरहेछ । किनभने जनयुद्धमा दुश्मन र माओवादीको क्षतिको अनुपात करिव १ : ८ छ । अर्थात् माओवादीहरूले दुश्मनलाई पुऱ्याएको क्षतिभन्दा माओवादीले यसवापत ब्यहोर्नु परेको क्षति आठ गुणा ज्यादा छ ।

**२०५२ सालअघि आठ-दश जना नागरिक राज्य-हिंसाको कारणले मारिँदा जन-आक्रोशको उभारले सिंहदरवारमा नब्बे सालको भूइँचालो जान्थ्यो । तर हिजोआज...**

अझ यो भन्दा ज्यादा ठूला क्षति त समाजको सामाजिक संवेदनशीलताको भएको छ । २०५२ साल अघि आठ-दश जना नागरिक राज्य-हिंसाको कारणले मारिँदा जन-आक्रोशको उभारले सिंहदरवारमा नब्बे सालको भूइँचालो जान्थ्यो । तर हिजोआज प्रत्येक दिन ८/१० जना माओवादीहरूलाई तथाकथित 'मुठभेड'मा प्रहरीहरूले नृशंस ढंगले

# के गर्दैछन् माओवादीहरू आधार-इलाकामा ?

◆

# सेनाले माओवदी समस्या हल गर्न दिएका सुझावहरू

◆

# माओवादी पार्टी छाड्नेहरू के भन्दछन् ?

मारेको खवर पत्रिकामा छापिन्छ । तर जन-आक्रोशको मामुली तरंगसमेत कहींकतै तरंगिएको देखापर्दैन । "ए माओवादीहरू मरेछन् ?" यतिमै सिद्धिन्छ आम जनताको प्रतिक्रिया ।

यही छाँटले भरे ५०० जना माओवादीलाई एकै दिन एकै ठाउँमा फासिष्ट सरकारले नृशंस ढंगले कल्लेआम गर्दा पनि जन-समुदाय ठ्याप्पै संवेदित भएन भने, त्यो क्षति कति ठूलो हुन्छ ? त्यो सामाजिक संवेदनशीलताको क्षतिको सारै महँगो मूल्य चुकाएर माओवादी जनयुद्ध देशमा अहिले सारै चर्चित भइरहेछ ।

अतः माओवादी जनयुद्धले अहिले एउटा अन्तरविरोध भोगिरहेछ । अति ज्यादा हिंसा र अनावश्यक बलिदानको बाढीको कारणले माओवादीहरू एकसाथ देश विदेशमा सारै चर्चित पनि भइरहेछन्, उनीहरूको बलिदानप्रति क्रान्तिप्रेमी जनताको संवेदनशीलता र अपनत्व पनि मर्दैछ । माओवादीहरू तीव्र गतिले जनयुद्धको सन्देश बोकेर देशको कुना कुनासम्म फैलिंदै पनि छन् । परन्तु उनीहरूको लम्काई यति तेज छ कि क्रान्ति चाहने जनतालाई त्यो गतिसित गति कायम गर्नु महाभारत परिरहेछ । क्रान्तिको यात्रामा माओवादी धेरै अगाडि र परिवर्तनकामी जनता धेरै पछाडि परिरहेछन् । यही कारणले माओवादीहरूको क्रान्तिकारी बलिदानसित जनताको दिल-दिमागमा हुनपर्ने संवेदनशीलता र अपनत्वको मेल हुनसकेको छैन । नत्र आफ्नो मुक्तिको निम्ति मर्ने मान्छेको नृशंस हत्या राज्यबाट हुँदा जनताको दिल किन दुख्दैन ?

### *के गर्दैछन् माओवादीहरू आफ्नो आधार क्षेत्रमा ?*

माओवादीहरूको क्षति सानो छैन, तर उनीहरूको सक्रियता र उपलब्धि पनि सानो छैन ।

माओवादी सूत्रको दावी छ- उनीहरूले रोल्पा, रूकुम, सल्यान र जाजरकोटमा प्रतिक्रियावादी सत्तालाई धेरै हदसम्म ध्वंश गरेर 'सत्ता शून्यताको स्थिति' पैदा गरेका छन् । त्यहाँ पुलीसको प्रहरीचौकी त बाँकी छ, तर सिंहदरवार र सिडिओको हाल हुकूम त्यहाँ चल्दैन । माओवादीले त्यहाँ गा.वि.स.का अध्यक्ष, उपाध्यक्ष र सचिवको सत्ता पनि उखेलेर फ्याँकीदिएका छन् । माओवादीहरूले २०५४ सालको स्थानीय निर्वाचन बहिष्कार गरेर करिव ६० वटा जति गा.वि.स.मा चुनावै हुन नदिएपछि गिरिजा सरकारले पोहोर मसिर-पुषमा स्थानीय निकायको चुनाव जबर्जस्ती गराए पनि या त निर्वाचित पदाधिकारीहरूलाई माओवादीहरूले राजिनामा दिन बाध्य पारे, या त ज्यानको खतरा पैदा गरेर सदरमुकाम खेदे । अहिले प्रशासनको आडमा ती पदाधिकारीहरू प्रहरीचौकी वा सदरमुकाममा गएर बसिरहेछन् । परन्तु गाउँमा चाहिं माओवादीहरूले स्थानीय निकायको छुट्टै चुनाव गराएका छन् । निर्वाचित समितिलाई 'नयाँ जन समिति' को नाम दिइएको छ । अहिले माओवादी जनयुद्धद्वारा सबैभन्दा प्रभावित माथि नाम दिइएका चार जिल्लाका अधिकांश गा.वि.स.मा त्यही नयाँ जनसमितिले शासन चलाउँदैछ । माओवादीहरूले त्यसलाई बैकल्पिक "नयाँ जनवादी सत्ताको प्रारम्भिक अभ्यास" भनेका छन् ।

### *के गर्दैछन् त माओवादीहरू आफ्नो "आधारइलाका" मा स्थापित "नयाँ जनवादी" सत्तामा ?*


नेकपा (माले)का राप्ती अंचल सचिव हस्तबहादुर के.सी.ले त्यसको एउटा चित्र उतार्ने प्रयन्त गरेका छन् ।

उनका अनुसार त्यहाँका जनताहरू आफ्नो मुद्दा मामिला छिन्न सरकारी अड्डा-अदालतमा जाँदैनन् । त्यसो गर्न त्यहाँ प्रतिबन्ध नै लगाइएको छ । सबै मुद्दा मामिलाको किनारा माओवादीको "जन-अदालत"ले नै लाउँछ । त्यसैले "ती जिल्लाहरूमा यतिखेर सरकारी निकाय र अड्डा अदालतमा एउटा पनि उजुरीहरू पर्दैनन् । जनताले त्यहाँ सरकारलाई मालपोत बुझाउँदैनन् र बुझाउन पाइन्न पनि । मालपोत पनि त्यहाँ माओवादीले नै असुल गर्छन् ।

जग्गा-जमीन सुत्रीबिक्री गर्नुपर्‍यो भने त्यहाँ माओवादीको स्वीकृति चाहिन्छ । २ प्रतिशत रकम "जन समिति"लाई बुझाएपछि मात्र जन-अदालतले जग्गा पास गरीदिने व्यवस्था रहेको छ । जग्गा दर्ता गर्न दर्ता कर दस्तुरको रूपमा २ प्रतिशत तिरो जन-अदालतलाई सहयोगस्वरूप बुझाउनु पर्छ । जग्गा किनबेचको दर्ता जन-अदालतले नै गर्दछ ।

"माओवादी जनयुद्ध संचालित" ती क्षेत्रहरूमा माओवादीहरूले ठूला जमिन्दार, सामन्त तथा सुदखोरहरूको जग्गा जफत गरेर भूमिहीन तथा गरीव किसानलाई विनाक्षतिपूर्ति वितरण गरेका छन् । ती ठाउँहरूमा व्यक्तिगत स्वामित्व बाँकी नै रहने गरी सहकारी चरित्रको सामूहिक खेतीको प्रारम्भ गरिएको छ । गाउँमा कृषि विकास बैंक र साना किसान परियोजनाहरूलाई नष्ट गरिएको छ । त्यसको सट्टामा "ग्रामीण सहकारी बैंकहरू खडा गरी २ प्रतिशत ब्याजमा सुलभ रूपमा किसानहरूलाई ऋण उपलब्ध" गराउन थालिएको छ ।

ती इलाकाहरूमा जुवा-तास खेल्न, रक्सी उत्पादन गर्न र खान कडा प्रतिबन्ध लगाइएको छ । रूकुम, रोल्पाका घना मगर वस्तीहरूमा पनि अब मदिरा उत्पादन र सेवन गर्न प्रतिबन्ध लगाइएको छ । यो प्रतिबन्धले गर्दा त्यहाँ समेत यसको उत्पादन र प्रयोग 'पूर्ण रूपमा' बन्द भएको दावी गरिएको छ । बढी संभव छ, त्यहाँ त्यसको उत्पादन र प्रयोग अत्यन्त न्यून स्तरमा झरेको होस् । परम्परागत रूपमा चल्दै आएका बिकृतिपूर्ण मेला पर्वहरूलाई त्यहाँ पूर्ण रूपमा बन्द गरिएको छ । मेला, पर्व, दशैं, तिहार आदि चाडपर्वहरूलाई पनि क्रान्तिकारी रूपान्तरण गरिएको छ । बिकृतिपूर्ण विवाह प्रथालाई जनवादीकरण गरिएको छ । बोर्डिङ्ग स्कूलहरूलाई माओवादीहरूले बन्द गरीदिएका छन्, खासगरी सल्यान जिल्लामा । तिनीहरूका सामानहरू सार्वजनिक विद्यालयहरूमा बुझाइएका छन् । अनिवार्य संस्कृत शिक्षालाई पाठ्यक्रमबाट हटाउन माओवादीहरू दवाव दिइरहेछन् । उनीहरू आफैंले जनवादी शिक्षाको कोर्स तयार पारेर विद्यालयहरूलाई वितरण गरिहेछन् । स्कूल भवन आफैंले तैयार पारेर संचालन गर्ने काम पनि उनीहरूले गरेका छन् ।



*माओवादी महासचिव क. प्रचण्ड*



*अर्का नेता डा. बाबुराम भट्टराई*

***"माओवादी जनयुद्ध संचालित" ती क्षेत्रहरूमा माओवादीहरूले ठूला जमिन्दार, सामन्त तथा सुदखोरहरूको जग्गा जफत गरेर भूमिहीन तथा गरीव किसानलाई विनाक्षतिपूर्ति वितरण गरेका छन ।***

माओवादीहरूले ती क्षेत्रहरूमा घोरेटो र गोरेटो बाटोको निर्माण थालेका छन् । खोला तथा नदी-नालाहरूमा पुल-पुलेसाहरू निर्माण गरेका छन् । खानेपानीको धारा तथा कुवाहरू निर्माण गरेका छन् । सिंचाइका कुलाहरू पनि निर्माण गरेका छन् ।

यस्तो गर्नको लागि चाहिने स्रोतहरू उनीहरूले जग्गा दर्ता कर दस्तुरबाट, नियमित मौसमी चन्दाबाट, पार्टी सदस्याता शुल्क र लेवीबाट, बैंकहरू कब्जा गरी जफत गरिएको रकमबाट र सूदखोर तथा सामन्त जमीन्दारहरूबाट जफत गरिएको रकमबाट जुटाइरहेछन् ।

'मूल प्रवाह' मासिकको वर्ष १, अंक १, मंसिर-पुष अंकमा प्रकाशित हस्तवहादुर के.सी.का यी संपूर्ण विरणहरूले के औंल्याएका छन् भने रोल्पा, रूकुम, जाजरकोट र सल्यानका ती माओवादी हालहुकुम चल्ने भागमा अहिले द्वैतसत्ता कायम छ । केन्द्रीय श्वेत-सत्ताको पकड त्यहाँ पूरै खत्तम भएको छैन, परन्तु त्यहाँ अहिले वास्तविक शासन माओवादीको 'लाल सत्ता'को चलिरहेछ ।

के.सी.का संपूर्ण विवरणहरू यथार्थपरक नहुन पनि सक्छन् । तर माओवादीबाट हालसालै निक्लने कार्यकर्ताहरू समेत के कुरामा विवाद गर्दैनन् भने, त्यहाँका 'जनताहरूले अड्डा-अदालत जान छोडेका छन् । सरकारलाई तिरो बुझाउन छाडेका छन् । मुद्दा मामिलाको फैसला त्यहाँ जन-अदालतले नै गर्छ । जुवा, तास, रक्सी, बहुविवाह त्यहाँ उन्मूलन भएको छ । बाटोघाटो त्यहाँ माओवादीहरूले नै बनाउँछन् । खेतीपाती त्यहाँ आपसी सहयोगमा आधारित सहकारी प्रणालीद्वारा हुन्छ ।

यसरी हेर्दा, के.सी. का धेरैजसो विवरणहरू सही निक्लेका छन् । यस परिप्रेक्षमा माओवादीहरूले आफ्नो प्रभाव क्षेत्रमा जनताको जीवनमा यहीं र अहिल्यै रूपान्तरण र राहत हुने केही राम्रा सुधारका कदमहरू प्रारम्भ गरेको प्रतीत हुन्छ । उनीहरूका यी सामाजिक रूपान्तरणकारी सुधारहरू ती सबै वामपन्थी पार्टीका क्रियाकलापभन्दा बिल्कुलै भिन्नै र उन्नत देखिएका छन् , जो हाल सुदूर भविष्यको क्रान्ति र आफ्नो हातमा केन्द्रीय सत्ता आएपछिका कदमहरूको सपना बाँड्दै अहिले खालि अस्तित्व धान्ने सडक-संघर्षहरू मात्र गरेर, आफ्नो प्रभुत्वको क्षेत्रमा यथास्थिति कायम गरिरहेछन् । त्यहाँ यहीं र अहिल्यै थुप्रै त्यस्ता कामहरू गर्न सकिन्छ, जसले उत्पादन-प्रणाली फेरिन्छ र उत्पादनमा बृद्धि हुन्छ, निर्णय-प्रणाली जन-सहभागितामुखी र जनवादी हुन्छ, महिला र उत्पीडितहरूको समानताको हक कायम हुन्छ । अन्याय र शोषण धेरै मात्रामा घट्छ, जनताको जीवनस्तर निकै बढ्छ । परन्तु, उनीहरू आफ्नो प्रभुत्वको क्षेत्रमा अहिले केही पनि नगरी क्रान्तिको सुनौला बिहान पर्खेर उत्तिकै बसिरहेछन् । ती सबैको लागि माओवादीले आफ्ना प्रभाव क्षेत्रमा थालेका कामहरू उदाहरणीय छन् ।

## *कता लम्कँदैछ माओवादी पार्टी ?*

२०५५ साल भाद्रमा संपन्न पार्टी केन्द्रिय समितिको चौथो बिस्तरित बैठकले निर्णय गरेअनुसार त्यही वर्षको कार्तिक १० गतेदेखि माओवादीहरू सार्वजनिक घोषणासहित "आधार इलाका निर्माण" को दिशामा अघि बढिरहेका छन् । आधार इलाका निर्माण गर्नु र सेनाको कंपनी बनाउने लक्ष्य राखेर हाल प्लाटुन खडा गर्नु उनीहरूको यतिखेरको प्राथमिक रणनीतिक काम ठहऱ्याइएको छ । आधार इलाका निर्माणलाई उनीहरूले "महान फड्कोको योजना", "नयाँ चरणको नयाँ योजना" को नाम दिएका छन् ।

स्मरणीय छ, माओवादीहरू यसअघि "अन्तिम तैयारी", "पहल र वहल" को निरन्तरताको उप चरण पार गरेर छापामार इलाकाको निर्माणको दुईवटा छुट्टाछुट्टै उप चरण पार गर्ने लक्ष्य राख्दै काम गर्दैथिए । उनीहरूको आफ्नै घोषणामुताविक ती उपचरणका कामहरू केही समयअघि प्रारम्भ मात्र भएका थिए । परन्तु अमस्मात् के भयो, उनीहरूले भाद्रमा एक्कासी घोषणा गरे: हामीले छापामार इलाका निर्माणको दोश्रो र तेश्रो उपचरण एकसाथ पार गऱ्यौं । अव चौथो उपचरण, अर्थात् आधार इलाका निर्माणको उपचरणमा पुगेर नयाँ योजना थाल्दैछौं ।

कुन कुन मूर्त उपलब्धिहरू त्यति छिटै हासिल भए ? कुन नयाँ विशिष्ट स्थिति सिर्जना भयो, जसको कारणले छापामार इलाका निर्माणको उपचरण एकसाथ पार गरियो ? यसको कुनै चित्तबुझ्दो वस्तुसम्मत आधार माओवादी दस्तावेजमा भेटिन्न ।

परन्तु, उनीहरूले एक्कासी आधार इलाका निर्माण योजना अघि सारे । जतिखेर भाद्र, २०५५ मा यो योजना अघिसारे, त्यतिखेर तीन महीना अगाडिदेखि 'किलो शेयरा टु' नामको भीषण प्रहरी अपरेशन चलिरहेको थियो । अत्यन्त छोटो समयमा यो अपरेशनले ५०० जना माओवादी र समर्थक जनताको निर्मम हत्या गरिरहेकैको समय थियो त्यो । माओवादीहरूले थालेको छापामार आक्रमणको प्रतिक्रियास्वरूप यो अपरेशन सरकारले थालेको थियो । माओवादी नेतृत्वको सूचना र अनुमानभन्दा बाहिर अकस्मात थालिएको यो नृशंस प्रहरी-दमनले माओवादी शक्तिमा ठूलो नोक्सानी पुऱ्याएको र संगठनलाई छ्यान्नव्यान्न, एक्लो र कार्यकर्तालाई निराश पारेको बेला थियो त्यो । यस्तो प्रतिकूल परिस्थितिमा छापामार इलाकाको निर्माणको योजना र चरण कसरी सफल भयो ? कुन मूर्त सफलताको आधारमा त्योभन्दा उन्नत चरणमा फड्को मार्ने स्थिति सिर्जना भयो ?

**माओवादीहरूले ती क्षेत्रहरूमा घोरेटो र गोरेटो बाटोको निर्माण थालेका छन् । खोला तथा नदी-नालाहरूमा पुल-पुलेसाहरू निर्माण गरेका छन् ।**



त्यसैले, के देखिन्छ भने, कुनै ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा आधार इलाका निर्माणको योजना प्रस्तुत गरिएको थिएन । आधार इलाका निर्माण गर्नका लागि आवश्यक पर्ने मूर्त शर्तहरू र वस्तुगत परिस्थिति सिर्जना भएको आधारमा यो योजना आएको थिएन । यो योजना वस्तुगतभन्दा ज्यादा आत्मगत कारणले आएको थियो । या त यो सारै चर्को दमनबाट हताश कार्यकर्तालाई शान्त्वना र ढाडस दिन आएको हुनुपर्छ, या पार्टीलाई अत्यन्त धेरै केन्द्रिकरण गर्नुपर्ने र अधिकारहरू थोरै मान्छेहरूमा सीमित पार्नुपर्ने आत्मगत आवश्यकताका कारणले, या दुवैको संयोगले ।

स्मरणीय छ, जुन विस्तारित बैठकले आधार इलाकाको योजना पारित गरेको थियो, त्यही बैठकले संगठनको अति केन्द्रिकरण गर्ने, पार्टी संयुक्त मोर्चा र सेनाको कमाण्ड एउटै व्यक्तिमा केन्द्रित गर्ने, व्यक्ति पूजाको प्रथा प्रारम्भ गर्ने, नोकरशाही ढंगबाट कृत्रिम प्राधिकार सिर्जना गर्ने प्रस्ताव पनि एकसाथ पारित गरेको थियो ।

परन्तु, माओवादी पार्टी अहिले बिगत १४ महिनादेखि त्यही आधार इलाकाको योजना कार्यान्यिन गर्ने प्रक्रियामा छ । यो योजना अन्तर्गत "जनताको सेना विकास गर्ने, जनताको मुख्य सैनिक शक्तिका रूपमा क्षेत्रीय कमाण्डरहरूको प्रत्यक्ष नेतृत्वमा कंपनी खडा गर्ने लक्ष्य राखी प्लाटुनहरूले विकास गर्ने, सहायक शक्तिका रूपमा स्थानीय पार्टीको प्रत्यक्ष नेतृत्वमा स्थानीय सैन्य संगठनको विकास गर्ने तथा आधारभूत शक्तिका रूपमा प्रत्येक एरिया कमाण्डअन्तर्गत जन-मिलिसियाको विकास गर्ने" योजना राखिएको छ ।

यसअन्तर्गत देशको पश्चिम, मध्य र पूर्व, तीनवटै क्षेत्रीय कमाण्डअन्तर्गत प्लाटुनहरू विकास गरी सकिएका



## माओवादी जनयुद्धको क्रममा भएका हत्याहरू

❑ प्रहरीहरूद्वारा मारिएका माओवादी - ८१५

❑ माओवादीद्वारा मारिएका प्रहरीहरू - १०५

❑ माओवादीद्वारा मारिएका सुराकी र स्थानीय व्यक्तिहरू - १६४

❑ स्थानीय व्यक्तिद्वारा मारिएका माओवादी - २

◆ मारिएका कूल माओवादी - ८१७

◆ माओवादीद्वारा मारिएका कूल - २६९ मान्छेहरू

कूल जम्मा - १०८६ जना

स्रोतः गृह मंत्रालय

पुष २३,२०५६ सम्मको तथ्याङ्क

छन् ।

माओवादीको सैन्य शक्तिलाई मुख्य शक्ति, सहायक शक्ति र आधारभूत शक्ति गरी तीन संरचनामा बाँडिसकिएको छ । मुख्य शक्ति नियमित छापामारहरू मात्र राखेर बनाइएको छ । र, त्यसलाई सिधै क्षेत्रीय ब्यूरोअन्तर्गत राखिएको छ । प्लाटुनहरूमा फौजी निर्णय कमाण्डरले र राजनीतिक निर्णय कमीसरले गर्ने प्रणाली विकास गरिएको छ । प्लाटुनहरूको कमीसारमा अनिवार्य रूपमा पार्टी क्षेत्रीय ब्यूरोको सदस्य हुनुपर्ने व्यवस्था गरिएको छ ।

जिल्ला पार्टीको मातहतमा काम गरिरहेका, वा काम गर्ने नियमित प्रकारका छापामारहरू राखेर बनाइएको छापामार एस्क्वाडलाई सहायक शक्तिको रूपमा लिइएको छ । जिल्ला जिल्लामा त्यस्ता छापामार एस्क्वाडहरू विकास गरिएका छन् ।

स्थानीय सुरक्षा दलका रूपमा संगठित जन-मिलिशियालाई आधारभूत शक्तिको रूपमा माओवादीले सोचेको छ ।

मुख्य र सहायक शक्तिहरू नियमित सेनाका अंगका रूपमा विकासित गरिएका छन् भने, आधारभूत शक्तिलाई दैनिक उत्पादन छोड्नु नपर्ने गरी विकास गरिएको छ ।

अहिले माओवादी पार्टीको सैन्य संचालनको केन्द्रिय कमाण्ड केन्द्रिय सैनिक आयोगले सम्हाल्ने प्रणाली छ । त्यसका कमाण्डर-इन-चीफ पार्टीका महामन्त्री क. प्रचण्ड स्वयम् रहनुभएको छ । त्यसभन्दा मुनि ३ वटा क्षेत्रीय सैन्य कमाण्डहरू हुनेछन् - पश्चिम, मध्य र पूर्व । एउटा क्षेत्र त काठमाण्डौं उपत्यकालाई पनि बनाइएको छ । तर त्यहाँ प्लाटुन स्तरको सैन्य शक्ति रहने व्यवस्था गरिएको छैन । त्यहाँ छापामार स्क्वाडहरू मात्र रहने व्यवस्था गरिएको छ । प्रवासलाई पनि एउटा क्षेत्र तोकिएको छ । त्यहाँ पनि फौजी संगठन बनाउने योजना छ । त्यहाँको फौजी संगठनलाई देशभित्रकै फौजी कार्वाहीमा आवश्यकताअनुसार प्रयोग गरिने व्यवस्था छ । क्षेत्रभन्दामुनि उप-क्षेत्र र जिल्ला स्तरमा सैन्य कमाण्डहरू रहने व्यवस्था गरिएको छ ।

सैन्य शक्तिलाई मुख्य, सहायक र आधारभूत शक्तिका रूपमा बाँडिएजस्तै माओवादी पार्टीले इलाकाहरूलाई पनि तीन स्तरमा बाँडेको छ :

मुख्य इलाका
सहायक इलाका
र, प्रचार इलाका ।

रणनीति महत्वका, दुश्मनको शक्ति धेरै वा केही हदसम्म नष्ट गरिसकिएका वा छिनाझप्टीको स्थितिमा रहेका आधार इलाका वा छापामार इलाकाहरूलाई मुख्य इलाका भनिएको छ । त्यसको वरिपरि छापामार गतिविधि मात्र चलाइएका र मुख्य इलाकामा शत्रुको केन्द्रिकरण र फौजी सप्लाई ठीकसित हुन नदिन सहायक हुने रक्षात्मक इलाकाहरूलाई सहायक इलाका भनिएको छ । मुख्य शहरी क्षेत्र र राजधानीलाई प्रचार इलाकामा विभाजित गरिएको छ । छापामार इलाका वा आधार इलाकाका रूपमा माओवादीले विकास गरीसकेका रणनीतिक महत्वका उत्तरी पहाडी क्षेत्रहरू (जस्तो रोल्पा, रूकुम, सल्यान, जाजरकोटका उत्तरी पहाडी इलाकाहरू) मुख्य इलाका हुन् भने, त्यसको वरपरका संचार मार्ग र सप्लाइ मार्ग रहेका तराइसम्मका दक्षिणी इलाकाहरू सहायक इलाका हुन् । माओवादी पार्टीले पश्चिम, मध्य र पूर्व-तीनवटै क्षेत्रमा तीनवटै खालका इलाकाहरू विकास गरिसकेको दावी गरेको छ ।

आधार इलाका चाहिँ अहिले पश्चिम नेपालको रोल्पा, रूकुम, सल्यान, जाजरकोटका पहाडी बेल्टमा विकास गर्न खोजिँदैछ ।

### के आधार इलाका जरूरी छ ? के यी टिक्लान् ?

माओवादी नेतृत्वबाट आधार इलाकाको अवधारणा दुईवटा मुख्य प्रस्थापनाहरूका आधारमा आएको देखिएको छः एउटा, नेपालमा जनक्रान्तिका लागि दीर्घकालीन युद्ध लड्नु पर्ने हुन्छ । दोश्रो, दीर्घकालीन जनयुद्ध घुमन्तु विद्रोहीहरू खालका छापामाहरूको छापामार युद्धका आधारमा जित्न सकिन्न, त्यसका लागि जनतासित नियमित सेना हुनुपर्छ, नियमित सेना टिक्न-खान आधारक्षेत्रहरू हुनुपर्छ ।

यी दुवै प्रस्थापनाहरू चीनियाँ क्रान्तिका अनुभवबाट लिइएका हुन्, जसलाई माओले आफ्ना रचनाहरूमा संश्लेषण गर्नुभएको छ ।

परन्तु, नेपालको वर्तमान जन-क्रान्तिको कुरा गर्दा नेपालका र अहिलेको विश्वका विशिष्ट यथार्थहरूलाई ध्यानमा राखेर गर्नु जरूरी हुन्छ । कतैको अन्धनक्कल गरेर हामी यहाँको जन-क्रान्तिको समस्या हल गर्न सक्दैनौं ।

नेपालको वर्तमान जन-क्रान्तिको कुरा गर्दा कसरी निस्कर्ष निकालिने गरिन्छ भने, नेपालको जन-क्रान्ति दीर्घकालीन नै हुन्छ किनकि नेपालको तीनतिर भारत छ र भारतमा प्रतिक्रियावादी विस्तारवादी सरकार सत्तारूढ छ । त्यसमाथि थप, विश्व साम्राज्यवाद पनि छ । निष्कर्ष निकाल्ने यो तर्क-प्रणाली बिल्कुलै अधिभूतवादी देखिन्छ, किनभने यसले स्थितिलाई स्थिरतामा मात्र हेरेको छ र सिक्काको एउटा पाटो मात्र हेर्ने काम गरेको छ । के जरूरी छ कि, भारतको स्थिति अहिले जस्तै सधैं स्थिर बनीरहन्छ र त्यहाँ चाहिं जन-क्रान्ति कहिल्यै हुँदैन ? के जरूरी छ कि, उत्तर प्रदेश, विहार र पश्चिम बंगालमा नेपालसित जोडिएका सीमाहरूमा स्थिति सदा स्थिर रहन्छ, त्यहाँको सरकार वा जनता नेपालको जन-क्रान्तिको सहायक कहिल्यै हुनसक्दैनन् ? फेरि, चीन मात्रै नेपालको जन-क्रान्तिको प्रक्रियामा सहायक भयो भने पनि भारतीय वा

**आधार इलाका चाहिँ अहिले पश्चिम नेपालको रोल्पा, रूकुम, सल्यान, जाजरकोटका पहाडी बेल्टमा विकास गर्न खोजिँदैछ ।**

*आधार इलाका निर्माणका लागि अहिले नै यति ज्यादा जोड र अनावश्यक बलिदान किन, जव कि युद्ध दीर्घकालीन हुने कि नहुने भन्ने कुराकै बस्तुसम्मत टुँगो यतिखेर लागिसकेको छैन, र लाग्नु संभव पनि छैन ?*

वाह्य फौजी हस्तक्षेप नेपालमा कत्तिको संभव हुन्छ ? अनि, चीन कदापि सहायक हुने छैन भनेर कसरी अहिल्यै टुंगो गर्न सकिन्छ ?

त्यसैले, यो प्रस्थापना नै जड, स्थिर तथा गतल छ कि नेपालको जन-क्रान्ति अनिवार्य रूपमा दीर्घकालीन नै हुनेछ । बढी संभव छ कि यो दीर्घकालीन हुनेछ; परन्तु यो पनि त त्यत्तिकै संभव छ कि यो दीर्घकालीन नहुन पनि सक्छ । समय र परिवेशलाई स्थिरतामा हेरेर यो सवालको टुंगो लाउन सकिन्न । तात्कालीन र गतिशील समय र परिवेशलाई हेरेर मात्र यो सवालको सही जवाफ आउन संभव हुन्छ ।

फेरि, नेपालको गत ५० वर्षको जन-आन्दोलनको इतिहासलाई नियाल्ने हो भने यहाँ यसबीच दुईवटा अजंगका राजनीतिक हेरफेरहरू भए- एउटा, २००७ सालमा राणाहरूको सामन्ती निरंकुशतन्त्र जन-आन्दोलनद्वारा ढल्नु; अर्को, २०४६ सालमा राजाको सामन्ती निरंकुशतन्त्र जन-आन्दोलनद्वारा ढल्नु । दुवैमा नेतृत्व क्रान्तिकारी र ठीक वर्गको हातमा थिएन, त्यसैले तिनीहरू पूर्ण जन-क्रान्तिमा बदलिएनन्, बीचैमा धोकापूर्ण संझौता भयो । परन्तु आन्दोलनकारी जनताको चाहना त पूर्ण क्रान्तिकै थियो ।

यी दुबै अजंगका राजनीतिक परिवर्तनहरू - दीर्घकालीन जन-क्रान्तिको बाटोबाट भएको त देखिएको छैन । नेपालको ७५ वर्षको इतिहास हेर्ने हो भने, नेपामा जेजति साना ठूला राजनीतिक परिवर्तनहरू भएका छन्, ती सबै छोटो अवधिको जन-आन्दोलनबाटै भएका छन् । के कुनै त्यस्तो सामाजिक वा राजनैतिक हेरफेर नेपालमा भएको उदारहण छ, जसमा जनताको संघर्ष दीर्घकालीन प्रकारको भएको होस् ? त्यस्तो त एउटा पनि उदाहरण देखिन्न । नेपालको इतिहासको यो कटु यथार्थलाई द्वन्दात्मक भौतिकवादका पक्षधरहरूले हेर्नु जरूरी छ कि छैन ?

त्यसैले, नेपालको जन-क्रान्ति दीर्घकालीन नै हुन्छ, यो कुनै पूर्ण-निश्चित सिद्धान्तको सवाल होइन । यो क्रान्तिकालीन शक्ति-सन्तुलनको समय र परिवेशमा भरपर्ने कुरा हो । यो दुबै हुन संभव छ - दीर्घकालीन पनि, अल्पकालीन पनि । यो हाम्रो इच्छा वा मान्यतामा भर पर्ने कुरा पनि होइन ।

आधार इलाका निर्माणको प्रस्थापना जन-क्रान्ति वा जनयुद्ध दीर्घकालीन हुनसँग संबन्धित छ भने, आधार इलाका निर्माणका लागि अहिले नै यति ज्यादा जोड र अनावश्यक बलिदान किन, जव कि युद्ध दीर्घकालीन हुने कि नहुने भन्ने कुराकै बस्तुसम्मत टुँगो यतिखेर लागिसकेको छैन, र लाग्नु संभव पनि छैन ? खुट्टाकै नाप लिइसकेको छैन भने, यति नै साइजको जुत्ता यतिबेलै सिउने भनेर अहिले किन हुरूक्क हुने र हतारिने ?

एकछिन् मानी लिऊँ, युद्ध दीर्घकालीन नै हुने भएछ रे; के आधार इलाका टिक्ने भौतिक आधार नेपालमा मूर्त रूपमा विद्यमान छ ?

माओले चीनमा आधार इलाका निर्माणको कुरा गर्दा खालि आत्मगत शर्तको मात्र उल्लेख गर्नुभएको थिएन । उहाँले वस्तुगत शर्तहरूको पनि उत्तिकै महत्वका साथ उल्लेख गर्नुभएको थियो । दुवै शर्तहरू पूरा गर्न सकिने स्थितिमा मात्र आधार इलाका टिक्न सक्ने कुरा उहाँले गर्नुभएको थियो ।

वस्तुगत शर्तको रूपमा उहाँले के कुरा औंल्याउनु भएको थियो भने, आधार इलाका निर्माणका लागि - "इलाका विस्तृत हुन जरूरी छ । चारैतिरबाट वा तीनतिरबाट दुश्मनलें घेरेका ठाउँहरूमा स्वभावतः पहाडी इलाका, जहाँ हामी लामो समय टिकिरहन सक्छौं, आधार इलाका निर्माणका लागि सर्वश्रेष्ठ ठाउँ हो, परन्तु मुख्य चीज यो हो कि छापामारहरूसित दाउपेंच खेल्नका लागि पर्याप्त भूमि, अर्थात् विस्तृत इलाका हुनुपर्दछ । विस्तृत इलाका छ भने, छापामार युद्ध मैदानमा पनि विकास गर्न सकिन्छ र जारी राख्न सकिन्छ....।"

(हेर्नुहोस्: माओ त्से तुङ्ग कि छे सैनिक रचनाएँ, पेकिङ्ग, १९६९, पृष्ठ १९२)

विस्तृत इलाकालाई उहाँले आधार इलाका निर्माण गर्नका लागि "एक प्रमुख आवश्यकता" भन्नु भएको थियो ।

बेल्जियमको उदाहरण दिंदै उहाँले भन्नुभएको थियो -"बेल्जियमजस्तो सानो मुलुकमा यसको संभावना एकदम कम छ वा बिल्कुलै छैन, किनकि त्यहाँ विस्तृत क्षेत्रवाला शर्त विद्यमान छैन ।"

(हेर्नुहोस्: उही, पृष्ठ १९२)

माओवादी मित्रहरू आफूलाई माओको सवैभन्दा दृढ पक्षधर शिष्य त ठान्नुहुन्छ । परन्तु माओको आधार इलाका बारेको यो महत्वपूर्ण शिक्षालाई चाहिं किन लत्याउनु हुन्छ ? किन भुल्नुहुन्छ कि माओले भनेअनुसार बेल्जियमजस्तै नेपाल पनि छापामारहरूको दाउपेंचका लागि विस्तृत इलाका नभएको अति सानो मुलुक हो र त्यही कारणले नेपालमा आधार इलाका बनाउनु त संभव छ, लामो समय टिकाउनु संभव छैन ।

माओले वस्तुगत शर्तका रूपमा भौगोलिक शर्त मात्र होइन, आर्थिक शर्त पनि उठाउनु भएको छ । उहाँका अनुसार आधार इलाका टिक्नका लागि चारैतिर शत्रुले घेरेको स्थितिमा पनि "जिउँदो रहने कुनै आर्थिक आधार" हुनुपर्छ

(हेर्नुहोस्, उही पृष्ठ १९३)

"चीनमा लालसत्ता किन कायम रहनसक्छ ?" भन्ने रचनामा माओले चीनमा अन्य कुराका अलावा "स्थानगत कृषि अर्थ व्यवस्था" भएको कारणले स्वेत सत्ताको बीचमा पनि लाल सत्ता टिक्ने कुरा गर्नुभएको छ, अर्थात् एक सूत्रमा बाँधिएको ( केन्द्रिकृत) पूँजीवादी अर्थव्यवस्था भएको भए यो टिक्ने थिएन ।

(हेर्नुहोस्- "माओ त्सेतुङ कि संकलित सैनिक रचनाएँ, पेकिङ, १९७०, पृष्ठ ५)

नेपालका क्रान्तिकारीहरूले पनि आधार इलाका निर्माण गर्दा माओले आफ्नो अनुभवका आधारमा अघि सार्नुभएको यो "जिउँदो हुने आर्थिक आधार" वाला शर्तमाथि ध्यान दिनुपर्छ कि पर्दैन ? नेपालमा अहिले यातायात् नपुगेका केही विकट ठाउँ छोडेर

साभार: मूल प्रवाह

माओवादीहरूले आफ्नो क्षेत्रमा निर्माण गरेको शहीद गेट





# किन जरुरी भएको छ आधार इलाका ?

## कुन शर्तमा यो

......सर्वप्रथम जनयुद्धको विकासले छापामार इलाका र आधार इलाकाबारे अझ व्यापक सैद्धान्तिक स्पष्टताको माग गरेको छ । हामी स्पष्ट हुनुपर्दछ कि आधार इलाकाको अवधारणा दीर्घकालीन जनयुद्धअन्तर्गतको एक रणनैतिक अवधारणा हो । आधार इलाकाको प्रश्न दीर्घकालीन जनयुद्धसँग अविभाज्य रुपले गाँसिएको छ । अतः यो एउटा सैद्धान्तिक प्रश्न हो । आधार इलाकाविना गाउँबाट शहर घेर्ने कुनै दीर्घकालीन जनयुद्ध हुनै सक्दैन । तर छापामार इलाका भने दीर्घकालीन जनयुद्धको कुनै रणनीतिक एवं सैद्धान्तिक प्रश्न होइन । छापामार इलाकाको प्रश्न वास्तवमा आधार इलाका निर्माणका सन्दर्भमा एक कार्यनैतिक र संक्रमणकालीन प्रश्न हो । यदि छापामार इलाकाहरुलाई आधार इलाका जस्तै रणनैतिक महत्वको इलाकाका रुपमा बुझ्ने काम भयो भने त्यसबाट फौजी क्षेत्रमा सुधारवादको गम्भीर खतरा उत्पन्न हुन्छ ।

......आधार इलाका कायम गर्नको निमित्त बलियो जनआधार हुनुपर्ने, बलियो पार्टी हुनुपर्ने, फौजी कार्यवाहीका लागि उपयुक्त धरातल हुनुपर्ने र बलियो जनसेना हुनुपर्ने कुरामा कमरेड माओले जोड दिनुभएको छ । सिद्धान्ततः सही भएर पनि हामीले तिनलाई यान्त्रिक रुपमा ग्रहण



# बन्न सक्छ ?

◆ क. प्रचण्ड
महामन्त्री- ने.क.पा. माओवादी

गर्न पनि हुँदैन ।

### आधारइलाका र छापामार इलाकामा फरक

वास्तवमा छापामार इलाका र आधार इलाकाको भेद गर्ने एउटा महत्वपूर्ण प्रश्न जनवादी सत्ताको अभ्यासको 'प्रश्न हो । छापामार इलाकाको अवस्थामा वस्तुतः जनवादी सत्ता कायम हुन सक्दैन । त्यहाँ छापामारहरुले नयाँ सत्ताका लागि छिनाझपटी गरिरहेका हुन्छन् । यसको विपरीत आधार इलाकाहरुमा जनवादी सत्ता कायम भएको हुन्छ र त्यसलाई खोस्न दुश्मनले ठूलो शक्ति प्रयोग गरिरहेको हुन्छ ।

### आधार इलाका निर्माणका शर्तहरू

.......नेपालमा आधार इलाका निर्माणका ठोस शर्तहरु के-के हुन् ?

भन्ने प्रश्नमा छलफल गर्न जरुरी छ । माथि जनयुद्धको मूल्यांकनको सन्दर्भमा स्पष्ट गरिएको छ कि देशका तीनवटै क्षेत्रीय कमाण्डअन्तर्गत विभिन्न स्तरका जनवादी सत्ताका भ्रूणहरु देखापरेका छन् । त्यसमध्ये मुख्यतः पश्चिमाञ्चल क्षेत्रको मुख्य इलाकामा नै व्यापक रुपमा जनवादी सत्ताको प्रारम्भिक अभ्यास भएको छ । बलियो जनआधार, बलियो पार्टी, उपयुक्त धरातल, देशव्यापी संघर्ष र छापामार स्क्वार्डद्वारा स्थानीय बर्ग दुश्मनको सफाई र एक निश्चित सीमासम्म प्रतिक्रियावादी सत्ताको स्थानीय सैन्य शक्तिलाई पराजित गरेकै कारण त्यहाँ त्यस प्रकारको स्थितिको विकास हुन गएको हो । विकासको असमान स्थितिअनुसार मध्य र पूर्वका मुख्य इलाकाहरुमा पनि क्रमशः त्यही दिशातिर विकास भइरहेको छ ।

यसरी, जनयुद्धको विकासले पैदा गरेको व्यावहारिक अवस्था हेर्दा नेपालमा आधार इलाका निर्माणको प्रश्नलाई कार्यसूचीमा ल्याएको तथ्य स्पष्ट हुन्छ । तर हामीले यहाँ यतिमात्र विचार गरेर पुग्दैन ।

आज जनयुद्ध राजनैतिक रुपले प्रतिक्रियावादी सत्ताका विरुद्ध समानान्तर शक्तिका रुपमा स्थापित भइरहेको छ, तर फौजी रुपले यो धेरै कमजोर छ । मुख्य, सहायक र प्रचारका तीन प्रकारका इलाकाहरुलाई जन्म दिँदै अगाडि बढेको यो जनयुद्ध देशव्यापी प्रकृतिको रहेको छ । प्रतिक्रियावादी सत्तामा देखापरेको यसबीचको चरम अस्थिरताबाट फाइदा उठाएर विभिन्न प्रकारका जनसंघर्ष र जनपरिचालनको ठूलो सहयोग मुख्य इलाका र समग्र जनयुद्धले प्राप्त गरेको छ । अहिले दुश्मनले नयाँ सत्ताका विरुवाहरुलाई निमोठ्न मुख्य इलाकाहरुमा

## नेपालमा आधार इलाका निर्माणका ठोस शर्तहरू के-के हुन् ?

केन्द्रित हुँदै देशव्यापी दमन अभियान चलाइरहेको छ । भोलि योभन्दा ठूलो दमन हुँदा नेपालमा आधार इलाका बन्ने र टिक्ने सम्भावना छ वा छैन ? छ भने त्यो कुन कुन आधारभूत शर्तमा सम्भव छ ? यसमा हामीहरु स्पष्ट हुन जरुरी छ ।

सामान्य सैद्धान्तिक अर्थमा मात्र होइन, जनयुद्धको अनुभवले समेत देखाइरहेको छ कि देशका विभिन्न भागमा आधार इलाकाहरुको विकास सम्भव छ । तर त्यो नेपालका सन्दर्भमा निम्न शर्तहरु पूरा गरेर मात्र हुनसक्छ–

(क) सही नीतिका आधारमा पार्टीले केन्द्रित रुपमा जमेर निरन्तर नेतृत्व गर्नुपर्दछ ।

(ख) देशव्यापी छापामार कार्यवाहीहरु निरन्तर अगाडि बढ्नुपर्दछ ।

(ग) मुख्य इलाकाको वरिपरि छापामार इलाकाको विकास हुनुपर्दछ ।

(घ) बलियो जनसेना निर्माणको प्रक्रियालाई तीब्र पार्नुपर्दछ ।

(ङ) केन्द्रीय र स्थानीय रुपमा विविध प्रकारका जनसंघर्षहरु निरन्तर विकास हुनुपर्दछ ।

(च) भारत लगायत विश्वव्यापी रुपमा जनयुद्धको पक्षमा जनमत सृष्टि गर्न निरन्तर प्रयत्न हुनुपर्दछ ।

उपरोक्त मूलभूत शर्तहरु पूरा गर्ने प्रक्रियामा नै नेपालमा आधार इलाकाहरुको जन्म, विकास र रक्षा हुनसक्दछ । अब पार्टीले यसै दिशामा आफ्नो ध्यान र शक्तिलाई केन्द्रित गर्नुपर्दछ ।

*साभार : "माओवादी" ने.क.पा. (माओवादी) को के.स.को मुखपत्र, पूर्णाङ्क ४, २०५५ फागुन, पृष्ठ-१८ र १९*

**भोलि योभन्दा ठूलो दमन हुँदा नेपालमा आधार इलाका बन्ने र टिक्ने सम्भावना छ वा छैन ?**

बाँकी अधिकांश यातायत पुगेका ठाउँमा स्थानगत आत्मनिर्भर कृषि अर्थ व्यवस्था बाँकी छैन । सडक र हवाइ यातायात पुगेका सबै ठाउँ एकीकृत पूँजीवादी अर्थ व्यवस्थासित जोडिईसक्यो । अझ राष्ट्रिय पूँजीवादी वजार र अर्थ व्यवस्थासित मात्र होइन, विश्वव्यापी पूँजीवादी अर्थ व्यवस्थासित समेत जोडिईसक्यो । चीनको भन्दा विल्कुलै भिन्न यो परिस्थितिमा, चारैतिर आर्थिक नाकाबन्दी भएको स्थितिमा, आत्मनिर्भर भएर एउटा आधार इलाका कसरी टिक्नसक्छ ? कसरी त्यहाँका मान्छेहरू जिउँदो रहिरहन सक्छन् ?

तसर्थ, माओवादीले आधार इलाकाको प्रस्थापना अघि सार्दा खालि आत्मगत शर्तहरूमाथि मात्र ध्यान पुऱ्याएको देखिन्छ, वस्तुगत शर्तहरूमाथि होइन । यदि यसो गर्ने हो भने बिश्वको कुनै कुनामा पनि कुनै पनि बेला आधार इलाका निर्माण हुनसक्छ भन्ने अबैज्ञानिक निस्कर्षतिर पुगिन्छ् । आधार इलाका निर्माण गर्न समय र परिवेशको अनुकूलता हेर्नैनपर्ने टुंगोतिर पुगिन्छ । आधार इलाको अवधारणा क्रान्तिकारी संघर्षको वस्तुगत आवश्यकताको धरातलबाट मात्र जन्मनु पर्छ । अनि मात्र यथार्थमा त्यसको औचित्य हुन्छ । नत्र त्यो हचुवा हुन्छ । मनगढन्त हुन्छ ।

### सरकारी रवैया

शुरूमा सरकारले माओवादी जनयुद्धलाई भूइचम्पाको खेलझैं ठानेर बडो सरल ढंगले लिएको थियो । अहिले आइपुग्दा माओवादी जनयुद्ध सरकारको निम्ति भालुको कम्पट समात्नुसरह भएको छ । छोडुं, सिध्याईहाल्छ, समातं बूता बाहिरको कुरो भइसकेको छ ।

माओवादी समस्या अब राजाको समेत चासोको विषय बन्नपुगेको छ । गएको भाद्र महिनाको प्रारम्भतिर राजाले प्रधानमन्त्रीलाई यसबारे एउटा बिशेष औपचारिक चिठी लेखेर सोधेपछि राजनीतिक बृत्तमा त्यतिखेर खल्वली मच्चिएको थियो । यो घटनाले त्यतिखेर प्र.मं. भट्टराईको कन्पारा निकै तात्न पुगेको थियो ।

कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला माओवादी समस्या समाधान गर्न "राष्ट्रिय सहमति" कायम हुनुपर्ने कुरामा निकै जोड दिँदै हुनुहुन्छ । यसका लागि उहाँले आफैंले पहलसमेत थालेको देखिएको छ । कांग्रेसको केन्द्रिय समितिको बैठकले यस संबन्धमा एउटा बिशेष निर्णय नै गरेर भट्टराई सरकारलाई 'जसरी पनि' यो समस्या समाधान गर्न निर्देशित गरिसकेको छ ।

प्रधानमंत्री भट्टराईले चाहिं यो समस्यालाई त्यति गंभीर ढंगले लिएको पाइएको छैन । 'यो क्रिमिनल चरित्रको आतंकवादी समस्या हो, पुलीस र मिल्ट्रीले यसलाई डील गर्छ' भन्ने प्र.मं. भट्टराईको प्र.मं. हुने वित्तिकैको ८ जेठको ज्यादै हल्का र गैर-जिम्मेवार टिप्पणीले त्यतिखेर जन-समुदायमा ठूलो आक्रोश सिर्जना गरेको थियो ।

गृह मन्त्रालयले चाहिँ माओवादी समस्या हल गर्न फोर-इन-वनको प्याकेज सुझाएको छः निर्मम दमन, सुधारको बिशेष आर्थिक प्याकेज, र 'गणेशमान सिंह शान्ति अभियान' को नाममा माओवादीहरूलाई प्रलोभनको प्याकेज र सवै पक्षलाई समेटेर संयुक्त राजनीतिक अभियान ।

निर्मम दमनको अभियान अन्तर्गत गत भाद्रको दोश्रो सातादेखि गृह मन्त्रालयले मध्य पश्चिम नेपालका माओवादी जनयुद्धबाट सबैभन्दा प्रभावित जिल्लाहरूमा 'जंगल सर्च अपरेशन' प्रारम्भ गरिसकेको छ । यो अपरेशनले ठूलो मात्रामा नृशंस ढंगले माओवादीहरूलाई सखाप पार्दैछ , एकै गाउँमा एकै दिन ४७ जना महिलाहरूलाईसम्म प्रहरीद्वारा सामूहिक बलात्कार गराउने जस्ता घिनलाग्दा पाशनिक कार्यसमेत यसले रोल्पामा मंचन गराएको छ । अब माओवादी प्रभावित जिल्लाहरूमा आर्थिक सुधार र प्रलोभनको प्याकेज लाने यसको सुरसार छ ।

हालै मात्र शेरबहादुर देउवाको नेतृत्वमा मझौला कांग्रेसी नेताहरूको एउटा समिति नै बनेको छ - माओवादी समस्यासंबन्धमा ठोस उपाय सुझाउन ।

प्रहरीहरूको दवावमा दुई-दुई पटक सरकारले संसदमा आतंककारी नियन्त्रण विधेयक ल्याउन खोज्दा



# वर्तमान माओवादी गतिविधिबारे क. लिलामणि पोखरेल के भन्नु हुन्छ ?

कुराकानी : सं.ज.मो. नेपालका महासचिव तथा सासंद क. लिलामणि पोखरेलसँग

**◉ मुलुकमा हाल ने.क.पा माओवादीले 'जनयुद्ध'को नाममा संचालन गरिरहेको सशस्त्र गतिविधिका आजसम्मका घटनाहरूलाई हेर्दा तपाई कुन निष्कर्षमा पुग्नुभएको छ ?**

– ने.क.पा. माओवादीले २०५२ सालदेखि नेपालमा जनवादी क्रान्ति संपन्न गर्ने भनेर दीर्घकालीन जनयुद्धको कार्यक्रमलाई अगाडि सारेर हतियार उठाउँदै आएको छ । उनीहरुले त्यस सन्दर्भमा जुन सैद्धान्तिक व्याख्या प्रस्तुत गरेका छन् र संघर्षको रुप, शैली संगठनात्मक स्वरुप आदिका सन्दर्भमा जुन नीति र प्रवृत्ति अँगाल्दै आएका छन्, तीबारे हामीले शुरुदेखि नै जुन टिप्पणी गर्दै आएका छौं, आज लगभग ४ वर्ष यता आइपुग्दा हाम्रा ती टिप्पणीहरु झन् झन् सही प्रमाणित हुँदैआएका छन् । उनीहरु सशस्त्र गतिविधिमा विभिन्न मोड र घटना हुँदै यहाँसम्म आइपुगेका छन्, तर शुरुदेखि नै हामीले औंल्याएको उनीहरुको आधारभूत सैद्धान्तिक त्रुटीलाई उनीहरुले सच्च्याएको देखिन्न । मार्क्सवाद-लेनिनवाद माओविचार-धारालाई बुझ्ने कुरामा उनीहरुमा अधिभूतवादी चिन्तन हावी भएको देखिन्छ । उनीहरुका संगठनात्मक शैलीमा गंभीर त्रुटीहरु छन् र उनीहरुले संचालन गरेका संघर्षका रुपहरुमा उग्र-वामपन्थी भड्काव रहेको छ । शत्रु र मित्र पहिचानको संवन्धमा उनीहरुमा जडसूत्रवादी चिन्तन रहेको देखिन्छ । यी कुराहरुमा हाम्रो लगातार रचनात्मक आलोचना रहँदै आएको छ । उनीहरु उग्रपन्थी भड्काव त्यागी सही क्रान्तिकारी बाटोमा आउन् भन्ने उद्देश्यले हामीले यस्तो प्रयत्न गर्दागर्दै पनि उनीहरुले आधारभूत रुपले आफूलाई सच्च्याएका छैनन् । मात्रात्मक रुपले केही कुरा सच्चाइएका छन् तर आधारभूत सैद्धान्तिक, राजनीति, सांगठनिक र व्यवहारिक त्रुटीहरु मूलभूत रुपमा सच्चिएका छैनन् । माओवादीहरुले लक्ष लिएको नयाँ जनवादी क्रान्ति उनीहरुले लिइरहेको वर्तमान बाटोबाट संपन्न हुन सक्दैन भनी हामीले उठाउँदै आएको कुरा झन् झन् सही सावित हुँदैआएको छ भन्ने मलाई लाग्छ ।

यद्यपि माओवादीहरुले जनयुद्धको सही बाटो भनेको उनीहरुले लिइरहेकै बाटो हो र यसबाट मात्रै क्रान्ति संपन्न हुन्छ भनी अड्डी लिइ नै रहेका छन् । र अरु राजनीतिक पार्टीहरुका आम कार्यदिशाका संवन्धमा उनीहरु ध्वंसात्मक आलोचनासमेत गरिरहेका छन् । तथापि के कुरा चाहिं दोखिएको छ भने हाल नेपाली समाजमा व्याप्त असन्तुष्टीलाई केही हदसम्म संगेट्न उनीहरु सफल भएका पनि छन् । समाजमा देखापरेका असंख्य विकृति र विसंगति, प्रतिकृयावादी व्यवस्था, राज्य र राजनीतिक पार्टीहरुले गरेका जनविरोधी र राष्ट्रविरोधी गतिविधि एवं सिंगो पूँजीवादी संरचना र बहुदलीय व्यवस्थाप्रति जनतामा छाएको व्यापक निराशाका कारण यो असन्तुष्टी पैदा भएको हो ।

अर्कोतिर, माओवादी गतिविधिलाई नियन्त्रण गर्ने भन्ने नाममा राज्य व्यवस्थाले आम जनतामाथि नृसंश हिंसात्मक दमन गरिरहेको छ । राज्य व्यवस्थाले गरेको यो अत्याचारका कारण पनि प्रतिशोधात्मक भावना बढेर जानुले गर्दा पनि मानिसहरुको माओवादी गतिविधिमा संलग्नता बढेर गएको पनि देखापरेको छ । तर पनि त्यस बाटोबाट क्रान्ति संपन्न हुन नसक्ने हुनाले माओवादीहरुले आफूलाई सच्याउन् भनी प्रेरित गर्ने हामीले उनीहरुलाई रचनात्मक-आलोचनात्मक सहयोग गर्न छोड्नु हुन्न भन्ने म ठान्दछु ।

**◉ हालै माओवादीभित्र अनुशासनका नाममा र आपसी मतभेदका कारण मृत्युदण्डसमेत दिइएको र त्यहाँ दलत्यागका घटनासमेत घटेका छन् । यस्तो घटनाको कारक तत्व के होला ?**

– हामीलाई लागेको छ– माओवादी पार्टीभित्र सैन्यवाद हावी भएको छ । चेतनाले नियन्त्रण गर्नुपर्ने कुरालाई हतियारले नियन्त्रण गर्ने प्रवृत्ति जब देखा पर्छ, त्यतिखेर पार्टीमा विचार-द्वन्दले, अन्तर्क्रियाले र भिन्न मतले महत्व पाउन छाड्छ । भिन्न विचार, भिन्न कार्यशैली वा असहमतिहरु बलद्वारा हल गर्ने प्रणाली बस्नथाल्छ । यसैको प्रतिफलकै रुपमा त्यस्तो पार्टीमा अनुशासनको कारबाहीका नाममा पार्टीभित्र मृत्युदण्ड दिनेसम्मका घटनाहरु घट्न थाल्दारहेछन् । यो त्यही सैन्यवाद हावी हुनुकै प्रतिफलको रुपमा देखापरेको प्रवृत्ति हो भन्ने हामीलाई लाग्छ । यो गलत प्रवृत्ति हो भन्ने पनि हामीलाई लाग्छ ।

समाजविकासको नियम र क्रमलाई ठीक र वस्तुगत ढंगले नपक्रिएर भावनात्मक रुपले मात्र क्रान्तिको कुरालाई अगाडि बढाउने प्रवृत्तिले युक्त भएका र आन्दोलनबाट वैचारिक एवं राजनीतिक रुपले नखारिएका, सैद्धान्तिक चेतना नउठेका कार्यकर्ताहरु भर्ती गर्ने उनीहरुको संगठनात्मक शैलीका कारण नै यो सैन्यवाद त्यहाँ हावी भएको हो भन्ने मलाई लाग्छ ।

❑

पनि व्यापक जन-विरोधको कारणले त्यो कार्य हुन नसकेपछि प्रहरीहरू माओवादीहरूलाई सकेसम्म नपक्रने, बरू 'भेट्यो कि भुट्ने' गैरकानूनी बाटो अभ्यास गर्न थालेकाछन् । "आतंककारी कानून नभएसम्म माओवादीलाई अदालतमा किन लाने ? लग्यो कि धरौटीमा छोडीहाल्छ, तीन वर्षमुनिको कैद सजाँय हुने मुद्दा भनेर, बरू गोली ठोकीदियो, आनन्दै ! " - उच्च तहका प्रहरी अधिकृतहरू हाक्काहाक्की बताउँछन् ।

अहिले, तेश्रो पटक कांग्रेसी सरकारले "आन्तरिक प्रशासनसंबन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०५६" गत संसदको नियमित अधिवेशनमा दर्ता गराएको छ ।" परन्तु त्यो विधेयक कानून बन्यो भने, राजामा निहित संकटकालीन स्थिति घोषणा गर्ने हक जिल्ला तहमा सिडिओलाई पनि हुनजाने र सिडिओहरू पंचायती अंचलाधीशसरह निरंकुश हुने पक्का भएकाले- यो विधेयक पनि व्यापक जन-विरोधको तारो बनेको छ ।

माओवादी समस्या समाधानको अर्को विकल्प नेपालको आर्मीले सुझाएको छ । १६-३० असोजको 'हिमाल' पत्रिकाका अनुसार ऊसित उपलब्ध 'सैन्य गुप्तचर विभाग (DMI) को पछिल्लो प्रतिवेदनमा माओवादी गतिविधिमाथि नियन्त्रण जमाउन राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, र विकासका कदमहरू एकसाथ चाल्नु पर्ने सुझाव दिइएको छ ।'

नेपालको सेनाले माओवादी समस्यालाई हल गर्न आफू सक्षम रहेको राय सरकारसमक्ष जाहेर गरेको बुझिएको छ; तर उसको भनाइ छ - "त्यसो गर्न त्यो निर्णय संसदबाट स्वीकृत हुनुपर्छ । त्यसमा सर्वदलीय सहमति बन्नुपर्छ ।"

माओवादी समस्या नियन्त्रण संबन्धमा सेना र पुलीसबीच खटपटको स्थिति पनि देखिन्छ । पुलीस अधिकारीहरू अत्याधुनिक हतियारको माग गरिहेछन् । सेना भने पुलीसलाई त्यस्ता हतियार दिनु नहुने धारणा राख्छ । हतियार मात्र होइन, आफूसित रहेको हेलिकोप्टरसमेत सेनाले पुलीसलाई प्रयोग गर्न दिन मानिरहेको छैन । गएको असारमा आइ.जी.पी. अच्युतकृष्ण खरेलले कमसेकम ४ वटा जिल्ला- रोल्पा, रूकुम, सल्यान र जाजरकोटमा माओवादी तह लाउने काम सेनालाई सुम्पनुपर्ने धारणा सरकारसमक्ष राखे । क्याबिनेटले त्यो स्वीकाऱ्यो पनि, परन्तु त्यो प्रस्ताव अहिलेसम्म ब्यवहारमा लागु भएको पाइएको छैन ।

यसप्रकार, हिजोसम्म खेलाँची ठानिएको माओवादी क्रियाकलाप आज 'सबैको नीद-हराम गर्ने टपिक' बनेको छ । सरकार र नेपाल प्रहरीले दमनबाटै सारा समस्या हल गर्न ४ वर्षका बीचमा तीन-तीनवटा भयानक प्रहरी अपरेशन माओवादी प्रभावित इलाकामा चलाईसक्यो, जस्तो कि, २०५२ कार्तिक- मसिंरको 'रोमिओ अपरेशन', २०५५ जेठको - 'किलो शेरा टु अपरेशन' र २०५६ भाद्रको 'जंगल सर्च अपरेशन', जुन अहिले पनि जारी छ । किन्तु, जति दमन गऱ्यो, रक्त बीजझैं माओवादीहरू उति बढिरहेछन् । एकजना उच्च सैनिक अधिकारी बताउँछन् - "माओवादी समस्या यतिविघ्न चर्केकै प्रहरीको दमन र ज्यादतीले गर्दा हो । फुलीका लोभले माओवादीका नाममा थुप्रै गैर-माओवादीलाई पनि मारीदिएर पुलीसले माओवादीलाई समर्थन गर्ने मान्छेको

**सरकार र नेपाल प्रहरीले दमनबाटै सारा समस्या हल गर्न ४ वर्षका बीचमा तीन-तीनवटा भयानक प्रहरी अपरेशन माओवादी प्रभावित इलाकामा चलाइसक्यो**

**हालै आएर शहरिया जन-संघर्षमा पनि माओवादी अगुवाहरूको ज्यादा जोड देखापर्न थालेको छ । यो अर्को सानो प्रगतिको लक्षण हो ।**

घेरो विशाल बनाइरहेछ ।"

एकथरि भ्रष्ट मंत्री, र नोकरशाहहरू आफ्नो स्वार्थवश माओवादी समस्या झन् झन् चर्कियोस् भन्नेसमेत चाहन्छन् । किनकि, यसो गर्दा बील नै देखाउनु नपर्ने गरी करोडौंको रकम सजिलै हजम गर्न पाइन्छ । स्मरणीय छ, गृहमंत्री खुम बहादुरको पालामा माओवादी तह लाउन भनेर हेलिकोप्टर प्रयोग गरेको बील मात्रै रू. ७/- करोडको देखाइएको थियो । त्यसमध्ये आधाभन्दा ज्यादा रकम सिधै मंत्री र नोकरशाहहरूको खल्तीमा गएको थियो ।

## माओवादी रबैया र दोषहरू

डेढ बर्षका बीचका दुई-दुईवटा भयानक र निर्मम प्रहरी अपरेशन ब्यहोरेपछि त्यसलाई झेल्नका निम्ति माओवादी पार्टीले पनि आफ्नो पुरानो सोच र नीतिमा केही मात्रामा हेरफेर गर्नथालेको देखिएको छ ।

आलोचना गर्ने र भिन्न मत राख्ने सबैलाई शत्रु घोषित गर्ने, 'गद्दार', 'संशोधनवादी', 'प्रतिक्रियावादको तलुवा चाट्ने' जस्ता शत्रुतापूर्ण विल्ला लाउने प्रवृत्ति बोकेको माओवादी नेतृत्वले अब ५-७ महीना यता 'व्यापक संयुक्त मोर्चा'को कुरो गर्नथालको छ । आलोचनाप्रति अत्यन्त असहिष्णु हुने र प्रशंसा गर्नेलाई मात्र मित्र ठान्ने उसको नानीदेखि लागेको सामन्ती बानी अहिले पनि हटिसकेको छैन । परन्तु, यसबीच उसले आफ्नो मित्रको घेरो बढाउन खोजिरहेको पाइएको छ । यो राम्रो प्रगतिको लक्षण हो ।

गएको भदौ २२ गते प्रकाशित 'जनादेश' साप्ताहिकको एउटा अन्तर्वार्तामा माओवादी महामन्त्री क. प्रचण्डले अब आफ्नो मित्र को भन्ने संबन्धमा पहिलेको भन्दा नितान्त भिन्नै सोच जनसमक्ष ल्याउनु भएको छ । उहाँको याद गर्नयोग्य भनाइ छ- "सामन्तवाद र साम्राज्यवादको स्वार्थमा आधारित विद्यमान प्रतिक्रियावादी राज्यसत्ताका विरूद्ध खडा हुने सबै शक्तिहरूलाई हामी देशभक्त, जनवादी एवं वामपन्थी शक्ति स्वीकारर्दछौं ।"

उहाँले अझ स्पष्ट पार्दै भन्नु भएको छ - "सामन्त, दलाल र नोकशाही पूंजीपतिवर्ग बाहेक अरू सबैलाई हामी मित्र वर्ग भन्दछौं ।... प्रतिक्रियावादी सरकारको राष्ट्रघात र फासीवादका विरुद्ध आवाज उठाउने सबैसँग छलफल, वहस गर्दै संयुक्त आन्दोलन उठाउन हामी पूर्ण गंभीरताका साथ प्रयत्न गरिरहेका छौं ।" ( अण्डर लाइन हाम्रो- मूल्यांकन)

यो माओवादी नेतृत्वमा आएको महत्वपूर्ण नीतिगत हेरफेर हो, जसलाई अन्तरविरोध औंल्याउँदै उल्टयाउने होइन, स्वागत गर्नु जरूरी छ ।

यो नीतिगत हेरफेरसँगसँगै प्रलेस र पत्रकार महासंघजस्ता साझा थलोमा समेत यसको संयुक्त मोर्चासंबन्धी पहिलेको संकीर्ण व्यवहारमा भिन्नता र लचिलोपन देखिएको छ ।

हालै आएर शहरिया जन-संघर्षमा पनि माओवादी अगुवाहरूको ज्यादा जोड देखापर्न थालेको छ । यो अर्को सानो प्रगतिको लक्षण हो । परन्तु, पूंजीवादी संसद अहिले पनि उनीहरूको उपेक्षाको विषय बनेकोबन्यै छ । क. माओले भन्नु भएको छ - **चीन पूँजीवादी संसद नभएको मुलुक हो** । त्यसैले, हामी शहरी जन-संघर्षलाई ज्यादा महत्व दिन सक्दैनौं । परन्तु चीनभन्दा विल्कुल भिन्नै, नेपालमा त पूंजीवादी संसद अस्तित्वमा छ, यसमा माओवादी मित्रहरूको किन ध्यान गइरहेको छैन ? संसद ज्यादा महत्व दिने ठाउँ पनि होइन, पूरै उपेक्षा गर्ने ठाउँ पनि होइन, यो सवालमा माओवादी अगुवाहरूको विचार स्पष्ट हुनु जरूरी भएको छ । प्रतिक्रियावादी दमन न्यून पार्न र संसदको सीमा मूर्त व्यवहारिक उदारहणसहित आम-जनतालाई स्पष्ट पार्न, संघर्षरत क्रान्तिकारीहरू पूंजीवादी संसदमा उद्देश्यमूलक ढंगले उपस्थित हुनु नितान्त जरूरी छ ।

हालै आएर माओवादी नेतृत्वले 'देशभक्त, जनवादी एवं वामपन्थी शक्तिहरूको संयुक्त क्रान्तिकारी सरकार'को नारा जनसमक्ष प्रस्तुत गरेको छ । आफूबाहेक अरू सबैलाई 'संशोधनवादी', 'गद्दार', 'प्रतिक्रियावादी', 'प्रतिक्रियावादउन्मुख भगौडा' 'प्रतिक्रियावादीको तावेदार', 'सार संग्रहवादी', 'विसर्जनवादी' भन्नेजस्ता शत्रुतापूर्ण बिल्ला भिराएर शत्रुको घेरो ठूलो पारिरहेको विगत पृष्ठभूमिमा यो नारा आउँदा ब्यवहार र बोलीमा

# किन मैले माओवादी पार्टी छोडें ?

- पुण्य गौतम
(हालै पार्टी छोडेका बारा, मकवानपुर क्षेत्रका माओवादी कार्यकर्ता)

### *जनचेतनाभन्दा माओवादी धेरै अगाडि*

माओवादी मित्रहरुले "क्रान्तिकारी नियत" राखेर जनयुद्ध शुरू गर्नुभएको कुरामा कुनै शंका छैन । तर ब्यावहारिक रूपमा त्यसले आम क्रान्तिकारी दिशा समात्न सकिरहेको मैले देखिंन । उहाँहरूमा निहित अधिभूतवादी सोचाइ र उग्र वामपन्थी चिन्तनले गर्दा नेपाली जनताको चेतनाभन्दा कता हो कता टाढा रहेर उहाँहरूले जनयुद्धलाई अगाडि बढाइरहनु भएको छ । त्यसै कारणले जन-समुदायहरूको एउटा ठूलो हिस्साबाट यो अलग्गिन पुगेको छ, जबकि बहुसंख्यक जनतालाई युद्धमा सामेल गराएर संचालित गरिने युद्ध नै जनयुद्ध हो ।

### *बढी क्षति, कम उपलब्धि*

कम क्षतिमा बढी उपलब्धि-मार्क्सवादी युद्ध विज्ञानको सार हो । यसको ठीक विपरीत माओवादी जनयुद्धमा क्रान्तिकारी पंक्तिमा क्षति चाहिँ बढीभन्दा बढी छ, उपलब्धि चाहिँ कमभन्दा कम छ । यसले अन्ततः जनयुद्धलाई ध्वंश र विघटनतर्फ उन्मुख गराउने खतरा निम्त्याउँछ । तर यो खतराको बोध माओवादी नेतृत्वमा देखिएन । पार्टीलाई अनावश्यक बलिदान र क्षतिबाट जोगाउनु त कता हो कता, झन् उल्टै 'जति धेरै बलिदान उति धेरै उपलब्धि' भन्ने ध्वंशात्मक आदर्शबाट उहाँहरू प्रेरित हुनुभएको पाइयो । चौकी कब्जा गरेर ५-१० नाल बन्दूक कब्जा गरेको घटनालाई उहाँहरू बडो ठूलो उपलब्धि भनेर प्रचार प्रसार गर्नुहुन्छ, तर त्यही सिलसिलामा २-४ जना कार्यकर्ता शहीद हुनुलाई उहाँहरू अत्यन्त कम महत्वका साथ प्रचार गर्नुहुन्छ । यो उहाँहरूमा क्षति र उपलब्धिलाई विश्लेषण



(पुण्य गौतम)

गर्ने र हेर्ने भ्रामक चिन्तनको विकास भइरहेको कुराको प्रमाण हो ।

### *नाम जनवादी केन्द्रीयता, काम नोकरशाही केन्द्रीयता !*

माओवादी पार्टीभित्र अहिले सबैभन्दा डरलाग्दो रूपमा देखापरिरहेको समस्या भनेको अति केन्द्रीकरणद्वारा उत्पन्न हिंसात्मक दमनको खतरा नै हो । अन्तरसंघर्षको विशिष्ट रूप-दुई लाइनको संघर्षलाई हतियार बनाएर पार्टीभित्र उत्पन्न हुने फरक मत वा मतवालालाई राजनैतिक र वैचारिक रूपमा मात्र होइन, बन्दूकद्वारा भौतिक रूपमै सखाप बनाउने प्रक्रियाको डरलाग्दो पूर्वाभास माओवादी पार्टीभित्र देखापर्न थालिसकेको छ । आफ्नै पार्टीका जिल्लास्तरीय कार्यकर्ता रमेश ढुंगेल (क. साहस) र पार्टी परित्याग गरी ने.क.पा. (मसाल)मा प्रवेश गरेका रूद्र तिमिल्सिनाको हत्या यसैको ज्वलन्त उदाहरण हो । यो अन्तरसंघर्ष र विचार भिन्नतालाई, गल्ती र कमजोरीलाई वाद-विवाद, संवाद र आलोचना-स्वआलोचनाको मार्क्सवादी पद्धतिद्वारा होइन, बन्दूक पड्काएर समाधान गर्ने फौजवादी अराजतावादी प्रवृत्ति हो । यस्तो प्रवृत्तिले माओवादी पार्टी पंक्तिभित्र अविश्वास र शंकाको स्थितिमात्र पैदा गर्छ । यसले त्यहाँ यदुवंशीय लडाइँ ननिम्त्याउला भन्न सकिन्न ।

माओवादी पार्टी जनवादी केन्द्रीयताको लेनिनवादी सिद्धान्तका आधारमा होइन, नोकरशाही केन्द्रीयताको आधारमा चलिरहेको छ । आलोचना र भिन्न मतलाई त्यहाँ कुनै स्थान छैन ।

माओवादी साथीहरूले अहिले फौजी गतिविधिमा मात्र ज्यादा जोड दिइरहनु भएको छ । उहाँहरू जन-संघर्षको भूमिकालाई अत्यन्त कम आँक्नुहुन्छ । वैधानिक संघर्षलाई सही ढंगबाट पक्रने सवालमा उहाँहरुमा प्रशस्त भ्रम, अन्यौल र गलत समझदारीहरू छन् । जुनसुकै परिस्थितिमा पनि संसदको क्रान्तिकारी उपयोगलाई अस्वीकार गर्ने विशुद्धतावादी सोचाइले गर्दा उहाँहरुमा ठोस स्थितिको ठोस विश्लेषणमा आधारित लेनिनवादी प्रस्थापनाको उपेक्षा गर्ने प्रवृत्ति देखिएको छ । यस्तो देखिन्छ - उहाँहरू उग्र वामपन्थी बालरोगबाट पीडित हुनुहुन्छ । ❑

रहेको बिशाल अन्तरविरोधको कारणले गर्दा यो नारा उल्लीबिल्लीको विषय बन्यो । वास्तवमा माओवादीको निम्ति देशभक्त को त ? उसको लागि को जनवादी र को वामपन्थी त ? यो प्रश्न सर्वत्र उठ्यो, जुन उठ्नु विल्कुलै स्वभाविक कुरो हो । तर मलाई लाग्छ, यो नारा आफैंमा गलत थिएन र छैन । जुन जुन ठाउँमा यहीं र अहिल्यै वैकल्पिक जनसत्ता विकास हुन्छ, त्यहाँ त्यहाँ क्रान्तिकारीहरूले कस्तो सरकार बनाउन खोज्ने त ? त्यो सरकारमा को कस्लाई सामेल गर्ने त ? यो सवालको हल हो त्यो नारा ,जुन आफैंमा बेठीक छैन । त्यो नारा माओवादीहरूको निम्ति व्यावहारिक आवश्यकताको सवाल पनि हो ।

आवश्यकता त माओवादी मित्रहरूलाई आलोचना गर्ने जो जसलाई पनि शत्रुतापूर्ण विल्ला भिराउने प्रवृत्तिको परित्यागको हो ।

***अन्धनक्कल र मनगढन्त आवश्यकताबाट सेना सिर्जना गरियो भने सेना र जनता नङ र मासुझैं जोडिन सक्दैनन्, सेना जनतामाथि लादेझैं हुन्छ ।***

आवश्यकता त माओवादी मित्रहरूले प्रशंसा मात्र होइन, तीतोभन्दा तीतो आफ्नो आलोचना पनि र भिन्न मत पनि ध्यानपूर्वक सुन्ने क्षमता र 'कान'को विकासको हो । माओवादी अगुवाहरूमा सबैभन्दा ठूलो अनिकाल नै यसैको हो । सामन्ती सँस्कृतिले जन्माएको यो अनिकाल नहटाउने हो भने कुनै पनि ठाउँमा माओवादी जनसत्ता दुई महीना पनि टिक्नेछैन, न त माओवादी पार्टी नै एकताबद्ध भइरहनेछ । माओवादी नेतृत्वले यो दोष हटाओस्, यो नारा आफैं स्पष्ट र सार्थक बन्न थाल्नेछ ।

माओवादीहरू दमनले कदापि मासिनेवाला छैनन्, उनीहरूलाई मास्ने प्रशस्तै दोष उनीहरू स्वयंभित्र अन्तर्निहित देखिन्छ । ती दोष हुन्- आलोचना र भिन्नमतप्रतिको चरम असहिष्णुता , अधिकार र नीति निर्णयको चरम केन्द्रिकरण, जतिसुकै र जुनसुकै सामाजिक नोक्सानीको मूल्य चुकाउनु परे पनि चुकाएर चर्चित बन्ने मानसिकता र अन्धनक्कलको जडसूत्रवादी प्रवृत्ति ।

माओवादी पार्टीमा नेतृत्व तहमा आलोचना र भिन्न मतप्रति यति ज्यादा असहिष्णुता बढेको छ कि भिन्न मत वा आलोचना राख्न खोज्नेहरू कोही पनि आफूलाई सुरक्षित ठान्दैनन् । पूर्व क्षेत्रका छापामार कमाण्डर पुष्कर गौतमको माओवादी पार्टीको बाटोप्रति अझै ठूलो आस्था देखिन्छ । परन्तु उहाँ बताउँनुहुन्छ, - "मैले क. आलोकको कार्यपद्धति र जीवनशैलीको मात्र डटेर आलोचना गरेको थिएँ । किनभने, उनी निकै खर्चिला थिए, बिलासी थिए, पार्टीको पैसाले मात्तिने गरी जाँडपानी खान्थे, निकै महँगा लुगा र जुत्ता किन्थे । उनको कार्यकालमा पूर्वमा थुप्रै राम्रा निर्णय गरिए, तर अधिकांश कार्यान्वयन भएनन् । माओवादीजस्तो क्रान्तिकारी पार्टीको पोलिटव्यूरो सदस्यको यो आचरण मलाई पटक्कै उपयुक्त लागेन । परन्तु उनले यसैवापत मलाई मेरो पिस्तोल खोसेर गिरफ्तार गरे, हिरासतमा लिए र ठाउँ सार्ने निहुँमा मेरो सफाया गर्ने गुप्त निर्देशन दिए । साथीहरूबाट यो संकेत पाएपछि म भागें र जोगिएँ । नत्र म यतिखेर मारिइसक्थें । हिरासतमा मलाई बारंबार एउटै प्रश्न दोहऱ्याई दोहऱ्याई सोधिएको थियो- "तैंले नेताको किन विरोध गरिस् ?"

· गौतमको भनाइ छ -"रमेश ढुंगलेको हत्या पनि ठीक मेरै जस्तो कारणले भएको हो । मारिनुभन्दा अघिसम्म उनको खूब प्रशंसा हुन्थ्यो । खिम्ती बैंक कब्जा गर्ने योजनाको सर्भे उनैले गरेका थिए । त्यो एक्सनमा उनले निकै महत्वपूर्ण भूमिका निभाएका थिए । परन्तु आलोकको आलोचना गर्ने वित्तिकै अनेकौं फत्तुर लगाएर एकाध महीनाभित्रै उनलाई फाँसी दिइयो ।"

बारा-मकवानपुर क्षेत्रमा काम गर्ने माओवादी कार्यकर्ता पुण्य गौतमको पनि त्यस्तै टिप्पणी छ-"मैले माओवादी पार्टी छोड्नुको एउटा मुख्य कारण उनीहरू आलोचना र भिन्न मतप्रति ज्यादै असहिष्णु हुनाले हो । आलोचना गर्ने वा विरोधी मत राख्ने कार्यकर्ताको पछाडि नेताहरूले सि. आइ. डि. नै छोड्ने गर्छन् त्यहाँ । प्रमोसन र सुनवाइ त्यहाँ नेताहरूको चम्चा र नातेदारहरूको मात्र हुन्छ । नेतृत्वको विरोध गर्नु पार्टीको विचारकै विरोध गर्नु हो भनिन्छ ।"

आलोचना र भिन्न मतप्रतिको यो हदको असहिष्णुता यथावत रहने हो भने माओवादी पार्टी मास्न कुनै प्रतिक्रियावादी सरकारको दमन चाहिन्न; यही एउटा दोषले नै यो पार्टी यदुवंशको शैलीमा आपस्तमा लड्दै स्वाहा हुन संभव छ । हातमा हतियार हुने जुझारू योद्धाहरू भिन्न मतप्रति ज्यादै असहिष्णु भएपछि त्यसको परिणाम अन्तर्ध्वंश नै हुन्छ , फासीवाद नै हुन्छ । शत्रुलाई प्रयोग गर्ने हतियारहरू भिन्न मत राख्ने मित्रमित्रबीच आपसमा प्रयोग गर्दै उनीहरू सिद्धिन्छन् ।

भूमिगत र युद्धरत संगठनमा खुला संगठनमा भन्दा ज्यादा नीति निर्णयको केन्द्रिकरण हुनु अस्वाभाविक हुन्न । परन्तु जतिसुकै भूमिगत वा युद्धरत संगठनमा पनि केन्द्रियकरण त्यो हदसम्म हुनु घातक हुन्छ, जुन विन्दुमा अधिकार र नीति-निर्णय गर्ने ठेक्का निकै थोरै मान्छेको हातमा थुप्रिन्छ र बाँकी धेरै मान्छे हुकुम तामेल गर्ने निसहाय सिपाही मात्र हुन्छन् र उनीहरूको हातमा कर्तव्य नै कर्तव्य मात्र हुन्छ । नियत जेसुकै होस्, अति केन्द्रिकरणले जहाँ पनि नोकरशाही केन्द्रिकरण नै पैदा गर्छ र एउटा नयाँ निरंकुश शासक वर्ग पैदा गर्छ । माओवादी पार्टीभित्र अहिले त्यही भइरहेछ ।

पोहोर माओवादी पार्टी छोडेका माओवादी पार्टीका बाँके बर्दिया जिल्ला सचिव र पश्चिमको क्षेत्रीय व्यूरोसम्म रहेर एकताका काम गर्नुभएका आइ.पी. खरेल भन्नुहुन्छ -"माओवादी पार्टीमा जिल्ला तहमा नीति निर्णय गर्ने शैली कस्तो छ भने, नीति निर्णय पहिले नै केन्द्र वा क्षेत्रका नेताहरूले गरिसकेका हुन्छन् । त्यो जिल्ला सेक्रेटरीलाई कण्ठस्थ धोकाइन्छ । जिल्ला सेक्रेटरीले त्यो बैठकमा सुनाउँछन् "केही भन्नु छ कि ?" भनेर सदस्यहरूलाई सोध्छन् । फरक कुरा केही भने तापनि त्यसको विरूद्ध जवाफ आइहाल्छ र त्यसको ठयाप्पै सुनवाइ हुन्न । निर्णय त्यही मात्र पास हुन्छ, जुन माथिबाट आउँछ । कार्यकर्ताहरूको त हुकूम तामेल गर्नुसिवाय त्यहाँ कुनै आलोचनात्मक भूमिका नै हुँदैन ।"

माओवादी पार्टीबाट निक्लने प्रत्येकको त्यो पार्टीभित्रको नीति-निर्णय गर्ने प्रणालीबारे एउटै टिप्पणी रहेको भेटिएको छ । भिन्न मतप्रति चरम असहिष्णुता र नीति-निर्णयको अति केन्द्रिकरणले जहाँ पनि गूटबन्दी जन्माउँछ र अन्ततः फूट । माओवादी पार्टीमा यस्तो नहोस् भन्ने हो भने यो नीति-निर्णय प्रणालीमा व्यापक हेरफेरको जरूरत छ ।

माओवादी पार्टीको अर्को ठूलो दोष हो - सेना, हतियार र हत्यामा आवश्यकताभन्दा निकै ज्यादा र सर्वप्रमुख जोड । त्यसैद्वारा क्रान्तिकारी युद्धका सारा समस्या हल गर्ने भन्ने सैन्यवादी मानसिकता । यो माओका विचारहरूको गलत र जडसूत्रवादी बुझाईका कारणले पैदा भएको मानसिकता हो ।

## माओवादी छोडेर आउनेहरू के भन्छन् ?

### *माओवादीका सकारात्मक कुराहरू*

उनीहरुको सक्रियता र समर्पण नै सबैभन्दा राम्रो कुरा लाग्छ । मर्न मार्न तैयार भएर ज्यान हत्केलामा राखेर हिँडेका छन् उनीहरु ।

अर्को राम्रो कुरा, आफ्नो प्रभाव क्षेत्रमा उनीहरुले जूवा-तास रोकेका छन् । रक्सी बनाउने र विक्री गर्ने कुरो रोकेका छन्- मगरहरुको बसोबास भएको इलाकामै पनि । बहुविवाहमाथि प्रतिबन्ध लगाएका छन् । छाडा ब्यवहार बन्द गराएका छन् । मुद्दा मामिलाका लागि सरकारी प्रशासन, अड्डा-अदालतमा जाने प्रक्रिया रोकिएको छ । जन-अदालत बनाएका छन् । खेतीमा अर्मपर्म प्रथा चलाएका छन् ।

### *माओवादीका दोष र विकृतिहरू*

उनीहरुको सबैभन्दा ठूलो दोष- आलोचना सुन्न र सहन नसक्नु हो । खालि प्रशंसा, चाकडी र तावेदारी प्रवृत्ति मात्र रुचाउँछन् उनीहरु । यसको मतलव माओवादी नेताहरुमा रगत रगतमा सामन्ती संस्कृति हावी छ । माओवादी पार्टीमा नेताको चाकडी र तावेदारी मात्र गर्ने हो भने चरित्रमा र विचारमा जतिसुकै भ्रष्ट, विचारमा जतिसुकै रद्दी मान्छे भएपनि जुनसुकै माथिल्लो तहमा समेत पुग्न संभव छ । नाउँ नभनी दिउँ, केही त्यस्ता मान्छे खालि क. प्रचण्डको चाकडीको भरमा केन्द्र र पोलिट्व्यूरोमा समेत पुगेका छन् । चम्चा र पिठ्ठु भए पुग्ने, आलोचक र इमान्दार मान्छे नचाहने माओवादी नेताहरुको प्रवृत्तिले गर्दा माओवादी पार्टीमा जागृत र इमान्दार मान्छेहरु नअट्ने स्थिति छ । उनीहरु भटाभट् त्यहाँबाट निक्लने क्रम शुरुभएको छ । भविष्यमा यो अरु तीव्र रुपमा बढ्नेवाला छ ।

दोश्रो, नेताहरुमा उहाँहरुका विचार ठीक भनेर आँखा चिम्लेर मानेपछि जस्तोसुकै अपराधी र गलत तत्व भएपनि उहाँहरुलाई स्वीकार्य हुन्छ । यो प्रवृत्तिले गर्दा माओवादी पार्टीमा घूसपैठ गर्न सजिलो भएको छ । त्यहाँ गलत तत्वहरु हावी भएका छन् । माओवादी नेताहरु गलत तत्वहरुले घेरिएका छन् । सही तत्वको त्यहाँ कुनै खैरियत छैन । देखेको कुरा बोल्ने, ठीकलाई ठीक, बेठीकलाई बेठीक भन्न आँट गर्ने सही इमान्दार मान्छेलाई त उनीहरु देखीसहँदैनन् । खेदो खनेर, फँसाएर स्वाहा पार्छन् ।

त्यसैले, मेरो ठम्याईमा माओवादी

# माओवादी पार्टी कमिटी प्रणालीबाट होइन, हुकूमतन्त्रबाट चलेको छ

नेताहरुमा सामन्ती विचारधारा र सँस्कृति हावी छ । अन्धभक्ति, प्रशंसा र स्तुति मात्र खोज्ने जागृति र आलोचनात्मकता नखोज्ने प्रवृत्ति नै त सामन्ती प्रवृत्ति हो ।

उहाँहरु आफूलाई माओवादी भन्नुहुन्छ । माओले त सयौं फूलहरु फूल्न दिने कुरो गर्नुभएको थियो । माओको पार्टीमा ली ली शान, चाङ् क्वो याओ, तेङ सबै अटाएका थिए । परन्तु, उहाँहरुमा भने भिन्न मत पटक्कै नसहने प्रवृत्ति छ । यो माओको ठीक बिपरीत प्रवृत्ति हो । अव त राजनीतिक रुपले फरक मत राख्नेलाई पार्टीमा खेदो मात्र खन्ने होइन, भौतिक रुपले नै सफाया गर्नेजस्तो अपराधिक कामसमेत उहाँहरुले शुरु गरेको देखियो । यो हद दर्जाको विकृति हो । रमेश ढुंगेलको हत्या, रुद्र तिमिल्सिनाको हत्या यसको ज्वलन्त उदाहरण हो । सुध्रनै नसक्ने अपराधी भनेर आरोप लगाएर फाँसी दिइयो उनीहरुलाई । तर, एक महीना अघिसम्म पार्टीको होनहार कार्यकर्ता, खिम्ती बैंकमा मनी एक्शनका कमाण्डर, एक महीनापछि एक्कासी सुध्रनै नसक्ने अपराधी कसरी हुन्छन् ?

अर्को मैले देखेको, माओवादी पार्टीमा दुइटा जीवन छ : एउटा, नेताहरुको अत्यन्त विलासी र ऐयाशी जीवन, अर्को ज्यान माया मारेर हिँड्ने कार्यकर्ताको जोखिम जोखिमले भरिएको बर्बाद जीवन ।

कार्यकर्ता हिँड्छ काममा, नेताहरुको अडर मुताविक एक्शन गर्छ, पक्राउ पर्छ, अंगभंग हुन्छ मारिन्छ, उसको र परिवारको जीवन डाँवाडोल हुन्छ । नेताहरु पनि त्यस्तै जोखिम मलेर दुःखसाथ हिँडे, बाँचे त केही थिएन, युद्धमा नोक्सानी र बर्बादी त हुन्छ नै तर माओवादीमा नेताहरु चाहिँ आफूलाई जोखिमभन्दा टाढा राखेर पार्टीको धनले अत्यन्त विलासी जीवन किताइरहेछन् । आफू मात्र होइन, सिंगै परिवारलाई पार्टीको पैसाले ऐयाशी सुविधापूर्ण जीवन विताउने प्रवन्ध गरिहेछन् । आफ्ना छोराछोरीलाई निकै महँगा स्कूलमा पढाइरहेछन् । उता कार्यकर्ताको घरमा चाहिँ सर्वत्र बर्बादै बर्बाद हुन्छ । बच्चाको स्कूलको फीस समेत उनीहरु तिर्न सकिरहेका हुन्नन् ।

यो त पार्टीमै वर्गको सिर्जना भएन र ? एउटा, विलासी नयाँ शासकवर्ग, अर्को दुर्दशाग्रस्त शासितवर्ग ।

माओवादीका नेताहरुमा व्यक्तिगत संपत्ति चाहिँ संरक्षण गर्ने र बढाउँदै लाने, पार्टीको सामूहिक संपत्ति चाहिँ व्यक्तिगत सुख-सुविधाका निम्ति प्रयोग गर्ने प्रवृत्ति देखिएको छ । करोडौंको पैसा उठेको छ त्यहाँ, र आर्थिक रुपले पैसाको पनि ठूलो हिनामिना छ । हिसावको कुनै व्यवस्थित फाँटवारी राखिन्न त्यहाँ ।

२०५३/५४ सालमा १० प्रतिशत संपत्ति पार्टीलाई बुझाउने निर्णय भयो । इमान्दार नेता-कार्यकर्ताहरुले त बुझाए, तर यी बेइमान ऐयाशी नेताहरुले चाहिँ बुझाएनन् । उनीहरुमा यो निर्णयले कुनै प्रभाव पारेन । यसको नकारात्मक असर तलसम्म पऱ्यो ।



◆ आइ.पी. खरेल ◆

(पूरा नामः इन्द्रप्रसाद खरेल)
एक समयका ने.क.पा. (माओवादी) का
क्षेत्रीय ब्यूरो सदस्य (सदूर
पश्चिमाञ्चल), बाँके बर्दियाका जिल्ला
सेक्रेटरी (२०५१ साल)
जिल्ला सेक्रेटरियट सदस्य - २०५१
सालदेखि लगातार
संयुक्त जनमोर्चा बाँकेका अध्यक्ष
पार्टीमा विद्रोह - कार्तिक, २०५५

## *माओवादीको निर्णय प्रणाली*

माओवादीको निर्णय प्रणाली लेनिनवादी चरित्रको छैन, एउटा सामन्ती कचहरीको जस्तो छ ।

माथिका नेताले पहिले नै निर्णय गरिसकेको हुन्छ, त्यो कमिटीमा सेक्रेटरीमार्फत् प्रस्ताव भनेर सुनाइन्छ, अनि राय सोधेको नाटक गरिन्छ । राय जेसुकै आए पनि प्रस्तावमा केही फेरबदल हुँदैन, प्रस्ताव त्यही पास हुन्छ जुन 'माथि'बाट आएको हुन्छ । सामन्तको कचहरीमा जसरी निर्णय हुन्छ, माओवादी पार्टीमा पनि त्यसरी नै निर्णय हुन्छ ।

यही निर्णय प्रणालीलाई त हामीले नोकरशाही केन्द्रियता भनेका हौं । माओवादीमा माथिदेखि तलसम्म जनवादी केन्द्रियता होइन, नोकरशाही केन्द्रियता छ । त्यहाँ जनवादको कुनै अभ्यास हुँदैन । जनवादको अभ्यासको लागि त भिन्न मत र आलोचनाको गुंजाइश हुनुपर्छ नि कमिटीमा । राम्रो कुरा जहाँबाट आए पनि स्वीकारिनु, संश्लेषण गरिनुपर्छ नि । त्यस्तो त्यहाँ हुँदैन ।

माओवादी पार्टी, त्यसैले, कमिटी प्रणालीबाट होइन, हुकूमतन्त्रबाट चलेको छ । कार्यकर्ताको काम त्यहाँ हुकूम तामेल गर्ने हो ।

बावुराम र प्रचण्ड भनिरहेछन्- जनयुद्ध शुरुभए यता त्यहाँ विचारमा कुनै अन्तरविरोध र भिन्न मत नै भएकों छैन रे । कस्तो पार्टी हो यो ? मुर्दाहरु भएको पार्टीमा वा हनुमानै हनुमानले भरिएको, हुकूममा चल्ने पार्टीमा मात्र यस्तो हुनु संभव हुन्छ । नत्र जिउँदा जागृत मान्छेहरु भएको पार्टीमा कसरी अन्तरविरोध र भिन्न मत हुँदैन ? हामी त्यहाँ हुँदाखेरि नै त्यहाँ अन्तरविरोध तीव्र थियो । तर, त्यसलाई छोपछाप किन ?

माओवादी पार्टीमा रिपोर्ट प्रणाली अत्यन्त मनगढन्त छ । तलका हुनमानहरुले बढाईचढाई भए नभएको रिपोर्ट 'माथि' पठाउँछन् । 'माथि' ले त्यो हो होइन अनुगमन गर्ने सिस्टम छैन । उत्तिकै हावादारी रिपोर्टका भरमा नीति-निर्णय गर्छन् । माथिबाट निर्णय भएर आएपछि हचुवा र गलत लागेर आलोचना वा असहमति राखियो भने त्यसलाई पटक्कै सहने काम हुन्न । "नेतृत्वको विरोध गर्नु, विचारको विरोध गर्नु हो" भनिन्छ । आँखा चिम्लेर हुकूम तामेल गर्न आदेश गरिन्छ । असहमति राख्ने र निर्णयमा वा नेतामा खोट देखाउनेलाई शत्रुको व्यवहार गरिन्छ । उसको पछाडि सि.आइ.डी. छोडिन्छ । खेदो खनेर स्वाहा पारिन्छ ।

यसरी पछाडिबाट माओवादी पार्टीले 'प्राधिकार' स्थापित गर्न खोज्दैछ । हाम्रो ठम्याईमा प्राधिकार भन्ने कुरा विचार र आचरणको उँचाइबाट आफैं 'विकसित हुने कुरा हो', 'स्थापित गर्ने' कुरो त होइन ।

## *माओवादीको आधार इलाकाबारे*

उहाँहरुमा विज्ञापनवादी मानसिकता छ - नभएको कुरो पनि चर्चामा आउन र हिरो हुन - छ भनेर देखाउने । त्यसैको उपज हो यो आधार इलाकाको सोच । नत्र आधार इलाका घोषणा गरेका ठाउँहरु न त राजनीतिक रुपले मुक्त इलाका हुन्, न आर्थिक रुपले आत्मनिर्भर इलाका । न साँस्कृतिक रुपले फरक इलाका । दुश्मनले आर्थिक नाकाबन्दी गरिदियो भने त्यहाँ हाहाकार मच्चिन्छ । बैकल्पिक स्रोत केही पनि छैन उहाँहरुसित, नाकाबन्दीका बावजूद पनि जिउँदो भइराख्ने । ख्वाउने, पियाउने, टिकाउने विकल्प नै नभएको ठाउँ कसरी आधार इलाका हुन्छ ?

राजनीतिक रुपले आधार इलाका हुनलाई दुश्मनको सत्तालाई पूरै परास्त गरेर मुक्त पारेको हुनुपऱ्यो नि । अन्त दमन भयो भने पनि त्यहाँ आएर सुरक्षित हुने स्थिति हुनुपऱ्यो नि । त्यस्तो स्थिति आधार इलाका भनिएको कुनै ठाउँमा पनि छैन । आधार इलाका भनिएकै ठाउँमा हरेक गाउँमा सरकारको पुलीसचौकी छ । दंगा प्रहरीहरु त्यहाँ छाती फुलाएर हिंडिरहेछन् । माओवादीको तालीम केन्द्रमै हमला गरेर सयौं संख्यामा माओवादी मारिरहेछन् । गाउँका गाउँ प्रहरीले घेरेर सामूहिक बलात्कार गरिरहेछन् । लूटपाट मच्चाई रहेछन् । सापेक्षतामा थोरै समय पनि कसरी मुक्त र सुरक्षित इलाका भयो त त्यो ? कसरी त्यो आधार इलाका भयो ?

आधार इलाका व्यापक जनसमर्थन प्राप्त ठाउँमा मात्र कायम हुनसक्छ । त्यहाँ जनता जागृत बनाइएको हुनुपर्छ जनता र पार्टी एकढिका भएको हुनुपर्छ र जनता पनि सशस्त्र हुनुपर्छ । यो स्थिति पैदा गर्न सकिएको ठाउँमा मात्र आधार इलाका थोरै समय पनि टिक्छ । तर माओवादीले आधार इलाका भनेको रोल्पा, रुकुम, सल्यान, जाजरकोटमा प्रहरीले माओवादीविरुद्ध त्यत्रो ज्यादती र हत्या गर्दा पनि खोई त त्यहाँका जनता माओवादीसित एकाकार भएर दंगा प्रहरीको प्रतिरोधमा उत्रेका ? खोई त्यहाँ जनताहरु आधार इलाकाको रक्षार्थ डटेका ? जनताको तर्फबाट त त्यहाँ एउटा पनि प्रतिरोधको घटना भएको पाइएको छैन । यस्तो स्थितिमा त्यहाँ कसरी जनता र माओवादी एक भएको देखियो त ?

त्यसैले, दमनले निराश भएका जनताको ध्यान अन्यत्र मोड्न आधार इलाकाको नारा ल्याइएको हो । पार्टीभित्रको अन्तविरोधलाई छोपछाप र सामसुम पार्न यो नारा पैदा गरिएको हो । अरु केही पनि होइन । ❑

जन-क्रान्तिका लागि सेना निश्चित रूपमा चाहिन्छ । तर सेना वर्गसंघर्ष र जन-आन्दोलनको विकासको मूर्त आवश्यकतासँगै विकास गरिनुपर्ने कुरो हो । त्योभन्दा बाहिर अन्धनक्कल र मनगढन्त आवश्यकताबाट सेना सिर्जना गरियो भने सेना र जनता नङ र मासुझैं जोडिन सक्दैनन्, सेना जनतामाथि लादेझैं हुन्छ । पार्टीले बन्दूक होइन, बन्दूकले पार्टीलाई नियन्त्रण गर्न थाल्छ । माओवादी पार्टीमा यस्तै भइरहेछ ।

जनताको युद्धमा निर्णायक कुरो सेना र हतियार होइन, जनता स्वयम् हो । जनता जागे, युद्धका लागि तैयार भए र जनताको व्यापक जनसमर्थन प्राप्त गरेर संघर्ष अघिबढ्यो भने- त्यो युद्धलाई दुनियाँको कुनै ताकतले हराउन संभव हुँदैन । पार्टीले जनता जगाउनु पर्‍यो र जागेका जनताले संघर्षको बिकासको मूर्त आवश्यकतामुताविक हतियार समाउन तम्तयार हुनुपर्‍यो । अनि त्यसबाट छापामार दल र सेना पैदा गर्नुपर्‍यो । अनि पैदाहुन्छ - जनसेना । माओवादी पार्टी वर्गसंघर्षको मूर्त आवश्यकताको धरातलबाट सेना विकास गरिरहेको छैन, उँ जडसूत्रवादी ढंगले अन्यत्रको अन्धनक्कल गर्दै सेना बनाउँदैछ र सेना ब्योहोर्न तैयारी नभईसकेको जनतामाथि जवर्दस्ती सेना लाद्‌दैछ । वैचारिक र मानसिक रूपले बन्दूक ब्योहोर्न तैयार र सक्षम नभैसकेका मान्छेका हातमा उ बन्दूक थमाउँदैछ । सैन्यवाद भनेको यही हो, यसैबाट जन्मिँदैछ - अनावश्यक बलिदान र हत्याको अटुट र सीमाहीन श्रृखला । यसबाट ठूलो सामाजिक दुर्घटना हुनसक्छ । बन्दूकले विचार र पार्टी दुवैलाई कंट्रोल गर्ने स्थिति आउनसक्छ । शत्रुलाई प्रयोग गरिनुपर्ने बन्दूक साथीमाथि नै प्रयोग हुने स्थिति आउनसक्छ । माओवादी पार्टी यही दिशातिर उन्मुख देखिन्छ । त्यहाँ शत्रुमाथि सोझ्याउनु पर्ने बन्दूक साथीमाथि सोझ्याउने प्रक्रिया प्रारम्भ भइसकेको छ ।

माओले जनयुद्धका लागि जनताको जागरण र जन-समर्थनमा सर्वाधिक जोड दिनुभएको छ । माओवादी मित्रहरूले जनताको जागरण र जन-समर्थनमा होइन, समय र परिस्थितिको मागभन्दा अलग्गै निरपेक्षरूपमा सेना र हतियारमा सर्वाधिक जोड दिईरहनुभएको छ । जन-हत्याप्रति जनताको संवेदनशीलता नै मर्ने गरी हत्याको बाढी यहींबाट आइरहेछ ।

क्रान्तिका पक्षधरहरूले सकेसम्म कम हत्या र सामाजिक नोक्सानीमा बढीभन्दा बढी उपलब्धि र लक्ष्य हासिल गर्न मरिमेट्नु पर्दछ । सारा युद्धको विशेषतः जनयुद्धको, अर्थशास्त्र र बिज्ञान नै यही हो कि आफ्नो शक्ति र समाजको नोक्सानी सकेसम्म कम होस्, दुश्मनको नोक्सानी चाहिं सकेसम्म ज्यादा होस् र कमभन्दा कम नोक्सानीमा लक्ष्य प्राप्त होस् । माओवादीहरू चाहिँ युद्ध विज्ञानको ठीक उल्टो काम गरिहेछन् : दुश्मनको तुलनामा आफ्नो पंक्तिको अत्यन्त ज्यादा हत्या र नोक्सानी । यही हत्यामा र नोक्सानीमा गौरव गर्ने मानसिकता । के माओले औंल्याउनु भएको युद्धको सिद्धान्त र विज्ञान यही हो ?

यसैलाई मैले हिंसाप्रियता भनेको हुँ । माओवादी मित्रहरूमा जति ज्यादा हिंसा गर्‍यो, उति ज्यादा गौरब गर्ने ग्रन्थी देखिन्छ । यो माओको बाटोको अत्यन्त गलत बुझाई हो । यसबाट त माओको बाटोकै बदनाम हुन्छ । जनतामा हत्या र हिंसाविरूद्ध संवेदनशीलता नै पूरै मर्छ ।

अन्धनक्कल गर्ने जडसूत्रवादी प्रवृत्तिबारे माथि पर्याप्त चर्चा भइसकेको छ । त्यसैले यहाँ नदोहोर्‍याउँ ।

त्यसैले, दुश्मनको दमनको कारणले होइन, माओवादीहरू आफ्नै दोषका कारणले बिफल हुने टड्कारो संभावना छ । चारवटा मुख्य अन्तविरोधहरूका कारणले माओवादी जनयुद्ध विफलतामा टुंगिने संभावना छ : एउटा, माओवादीहरूको लक्ष्य क्रान्तिकारी जनसत्ता छ । जनसत्ताको मूल गूदी हो- सत्तामा जनताको आलोचनात्मक सहभागिता र जनताको सर्वोच्चता । परन्तु, माओवादी मित्रहरूको आचरणमा चाहिं आलोचना र भिन्न मतप्रति चरम असहिष्णुता छ । यो आचरणबाट जनसत्ता कायम हुन र टिक्न नै असंभव छ ।

दोश्रो, माओवादीहरूको राज्य र पार्टी संचालनको मूल सिद्धान्त जनवादी केन्द्रिकरण हो । परन्तु, माओवादी नेतृत्वको मूल आचरण चाहिँ नोकरशाही केन्द्रिकरणको छ । नोकरशाही केन्द्रिकरणबाट पार्टी नेतृत्व र कार्यकर्ताको जीवन्त एकता पनि असंभव छ, पार्टी र जनताको जीवन्त एकता पनि असंभव छ । यो एकता प्राप्त नभई जन-क्रान्ति हुँदैहुँदैन ।

तेश्रो, माओवादीहरूले गर्न खोज्नुभएको जन-क्रान्ति र जन-क्रान्तिका लागि जनयुद्ध हो । जनक्रान्ति र जनयुद्धमा निर्णायक कुरा जनताको जागरण र जनसमर्थन हो । जागृत जनता निर्णायक युद्धका लागि मर्न मार्न तैयार भएर सशस्त्र मैदानमा उत्रेपछि नै अनुकूल राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिमा जनक्रान्ति सफल हुने हो । परन्तु, माओवादी मित्रहरूको प्राथमिक जोड जनजागरण र जनसमर्थनमा देखिन्न, हतियार, सेना र हत्यामा देखिन्छ । यो बाटोबाट जनक्रान्ति संभव नै हुँदैन ।

चौथो, माओवादी मित्रहरूको दिग्दर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद माओवाद हो । यो सिद्धान्तको चूरो पद्धति हो- गतिशील यथार्थको वा ठोस स्थितिको ठोस-विश्लेषण । परन्तु, माओवादी मित्रहरूको आचरण चाहिँ जडसूत्रवादी छ । यतिखेरको नेपाल र विश्वको ठोस स्थितिको ठोस विश्लेषण गर्नुमा उहाँहरूको कुनै रूचि र जोड देखिन्न । त्यो नगरी वस्तुसम्मत नीति र कार्यक्रम बन्दै बन्दैन । त्यस्तो नीति र कार्यक्रम नभई हचुवामा क्रान्ति कहीं हुनेवाला छैन ।

माओवादी मित्रहरूले आफ्नो लक्ष्य हासिल गर्नु छ भने यी अन्तविरोधको समाधान गर्नै पर्छ, दोश्रो कुनै बाटो छैन ।

## के सेनाले माओवादीहरूलाई स्वत्तम पार्न सक्ला ?

राज्य दमनको कुनै पनि बाटोबाट माओवादी समस्या हल हुन वा माओवादी सिद्धिनु असंभव छ । माओवादी वा माओवादी समस्या जुन कारणले पैदा भएको हो, त्यो कारण ज्यूँका त्यूँ रहेसम्म एकथरि माओवादीलाई सेनाले गोलीले भुटेर सिध्याई हाले पनि अर्कोथरि माओवादी त्योभन्दा झन् परिष्कृत र परिमार्जित भएर निक्लिने पक्का छ । किनकि माओवादीहरू ईच्छाका उपज होइन, नेपालको विशिष्ट वस्तुस्थितिका उपज हुन् ।

नेपालमा पूँजीवादी प्रजातन्त्र साह्रै थोरै, खालि ५ प्रतिशत, मान्छेको सुख संपन्नताको र अधिकारको मात्र ग्यारेण्टी गरेर सिंहदरबारभित्रै कैद भयो । यो बहुसंख्यक नेपालीको र गरीखाने वर्गको सुख सपन्नता र अधिकार संपन्नताको ग्यारेण्टी गरेर शहर गाउँसम्म पुग्नै सकेन । अर्थात् नेपाली समाजको समग्र प्रजातान्त्रिकरण र प्रगतिशील रूपान्तरण हुनै सकेन । र, पूँजीवादी राज्ययन्त्रका तीनै अंग- सरकार, संसद र अदालत- पूर्णतया भ्रष्ट भए । यसैबाट जनतामा पैदा भएको अपार नैराश्य र अधैर्यको परिणाम हो- माओवादी समस्या । तसर्थ, माओवादी समस्या हल गर्ने हो भने यो समस्याको यो जरो हल गर्नुपर्छ । त्यसपछि माओवादी समस्या स्वतः हल हुन्छ ।


के नेपालको वर्तमान पूँजीवादी व्यवस्था यो समस्याको जरो हल गर्न सक्षम छ ? विगत १० वर्षले कतै देखाएन कि यो सक्षम छ । तसर्थ, नेपाल अर्को सक्षम जन-क्रान्तिको प्रतीक्षामा छ । त्यस्तो सक्षम जन-क्रान्ति हुने हो भने - माओवादीको मूल माग पनि स्वतः पूरा हुन्छ, माओवादी समस्याको जरो पनि हल हुन्छ । ❑

## माओवादी समस्या हल गर्न सेनाले सरकारलाई राखेको प्रस्ताव यस्तो छ :

- राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक र विकासका कदमहरु एकसाथ चाल्नुपर्छ ।
- संवैधानिक दायराभित्र रहेको संयुक्त जनमोर्चा (संजमो)मार्फत् माओवादीलाई वार्ताको टेबिलमा ल्याउने प्रयत्न हुनुपर्छ ।
- माओवादी प्रभावित क्षेत्रमा तुरुन्तै आर्थिक प्याकेज प्रोग्राम लगिनुपर्छ ।
- सुरक्षा र प्रशासनिक निकायहरु सम्मिलित छुट्टै विशेष समिति बनाएर दुवैले संयोजित रुपमा काम गर्नु पर्दछ ।
- सबै गुप्तचर निकायहरुबीच पनि आपसमा संयोजन कायम गर्न केन्द्रिय गुप्तचर संयोजन समिति खडा गर्नुपर्छ ।
- आतङ्कविरोधी कानून तुरुन्तै बनाउनुपर्छ ।
- भारतका थुप्रै माओवादी समूहहरुले नेपालका माओवादीहरुलाई सहयोग पुर्‍याइरहेको बारे नेपालको सरकारले भारत सरकारसमक्ष कुरा राख्नुपर्छ ।
- माओवादीबाट अत्यन्त प्रभावित इलाकाहरुमा स्थायी रुपमा सैनिक सुरक्षा बल राखिनुपर्छ र त्यसो गर्न संभव भएमा वन्यजन्तु आरक्ष बनाइनुपर्छ ।
- माओवादीहरुले सुरक्षा निकायहरुमा घूसपैठ गर्ने अत्यधिक संभावना बढेकाले नियुक्ति गर्दा अत्यन्त सावधानी अपनाउनुपर्छ ।
- धेरै शिक्षकहरुले माओवादी गतिविधिलाई भौतिक, मनोबैज्ञानिक र आर्थिक मद्दत पुर्‍याइरहेकाले त्यसलाई रोक्नुपर्छ ।
- माओवादी समस्या हल गर्न संसद र त्योभन्दा बाहिर राष्ट्रिय राजनीतिक सहमति कायम गर्नुपर्छ ।

*स्रोत: सैन्य गुप्तचर विभाग (DMI) को पछिल्लो रिपोर्ट*

# यूरोप कसरी अमेरिकाको टक्करमा आउन खोज्दैछ ?




दीपक वैद्य

अमेरिका र यूरोप पश्चिमी मूल्यहरू र अर्थतन्त्रका दुईवटा केन्द्र हुन् । विश्वभरि श्रमजीवी वर्गको संघर्ष र सत्तालाई निमिट्यान्न पार्नका लागि ती एक आपसमा गठजोड पनि कायम गर्दैछन् । परन्तु यी दुईबीच विश्वमा प्रभुत्व जमाउनका लागि टक्कर पनि कायम छ ।

दोश्रो विश्वयुद्धअघि संसारमा ज्यादा प्रभुत्वशाली यूरोप थियो । यूरोपमा पनि विशेषतः बेलायत । सन् १९४५ मा जापानमा एटम बम गिराएपछि र दोश्रो विश्वयुद्धमा छालाको एउटा रौं पनि नोक्सानीमा नपारीकन सग्लै निक्लिएपछि अमेरिका युद्धले क्षतिग्रस्त पश्चिमी यूरोपलाई उछिनेर विश्व प्रभुत्वको लागि अघि बढ्यो । त्यसपछिको ५० वर्षमा अमेरिका संपूर्ण पश्चिमी जगतको एकछत्र नेता बन्यो । पश्चिमी यूरोपले चूपचाप उसको संरक्षकत्व र नेतृत्व स्वीकार्यो ।

त्यो शीतयुद्धको समय थियो । यूरोपको संपूर्ण पूर्वी आधा भाग समाजवादी सोभियत संघको नियन्त्रणमा थियो । समाजवादलाई त्यो सीमाभन्दा बाहिर फैलिन नदिनु अमेरिकी परराष्ट्र नीतिको पहिलो प्राथमिकताको काम थियो । अमेरिकाले आफ्नो राष्ट्रिय स्वार्थको सबैभन्दा महत्वपूर्ण कुरो नै यही ठहऱ्याएको थियो । त्यसैले क्षतिग्रस्त यूरोपको रक्षा र पुनर्निर्माणको लागि अमेरिकाले आफ्ना स्रोतहरूको धारो खोल्यो । त्यसको बदलामा उसले यूरोपबाट आज्ञाकारिता र सहयोग खोज्यो । यूरोपको निम्ति सबैभन्दा नाजुक र संवेदनशील मोर्चामा सोभियत समाजवादलाई अघि बढ्नबाट छेक्न यूरोप चूपचाप अमेरिकी अगुवाइ स्वीकार्न तैयार भयो । उत्तर एटलाण्टिक सन्धि संगठन (NATO) यही उद्देश्य सिद्धिको लागि सिर्जना गरिएको सैनिक संयन्त्र थियो । यसमार्फत् यूरोपले अमेरिकाबाट निःशर्त सुरक्षा ग्यारेण्टी प्राप्त गऱ्यो । त्यसको सट्टामा यूरोपले अमेरिकी कमाण्डलाई यताउता नगरीकन आज्ञाकारी सिपाहीले झैं सकार्नु पर्ने भयो । यसप्रकार १९८० को दशकसम्म पश्चिमी यूरोप सैनिक दृष्टिले अमेरिकाद्वारा संरक्षित राज्य झैं बन्यो ।

भू.पू. अमेरिकी राष्ट्रपति जिम्मी कार्टरका राष्ट्रिय सुरक्षा सल्लाहकार जिग्न्यू ब्रेजिन्स्कीले पश्चिमी यूरोपलाई 'अमेरिका संरक्षित राज्य' को रूपमा चित्रण गरेका छन् र 'महासामन्तको अधीनस्थ सामन्तहरूको राज्य'सित तुलना गरेका छन् ।

परन्तु अब विश्व परिस्थिति बदलिएको छ र त्यो सँगसँगै यूरोपको स्थिति र प्रवृत्ति पनि । १९९० को दशकको प्रारम्भ नहुँदै पूर्वी यूरोपमा सोभियत नियन्त्रण एक एक गरी खत्तम भयो । १९९० को दशकको सूर्योदय सँगसँगै पश्चिमको निम्ति भयावह भूत सोभियत समाजवाद पनि ढल्यो । सोभियत संघको विघटन सँगसँगै शीतयुद्धको युग नै विश्वमा समाप्त भयो । अब न अमेरिकाको निम्ति त्रासको मुख्य मुहान र तर्साएर खाने निहुँ बाँकी रह्यो, न त पश्चिमी यूरोपको लागि अमेरिकाको सुरक्षा छाताभित्र संरक्षित राज्य भएर बस्नुपर्ने स्थिति ।

हरेक हिसाबले अमेरिकाको हाराहारीमा र टक्करमा आउने ध्येय यूरोपको पहिलेदेखि नै थियो । शीतयुद्धको समाप्तिपछि यूरोपको निम्ति खुल्लमखुल्ला त्यो ध्येयको प्राप्तिको निम्ति अघि बढ्ने बाटो खुल्यो । अहिले यूरोप अमेरिकाको कृपामा संरक्षित रहने होइन, आफ्नै बलबुतामा स्वतन्त्रतापूर्वक आफ्नो सुरक्षा आफैं गर्ने बाटो खन्दैछ र अमेरिकासित आज्ञाकारिता होइन, प्रत्येक क्षेत्रमा प्रतिस्पर्धा गर्ने सुरसार कस्दैछ । व्यापारको क्षेत्रमा त ऊ अमेरिकासित युद्ध नै गर्दैछ । चाहे भटमास युद्ध होस् या केरा युद्ध । चाहे हर्मोन प्रयुक्त गाईको मासुको कुरोमा होस् वा कृषि क्षेत्रमा किसानहरूलाई अनुदान दिने कुरोमा, यूरोप अमेरिकासित खुलेआम टक्करमा उत्रँदैछ । अब यो टक्कर खालि व्यापारमा मात्र सीमित हुने लक्षण देखिन्न । यूरोपेली संघ र यूरोपेली मुद्रा संघको सिर्जना र विश्वमा डलरको एकछत्र राज खत्तम पार्न 'यूरो'को उदयले यूरोप समग्र अर्थतन्त्रमा अमेरिकासित पौंठेजोरी खेल्न उद्दत रहेको स्पष्ट हुन्छ । अहिले यूरोप रक्षा र परराष्ट्रनीतिको मामलामा समेत अमेरिकाभन्दा पृथक र स्वतन्त्र हुन प्रयत्न गर्दैछ ।

*भू.पू. अमेरिकी राष्ट्रपति जिम्मी कार्टरका राष्ट्रिय सुरक्षा सल्लाहकार जिग्न्यू ब्रेजिन्स्कीले पश्चिमी यूरोपलाई 'महासामन्तको अधीनस्थ सामन्तहरूको राज्य' सित तुलना गरेका छन् ।*

हालैको कोसोभो युद्धपछि यूरोपका अगुवा राष्ट्रहरूले के महसुस गरेको देखिएको छ भने अब यूरोप अमेरिकाको रक्षाशक्तिमा भर परेर आफ्नो स्वार्थ पूर्ति हुने कुरामा ढुक्क हुनसक्दैन । उसको युद्धसंयन्त्र र प्रविधि अमेरिकाको तुलनामा सारै पछौटे छ । न यूरोपसित राडारमा नदेखिने स्टील्थ बम्बर छ, न प्रेसीजन गाइडेड मिसाइल, न उपग्रह जासूसी सूचना प्रणाली । कोसोभो युद्ध मूलतः यूरोपेली स्वार्थको लडाइँ थियो । तर यूरोपको युद्ध प्रविधिको पछौटेपनले गर्दा अमेरिकाले त्यस युद्धमा हात हाल्ने वित्तिकै त्यो अमेरिकी स्वार्थको लडाइँमा परिणत भयो । त्यसैले,

यूरोपले आपसमा मिलेर आफ्नै स्वतन्त्र अत्याधुनिक हातहतियार सहितको रक्षाशक्ति विकास गर्नुपर्छ, जुन नाटोको छातामुनि त होस्, तर अमेरिकाको निर्भरतामा नहोस् । ता कि आफ्नो प्रत्यक्ष स्वार्थ छैन भनेर अमेरिकाले भाग नलिने भनिएको युद्धमा पनि आफ्नो स्वार्थको लागि नाटोको स्रोत प्रयोग गरेर मात्र स्वतन्त्र र प्रभावकारी युद्ध गर्न सक्ने स्थिति बनोस् । यूरोपेली संघ अहिले यसो गर्ने कुरामा लगभग एकमत भएको छ । अरू कुरामा अमेरिकी पिछलग्गू बेलायतले समेत आफ्नो स्वार्थको निम्ति यो कुरामा यूरोपेली संघलाई सहमति दिएको छ ।

१५ सदस्यीय यूरोपेली अत्याधुनिक संघ रक्षा प्रविधिको मामलामा बाहेक अरूमा हरेक हिसावले अमेरिकालाई चुनौती दिन सक्षम राष्ट्र-समुदायको रूपमा देखापरेको छ । जनसंख्याको हिसाबले अमेरिका २७ करोड जनता भएको राष्ट्र-राज्य हो, यूरोपेली संघ ३७ करोड । अर्थतन्त्रको कोणबाट अमेरिकाको कूल गार्हस्थ्य उत्पादन ७८ खरब अमेरिकी डलर बराबरको छ, जबकि यूरोपको अर्थतन्त्र ८३ खरब डलर बराबरको । यस हिसाबले यूरोपेली संघ अमेरिकाभन्दा पनि ठूलो अर्थतन्त्र भएको राष्ट्र- समुदाय भएको छ । अमेरिकाले व्यापारिक हिसाबले विश्व व्यापारको १२ प्रतिशत अंश बराबरको कारोवार गर्छ, जबकि यूरोपेली संघले ३८ प्रतिशत बराबरको । फौजकै हिसाबले कुरा गर्दा समेत अमेरिकाको सशस्त्र सेना साढे १४ लाख जवानको छ, यूरोपेली संघको साढे १९ लाखको । यस परिप्रेक्ष्यमा यूरोपेली संघ अमेरिकालाई धेरै मामलामा ठाडो चुनौति तेर्स्याउन सक्ने राष्ट्र राज्यहरूको जत्था भएको छ । मुख्य प्रतिकूलता के देखिएको छ भने अमेरिका एउटा सिंगो राष्ट्र-राज्यका रूपमा छ र उसलाई निर्माण गर्नु र स्रोत तथा शक्ति परिचालन गर्नु धेरै नै सजिलो छ । परन्तु यूरोपेली संघ अलग-अलग राष्ट्रिय स्वार्थ भएका राष्ट्र-राज्यहरूको सँगालो हो र उसलाई निर्णय लिनु र स्रोत शक्ति परिचालन गर्नु त्यति सजिलो छैन । रक्षाको मामलामा पचासौं वर्षसम्म अमेरिकी संरक्षकत्वमा ढुक्क रहनाले यूरोपेली रक्षा-संयन्त्र धेरै नै अमेरिका निर्भर छ र कमजोर छ ।

तथापि यूरोप अहिले सर्वप्रथम आर्थिक रूपमा अमेरिकाको टक्करमा आउने र त्यसपछि राजनीतिक रूपमा पनि स्वतन्त्र हुने र हाराहारीमा आउने बाटो अख्तियार गर्दैछ ।

त्यसो त यूरोपेली संघ अहिले भर्खरैको सिर्जना होइन । यसको स्थापना मार्च २५, १९५७ मा रोममा भएको ६ वटा राष्ट्रहरूको भेलाले गरेको थियो । फ्रान्स, पश्चिम जर्मनी, इटाली, बेल्जियम, नेदरलैण्ड र लक्जेमवर्ग यसका संस्थापक राष्ट्र थिए र यसको शुरूको नाम यूरोपेली संघ थिएन, यूरोपेली आर्थिक समुदाय (EEC) थियो । सन् १९५१ मा स्थापित ६ वटा राष्ट्रकै यूरोपेली कोइला तथा स्टील समुदायको सफलताको जगमा यूरोपेली आर्थिक समुदायको निर्माण गरिएको थियो । आपसमा साझा बजार र विश्वमा एकाधिकार कायम गर्नु नै दुवै समुदायको प्रमुख लक्ष्य थियो ।

तर अहिले आइपुग्दा यूरोपेली आर्थिक समुदाय निकै समुन्नत भएको छ । ६ वटा राष्ट्रको साझा बजार अहिले १५ राष्ट्रको यूरोपेली संघमा बदलिएको छ । यूरोपेली संघ विश्वकै सबैभन्दा ठूलो व्यापारिक ब्लक भएको छ । यसको कुल गार्हस्थ्य उत्पादनले अमेरिकाको गार्हस्थ्य उत्पादनलाई समेत उछिनेको छ । अहिले नै १२ वटा थप यूरोपेली राष्ट्रहरू यसको सदस्यताको लागि क्यूमा बसिरहेछन् । त्यसमध्ये दशवटा त मध्य र पूर्वी यूरोपका राष्ट्रहरू छन् । अरू थप एकदर्जन यूरोपेली राष्ट्रहरू यसको सदस्य बन्न लालायित बनेको स्थिति छ ।



यूरोप अहिले सर्वप्रथम आर्थिक रूपमा अमेरिकाको टक्करमा आउने र त्यसपछि राजनीतिक रूपमा पनि स्वतन्त्र हुने र हाराहारीमा आउने बाटो अख्तियार गर्दैछ ।

यूरोपेली संघका १५ राष्ट्रहरूको अहिले एउटै साझा बजार छ । एउटा मुलुकको सामान अर्को मुलुकमा पठाउन कुनै भन्सार महशूल तिर्नु पर्दैन । एउटा देशको नागरिक अर्को देशमा जान कुनै पासपोर्ट -भीसा चाहिँदैन । अष्ट्रिया, बेल्जियम, डेनमार्क, फिनलैण्ड, फ्रान्स, जर्मनी, ग्रीस, आयरलैण्ड, इटाली, लक्जेम्वर्ग, नेदरलैण्ड, पोर्चुगल, स्पेन, स्वीडेन र संयुक्त अधिराज्य यस्तो खालको यूरोपेली संघमा सामेल छन् । यूरोपेली संघको 'यूरोपेली कमीशन' नामको साझा कार्यपालिका ब्रसेल्समा छ । 'यूरोपेली पार्लियामेण्ट' नामको साझा व्यवस्थापिका स्ट्रासवर्ग र लक्जेम्वर्गमा छ । लक्जेम्वर्गमै साझा न्यायालय पनि छ ।

सन् १९९२ मा मास्टरीच् सन्धि गरिएपछि गतः जनवरी १ देखि यूरोपेली संघअन्तर्गतका ११ वटा राष्ट्रहरू मिलेर एउटै साझा मुद्रा- 'यूरो' प्रचलनमा ल्याएका छन् । बेलायत, डेनमार्क, ग्रीस र स्वीडेनमात्र यूरोपेली मुद्रा संघमा सामेल छैनन् । यूरोपेली संघ अन्तर्गतका बाँकी सबैले आ-आफ्नो मुद्राको सट्टामा अब यूरोलाई प्रचलनमा ल्याउने भएका छन् । अहिले यूरोलाई नोट र सिक्काको रूपमा नगद प्रचलनमा ल्याई सकिएको छैन । खालि चेक, बोण्ड, क्रेडिट कार्ड, र स्टक कारोबार जस्ता गैर-नगद कारोबारमा मात्र प्रचलनमा ल्याइएको छ । परन्तु जनवरी १, २००२ देखि यसलाई नगदमा समेत प्रचलनमा ल्याइँदैछ । त्यसै वर्षको जुलाई १ देखि संबन्धित सबै ११ वटा यूरोपेली मुलुकका सिक्का र नोटको प्रचलन बन्द हुनेछ, खालि यूरोमात्र उनीहरूको साझा मुद्रा हुनेछ ।

यूरो अहिले नै डलरको टक्करमा आउन सक्ने दोश्रो विश्व मुद्रा बनिसकेको छ । यूरोपेली संघले यूरोलाई प्रचलनमा ल्याउनुको एउटा प्रमुख कारण विश्वमा अमेरिकी डलरको एक छत्र आधिपत्य खत्तम गर्नु थियो । चुनौतिरहित ढंगले विश्व मुद्राको रूपमा अमेरिकी डलरको प्रचलनले अमेरिकालाई एकसाथ थुप्रै लाभ भइरहेको थियो । उसले आफ्नै मुद्रामा असीमित मात्रामा ऋण लिन सक्ने स्थितिले गर्दा अमेरिका विश्वकै सबभन्दा ठूलो आसामी राष्ट्र बनेको थियो । ऊ ढुक्क र बेफिक्री थियो, किनकि विश्वको आधाभन्दा ज्यादा विदेशी मुद्रा संचिति डलरमै राख्ने गरिन्थ्यो । त्यसो हुनाले जतिसुकै ऋण चढे पनि अमेरिकालाई कुन पैसाले ऋण तिर्ने भन्ने समस्या थिएन । अमेरिकाको चालु खाता घाटा विशाल थियो, परन्तु उसलाई यसको कुनै सुर्ता थिएन । त्यसमाथि थप, विश्व मुद्राको रूपमा डलर चल्ने हुनाले लगभग सित्तैंमा वा नगन्य खर्चमा डलरको नोट विश्वभरि चलाएर अमेरिकी ट्रेजरी विभागलाई काफी ज्यादा नाफा उत्तिकै हुनेगर्थ्यो । यो नाफा अमेरिकाको कुल गार्हस्थ्य उत्पादनको ०.५ प्रतिशत बराबर हुनेगर्थ्यो । यूरोलाई विश्व मुद्राको रूपमा चलाउनुको एउटा उद्देश्य के हो भने- अमेरिकी डलरले यसरी अहिलेसम्म प्रयोग गरिरहेको एक छत्र विशेषाधिकार खत्तम पार्नु ।

यूरोपेली कमीशनका एकजना पदाधिकारीले स्पष्टतापूर्वक बताएका छन्, "यूरो सिर्जना गर्नुको एउटा कारण के निश्चित गर्नु हो भने डलरले हसुरिरहेको अति ज्यादा विशेषाधिकार स्वाहा गर्नु हो ।" डलरसित टाउको जोडेर सिडौरी खेल्न सक्ने हैसियतमा यूरोको आगमनले अमेरिकालाई अव पहिले जस्तो असीमित मात्रामा ऋण लिने सुविधा हुनेछैन, न त असीमित परिमाणमा चालु खाता घाटा राख्ने विशेषाधिकार नै हुनेछ । "यसले अन्तर्राष्ट्रिय बित्तीय प्रणालीमा चुनौतिविहीन नेतृत्वको स्थिति कायम गर्न अमेरिकालाई अरू ज्यादा धौ धौ पार्नेछ ।" प्रसिद्ध बेलायती पत्रिका The Economist लेख्दछ ।

The Economist लेख्दछ "विश्वको पूँजी बजारमा डलरको हालीमुहाली चर्को रूपमा कायम छ ।



> *विश्वमा अमेरिका एक्लैको हालीमुहाली कायम हुनुभन्दा अमेरिका र यूरोपको टक्कर पर्नु विश्व शक्तिको हितमा छ, संपूर्ण श्रमिक वर्ग र मानवजातिको हितमा छ ।*

झण्डै आधा विश्वको विदेशमा गरिने बैंक डिपोजिट डलरमा राख्ने गरिन्छ र विश्वको आधा व्यापारको इन्भ्वाइस डलरमै हुनेगर्छ । विश्वको लगभग आधा विदेशी सटही कारोबार डलरमा हुन्छ र लगभग दुईतिहाइ आधिकारिक विदेशी मुद्राको संचिति डलरमै राख्ने गरिन्छ । परन्तु एकचोटि यूरो प्रचलनमा आएपछि यी सबै प्रतिशतहरू तल ओर्लनेछन् ।"

(हेर्नुहोस्, अप्रिल ११, १९९८ को The Economist, EMU survey, पृष्ठ १७)

यसरी यूरोले डलरलाई ठाडो चुनौति दिने स्थिति खडा भएको छ ।

अहिले यूरो प्रचलनमा आएको ११ महीना मात्र भएको छ । यो अवधिमै यूरोले डलरसितको टक्करमा राम्ररी जमिन लिन थालेको देखिएको छ । सन् १९९९ को पहिलो ९ महीनामा यूरोपेली फर्महरूले यूरोमा जारी गरेको बण्ड गत सालभन्दा तीन दोब्बर ज्यादा भएको देखिएको छ ।

आर्थिक संघको निर्माणपछि अब यूरोप राजनीतिक संघको निर्माणतर्फ प्रयत्नरत हुनथालेको छ । विशेषतः कोसोभो युद्धपछि यूरोप आफ्नो छुट्टै रक्षा-संयन्त्र बनाउनका लागि एक मत भएको छ । यो संयन्त्रमा तुरून्तै यूरोपको अलग्गै सेना निर्माण गर्ने त सोच राखिएको पाइएको छैन, परन्तु यसमा प्रत्येक देशको राष्ट्रिय सेनालाई एकएकै ढंगले संगठित गर्ने, अमेरिका सरह अत्याधुनिक हातहतियार र प्रविधिहरूद्वारा सेनालाई एकएकै ढंगले लैश पार्ने एजेण्डा सामेल छ, ता कि चाहिएको बेलामा अमेरिकाविना नै संपूर्ण यूरोप मिलेर साझा ढंले फौजी कार्वाही गर्न सकियोस् । ता कि अमेरिकाले भाग नलिने युद्धमा पनि यूरोप एक्लैले स्वतन्त्रतापूर्वक भाग लिन सक्ने स्थिति बनोस् । यसभित्र यूरोपेली राष्ट्रहरूले आफ्नो रक्षा खर्चलाई रक्षा अनुसन्धान र हातहतियारमा समन्वित ढंगले खर्च गर्ने एजेण्डा पनि परेको छ, ता कि एउटै मुलुकले आँट्न नसक्ने अति महँगा अत्याधुनिक प्रविधिहरू, स्याटेलाइटहरू, विमानहरू, हतियारहरू, सबै मिलेर जोर्न सकियोस् । ता कि एउटैलाई आवश्यक नपर्ने, परन्तु सबैलाई आवश्यक पर्ने कुराहरू साझा खर्चमा जोरजाम गर्न सकियोस् ।

एक्लो अमेरिका रक्षा शीर्षकमा जति खर्च गर्छ, सिङ्गो यूरोपले गर्ने खर्च त्यसको खालि ६० प्रतिशत मात्र छ । यूरोपको ज्यादा खर्च अहिले फौजी जवानमा गइरहेको छ । अमेरिकाको हाराहारीमा आउन अब यूरोपले आफ्नो फौजी जवान घटाउने र रक्षा खर्चको ४० प्रतिशत हातहतियारको अनुसन्धान र विकासमा खर्च गर्ने प्रस्ताव फ्रान्सेली रक्षा विज्ञ फ्रान्क्वाइस हिस्वर्गले राखेका छन् । फ्रान्सेली रक्षा मन्त्री ह्युवर्ट भेड्राइनले त प्रस्टाप्रस्टी भनेका छन्- "अमेरिका भनेको हाइपरपावर हो र यूरोपले विश्वमा उसको हाराहारीमा आउनसक्ने शक्ति निर्माण गर्नुपर्छ ।"

विश्वमा अमेरिका एक्लैको हालीमुहाली कायम हुनुभन्दा अमेरिका र यूरोपको टक्कर पर्नु विश्व शक्तिको हितमा छ, संपूर्ण श्रमिक वर्ग र मानवजातिको हितमा छ । परन्तु के सोचिनु गल्ती हुनेछ भने अमेरिकाचाहिं युद्धको कारक हो, यूरोपचाहिं शान्तिको कारक । सारमा दुबै साम्राज्यवादी शक्ति नै हुन् । दुवैको अन्तरविरोध र टक्कर विश्वको प्रगतिको लागि नभएर प्रभुत्व र एकाधिकारको लागि नै हुँदैछ । परन्तु दुवैको टक्करबाट जुन स्थिति बन्छ, त्यो कसैको एकछत्र प्रभुत्वभन्दा तुलनामा राम्रो हुन्छ । कुरो यति मात्रै हो ।

अहिले यूरोप स्वतन्त्र रक्षा नीतिमात्र होइन, अमेरिकाभन्दा थोरै पृथक स्वतन्त्र परराष्ट्र नीति पनि अख्तियार गर्ने कोशिसमा देखिन्छ । "अमेरिकाको तुलनामा यूरोप चीनप्रति कम केन्द्रित, इरानप्रति कम शत्रुतापूर्ण, संयूक्त राष्ट्र संघप्रति ज्यादा सम्मानपूर्ण, प्यालेष्टिनी ध्येयप्रति केही ज्यादा सहानुभूतिपूर्ण र क्यूवाप्रति ज्यादा खुला देखिन्छ ।" - द इकोनोमिष्टले कोरेको अमेरिका र यूरोपको परराष्ट्रनीतिमा भिन्नताबारेको यो भनाइमा केही सत्यता देखिन्छ । यो भिन्नताबाट विश्वका प्रगति र शान्तिकामी मानव समुदायले किन फाइदा नउठाउने ? ❑

# LeftWord

# 'लेफ्टवर्ड' नामक प्रकाशन संस्था खुल्यो !

## *पार्टीभन्दा बाहिरका बाम बौद्धिकहरूलाई बेसी समेटिने घोषणा*

धेरैलाई थाहा होला, सोभियतसंघ लगायत पूर्वी यूरोपमा समाजवादको अवशानसँगै पुराना बामपन्थी प्रकाशन संस्थाहरू पनि ढलेका थिए । त्यस्तै, डलरको पछि पछि दौडिरहेको चीनका शासकहरूको प्रोत्साहनविना चिनियाँ प्रकाशनहरू पनि निकै नै नराम्ररी चाउरीसकेका छन् । विश्व विजयी भइरहेको पूँजीवादसँग चलिरहेको साँस्कृतिक युद्धमा किताब र पत्रपत्रिकाको महत्व झन् झन् बढ्दै गइरहेको छ । त्यस्तो स्थितिमा Monthly Review Press, Verso, Polity Press जस्ता थुप्रै राष्ट्रिय-अन्तर्राष्ट्रिय बामपन्थी प्रकाशन-हरूको आवश्यकता झन् झन् टड्कारो भइरहेको छ ।

यसैबीच भाकपा (मार्क्सवादी) ले Left Word नामक प्रकाशनघर स्थापना गरेको छ । बामपन्थी आन्दोलनका सरोकारका विषयमा बहस र अन्तर्क्रिया चलाउने उद्देश्यसहित भाकपाले यो प्रकाशनघरको स्थापना गरेको हो ।


विगतमा एकीकृत भारतीय कम्युष्टि पार्टीले 'पिपुल्स पब्लिसिङ्ग हाउस'को स्थापना गरी जनता र कार्यकर्ताहरूको वैचारिक स्तर उठाउन निकै मद्दत गरेको थियो । त्यसका प्रकाशनहरूले नेपाल लगायत दक्षिण एसियाका अधिकांश देशका वामपन्थीहरूको वैचारिक स्तर बृद्धिमा सघाउ पुऱ्याएको तथ्य यहाँ स्मरणीय छ ।

पिपुल्स पब्लिसिङ्ग हाउस पछि अरू थुप्रै वामपन्थी प्रकाशनहरू भारतमा खुले । तर समयको अन्तरालसँगै धेरैजसो संस्थाहरू बिलाएर पनि गए । यसैबीच खुलेको 'लेफ्टवर्ड' नामक प्रकाशन संस्थाले माकपाको नीति-निर्देशन र अनुशासनभन्दा अलिकिति पर रही वाम केन्द्रीत सवालहरूमा प्रकाशन गरी विचार-बहसको स्तरलाई माथि उठाउने घोषणा गरेको छ । माकपाका पोलिटब्यूरोका युवा बौद्धिक सदस्यका रूपमा परिचित प्रकाश कराटको नेतृत्वमा संचालित लेफ्टवर्ड प्रकाशन संस्थाद्वारा प्रकाशित हुने किताबहरूमा पार्टीबाहिरका बाम-बौद्धिकहरूले प्रशस्त चलखेल गर्न पाउने संभावनाको ढोका खोलिएको छ ।

विचार र ज्ञान भनेको पोलिटब्यूरो र केन्द्रीय सदस्यहरूको दिमागमा मात्र उब्जन्छ, त्यसैले उनीहरूले लेखेका कुरा मात्रै सही हुन्छन् भन्ठान्ने वामपन्थी नेताहरू धेरै छन् । यो परम्परालाई तोड्नका लागि 'लेफ्टवर्ड'ले पार्टी-सदस्य नरहेका स्वतन्त्र वाम-लेखक र बौद्धिकहरूलाई समेट्ने घोषणाले निकै सघाऊ पुऱ्याउने विश्वास गरिएको छ।

पिपुल्स डेमोक्रेसी, लोकलहर, गणशक्ति, मार्क्सिष्ट जस्ता पार्टी मुखपत्रहरूभन्दा भिन्नै सार, भिन्नै सीमासहितका नयाँ नयाँ प्रकाशन-हरूमा पार्टीका आधिकारिक धारणाहरूको सट्टा आलोचनात्मक बौद्धिक विचार र अन्तर्क्रियाहरूलाई बेसी समेटिने घोषणाले फराकिलो मार्क्सवादी घेरोभित्र चलिरहेको बहस र अन्तर्क्रियाहरूले माकपालाई मात्र होइन, सम्पूर्ण बामपन्थी आन्दोलनलाई नै अग्रगतिमा लान सहयोग पुग्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

'लेफ्टवर्ड'ले हालसम्म The Kargil War, Riding the Nuclear Tiger / A World to Win जस्ता किताबहरू प्रकाशित गरिसकेको छ । ❑



# नेतृत्वको क्षमतामाथि प्रश्नचिन्ह !

## नक्सलवादी षड्यन्त्र केसको खारेजीको माग

सन् १९८९ को शुरूवात देखिनै क. नागभूषण पटनायकको नेतृत्वमा संचालित इण्डियन पिपुल्स फ्रन्ट (आईपीएफ) का सडक र सदनका संघर्षहरूको उत्थानले गर्दा बामपन्थीहरूबीच उत्साह र उमंग छाएको थियो । त्यही संघर्षको ऊर्जासहित क. नागभूषणले ३ अप्रिल १९८९ मा दिल्लीको सुप्रिम कोर्टमा एउटा निवेदन दर्ता गराए ।

निवेदनमा उनले विगत १८ वर्षदेखि सरकारद्वारा आफ्नो घाँटीमा पासोजस्तै भुण्ड्याइएको 'नक्सलवादी षड्यन्त्र केस' खारेज गर्नु पर्ने माग गरेका थिए । निवेदनमा उनले दावी गरेका थिए- ११ जून १९७० मा दर्ता गरिएको यस मुद्दाको समयमा सरकारद्वारा आफूलाई नक्कलवाणिपल्लम हत्याकाण्डको सिलसिलामा विशाखापत्तनम केन्द्रीय जेलमा बन्दी बनाएर राखिएको थियो । जेलमा बन्द कैदीले थप षड्यन्त्र र हत्या कसरी गर्नसक्छ र ?

क. नागभूषणले आरोप लगाए- 'पुलिसले जेल अधिकारीहरूसँग साँठगाँठ गरेर म जेलबाट फरार भएको भूठो कथा रचेको थियो । र अहिले मेरो राजनैतिक गतिविधिहरूमाथि रोक लगाउनका लागि लगभग मरिसकेको भूठो मुद्दालाई ब्यूँताउने दुस्प्रयास गरिँदैछ । अतः भूठो नक्सलवादी षड्यन्त्र केसलाई खारेज गरियोस् !'

*र्‍यालीको मौलिक शैली र प्रदर्शनकारीहरूको अनुशासित जुलूसले दिल्लीका बौद्धिकहरूदेखि प्रहरीहरूलाई समेत प्रभावित पारेको थियो*

दरिलो प्रमाण र तर्कहरूसहित दर्ता गरिएको उनको निवेदनले दिल्लीको अदालत र सरकारको टाउको दुखायो । महिनादिन अगाडि मात्रै सिङ्गै बिहार थर्किने गरी आइपीएफको नेतृत्वमा एकलाखभन्दा बेसी किसान-मजदूरहरूको र्‍याली गरिसकेका नागभूषणको यो निवेदन सरकार र अदालतलाई निल्नु कि ओकल्नु भयो ।

### दिल्लीमा प्रभावशाली र्‍याली

दिल्लीको सुप्रिम कोर्टमा आफ्नो निवेदन फ्याँकेर उनी भने संघर्षको नयाँ चरण निर्माण गर्ने कार्यमा जुटे । यसैको फलस्वरूप दिल्लीमा ८ अक्टोबर, १९९० मा विशाल र्‍यालीको सफलतापूर्वक आयोजन भयो । सो विशाल र्‍याली मूलतः भारतमा बढ्दो साम्प्रदायिकताविरूद्ध लड्ने उद्देश्यका साथ आयोजना गरिएको थियो ।

सन् १९९० को दशकको शुरूमै जनता पार्टीजस्तो हिन्दूवादी साम्प्रदायिक शक्ति राजनैतिक रूपमा शक्तिशाली हुनथालेको थियो । त्यस्तै, भाजपाका नेता लालकृष्ण आड्वाणीको रथयात्राले हलचल मच्चाउन थालिसकेको थियो । वी.पी.सिंह सरकारले एक दशक पुरानो मण्डल कमीशनको रिपोर्ट लागू गर्ने घोषणा गरेपछि जातिवादी ध्रुवीकरणको स्थिति पैदाभएको थियो । यही विषम स्थितिलाई चिर्नका लागि आइपीएफद्वारा विशाल र्‍यालीको आयोजना गरिएको थियो । त्यो र्‍याली आईपीएफको पहिलो अखिल भारतीय र्‍याली थियो, जसले मण्डल-मन्दिरको चढ्दो उन्मादलाई हाँक दिने प्रयास गरेको थियो । 'आरक्षण होइन, शिक्षा र रोजगारको ग्यारेन्टी देऊ' भन्ने उद्घोषका साथ र्‍यालीमा सहभागी भएका जनताले नारा लगाएका थिए- 'दाम बांधो, काम दो !'

राजधानीमा भएको र्‍यालीमा ठूलो संख्यामा ग्रामीण गरीबहरूको सहभागिता थियो । त्यसले प्रजातान्त्रिक र बामपन्थी बुद्धिजीवीहरू र तरल स्थितिमा रहेका राजनैतिक शक्ति र संगठनहरूबीच आईपीएफको विस्तारको संभावनालाई अभ्र फराकिलो बनाएको थियो । र्‍यालीको मौलिक शैली र प्रदर्शनकारीहरूको अनुशासित जुलूसले दिल्लीका बौद्धिकहरूदेखि प्रहरीहरूलाई समेत प्रभावित पारेको थियो ।

### बामपन्थीहरूको सुनौलो भविष्य

साम्प्रदायिकताविरोधी र्‍यालीमा आईपीएफका नेताहरूले निहित स्वार्थ भएका शक्तिहरूको पक्षमा काम गरेकोमा कांग्रेस पार्टीको आलोचना गरे । अल्पसंख्यकहरूको भोट बैंकलाई पूँजी बनाएकोमा आईपीएफका नेताहरूबाट जनता दल आरोपित भयो । गाउँका गरीब किसान र मजदुरहरूमा पनि विशेष गरी दलितहरूकै उपस्थिति बेसी रहेको सो र्‍यालीमा दलित वर्गबीच जन्मिरहेका काशीराम, मायावतीजस्ता नयाँ ब्राम्हणहरूको कटु आलोचना गरिएको थियो ।

आईपीएफका अध्यक्ष क. नागभूषणले आईपीएफले कुनै पनि प्रकारको आतंकवाद, पृथकतावाद र धार्मिक कट्टरतावादको विरोध गर्ने कुरा बताए । पश्चिमका देशहरूबाट पूँजीवादी प्रजातन्त्रको आँधी आइरहेको बखतमा गरिएको र्‍यालीलाई सम्बोधन गर्दै उनले भने- 'पश्चिममा समाजवाद पतन हुँदैमा भारतमा पतन हुँदैन । सोभियत संघ लगायत पूर्वी यूरोपेली देशहरूमा जस्तो सुकै डरलाग्दो भुमरी आइरहेको भएतापनि हाम्रो देशमा बामपन्थी आन्दोलनको भविष्य

**नक्सलवादी नेता क. नागभूषण पटनायकको आत्म बलिदानले भरिएको संघर्षको गाथा**

विहानको घामजत्तिकै सुनौलो छ ।'

### नेतृत्वमाथि चुनौतीको घडी

सन् १९९० को दशक भारतका पुराना र नयाँ रंगी विरंगी बामपन्थीहरूका लागि ठूलो चुनौतीसहित अवतरित भएको थियो । मन्दिरको साम्प्रदायिक राजनीति, मण्डलको जातिवादी साँठगाँठ र खुलाबजार अर्थतन्त्रको प्रवेशले भारतको बामपन्थी आन्दोलन समक्ष ठूलो चुनौती खडा गरिदिएको थियो । यस्तो स्थितिमा जतिसुकै मौलिक चिन्तन गर्ने बामपन्थी पार्टीहरू पनि चिप्लिन बेर छैन भन्ने कुरा आईपीएफको साम्प्रदायिकताविरोधी र्‍यालीपछिको स्थितिबाट स्पष्ट बुझिन्छ । 'दाम बांधो, काम दो !' को नारा जतिसुकै आकर्षक भए पनि साम्प्रदायिक र जातिवादीहरूको मण्डल र मन्दिरको हुरीले गर्दा आफ्नै कार्यकर्ताहरूले एकहप्तापछि नै सो नारा बिर्सेको घटना यहाँ स्मरणीय देखिन्छ । त्यस्तै, आड्वाणीको रथयात्राविरूद्ध आईपीएफ र लिवरेशन समूहले क्रान्तिकारी 'मैत्रीयात्रा' निकालेर साम्प्र-दायिकताविरूद्ध आक्रमणको रवैया अपनाउनुको सट्टा रक्षात्मक रवैया अपनाए । साम्प्र-दायिकताको बढ्दो लहरविरूद्ध क्रान्तिकारी जन हस्तक्षेपको नीति अख्तियार गर्न नसक्दा ती दुवै पार्टीका नेताहरूको नेतृत्व र चिन्तनका सीमाहरू स्पष्ट हुनगए । उनीहरूले त्यसबेला भाजपा, राष्ट्रिय स्वयंसेवक संघ र सिंगो संघ परिवारका विरूद्ध लेखेका लेखमालाहरू अत्यन्तै कमजोर तथा तल्लो स्तरका कुराहरू र विश्लेषणहरूले भरिएका थिए । उनीहरूले भाजपाको मुखुण्डो लगाएर भारतीय राजनीतिमा प्रवेश गरेको फासीवादलाई चिन्न नसक्दा उनीहरूका साम्प्रदायिकताविरोधी संघर्ष निकै फितलो हुनगई अन्ततः फास्स फुस्स हुने स्थितिसम्म पुग्यो ।




फोटो : उषा तिवारी

भाकपा (माले) लिवरेशन समूहका महासचिव क.विनोद मिश्रका साथ क. नागभूषण पटनायक

**आईपीएफ पार्टीबाट विहारको विधानसभामा जितेर गएका दुईजना सांसदहरू समेत आईपीएफ छाडेर लालु यादवको जनता दलतिर हाम्फालेर गए**



**मूल्यांकनको पूर्णांक ६२ देखि हामीले जिउँदै किम्बदन्तीका नायक भएका भारतका नक्सलवादी नेता स्व. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षको गाथा प्रस्तुत गर्दै आएका छौं । *यसै क्रममा गएको अंकमा उनको नेतृत्वमा IPF ले गरेका चुनावी र सडक संघर्षहरूको कथा पढ्नु भयो । यस अंकमा पढ्नु होस् दिल्लीमा गरिएको विशाल र्‍याली र त्यसपछि देखिएको नेतृत्वको कमी-कमजोरीको रिपोर्ट***

**- मूल्यांकन**

### नेतृत्व र चिन्तनका सीमाहरू

अभय कुमार दुबेले क. विनोद मिश्रको जीवनको मूल्यांकन गर्ने क्रममा सिङ्गो आईपीएफ र त्यसका अध्यक्ष क. नागभूषणको नेतृत्व र चिन्तनका सीमाहरूबारे केही संकेत गरेका थिए- नयाँ अर्थनीतिको प्रहारले विनोद मिश्रको चिन्तनलाई कति अनिश्चित गरेको थियो भन्ने कुराको प्रमाण तब प्राप्त भयो, जब दिल्लीमा आईपीएफको सम्मेलनमा बहुराष्ट्रिय कम्पनीहरूको सम्पत्ति जफत गर्ने कार्यक्रम पारित गरियो । तर विजयवाडा सम्मेलनसम्म पुग्दा-नपुग्दै त्यो कार्यक्रमको वजन घट्दै घट्दै गएर ती कम्पनीहरूलाई नियन्त्रित गर्ने हदसम्ममा सीमित हुनपुग्यो । दिल्ली सम्मेलनमा कांग्रेसलाई भाजपाभन्दा पनि ठूलो साम्प्रदायिक शक्तिको रूपमा सावित गरिएको थियो । र विजयवाडामा पनि भाजपालाई मुख्य शत्रु मान्ने सवालमा पूर्ण मतैक्यता भएन । बावरी मस्जिद ध्वस्त पारियो । त्यसको अवशेष गाडिएको चिहानमा आईपीएफको साम्प्रदायिकतासम्बन्धी धारणाको अवशेष पनि पुरिएको छ ।

'दाम बांधो- काम दो' नारा अन्तर्गत भएको दिल्लीको र्‍यालीपछि आईपीएफको नेतृत्वले कुनै ठोस र प्रभावशाली कार्यक्रम ल्याउन सकेन । यसका लागि परिस्थितिलाई दोष दिने नेतृत्वले मण्डल कमिटीका सिफारिसहरूले ल्याएको विस्फोटमाथि राम्ररी हस्तक्षेप नै गर्न सकेन ।

त्यस्तै आडवाणीको रथयात्रापछि आईपीएफले गरेको मैत्रीयात्राले पनि भाजपाको साम्प्रदायिकताको लहरमाथि क्रान्तिकारी हस्तक्षेप गर्न नसकेको गुनासो आईपीएफभित्रै गुञ्जिन थाल्यो । त्यसका कार्यकर्ताहरूले नै ठाउँ ठाउँमा प्रश्न उठाए- यो यात्रा आईपीएफको सांकेतिक हस्तक्षेप मात्रै हो कि क्रान्तिकारी पहलकदमी ? यसको समग्र असर कस्तो रह्यो ?

### जनाधारमा ह्रास

वी.पी.सिंहको जनता दलको सरकारको बेला प्रकाशित मण्डल आयोगको रिपोर्ट र भाजपाको साप्रदायिकताको लहरले अरू पार्टीहरूलाई जस्तै आईपीएफलाई पनि नराम्ररी प्रभावित पार्‍यो । त्यसले अन्ततः आईपीएफको सामाजिक आधार र चुनावी परिणामहरूमाथि समेत आघात पार्‍यो, जसले गर्दा त्यसको छवि समेत धमिलियो । कतिसम्म भयो भने त्यस पार्टीबाट विहारको विधानसभामा जितेर गएका दुईजना विधायकहरू (सांसदहरू) समेत आईपीएफ छाडेर लालु यादवको जनता दलतिर हाम्फालेर गए ।

'दाम बांधो - काम दो' र मैत्री यात्रा जस्ता कमजोर, जनतालाई आकर्षित गर्न नसक्ने र असफल कार्यक्रमहरूले गर्दा त्यसको जनाधार विहारमा कम भयो । त्यसैको फलस्वरूप १९९१ को मे महिनामा भएको लोकसभाको चुनावमा आईपीएफले आफ्नो पुरानो आरा क्षेत्रको सीटबाट हात धुनु पर्‍यो । तर संसदमा पार्टीको प्रतिनिधित्व भने आसामस्थित कार्बी आंग्लांग स्वायत्त क्षेत्रबाट एएसडीसीका सांसद मार्फत् जारी रह्यो । ❑

◀ आत्मकथा

# यसरी काठमाण्डौंका तीनवटा किसान-संघर्षहरू सफल भए



◆ निर्मल लामा ◆

आज म शुरूमा मेरा दाइसम्बन्धी एक संस्मरण उल्लेख गर्छु ।

म बनारसमा पार्टी केन्द्रीय कार्यालयमा कार्यालय सचिव भएर बसिरहेको बेलामा मेरा दाइ नरेन्द्र लामा (जसलाई मैले दार्जीलिङ्गबाट जनसेनामा भर्ना गराएर ल्याएको थिएँ) त्यसबेला लखनऊ क्याम्पमा हुनुहुँदोरहेछ । उहाँले “स्याङ्जामा गोली चल्यो, कतिलाई गोली लाग्यो, मर्न त मरेनन्, छर्राले चोटहरू लाग्यो, निर्मल लामा त्यहाँबाट भाग्यो” भन्ने कुरा सुन्नु भएछ । म त्योभन्दा पहिल्यै कलकत्ताको सम्मेलनमा भाग लिन आएको उहाँले थाहा पाउनु भएनछ । त्यसैले उहाँले मलाई यस्तो चिट्ठी लेख्नु भयो- “भाइ तँ स्याङ्जामा गोली लागेर शहीद भएको भए मेरो शिर ठाडो हुन्थ्यो । तँ भागेर आइस् । मेरो शिर झुकेको छ ।”

अहिले पनि म उहाँलाई यो कुरालाई लिएर जिस्क्याउँछु । 'त्यस्तो हो र ?' भनेर उहाँ हाँस्नु हुन्छ ।

मेरो ठूलो मेहनतपछि अहिलेका प्राकृतिक चिकित्सक डा. काशीराज उपाध्यायमार्फत् डा. एन.डि. जोशीसँग (सुन्दछु आजकल उहाँ विदेशमा हुनुहुन्छ) भेट भयो । उहाँमार्फत् फेरि लक्ष्मी हल्वाइसँग भेट भयो । उहाँमार्फत् बल्ल कम्युनिष्ट पार्टीसँग सम्पर्क भयो । त्यस भेटपछि पुष्पलालले मलाई वामपन्थी काँग्रेसमा नै बसेर काम गर्ने सल्लाह दिनुभयो । त्यसबेला वामपन्थी काँग्रेसमा बालचन्द्र शर्मा, केदारमान व्यथित र भरतमणि शर्मा तीनजना नेताहरू थिए । त्यसपछि म, काशीराज उपाध्याय, रूद्रप्रसाद शर्मा, राजेश्वर देवकोटा वामपन्थी काँग्रेसमा बसेर काम गर्‍यौं । वामपन्थी कांग्रेसले मलाई पोखरामा खटायो । म पोखरा गएँ । पार्टीको निर्देशनअनुसार पोखरामा म हिक्मत सिंहसँग बसेर कम्युनिष्ट पार्टीको काम गर्न थालें । त्यहाँ काँग्रेस र हामीहरू मिलेर खोलेको एउटा स्कूल थियो । त्यसमा झगडा भयो । झगडा भएपछि हामी वामपन्थी काँग्रेस (नाम वामपन्थी काँग्रेस भएतापनि हामी सबै कम्युनिष्ट थियौं ।)को नाममा विन्दवासिनी मन्दिरमा एउटा विन्दवासिनी नामको प्राथमिक स्कूल खोल्यौं । त्यो स्कूलमा, हर्ष स्याङ्वो, नन्दलाल पाण्डे, म र अरू साथीहरू शिक्षक थियौं ।

पोखरा सानो बजार थियो । त्यहाँ विद्यार्थीहरूलाई लिएर हामी मार्च पास गर्थ्यौं । त्यो स्कूल राम्रोसँग चल्यो । सायद त्यो स्कूल अहिले क्याम्पस भयो होला । त्यो स्कूलमा हामीलाई मद्दत गर्ने मान्छेहरू थिए- प्रेमराज मुल्मी, अमृत शेरचन, जगदीश, झपटबहादुर, मथुराप्रसाद आदि ।

त्यही समयमा यहाँ मातृकाप्रसादको राष्ट्रिय प्रजातन्त्र कांग्रेस पार्टी र वामपन्थी कांग्रेस मिलेर नयाँ सरकार बनाउने कुरा भएपछि मलाई लिन केदारमान व्यथित पोखरामा पुगे। म पनि काठमाण्डौ आएर कम्युनिष्ट पार्टीसँग सम्पर्क गरें । पार्टीले 'त्यो प्रतिक्रियावादी गठबन्धन हो । यसको विरोध गर्नुपर्छ' भनेर भन्यो । मैले वामपन्थी कांग्रेसमा विरोध गरें । चान्सले पार्टीमा विरोध गर्नेहरूको बहुमत भयो । भोलिपल्ट वामपन्थी कांग्रेसका अध्यक्ष बालचन्द्रले “तपाई राजिनामा गुर्नस् । होइन भने तपाईं कम्युनिष्ट भएको चार्जमा पार्टीले एक्सन लिन्छ” भनेर चिठी लेखेर पठाए । मैले तुरून्तै वामपन्थी कांग्रेसबाट राजिनामा गरें । त्यसपछि म कम्युनिष्ट पार्टीमा अण्डरग्राउड नै भएपनि सक्रिय भएर काम गर्न थालें ।

त्यसपछि पार्टीले मलाई तुरून्तै काठमाण्डौ जिल्ला कमिटीमा राख्यो । र, त्यही बेलामा खोर्सानी र च्याङ्ग्रा काण्ड भयो ।

१० सालको दशैंको बेला थियो । साहूहरू, खासगरी मारवाडीहरूले भारतमा पठाउनको लागि सबै खोर्सानी डम्प गरेर राखेका थिए । त्यो कुरा जनताले थाहा पाए । त्यसलाई लुटेर सुपथ मूल्यमा बिक्री गर्ने योजना काठमाण्डौ जिल्ला कमिटीले बनायो । त्यसबेला जिल्ला कमिटीको सेक्रेटरी अमिक थियो । ऊ मरू छेउछाउतिर बस्थ्यो । लुकाएको खोर्सानी लुटेर काठमाण्डौको विभिन्न टोलका साथीहरूको नेतृत्वमा सुपथ मूल्यमा बिक्री गरियो । त्यहीबेला फेरि दशैंमा बिक्री गर्न भोटेहरूले च्याङ्ग्रा लिएर आउँथे र 'दर बस्यो, दर बस्यो' भनेर च्याङ्ग्रा बेच्थे । जनताले च्याङ्ग्रा लुटेर लिए । यो च्याङ्ग्रा काण्ड पनि खोर्सानी काण्डसँग जोडियो । तर च्याङ्ग्रा काण्ड पार्टीले गरेको थिएन ।

जनताले च्याङ्ग्रा लुटिसकेपछि 'यो च्याङ्ग्रा काण्ड कम्युनिष्ट पार्टीले गरेको होइन' भनेर भूगोल पार्कमा भाषण गर्न पार्टीले मलाई पठायो । त्यहाँबाट म गिरफ्तार भएँ । मलाई गिरफ्तार

**आज म पुनः एकचोटि मुक्ति-सेनामा काम गर्दाको घटना विवरण सुनाउँछु**

गरेर हनुमान ढोकाको मजिष्ट्रेट अफिसमा लगियो । मलाई लगेपछि जुलूस पनि सँगसँगै त्यहाँ पुग्यो । त्यहाँ लाठीचार्ज भयो र टियर ग्याँस पनि छोडियो । त्यसपछि जुलूस तितरबितर भयो र मलाई भद्रगोल जेलमा लगियो । दशैं तिहारभरि नै म भद्रगोल जेलमा बसें । त्यतिबेला सुरक्षा कानून ३ महिनाको लागि मात्र हुन्थ्यो । पछि म्यांद थप्नुपर्‍यो भने के के कमिटीको मिटिङ राखेर अर्को ३ महिना थप्ने निर्णय गरिन्थ्यो । पछि फेरि म्याद थप्न पाइँदैनथ्यो । पछि ६ महिनालाई ९ महिनाको गरियो र ९ महिनाबाट पनि बढाउँदै लगी पछि बर्षौंसम्म जेलमा राख्ने गरियो । म ३ महिना भद्रगोल जेला बसेर निस्कें ।

त्यसपछि एउटा प्रान्तीय किसान सम्मेलन भयो । त्यो सम्मेलनमा भोलेन्टियर इन्चार्ज मलाई बनाइएको थियो । झण्डोत्तोलनमा भोलेन्टियरहरूले "गार्ड अफ अनर सैलुट लिने व्यवस्था गर" भनेर मलाई भने । मैले १०० जना जति भोलिन्टिएरहरूलाई सैलुट लिन सिकाएँ । सैलुट लिनको लागि ड्रेस चाहियो । अब ड्रेस कहाँबाट ल्याउने ? समस्या उठ्यो । त्यति नै बेला इन्द्रचोकमा सुखभाइ भन्नेकहाँ सैनिक ड्रेस सिलाउने ठेक्का दिइएको रहेछ । त्यहाँबाट सैनिक ड्रेस ल्याइयो । पूरै सैनिक ड्रेसमा झण्डालाई सैलुट गरियो । त्यहाँ यति ठूलो साँस्कृतिक कार्यक्रम भयो र यति मान्छेहरू जम्मा भए कि हाम्रा १०० जना स्वयंसेवकहरूले पनि मान्छेहरूलाई नियन्त्रण गर्न गाह्रो भयो । रामहरि मानन्धरले त्यहाँ कन्ट्रोल गर्न ठूलो मद्दत गरे । त्यस साँस्कृतिक कार्यक्रममा मैले पनि नाटकमा दुईवटा आइटम देखाएको थिएँ । एउटा, ड्रागर फाइट (छुरी फाइट) । त्यो ड्रागर फाइट भैरवबहादुर थापा (उनलाई मलाया लाउरे भनिन्थ्यो । पछि नामी गायक भए ।) र मैले देखाएको थियौं । त्यो फाइटमा 'ल साँच्चै मर्‍यो' भनेर मासमा हाहाकार नै मच्चियो । अर्को आइटम भनेको एउटा प्रहसन थियो । त्यो प्रहसनमा एउटा काठको बाकसभित्र एकजना केटालाई राखेर सेतो लुगाले टाउको छोपियो र मैले त्यसको टाउकोमा छुरीले घ्याप्पै रोपें । त्यहाँबाट तर्रर रगत बग्यो । वास्तवमा त्यो टाउको थिएन, त्यहाँ बन्दाकोवी र त्यसको तल भकुण्डोमा रातो रंग राखिएको थियो । रगत त्यही भकुण्डोबाट निक्लेको थियो । यसरी जादुजस्तो देखाएको त्यो प्रहसन मैले दार्जिलिङ्गमा सिकेको थिएँ ।

त्यस कार्यक्रममा एउटा घटना घट्यो । त्यहाँ मञ्च बनाउनको लागि लइनचौरबाट ड्रमहरू लानु पर्ने थियो । मान्छे खोजें । कोही पनि मान्छे फेला परेनन् । अनि मैले स्वयंसेवकहरूसँग कुरा गरें । उनीहरूले साह्रै अप्ठ्यारो माने । मैले त्यो दिन टाइ लगाएर गएको थिएँ । अक्सर म टाइ लगाउँदिन थिएँ । कहिलेकाहीं भूपी शेरचनको टाइ मागेर लगाउँथे । त्यस दिन पनि भूपीकै शर्ट, पैण्ट र टाइ मागेर लगाएको थिएँ । मेरो पालो, मैले टाइ लगाएर नै लैनचउरदेखि सडकमा डाङ्गाङ् र डुङ्गङ आवाज आउने गरी गुडाएर कार्यक्रम स्थल भुरूङ्गखेलसम्म ड्रमहरू ल्याइदिएँ । त्यो देखेपछि बल्ल अरू केही साथीहरूले पनि त्यस काममा मलाई साथ दिए । र, हामीले भुरूङ्गखेलमा शानदार मञ्च बनायौं ।

त्यो किसान सम्मेलन एकदमै राम्रोसँग सफल भयो । त्यो सम्मेलन सफल भएपछि कम्युनिष्ट पार्टीभित्र नेतादेखि कार्यकर्तासम्ममा मेरो एउटा राम्रो किसिमको प्रभाव पर्‍यो । विशेष गरेर काठमाडौंका किसानहरूमा मेरो साह्रै राम्रो प्रभाव पर्‍यो । यद्यपि उनीहरू मेरो भाषा जान्दैनथे । अझ, केटाकेटीहरू र आइमाईहरू त पटक्कै बुझ्दैनथे । तैपनि म उनीहरूसँग सजिलैसँग



**एउटा काठको बाकसभित्र एकजना केटालाई राखेर सेतो लुगाले टाउको छोपियो र मैले त्यसको टाउकोमा छुरीले घ्याप्पै रोपें । त्यहाँबाट तर्रर रगत बग्यो ।**

मेलजोल गर्नसक्थें । भूमिगत बस्दा पनि म उनीहरूको घर बस्दा मलाई घरबाहिर बसेजस्तो पटक्कै लाग्दैनथ्यो । म उनीहरूको भान्छामा जान्थें र खाना पकाउने, तरकारी केलाइदिने, पखालिदिने आदि कामहरू गर्थें । मलाई उनीहरूसँग बस्दा परिवारमा बसेजस्तै लाग्थ्यो । उनीहरू पनि मलाई परिवारजस्तै व्यवहार गर्थे । असारमा रोपाइँको बेलामा पनि उनीहरूसँगै खेतमा जान्थें । स्वयंसेवकहरूलाई पनि लान्थें । रोपाई गर्थ्यौं, हिलोमा खेल्थ्यौं र रमाइलो गर्थ्यौं ।

संघर्षमा त जहिले पनि म अगाडि नै हुन्थें । एकपटक म कलकत्ता गएको थिएँ । साथीहरूले मलाई 'अहिले काठमाडौं नफर्कनु' भनेर चिठी लेखे । किन 'नआऊ' भनेको मलाई थाहा भएन । एक महिनापछि म फर्कें । त्यसपछि मात्र मैले त्यसको कारण थाहा पाएँ । म नभएको बेलामा यहाँ संघर्ष भएको रहेछ र मेरो नाउँमा वारेण्ट जारी भएको रहेछ । त्यसरी प्रत्येक संघर्षमा मेरो नाममा वारेण्ट काटिन्थ्यो । जेल त कति परें परें । मलाई जेल परेको मिति नै थाहा हुँदैन । छुटेको मिति पनि थाहा हुँदैन । त्यो कुरा म वास्ता नै गर्दिनथें । जेलभित्र पनि म लगातार संघर्ष गर्थें । मेरो यो संघर्ष गर्ने तरिका देखेर पार्टी भित्रका नेता तथा कार्यकर्ताहरूले मलाई फ्लाइङ्ग मेम्बर (जहाँपनि पुग्ने) भन्थे । संघर्ष भयो कि पाटन, भादगाउँ जहाँ पनि पुग्थें म । १०/११ सालतिर काठमाडौंमा किसान संघर्ष खुब चलेको थियो । त्यतिबेला त्रिपुरेश्वरमा एउटै पनि घर थिएन । सबभन्दा पहिले हंसमानले त्यहाँ घर बनाएको थियो । उसले किसानलाई मोहीयानी हक नदिइकन घर बनाउन लागेको थियो । त्यसको विरूद्धमा हामीले संघर्ष गर्‍यौं । उसले रातभरि पर्खाल बनाउँथ्यो, दिनभरि हामी किसानहरू र विद्यार्थीहरू गएर रातमा बनाएका पर्खालहरू भत्काइदिन्थ्यौं ।

पन्ध्रौं दिनसम्म त्यस्तो भयो । उसले पुलिस ल्यायो । हामीलाई पक्रायो, गिरफ्तार गरायो । त्यतिवेला किसानहरू पनि पार्टीमा पसिसकेका थिए । हाम्रा सानुदाइ, ककादाइ र देवनारायणहरू सबै जान्थे । म उनीहरूको अघि बस्थें ।

एकपटक काठमाण्डौ नैकापमा एउटा अजीव संघर्ष भएको थियो । त्यहाँ पार्टीको सेल थियो । किसान संघ थियो । त्यहाँको एकजना मोही किसानले धान रोपेर गोडमेल सिध्याइसकेपछि एकजना फटाहाले धान काटिदिने गर्थ्यो । यसरी नै उसले यस अघि पनि २/३ बर्षसम्म धान काटिसकेको रहेछ । म त त्यहाँ गइरहने मान्छे, अनि एक वर्ष हामीले नै काट्न जाने भन्ने निर्णय गर्‍यौं । हामीले काठमाण्डौबाट पनि ७/८ जना मान्छे लग्यौं, नैकापमा पनि केही मान्छे जम्मा गर्‍यौं र धान काट्न खेतमा पुग्यौं । त्यो फटाहाले पनि आइमाई लोग्नेमान्छे गरेर १५/२० जना मान्छेहरू ल्यायो । खेतमा मान्छेको हूल भयो । हामीले धान काट्न थाल्यौं । त्यहीबेलामा खेत कमाइरहेको किसानलाई कुनै मान्छेले हँसियाले ख्वाप्पै रोप्यो र हँसिया रोपेको ठाउँबाट भल्भल्ति रगत बग्न थाल्यो । रगत बगेको देखेपछि फटाहाका मान्छेहरू भागाभाग गर्नथाले । साथीहरूले उसलाई औषधी लगाईदिए । हामीले सबै धान काट्यौं र घरमा लग्यौं । बेलुकी 'हँसियाले कसले हानेको हो, त्यसलाई समात्नुपर्छ' भन्ने कुरा भयो । त्यो हँसिया रोप्ने को थियो थाहा छ ? किसान आफैंले आफैंलाई हँसिया रोपेको रहेछ । अब आफै सोच्नुस् त मान्छेलाई परेपछि कत्तिको आँट आउँदोरहेछ ! आफैंले आफैंलाई हँसिया रोप्ने आँट ! त्यो फटाहा र ती किसान को हुन् भनेर कुलमानसिंह भण्डारीसँग सोध्यो भने थाहा होला । सायद कुलमान त्यो

संघर्षमा थिए होलान् । नभएपनि त्यतिबेला उनी त्यहांको कमिटीमा थिए ।

अर्को एउटा महत्वपूर्ण संघर्ष अँगुरबाबा जोशीसँगको संघर्ष हो । त्रिचन्द्र कलेज पछाडि वकिल कृष्णप्रसाद पन्त, अंगुरबाबा र बालचन्द्र शर्माले जग्गा लिएका थिए । जग्गा लिएर किसानहरूलाई जुन मोहियानी हक दिनुपर्थ्यो त्यो नदिइकन उनीहरूले घर बनाउन थाले । त्यो कुरा किसानहरूले मलाई भने । अनि ५०/६० जनाको हूल लिएर हामी त्यहाँ पुग्यौं । त्यहाँ पुग्दा त म जिल्ल परें । मैले तीनैजनालाई चिनेको ! बालचन्द्र शर्मा त मेरा आफ्नै गुरू नै हुनुहुन्थ्यो । त्यहाँ पुगेर मैले उनीहरूसँग भनें –"तपाईहरूसँग मैले के संघर्ष गर्ने ? तपाईहरूले मान्नुभएन भने त म संघर्ष गर्छु गर्छु । चलनचल्तिअनुसार मोहीयानी हक दिनुस् । झगडा नगरूँ । म त कमिटेड मान्छे, यदि तपाईंहरूले मोहियानी हक दिनुभएन भने त तपाईंहरूले बनाउनु भएको घर मैले अहिल्यै भत्काउनुपर्छ ।"

चान्सले त्यो दिन त्यहाँ तीनैजना आएका थिए । उनीहरू तीनै जनासँग अलग्गै बसेर कुरा गर्‍यौं । उनीहरूले पनि 'यो छोड्ने मान्छे होइन, दिउँ ।" भनेर सल्लाह गरे । र, कानूनअनुसार ३ भागको एक भाग दिने भने उनीहरूले । किसानहरूले भने आधा भागको माग राखेका थिए । मैले किसानहरूसँग सोधें, "कानून-अनुसार मोहीयानीहक लिने कि नलिने ?" किसानहरू पनि लक्पकाए –"अहिले लिएन भने पछि तिनीहरूले दिदैंनन् ।" त्यसैले किसानहरूले पनि कानूनअनुसार लिने कुरामा मन्जुर गरे । उनीहरूले त्यहीं नै चेक लेखिदिए ।

हामी चेक लिएर किसानसंघको अफिस आइपुग्यौं । अफिसमा हामी गफसफ गर्दै थियौं, कृष्णप्रसाद पन्त दगुरेर आइपुगे । र, "मामाजी गल्ति भयो, हामीले दिएको चेकमा क्यास छैन रहेछ । हामीले जानीजानी त्यसो गरेका होइनौं । बेइमानी गरेको होइन । हामी अर्को चेक लेखिदिन्छौं । हामीलाई माफ गर्नुस् ।" भनेर रूँला रूँला जस्तै गरेर उनी कराए । मैले भनें - "त्यसरी आत्तिनु पर्दैन । कहिलेकाहिं त्यस्तो हुन्छ । पैसा होला भनेर चेक काटिदियो नभएको हुनसक्छ । त्यस्तो थुप्रै हुनसक्छ ।" उनले अर्को चेक काटेर दिए ।

यसरी काठमाण्डौमा यी तीनवटा किसानसंघर्षहरू सफल भए । त्यसपछि काठमाडौं जिल्ला कमिटीमा अमिकपछि पि.एन. राणा सेक्रेटरी भयो र पि.एन. राणापछि म सेक्रेटरी भएँ । पछि पार्टीको जनरल सेक्रेटरी केशरजंग रायमाझीसँग मेरो संघर्ष चल्यो । र, म जिल्ला सेक्रेटरीबाट हटें । त्यो प्रसङ्ग माथि नै गइसकेको छ । म जिल्ला सेक्रेटरीबाट हटिसकेपछि अरविन्द रिमाल जिल्ला सेक्रेटरी भयो ।

जतिबेला हामीले काठमाडौंमा संघर्ष चलाएका थियौं, त्यतिबेला पार्टी भूमिगत थियो । खुला काम गर्नको निम्ति हामीले 'जन-अधिकार सुरक्षा समिति' भनेर एउटा संगठन बनाएका थियौं । त्यसमा म, अरविन्दनाथ रिमाल, मोति गुर्जु आदि साथीहरू थियौं । त्यसको अफिस क्षेत्रपाटीमा रामहरि मानन्धरको घरमा थियो । हामी कुनै पनि संघर्ष त्यही संगठनको नाममा गर्थ्यौं । र, संघर्षहरूमा म अक्सर जेलमा पर्थे । त्यतिबेला म नख्खु, भद्रगोल, सेन्ट्रल तीनवटै जेलमा बसें । तर "मलाई नख्खु जेलमै पठाऊ" भनेर मैले भन्ने गर्थे । किनभने त्यो जेल अरू जेलभन्दा खुल्ला थियो । र मलाई त्यहाँ बस्न मनपर्थ्यो ।

यसरी म जिल्ला सक्रेटरी भएर धेरै संघर्षहरू गरें । संघर्षमा सबभन्दा बढी साथ दिने मान्छे मोति गुर्जु थियो । यद्यपि ऊ पछि सि.आइ.डी. भयो । त्यसपछि पुलिस इन्सपेक्टर पनि भयो । जिल्ला पंचायतको सदस्य पनि भयो । तर पहिले त भयंकर संघर्षशील र कम्युनिष्ट मान्छे थियो ऊ । म सेक्रटरी, ऊ सदस्य । म पनि छुच्चो, ऊ पनि छुच्चो । हामी दुईबीच झगडा हुने, बोलचालै बन्द हुने, मिटिङमा पनि नबोल्ने, संघर्ष शुरू भयो कि बोलचाल पनि शुरू भइहाल्ने र मिल्ती हुने । संघर्षमा त ऊ र म बराबर । अझ ऊ मभन्दा बढी जेल पर्ने । त्यति राम्रो मान्छे ऊ । पछि रायमाझीले उसलाई बिगारिदियो । सि.आइ.डी इन्सपेक्टर बनाएको त्यही रायमाझीले हो उसलाई । पछि त उसले पंचायतकालमा पुष्पलाल श्रेष्ठलाई समेत पक्रन गयो । यो कुरा रामबदन र साहना प्रधानलाई पनि थाहा छ । रामबदनको घरमा म, मनमोहन, पुष्पलाल आदि साथीहरू भूमिगत बस्ने गर्थ्यौं ।

मोति गुर्जुबाहेक विद्यार्थी फाँटमा साथ दिने व्यक्तिहरू अरविन्दनाथ रिमाल, रामेश्वर श्रेष्ठ, डा. मथुरा श्रेष्ठ, कुसुम श्रेष्ठ, प्रचण्ड सुवाल आदि थिए । किसानहरूमा सानुदाइ, ककादाइ, भाइकाजी, देवनारायण, नातिदाइ, कान्छा (कान्छा त्यतिबेला बालकै थियो ) आदि थिए ।

*हामी चेक लिएर किसानसंघको अफिस आइपुग्यौं । अफिसमा हामी गफसफ गर्दै थियौं, कृष्णप्रसाद पन्त दगुरेर आइपुगे । र, "मामाजी गल्ति भयो, हामीले दिएको चेकमा क्यास छैन रहेछ । हामीले जानीजानी त्यसो गरेका होइनौं । बेइमानी गरेको होइन । हामी अर्को चेक लेखिदिन्छौं । हामीलाई माफ गर्नुस् ।" भनेर रूँला रूँला जस्तै गरेर उनी कराए ।*

जतिबेला म वामपन्थी काँग्रेसमा काम गर्थें, त्यतिबेला जयाप्रसाद शर्मा पनि वामपन्थी काँग्रेसमा थियो । उनको घर स्याङ्जा फलेबासमा थियो । उनीसँग मेरो ज्यादै राम्रो दोस्ती भयो । उनले एकचोटि फलेवास घुम्न जाउँ भनेर भने । हामी काठमाण्डौबाट १२ दिन पैदल हिंडेर फलेवास पुग्यौं । त्यहाँ एउटा संस्कृत पाठशाला रहेछ । तर त्यो पाठशालामा पढाइ भने हुँदैनथ्यो । शिक्षक महिनामा एकचोटि पाठशाला आउने, महिनाभरिको हाजिर गर्ने र तलब लिएर जाने । विद्यार्थीहरू पनि १०/१२ जना मात्र थिए । उनीहरू विहान एकछिन आउने, आफै केही सिक्ने, खेल्ने अनि फर्कने गर्थे । म गएपछि "यो के गरेको ? यो संस्कृत पाठशाला छोडेर अंग्रेजी स्कूल खोलौं ।" भनेर मैले भनें । त्यहाँ जयाप्रसादका बाबु डिट्ठा भवानीप्रसाद सवभन्दा धनी थिए । मैले उनी र उनको भतिजासँग "तपाईंहरू अंग्रेजी स्कूल खोल्न कति सहयोग दिनुहुन्छ ? म शिक्षक खोजेर ल्याइ दिन्छु ।" भनें । उनीहरूले '५/५ हजार दिन्छौं' भने । एक एक हजारको १० वटा थैलो दुईभाइले मेरो अगाडि ल्याएर राखिदिए । त्यतिबेला नोटको चलन थिएन, सिक्काको चलन थियो । त्यो पैसा मैले भवानी प्रसादलाई नै राख्न जिम्मा दिएँ । त्यसपछि त्यहाँका जान्नेसुन्ने मान्छे बोलाएर एउटा संचालक समिति बनाएँ र काठमाण्डौमा शिक्षक खोज्न आएँ ।

काठमाण्डौमा राममनोहर लोहियाका चेलो एकजना सोसलिष्ट भारतीय केटासँग मेरो भेट भयो । उनी राजनीतिबाट निरास भएर बसेका रहेछन् । मैले उनलाई "यस्तो यस्तो छ, तिमीले त्यहाँको स्कूल चलाइ देऊ ।" भनें । उनले पनि 'हुन्छ' भने । अनि उनलाई लिएर म फलेवास गएँ । त्यहाँ स्कूलको नाममा त्यहाँका जनताले ठूलो मैदान दिएर टहरो सहरो पनि बनाइदिए । स्कूल राम्रैसँग चल्यो । तर एकवर्ष पछि मैले लगेको केटो भाग्यो । अब आपत पर्‍यो । त्यतिबेलासम्म मैले पनि आइ.ए. को जाँच दिइसकेको थिएँ । अनि म आफैं त्यहाँ गएँ र शिक्षक भएर काम गर्न थालें । त्यो स्कूलमा अलि अलि पढेका गाउँका एक दुईजना केटाहरूलाई पनि मास्टर बनाएर मैले राखें । पहिला ८/१० जना विद्यार्थी भएको स्कूलमा ३५/३६ जना विद्यार्थीहरू भए । अहिलेका डा. पिताम्बर, इन्जिनियर केशव, जियोलोजिष्ट एकजनाको नाम बिर्से, कृषि विभागको सहसेक्रेटरी भोला शर्मा त्यतिबेलाका मेरा विद्याथीहरू हुन् । त्यो स्कूल प्राथमिक स्कूलबाट बढ्दै अहिले क्याम्पस पनि भइसक्यो । अहिले पर्वत जिल्लाभरिमा सबभन्दा बढी नाम चलेको स्कूल त्यही छ । अहिले त्यो स्कूलको आफ्नै ठूलो भवन बनिसकेको छ र होस्टेल पनि बनिसकेको छ । भवानीप्रसादले पैसा दिएको हुनाले त्यो स्कूलको नाम उनकै नाममा 'भवानी विद्यापीठ' राखिएको थियो । यो ९/१० सालको कुरा हो । म त्यहाँ पंचायती व्यवस्था शुरू हुनुभन्दा अधिसम्म रहें । संसदीय व्यवस्था विघटन गरेर पंचायती व्यवस्था लागु गरेपछि – "अब म यहाँ बस्नु हुन्न, मलाई पक्रन्छ ।" भनेर सबै हिसाब किताव बुझाएर म हिंडीहालें । म हिंडेको भोलिपल्टै त्यहाँ पुलिस आइपुगी हाल्यो । म भागेर काठमाण्डौ आइपुगें । ❑

सुश्री शैलजा अचार्य नेपाली कांग्रेस पार्टीको एकजना विद्रोही नेतृ हुनुहुन्छ । पार्टीभित्र भएको विकृति र विसंगतिको विरूद्धमा उहाँले लगातार संघर्ष गर्दै आउनुभएको छ । पार्टीहरू तथा सरकारभित्र विकास हुनथालेको विकृति तथा विसंगतिलाई रोक्ने एउटै उपाय जनमतको दवाव नै हो भन्ने उहाँको मान्यता रहेको छ । अहिले राष्ट्रको विभिन्न विषयमा तथा विकृति र विसंगतिविरूद्ध जनमत सृजना गर्ने अभियानमा उहाँ लागिरहनुभएको छ । पहिलो चरणको कार्यक्रम सिध्याएर दोश्रो चरणको कार्यक्रममा उहाँ अहिले माओवादी प्रभावित क्षेत्रमा आफ्नो अभियान चलाइरहनुभएको छ ।

उहाँको जन्म ८ मे १९४४ मा विराटनगरमा भएको हो । उहाँको आमाको नाम इन्दिरा आचार्य र बुवाको नाम पिनाकीप्रसाद आचार्य हो । उहाँले बनारसबाट समाजशास्त्रमा एम.ए. गर्नुभएको छ । उहाँ अहिले चावेल, जयवागेश्वरीमा बस्नु हुन्छ । हालै, उहाँसंग मूल्याङ्कनले उहाँकै निवासस्थानमा कुराकानी गरेको थियो । प्रस्तुत छ, उहाँसंग भएको कुराकानीको रिपोर्ट ।

– मुक्ता श्रेष्ठ



# जलस्रोत विकासको लागि स्पष्ट दृष्टिकोण निर्माण भएकै छैन

सुश्री शैलजा आचार्य

◉ **तपाईं कहिलेदेखि राजनीतिमा लाग्नुभएको हो ?**

◆ वास्तवमा म राजनीतिमा लागेको २०१७ सालदेखि नै हो । २०१७ सालमा राजा महेन्द्रले संसदीय व्यवस्थालाई नै खत्तम गरेर देशमा तानाशाही शासन चलाएपछि नै त्यसको विरूद्धमा म संघर्षमा लागेको हुँ । त्यतिवेला म १६ बर्षकी थिएँ । त्यतिबेलादेखि म लगातार राजनीतिमा छु ।

◉ **राजनीतिमा लाग्न तपाईंलाई के कुराले प्रेरित गरेको थियो ?**

◆ पहिलो कुरा त मेरो आमानै राजनीतिमा हुनुहुन्थ्यो । अर्को कुरा, मेरो मावलीघरको वातारवरण नै राजनीतिक थियो । यही वातावरणले मलाई पनि राजनीतिमा लाग्न प्रेरित गरेको हो ।

◉ **राजनीतिमा लागेपछि तपाईंले के कस्ता संघर्षहरू गर्नुभयो ?**

◆ राजनीतिमा लागेपछि मैले हरतरहका संघर्षहरू गरें । शुरूमा संसदीय व्यवस्था भंग गरेको विरूद्ध २०१७ साल फागुन ७ गते महेन्द्रलाई कालोझण्डा देखाउँदा साँढे तीन वर्षसम्म म जेलमा परें । जेलबाट निक्लेपछि बनारसमा गएर बस्नथालें । त्यहाँ विद्यार्थीको संगठनमा बसेर विद्यार्थी संगठनको कामहरू गरें । 'प्रजातान्त्रिक युवा लिग'को सभापति भएर कामहरू गरें । वी.पी. जेलबाट छुट्नु भएपछि उहाँले हतियारको राजनीति शुरू गर्नुभएको थियो । त्यसमा पनि म सहभागी भएर काम गरें ।

◉ **संघर्षको दौरानमा तपाईं कहिले कहिले र कुन कुन घटनाहरूमा जेल पर्नुभयो ?**

◆ पहिलोपटक २०१७ सालमा फागुन ७ गते प्रजातन्त्र दिवस मनाउँदा श्री ५ महेन्द्रलाई कालो झण्डा देखाउँदा जेलमा परें । २०३३ सालमा वी.पी.सँगै नेपाल फर्कँदा जेलमा परें । २०४३ सालको सत्याग्रहमा करीब १ बर्ष जति फेरि जेलमा परें ।

◉ **अहिलेसम्म तपाईंले पार्टीको कुन कुन स्तरमा रहेर काम गर्नुभयो ?**

◆ पहिले त पार्टीको साधारण सदस्य नै मात्र भएर काम गरियो । ०३३ सालपछि वी. पी. नेपालमा फर्केपछि पार्टीको केन्द्र पनि नेपालमै रहन थाल्यो । त्यतिबेलादेखि म पार्टीको केन्द्रीय समितिमै रहेर काम गर्न थालेकी हुँ । केही समयसम्म म पार्टीको उपसभापति भएर पनि बसें ।

◉ **अहिले त तपाईं उप-सभापति हुनुहुन्न । तपाईंले उप-सभापति पद किन छोड्नु भएको ?**

◆ मैले छोडेको होइन । उहाँहरूले नै मलाई हटाउनु भएको हो । किन मलाई पार्टी उप-सभापतिबाट हटाएको भन्ने कुरा त उहाँहरूसँगै सोध्नुपर्छ ।

◉ **तपाईं पार्टी नेतृत्वमा रहँदा महिला हुनुको नाताले केही अप्ठयारो वा समस्या आइपेरन ?**

◆ मैले आफूलाई महिला भनेर सोच्दै सोचिन । यूरोपमा महिलाहरूको इस्युलाई लिएर त्यत्रो आन्दोलन भयो । केही पढ्न पनि पढें तर त्यतातिर म त्यति गम्भीर नै भइँन । जब नेपालमा प्रजातन्त्रको पुनरवहाली भएर नेपाली कांग्रेसको सरकार बन्यो, त्यसपछि महिला इस्युहरू उठ्नथाले । सभा, सम्मेलनहरूमा पनि जान थालियो, अनिमात्र मैले महिला इस्युलाई गम्भीरतापूर्वक लिन थालें । गम्भीर भएर महिला इस्युको बारेमा पढ्न पनि थालें । त्यसैले महिला हुनुको नाताले अप्ठयारो भएको कुरा मैले महसुस नै गरिंन । पुरूषहरूको मनोविज्ञानमा केही प्रभाव त पर्‍यो होला । तर मैले त्यतातिर केही सोच्दै सोचिँन ।

◉ **तपाईंले ४० बर्षसम्मको यत्रो लामो राजनीति गर्नुभयो । यत्रो लामो अवधिमा त्यसभित्र एकदम सकारात्मक कुरा के पाउनु भयो र विकृति र विसंगति के के देख्नुभयो ?**

◆ सकारात्मक कुरा के लाग्यो भने यत्रो लामो आन्दोलनमा नेपाली कांग्रेसभित्र वा अरू पार्टीहरूमा धेरै मानिसहरू आफ्नो आस्थाप्रति

अडिग भइरहे । विपरीत परिस्थितिमा पनि अडिग भइरहने त्यस्ता मानिसहरू अहिले पनि केही छन् । असाध्यै नकारात्मक पक्ष के लाग्यो भने यति छिट्टै मानिसहरू बिग्रेर गए । नैतिक र सांस्कृतिक तवरले भ्रष्ट भए । मैले भारतमा पनि देखें । त्यहाँ पनि मान्छेहरू बिग्रेर त गए, तर धेरैपछि मात्र बिग्रेर गए । यहाँजस्तो यति छिट्टै बिग्रेर गएका थिएनन् । यहाँ त ८/९ वर्षको बीचमै यति विघ्न विकृतिहरू देखापरे कि मलाई त ताजुब लाग्यो ।

**◉ यो विकृति आउनुको कारण के हो त ?**

◆ यति चाँडै विकृति बढ्नुको कारणमा म नेतृत्वलाई नै दोषी ठान्दछु । नेतृत्वले दरो भएर नेतृत्व गरेको भए यति छिट्टै यस्तो विकृति आउने थिएन । यस्तो विकृति विसंगतिलाई रोक्ने सवालमा नेतृत्वको ठूलो भूमिका हुन्छ ।

**◉ हुन त तपाईंले आफूलाई महिला भनेर 'सोच्दै सोचिन' भन्नुभयो । तैपनि पार्टीमा रहेर तपाईंले महिला इस्यु तथा महिला मुक्तिको लागि केही आन्दोलन गर्नुभएको थियो ?**

◆ मैले त त्यस्तो आन्दोलन गर्दै गरिन । तैपनि सरकारमा बसेपछि महिला सम्मेलनमा जानुपर्‍यो । त्यहाँ महिलाहरूलाई राजनैतिक रूपमा सशक्तिकरण गर्नुपर्ने कुरामा बोल्नुपर्‍यो । त्यहाँ प्रत्येक ईकाइमा महिलाहरूको प्रतिनिधित्व गराउने कुरा बोलेर आइयो । त्यहाँबाट फर्केपछि पार्टीका हरेक ईकाइमा महिलाहरूको १० प्रतिशत सहभागिता भनेर पार्टीको विधानमा पनि संसोधन गर्न लगायौं । त्यस्तै स्थानीय निर्वाचनमा पनि हरेक वडामा महिलाहरूको अनिवार्यता भनेर जुन कुरा आयो, त्यो पनि हाम्रै प्रयासबाट नै आएको हो । सम्मेलनमा आवाज उठाएर र सही गरेर आएपछि त्यो कुरा यहाँ कार्यान्वयन पनि हुनुपर्‍यो भनेर हामीले आवाज उठाएका थियौं ।

**◉ महिलाको पैतृक सम्पत्तिमाथि अधिकारको विधेयक निर्माण गर्ने कमिटीमा पनि तपाई हुनुहुन्थ्यो ?**

म त्यस कमिटीमा थिइनँ । कुरा के भएको थियो भने, म पार्टीको उपाध्यक्ष थिएँ, लीला कोइराला महिला मन्त्री हुनुहुन्थ्यो । उहाँले बनाउनुभएको मस्यौदा 'रेडिकल' थियो, छोरा र छोरीलाई जन्मेदेखि बराबर सम्पत्तिको हक भएको । तर त्यो मस्यौदालाई पार्टीले स्वीकार गर्ने कुरै आएन । त्यसैले त्यो मस्यौदा मलाई लीला कोइरालाले पठाउनु भयो र भन्नुभयो- "तिमी पार्टीको उप-सभापति, अनि स्वास्नीमान्छे पनि, तिमी नै यो मस्यौदा तयार गर । म सक्दिन ।" त्यसपछि हाम्रो लिगल सेलमा त्यो मस्यौदाको धेरै अभ्यासहरू भए । अनि मैले एउटा सिद्धान्त बनाएर त्यसैअनुसार त्यो मस्यौदाको संसोधन गराएँ । सर्वोच्च अदालतको फैसला के थियो भने पितृसत्तात्मक समाजको संरचना नबिग्रने गरी र महिलालाई दोहरो सम्पत्ति नपर्ने गरी छोरीलाई पैतृक सम्पत्ति प्रदान गर्ने । त्यही दायराभित्र बसेर हामीले यो विधेयक बनाउनुपर्ने र मुलुकी ऐन संसोधन गर्नुपर्ने थियो । त्यो दायराभित्र रहेर हामीले बिहा अघिसम्म छोरीलाई पनि छोरासरह जन्मैदेखि पैतृक सम्पत्तिको हक हुने, बिहा भएपछि माइतीघरको अचल सम्पत्ति नलैजाने र बिहा भएको दिनदेखि पतिको सम्पत्तिमा हक लाग्ने गरी विधेयक तयार गर्‍यौं ।

त्यसलाई नै नेपाली कांग्रेसले प्रस्तुत गर्‍यो । पछि नेकपा एमालेले पनि एक शब्द हेरफेर नगरिकनै हाउसमा पेस गर्‍यो । त्यो विधेयक अहिलेसम्म पनि कमिटीमा थन्केको थन्क्यै छ । कुनै पार्टीले पनि त्यो विधेयक पास गराउन पहलकदमी लिएको छैन ।

**◉ यो पैतृक सम्पत्तिको हक सम्बन्धमा या त बाबु-आमाको सम्पत्तिमा छोरा र छोरी कसैको हकै नहुने या दुवैलाई बराबर नै अधिकार हुनुपर्ने होइन र ? यो कानून अरू देशमा पनि लागु भएको छ । नेपालमा पनि यो कानून उपयुक्त हुँदैन र ? डबल सम्पत्ति त पर्दै पर्दैन नि ?**

◆ यस्तो कानून बनाउनको लागि सर्वोच्च अदालतको फैसला नै बदल्नुपर्छ । नभए यस्तो कानून आउँदै आउँदैन । गाह्रो छ यस्तो कानून बन्नलाई । पितृसत्तात्मक समाजको संरचना नबिग्रने गरी भन्ने जुन प्रावधान सर्वोच्च अदालतले राखेको छ, त्यसले गर्दा दुवैलाई बराबर सम्पत्ति हुने कानून बनाउन गाह्रो पर्छ ।

**◉ तपाईं अहिलेसम्म बिहा नगरीकन बसिरहनु भएको छ । पार्टीको काममा अल्मलिएर बिहा गर्न नपाउनु भएको हो कि बिहा गर्नै मन नलागेर नगर्नु भएको हो ?**

◆ नेपालमा २०१७ पछि जुन किसिमको राजनीतिक परिस्थिति थियो त्यसमा बिहा गर्ने स्थिति नै थिएन । त्यसैले राजनीतिमा अल्मलिएरै बिहा नगरेको भन्नुपर्‍यो । कहिले के, कहिले के । पछि त आफ्नो उमेर नै गइसक्यो । फेरि स्वास्नीमान्छेहरूको बिहा गर्ने एउटा निश्चित उमेर हुँदोरहेछ । उमेर ढल्केपछि त बिहा गर्ने कुरा पनि आएन ।

**◉ तपाईंले १६ वर्षदेखि लगातार अहिलेसम्म पार्टीमा अटुटरूपमा काम गर्दै आउनुभएको छ । तर पनि पार्टीभित्र तपाईंको जहिले पनि बिरोध भईरहेछ । यस्तो किन भयो ?**

◆ ज्यादै खट्ने भएर । धेरै इमान्दार भएर ।

**◉ यसपालिको चुनावमा तपाईं हार्नुभयो । पार्टी नै अथवा तपाईंको मामा गिरिजाप्रसाद कोइराला नै लागेर तपाईंलाई हराइएको हो भन्ने हल्ला पनि छ । यो कुरा सत्य हो अथवा तपाईं जन-आधार नभएरै हार्नु भएको हो ?**

◆ जन आधार नभएर म हारेको होइन । म हार्नुमा धेरै कारणहरू छन् । त्यसको एउटा कारण नेपाली कांग्रेस पनि हो, अरू कारणहरू पनि छन् ।

**◉ काँग्रेस समर्थक पत्रपत्रिकाहरूले पनि तपाईंलाई कहिले विकास विरोधी, कहिले महत्वाकांक्षी तथा घमण्डी भनेर गाली गरेको गर्‍यै छन् । यस्तो किन गरिरहेछन् उनीहरू ?**

◆ साँच्चै भन्नुं है त ? म बलियो मान्छे देखेर उनीहरूले यसरी मलाई गाली गरेका हुन् । म बलियो भएकोले मदेखि उनीहरू डराउँछन् ।

**◉ अहिलेको नेपालको राजनीतिक परिस्थितिलाई तपाईं कसरी विश्लेषण गर्नुहुन्छ ?**

◆ अहिले नेपालको राजनैतिक परिस्थिति जटिल छ र गम्भीर पनि छ । तर केही व्यक्तिहरूले विश्वासघात गर्दैमा यो प्रजातान्त्रिक आन्दोलन खत्तम हुँदैन । यो देशमा संसदीय व्यवस्था रहिरहन्छ भन्ने कुरामा म विश्वस्त छु ।

**◉ तपाईं जलस्रोत मन्त्री पनि हुनुभयो । त्यतिबेला तपाईंले के कस्ता विशिष्ट अनुभवहरू गर्नुभयो ?**

◆ जलस्रोतमा सबैको एकदम व्यक्तिगत स्वार्थबाहेक मैले अरू केही देखिँन । त्यसैले त्यहाँ सबभन्दा पहिले शुरू गर्नुपर्ने काम आयोजनाको छनौटमा देखें । भ्रष्टाचारको जड आयोजनाको छनौटमा छ त्यहाँ । साँच्चै भन्ने हो भने जलस्रोतको विकास कसरी गर्ने भन्ने कुराको स्पष्ट दृष्टिकोण नै कसैसंग भएन । कस्तो मोडल भन्ने कुरा नै भएन । जलस्रोतको आयोजनाको निर्माण हरेक मन्त्रीको लहड लहडमा हुनेगरेको छ । त्यसैले सबभन्दा पहिले समग्रमा दृष्टिकोणको विकास गर्नुपर्‍यो ।



*अहिले नेपालको राजनैतिक परिस्थिति जटिल छ र गम्भीर पनि छ । तर केही व्यक्तिहरूले विश्वासघात गर्दैमा यो प्रजातान्त्रिक आन्दोलन खत्तम हुँदैन*

*जलस्रोतको विकास कसरी गर्ने भन्ने कुराको स्पष्ट दृष्टिकोण नै कसैसँग भएन । कस्तो मोडल भन्ने कुरा नै भएन ।*

## पहिलो चरणको कार्यक्रम अहिले सकियो । दोश्रो चरणमा हामी माओवादी क्षेत्रहरू किटेर जान्छौं पुसमा ।

हामी यही दृष्टिकोण विकास गर्न खोज्दैछौं । बैचारिक अभियान पनि भनेका छौं हामीले यसलाई । हामीले एउटा दृष्टिकोण विकसित गरेर त्यसपछि त्यही दृष्टिकोण अनुरूप एउटा मोडल विकसित गरेर जानुपर्छ । दृष्टिकोणको अभाव, मोडलको अभाव, एकदम हचुवामा चलेको छ सबैथोक । अनि व्यक्तिगत कमिसनको आधारमा आयोजनाको छनौट हुनेगरेको छ त्यहाँ अहिले ।

**◉ अहिले भरखरै बिद्युत महसुल ३० प्रतिशत बढाइयो । सायद यो तपाईंको पालामा पनि बढाउन खोजिएको थियो क्यारे । विद्युत महसुल साँच्चै नै बढाउनु पर्ने स्थिति छ नेपालमा ?**

◆ छैन । यो महसुल प्राधिकरणको हिसावले मात्र बढाइएको होइन । विद्युत महसुल बढाउन एसियाली विकास बैंकको पनि प्रेशर पर्दोरहेछ । मलाई पनि बिजुलीको महसुल बढाउन त्यसको प्रेशर परेको थियो । ग्रामीण विद्युतिकरणको निम्ति, काली गण्डकीको निम्ति उनीहरूबाट लिएको ऋण छिटो तिराउनको लागि यो महसुल बढाउन दवाव दिंदारहेछन् उनीहरूले । तर मैले "म अहिले विद्युत महसुल बढाउँदिन, बढाउनै परे पनि अलि अलि गरेर बढाउँला । अहिले म चुहावट कम गर्छु । त्यहाँ २५ प्रतिशत चुहावट छ भने तापनि त्योभन्दा बढी चुहावट भइरहेको छ । मैले प्राविधिक चुहावट कम गर्न नसकेतापनि प्रशासनिक चुहावट कम गर्न थाल्छु । र, अरू कुरामा हुने खर्च पनि कम गर्छु । तर भरसक महसुल बढाउँदिन । बढाउनै परेपनि बिस्तारै बढाउँछु ।" भनेर अडान लिएँ ।

**भ्रष्टाचारलाई रोक्नको लागि कुनै मेकानिजम विकास गरेर पनि हुँदैन । पारदर्शिताको निमित्त इन्टरनेशनल बनाएर पनि हुँदैन । जनमतको दबावले नै मात्र भ्रष्टाचार नियन्त्रण हुनसक्तछ ।**

मेरो काम गराई देखेर उनीहरूलाई विश्वास पनि भएको थियो । यिनले कमसेकम कोशिस त गर्दैछिन् भन्ने भयो उनीहरूलाई । अहिले पनि बिस्तारै बढाउँदै जानु पर्थ्यो । यसरी एकैचोटि बढाउनु हुँदैनथ्यो ।

**◉ अहिले नेपालमा जताततै भ्रष्टाचार बढ्दैगएको छ । त्यत्रो बर्ष त्याग गरेर आएका नेताहरू पनि भ्रष्टाचार गर्नतिर लागिरहेका छन् । यसलाई रोक्ने उपाय केही छैन ?**

◆ जनदबाव नै यसलाई रोक्ने उपाय हो । अहिले यसलाई रोक्नको लागि कुनै मेकानिजम विकास गरेर पनि हुँदैन । पारदर्शिताको निमित्त इन्टरनेशनल बनाएर पनि हुँदैन । जनमतको दबावले नै मात्र भ्रष्टाचार नियन्त्रण हुनसक्तछ । योभन्दा बाहेक अर्को कुनै बाटो छैन ।

**◉ अहिले तपाईंले देशभरि जुन अभियान चलाइरहनुभएको छ, त्यसबारे केही बताउनुस् न ?**

◆ हामीले अहिले एउटा अभियान शुरू गरेका छौं । यसलाई हामीले बैचारिक अभियान भनेका छौं । पहिलो चरणको यो कार्यक्रममा हामीहरू केही महत्वपूर्ण केन्द्रहरूमा र केही जिल्लाहरूमा पुग्यौं । पहिलो चरणको कार्यक्रम अहिले सकियो । दोश्रो चरणमा हामी माओवादी क्षेत्रहरू किटेर जान्छौं पुसमा । यसबाट हामी देशभरि जनमत तयार गर्ने कोशिस गर्दैछौं ।

३/४ वटा इस्युहरूलाई हामी राष्ट्रिय एजेण्डामा ल्याउन खोज्दैछौं । पहिलो, विकृति र विसंगतिको विरूद्धमा, दोश्रो, पार्टी नीति र पार्टीभित्रको समस्याहरूमा, तेश्रो महिलाहरूको इस्युमा, चौथो अर्थतन्त्र वा विकासको मोडलहरूमा । यी चारवटा कुराहरूमा पहिले कांग्रेसभित्र नै जनमत तयार गर्न खोज्दैछौं । र, त्यसपछि अरूअरू प्रजातन्त्रवादीहरूभित्र जनमत तयार गर्ने काममा अहिले हामी हिंडिरहेका छौं । हामीले असाध्यै राम्रो रेस्पोन्स पाएका छौं । मलाई लाग्छ हामीले नेपाली काँग्रेसको आउँदो महाधिवेशनमा विधेयक पेस गरेर पार्टीको अफिसियल लाइन नै यही बनाएर लिएर जान सफल हुन्छौं ।

**◉ अब राजनैतिक कुरा छोडेर व्यक्तिगत जीवनतिर लागौं । तपाई विहानदेखि बेलुकीसम्मको एकदिनको समय कसरी बिताउनु हुन्छ ?**

◆ हेर्नुस्, म व्यक्तिगतरूपमा अलिकति स्पिरिचुयल मान्छे छु । म विहान उठेर ध्यान गर्छु । म बुद्ध दर्शनबाट प्रभावित मान्छे हुँ । म अहिले जुन गुरूलाई मान्छु, उहाँको बाटो बुद्ध दर्शनसंग मिल्छ । न अति भोक, न अति त्याग । बीचको बाटो । अति केही पनि नगर्ने । अति त्यागले गर्दा पनि अहंकारको जन्म हुन्छ । अति भोकले पनि बिग्रने रहेछ मान्छे । त्यसकारण म अति साधारण मान्छे बनेर अति साधारण रूपले बाँच्ने कोशिस गरिरहेको छु । र, त्यही नै जीवनको लक्ष बनाएको छु । त्यसैले विहान उठेर म अलि अलि ध्यान गर्छु । अनि जो मान्छेहरू भेट्न आउँछन् उनीहरूलाई भेट्छु । कार्यक्रमहरूमा जान्छु । यसरी नै बित्छन् दिनहरू ।

**◉ काम गर्दा गर्दा कहिलेकाँही तपाईं थाक्नु पनि हुन्छ होला । त्यतिबेला मनोरञ्जनको लागि तपाई केही गर्नुहुन्छ ?**

◆ मनोरञ्जन भनेको नै मेरो लागि शान्ति हो । मेरो मनोरञ्जनको लागि दुईवटा पक्षहरू छन् । एउटा आत्मिक, अर्को राजनीतिक । त्यसैले म मनोरञ्जन प्राप्त गर्नको लागि बुद्ध दर्शनका धार्मिक पुस्तकहरू तथा केही राजनैतिक पुस्तकहरू पढ्छु ।

**◉ साहित्य पढ्नु हुन्न ?**

◆ पहिला त धेरै साहित्य पढ्थें । अहिले त्यति पढिंदैन । कहिलेकाँही राम्री साहित्य पाएँ भने पढ्छु पनि । अहिले त धेरैजसो बुद्ध दर्शन पढिरहेको छु ।

**◉ तपाईलाई मनपर्ने साहित्यकार ?**

◆ पहिले पहिले पढेको आधारमा विदेशी साहित्यकारहरूमा अल्वर्ट कामु, सात्र मन पराउँछु । नेपाली साहित्यकारहरूमा चाहिं वी.पी. नै मन पराउँछु, कवितातर्फ मोहन कोइराला ।

**◉ टि.भि. तथा फिल्म हेर्ने गर्नुहुन्न ?**

◆ टि.भि. पनि हेर्छु । नेपाली तथा विदेशी समाचारहरू हेर्छु । कहिलेकाहीं सिरियलहरू पनि हेर्छु । मनिषा कोइरालाको फिल्म आउँदा कहिलेकाहीं फिल्म पनि हेर्छु ।

**◉ फिल्म हेर्दा तपाईं कस्तो खालको फिल्म मन पराउनु हुन्छ ?**

◆ खोइ कस्तो खालको फिल्म मनपर्छ भन्नु ? अहिले हलमा गएर फिल्म हेर्ने नगरेकै निकै धेरै बर्ष भइसक्यो । कहिलेकाहीं टि.भि.मा आउँदा हेर्ने मात्रै त हो ।

**◉ विश्व तथा नेपालका अहिलेका नेताहरूमा तपाईं कसलाई मनपराउनु हुन्छ ?**

◆ एक्काइसौं शताब्दीमा संसारभरका समस्याहरूको समाधान गर्नसक्ने बाटो दुईजनाकै मात्र छ । एउटा बुद्धको बाटो, अर्को गान्धीको बाटो । त्यसकारण मेरो आदर्श भनेको बुद्ध र गान्धी नै हो । नेता र सन्तमा फरक हुन्छ । म यी दुई जनालाई सन्त मान्छु । नेताहरूमा नेपालको वी.पी. हो र भारतको चाहिं जे.पी. ।

**◉ तपाईं समाजवादी सिद्धान्तलाई मनपराउने मान्छे । समाजवादी सिद्धान्तका प्रवर्तकहरूमा कसलाई मनपराउनु हुन्छ ?**


◆ समाजवादी सिद्धान्तको प्रवर्तकको रूपमा म जे. पि.लाई नै मनपराउँछु । उहाँ यस्तो मान्छे हुनुहुन्थ्यो, उहाँले कहिल्यै चुनाव पनि लड्नुभएन । उहाँले लेख्नुभएका थुप्रै समाजवादसम्बन्धी कुराहरू मैले पढेको छु र बनारसमा बस्दा उहाँकै अनुसन्धान सहायक भएर काम पनि गरेको छु मैले । गान्धीको विचारलाई अगाडि बढाउने काम उहाँले गर्नुभएको छ ।

**◉ तपाईंको मनपर्ने खाना ?**

◆ त्यस्तो मनपर्ने विशेष खाना भनेर मेरो केही छैन । जेपनि खान्छु ।

**◉ तपाईंको बिर्सनै नसकिने कुनै क्षण ?**

◆ बिर्सनै नसकिने क्षण भनेर त खासै छैन, तर मेरो जीवनको निर्णायक मोड दुईपटक आयो । एउटा, २०१७ सालमा र अर्को, मेरो गुरूले मलाई दीक्षा दिनु भएको बेला । ❑




# कर्णाली एनरोनलाई सुम्पनु किन राष्ट्रको अहितमा छ?



- डा. हरिमान श्रेष्ठ

कर्णाली (चिसापानी) आयोजनाको प्रथम सम्भाव्यता अध्ययनको प्रतिवेदनको निष्काशन भएको बर्षदिनभित्रै अर्थात् सन् १९६७, सेप्टेम्बरको इन्डस्ट्रियल डाइजेष्ट (Industrial Digest) मा मैले लेखेको थिएँ- "जब नेपालको औद्योगिक विकासले कर्णालीको विद्युत शक्ति खपत गर्नसक्ने हुन्छ, तब मात्र यो आयोजना कार्यान्वयनको बेला हुनेछ- अर्थात् विद्युत तथा विद्युत खपत क्षेत्रको विकास समानुपातिक ढङ्गले हुनुपर्दछ, सस्तो विद्युतको उपयोग राष्ट्रभित्रै गर्नसक्ने क्षमताको विकास गर्नेतर्फ उन्मुख हुन सक्नुपर्दछ । हाम्रो देशमा साना, मझौला जल-विद्युत आयोजनाहरूको पनि पर्याप्त सम्भावना रहेको पृष्ठभूमिमा तत्काल हाम्रो क्षमताको विकास राष्ट्रिय विद्युत माग अनुकूलका आयोजनाहरू कार्यान्वयनबाट थालनी गर्नुपर्दछ ।

अहिले ३२ बर्ष बितिसक्यो, विद्युत मागको प्रक्षेपण हेर्‍यो भने, यो देखिन्छ कि विद्युत मागको वृद्धिदर प्रतिवर्ष ३५/४० मेगावाट मात्र पुगेको छ । यति सानो हदसम्मको विद्युत माग आपूर्ति गर्न पनि देश सक्षम भएको छैन । वि.सं. २०२३ मा नै आफ्नै पूंजीको लगानी गरी आफ्नै प्राविधिज्ञहरूबाट प्रतिकिलोवाट जडान क्षमताको ने.रू. ११,६७०/- पर्ने गरी जल-विद्युतकेन्द्र बनाउन सक्षम भईसकेको राष्ट्र आज साना तथा मझौला आयोजनाहरू समेतमा विदेशी ठेकेदार तथा विदेशी परामर्शदातृ र विदेशी ऋणको प्रयोगबाट निर्माण गराउनु पर्ने स्थितिमा पुगेको छ । यसैकारण अहिले हाम्रो देशमा प्रतिकिलोवाट जडान क्षमता ने.रू. दुई लाख भन्दा बढी पर्न गएको छ र विद्युत महसुल आकाशिएको छ । यसरी विश्वका धेरैजसो राष्ट्रहरूको तुलनामा नेपालको विद्युतशक्ति महँगो भएको छ र निरन्तर लोडसेडिङ्गबाट गुज्रिनु परिरहेको छ । अझ, ८५ प्रतिशत जनसंख्याले त टुकीमा नै निर्वाह गरिरहनु परेको छ ।

उतातिर जतिसुकै वाह्य ऋण वा अनुदान सहयोगबाट यति हजार, उतिहजार हेक्टर सिंचाई क्षेत्र विस्तार गरिएको छ भनिए तापनि, बार्षिक तीन बाली लगाउन सक्ने किसिमबाट सिंचाई सुविधा वृद्धि गर्न सकिएको देखिंदैन । सिर्फ बर्षा (Monsoon) को याममा पानी दिन सकिएको छ, त्यो पनि सुख्खा याममा प्रायः सुक्ने नदी-खोलाहरूमा आयोजना निर्माण गरेर । बाह्रै महिना आफ्नो भूमिमा सिंचाइ गर्न पानी दिनसक्ने खालका सुनकोशी डाइभर्सन आयोजना, चतरानेर कोशीमा ब्यारेज एवं पुल आयोजना (जसबाट विद्युत पनि निकाल्न सकिन्छ), होचो बाँधको सप्त गण्डकी बहुद्देश्यीय आयोजना, कालीगण्डकी-बुटवल डाइभर्सन आयोजना, भेरी बबई डाइभर्सन आयोजना, कर्णाली Tunnel in-take आयोजना तथा ब्यारेज आयोजना जस्ता तत्काल नेपालको आवश्यकता पूर्ति गर्ने र नेपालीलाई राहत दिने किसिमका आयोजनाहरू अगाडि बढेका देखिंदैनन् । राष्ट्रिय अभियानस्वरूप मुख्य, मुख्य संरचनाहरूको निर्माण गरिसकिएको बबई सिंचाई आयोजनासमेत अधकल्चो अवस्थामा राखिएको छ । यी आयोजनाहरूलाई प्राथमिकता दिंदा भावी सन्ततिको लागि जलश्रोत संरक्षित गरीराख्न सम्भव हुन्छ र डुबान एवं विस्थापनजस्ता नकारात्मक प्रभाव र पर्यावरणीय प्रभाव पनि न्यून हुन्छ । त्यस्ता आयोजनाहरूलाई पूंजीगत श्रोतको खोजी पनि ठूलो स्केलमा गर्नुनपर्ने हुन्छ ।

परन्तु प्राथमिकतामा राखी दृढतापूर्वक अगाडि बढ्ने चेष्टा कुनै पनि सरकारले गरेन । बरू अरूहरूको दवाव सहन नसकेर हो या आफ्नो व्यक्तिगत वा दलीय लाभको प्रलोभनले हो वा दुवैको मिश्रणले हो, अरूहरूको फाइदाको लागि नेपाली भूमिमा र सीमावर्ती इलाकामा बगेको नदीको पानीमा समेत नेपाल र नेपालीको अधिकार कुण्ठित हुनेगरी राष्ट्र र जनतालाई दूरकालसम्म नकारात्मक असर पार्ने किसिमबाट कहिले शारदा ब्यारेजको निर्माणको लागि नेपाली भू-भागसमेत प्रदान गरिएको छ भने, कहिले कोशी र गण्डकी आयोजनामा सम्झौता गरिएको छ । केहीसमय अगाडिमात्र महाकाली नदी सन्धी र पश्चिम सेती जलासय युक्त उच्च बाँध आयोजनामा समझदारी पत्रमा हस्ताक्षर गरिएको छ ।

अब आएर नेपालमा एउटै मात्र सम्भव विश्वको सबैभन्दा ठूला वर्गमा पर्ने कर्णाली (चिसापानी) आयोजना, जसको विद्युत उत्पादन क्षमता १०,८०० मेघावाट छ र त्यस आयोजनाको जलाशयले २८.२

अरब घनमिटर जल सञ्चिती गर्न सक्तछ (जसमध्ये बाढी याममा आउने पानी भण्डार गर्ने क्षमता मात्र पनि १६.२ अरब घनमिटर छ), त्यसलाई पनि इनरोन भन्ने बाह्य निजी कम्पनीलाई हस्तान्तरण गर्ने प्रक्रिया शुरूभएको छ । यथेष्ट मात्रामा पटकौं सर्भेक्षण/अन्वेषण भई बहुउद्देश्यीय आयोजनाको रूपमा अन्तिम सम्भाव्यता अध्ययन पूरा भईसकेको यस आयोजनालाई विद्युत मात्रको उद्देश्यमा सीमित रहेको विद्युत ऐन २०४९ मा भएको व्यवस्था अनुरूप इनरोनलाई सर्भे लाइसेन्स दिने निर्णयमा 'सर्वदलीय सहमति' भन्ने हवाला दिई चारवटा पार्टीको चारजना प्रतिनिधिहरूले हस्ताक्षर गरेका छन् । यसरी सर्भेक्षण/अन्वेषण र सम्भाव्यता अध्ययन पूरा गर्नमा अरबौं रूपैया लगानी भइसकेको आयोजना, त्यो पनि राष्ट्र-राष्ट्रबीच पानी र फाइदाहरूको बाँडफाँडसमेत गर्नुपर्ने आयोजनालाई एक निजी कम्पनीको जिम्मा लगाउन खोज्नु अवश्य पनि राष्ट्रको हितको पक्षमा छैन ।

अहिलेको अवस्था कर्णाली आयोजनाको प्रथम सर्भेक्षण/अन्वेषण भएको बेला (सन् १९६२-१९६६) भन्दा फरक छ । जस्तो कि, त्यसबेला नेपाल कृषि पैदावार निर्यात गर्ने राष्ट्र थियो भने, अहिले खाद्य पदार्थ पैठारी गर्नुपर्ने स्थितिमा पुगी सकेको छ । यसैले पनि सन् १९८६-१९८९ को अवधिमा गरिएको चौथो र अन्तिम पटकको सर्भेक्षण/अन्वेषण तथा सम्भाव्यता अध्ययनमा सिंचाईलाई महत्वपूर्ण स्थान दिई बहुउद्देश्यी आयोजनाको रूप दिइएको थियो । त्यस्तोमा नाफामूलक विद्युतलाई मात्र बढावा दिई सम्विधानको धारा १२६ लाई छलेर वा त्यसको वास्ता नै नगरेर विद्युत ऐन- २०४९ अन्तर्गत विशुद्ध विद्युत आयोजनामा लागु हुने प्रावधान अनुरूप सर्भे लाइसेन्स दिनेतर्फ सत्तापक्ष, प्रमुख विपक्ष र अन्य मुख्य-मुख्य राजनीतिक दलहरू मिलेर प्रक्रिया अगाडि बढाउन खोज्दछन् र आयकरसमेत छुट हुनेगरी विदेशीलाई नाफा कुम्ल्याउन दिन यस आयोजनालाई हस्तान्तरण गर्ने उद्देश्यले प्रेरित हुन्छन् भने निश्चय नै हरेक स्वाभिमानी नेपालीको चासोको बिषय हुनुपर्दछ ।

सत्तापक्ष र प्रतिपक्ष मात्र मिल्दाखेरी पनि दुई-तिहाई भन्दा बढी भोट संख्या पुग्ने यस वर्तमान परिस्थितिमा सम्विधानको धारा-१२६ नै प्रयोग गर्दाखेरी पनि यो आयोजना बाह्यशक्तिमा हस्तान्तरण हुनसक्ने अवस्था नभएको चाहिं होइन । अहिले भनिएको तथाकथित सर्वदलीय सहमतिमा उल्लेख भएका सर्भेलाइसेन्स प्रदान गर्नुभन्दा पहिले पूरा गर्नुपर्ने शर्तहरू (कुनै पहिलेको अध्ययनले नै ठेगाना लगाईसकेका, कुनै स्वतः व्यवस्था हुने र कुनै इनरोन जस्ता निजी क्षेत्रको दायराभन्दा बाहिरका कुरा) बास्तवमा शर्तहरू भन्न नै लायक छैनन् । किनभने, पहिलो शर्त "तल्लो तटीय फाइदाको निर्धारण गर्नुपर्ने" भन्ने छ । यो सन् १९८६-१९८९ को अध्ययनले निर्धारण गरिसकिएको छ । दोश्रो शर्त, "आयेजना स्थलमा शिक्षा, स्वास्थ्य तथा सफा पानी र Sanitation को उचित व्यवस्था गर्नुपर्ने", जुन व्यवस्था सानातिना आयोजनामा समेत गरिएका छन् र गरिन्छन् अर्थात् स्वतः हुने कुरा हुन् । तेश्रो "विश्वबैंकबाट नेपाललाई आउने सहयोगमा प्रतिकूल असर पर्न नहुने", भन्ने शर्त इनरोनजस्ता निजी क्षेत्रको दायराभन्दा बाहिरका कुरा हुन् । अर्थात् यो विश्वबैंक र श्री ५ को सरकारबीच निर्णय हुने विषय हो र यसैले यो इनरोनको सरोकारको विषय नै होइन ।

यसरी यी तातो न छारोका शर्तहरू हन् । महाकाली सन्धिमा 'संकल्प प्रस्ताव' भनी तातो न छारोका कुराहरू समावेश गरी भेलको कुरा निकाली दुई-तिहाई मत दिने र त्यसपछि 'संकल्प प्रस्ताव' लाई धोती लगाई सन्धिलाई अनुमोदन गरिएजस्तो यी पनि भेल गर्ने आधारस्वरूप श्रृजना गरिएका शर्तहरू मात्र हुन् । राष्ट्रिय सम्पत्तिमा खेलवाड गरी नाजायजफाइदाहरू उठाउन पल्केका र यस्तो खेलबाड गर्नमा धूर्त यी दल र व्यक्तिहरूमा भरोसा राख्न सकिने वर्तमान स्थिति छैन । यसैले नेपालमा सम्भाव्य एउटा मात्र संसारको सबभन्दा ठूलो वर्गमा पर्ने कर्णाली आयोजना बाह्य शक्तिमा हस्तान्तरण हुनबाट रोक्न सार्वभौम सम्पन्न सबै नेपाली नागरिकजागरूक हुनुपर्ने बेला आएको छ ।

कथंकदाचित यस आयोजनामा इनरोन वा अन्य कुनै विदेशी पूँजीपति वा शक्तिको जिम्मा लगाइएको अवस्थामा नेपाल र नेपालीले निम्न परिणामहरूको सामना गर्नुपर्ने अवश्यम्भावी छ :

◆ भारतीय भू-खण्डमा कर्णालीको वर्षा यामको पानी समेतलाई उपयोग गर्नसक्ने क्षमताका सिंचाईं कुलोहरू बनि सकेका छन् । यो पृष्ठभूमिमा नेपालमा चिसापानीमा बन्ने जलाशयमा भण्डार भई नियमित हुने बर्षाको पानी (Regulated Monoon Flow) समेत तत्काल नै भारतले उपयोगमा ल्याउन सक्ने अवस्था छ र बृहत कर्णाली आयोजनाबाट नेपालमा हुने सिंचाइ विकास कार्यको अनिश्चितता रहेको वर्तमान परिस्थितिमा सिंचाईं गर्ने कार्य विद्युत र बाँधभन्दा पछि पर्ने भएकोले बर्षाको पानी नियमित भई सुख्खा याममा उपलब्ध हुने पानीमा समेत भारतले पूर्व प्रयोगको दावी गर्ने आधार स्वतः श्रृजना हुन्छ । अर्थात्, अहिले कर्णाली योजना बनेमा कर्णालीको पानीमा निर्भर नेपाली भू-भागको सिंचाईको लागि पछि पानी खिची लिन प्रायः असम्भव हुन जानेछ ।

**नेपालमा सम्भाव्य एउटा मात्र संसारको सबभन्दा ठूलो वर्गमा पर्ने कर्णाली आयोजना बाहय शक्तिमा हस्तान्तरण हुनबाट रोक्न सार्वभौम सम्पन्न सबै नेपाली नागरिक जागरूक हुनुपर्ने बेला आएको छ ।**

◆ बाँके जिल्लाको सिंचाईको लागि बहुतै महत्वपूर्ण भेरीबाट बबईमा पानी फर्काउने आयोजना (Bheri-Babai Diversion Project) कार्यान्वयन गर्नमा रोक लागदछ । साथै कर्णाली जलग्रहण क्षेत्रमा त्यस्ता अरू कुनै पनि आयोजना कार्यान्वयन गर्न नपाइने हुन्छ, जसको कार्यान्वयनले कर्णाली नदीको बहाव घटाइदिन्छ । यस्तो गर्न नपाइने नजीर र पश्चिम सेती सम्बन्धी ०५४ बैशाख २९ गते (११ मई, १९९७) मा स्मेकसँग गरेको समभ्रदारी (MOU) को दफा १.२ (डी) ले स्थापित गरिदिई सकेको छ । उक्त दफा सबैको जानकारीको लागि तल उद्धृत गरिएको छ :

"In Accordance with Rule 20 of Electricity Regulations 2050, the generation licence will confer on SMEC the right of the uninterrupted flow of the West Seti River to the project. HMGN will not issue and will ensure that no Government Agency issues, any other licence or permit for use of water in the catchment area that impairs the flow of such water in any way";

◆ थोरै लागतमा तत्कालै थालनी गर्नसकिने कैलाली जिल्लाको तराई भू-खण्डलाई खास गरी वर्षायाम बाहेकका समय (Non-monsoon period) मा सिंचाई सुविधा उपलब्ध गराई तीन बाली लाग्ने गर्नमा सघाउ पुऱ्याउने साधारण एवं छोटो सुरूङबाट पानी फर्काउने आयेजना (Simple Tunnel Intake Diversion Project) अवरूद्ध हुन्छ । त्यस्तै साधारण ब्यारेजको माध्यमबाट कैलाली, बाँके र बर्दिया जिल्लाहरूमा बर्षैभरी (year-round) सिंचाईं गरी प्राकृतिक बहावमा जलाधिकार स्थापित गर्ने विकल्प सदाको लागि गुम्छ ।

◆लगानीकर्ताले आयोजनामा लगानी गरेको कारण उपलब्ध भएका फाइदाहरू भन्ने आधारमा तल्लोतटीय फाइदाहरू (नेपाल र भारतमा हुने दुवै)मा दावीगर्ने छन् । अर्कोतिर, यी फाइदाहरू उपर गरेको अवस्थामा विद्युतशक्तिको मूल्य घट्न जान्छ । तर त्यसको फाइदा कि त लगानीकर्ताले पाउँछ, कि त विद्युत उपयोग गर्नेले पाउँछ । अहिलेको परिप्रेक्षमा ती फाइदाहरू पाउने क्रमशः इनरोन र भारत हुन्- नेपाल र नेपाली होइनन् ।

◆ प्रचलित विद्युत ऐन २०४९ को दायराभित्र रही लाइसेन्स प्रदान गर्न खोजिएबाट यो स्पष्ट छ कि नेपालीले तिरी आएसरहसम्मको (घर भाडा कर १५ प्रतिशत, कर्पोरेट कर २५ प्रतिशत र यस्तै अरू) आयकर पनि १५ वर्षसम्मको

लागि लिन नपाउने हुन्छ ।

◆ कर्णाली नदीबाट गंगासम्म आवत जावत गर्ने जलमार्गको सम्भावनाका बारेमा भारतसँग कुराकानी गर्नमा स्वतः अवरोध आउँछ ।

◆ कृषियोग्य जमिन सीमित रहेको नेपालको पश्चिमी क्षेत्रको पहाडी भू-खण्डका करीब ६ लाख ७८ हजार रोपनी जमीन डुवानमा पर्दछ । र, पर्यावरणमा समेत यथेष्ट नकारात्मक प्रभाव पर्दछ ।

◆ आयोजना क्षेत्रमा पचासौं हजारभन्दा बढी नेपालीहरू विस्थापित हुनेछन् र यसबाट जीवनमा खलवल पुग्दछ ।

◆ भविष्यमा नेपालमा बढ्दै जाने विद्युत मागको आपूर्ति गर्नुपर्ने बेलासम्ममा कर्णालीको जलाशय थिग्रिनीले पुरिईसकेको हुनेछ र आयोजना स्थलको विद्युत उत्पादन क्षमता नै न्यून भई सकेको हुनेछ ।

◆ अन्ततोगत्वा नेपालको जलश्रोत नेपालीले नै उपयोग गर्नुपर्दा पनि विदेशीसित किन्नुपर्ने हुन्छ, त्यो पनि चर्कोभन्दा चर्को मूल्यमा ।

यस्तो आयोजनामा अगाडि बढ्ने कि उपरोक्त आयोजना स्थललाई प्रथमतः सबभन्दा न्यून खर्चमा tunnel intake को माध्यमबाट कैलाली भू-खण्ड सिंचित गर्ने, अनि साधारण ब्यारेजको निर्माणबाट बाँके तथा बर्दिया जिल्ला समेतमा सिंचाई विस्तार गर्ने, त्यसपछि कालान्तरमा जब आफूलाई आवश्यक पानी खिची लिने आधारभूत संरचनाहरू पनि तयार भईसकेका हुन्छन् र अरू जल-विद्युत आयोजनाहरूले राष्ट्रको विद्युतमाग धान्न पनि नसकिने अवस्था आउँछ, के तब मात्र बृहत कर्णाली आयोजना निर्माण हुनसक्ने गरी कर्णालीको चीसापानी योजना स्थललाई उपयोग गर्ने ? - यसमा जलश्रोतमा चासो राख्ने सबै नेपालीले अभिमत जाहेर गर्न सक्नुपर्‍यो । मेरो विचारमा त पछिल्लो विकल्प नै दीर्घकालसम्मको लागि नेपालको हित संरक्षण गर्ने किसिमको छ र पानी उपयोगको दिगो उपाय पनि हो- दुई प्रतिशत सलामीको धावा बोलेर तत्काल अदृश्य रूपमा केही अवाञ्छित लाभ कसैले उठाएर कर्णालीलाई विशुद्ध विद्युत ऐन अन्तर्गत छिराएर भावी सन्ततिको अधिकार समेतलाई कुण्ठित गर्नखोज्नु अत्याचारको पराकाष्ठा हुनेछ । ❑



# मैले कर्णाली आयोजनाबाट नेपाललाई फाइदा हुने देखेको छैन

**रत्न संसार श्रेष्ठ**

**विद्युत आयोजनाहरुको अध्ययन र प्रस्तावित आयोजनाहरुको स्वतन्त्र अनुगमन गरिरहनुभएको एकजना वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट हुनुहुन्छ- रत्न संसार श्रेष्ठ । १६ वर्ष अघि सन् १९८४ मा उहाँले संयुक्तराज्य अमेरिकाबाट सी.पि.ए. परीक्षा उतीर्ण गर्नुभएको थियो । अढाई दशकअघि व्यवस्थान विषयको प्राध्यापन तथा अधिवक्ताको रुपमा कानून व्यवसायमा पनि संलग्न भएर उहाँले व्यवसायिक जीवनको शुरुवात गर्नुभएको थियो । हाल उहाँ नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको सदस्य र वीनरक इन्टरनेशनलको नवीकरणीय ऊर्जा कार्यक्रमसँग सम्बद्ध हुनहुन्छ । साँढे ४ वर्षसम्म खिम्ती जलविद्युत आयोजनाको उप-महाप्रबन्धकको रुपमा समेत काम गरिसक्नु भएका रत्न संसार श्रेष्ठले यसपटक एनरोन र कर्णाली परियोजनाको बारेमा मूल्यांकनलाई आफ्ना विचारहरु व्यक्त गर्नुभएको छ ।**

**प्रस्तुत छः उहाँसँग हालै गरिएको टेप वार्ताका महत्वपूर्ण अंशहरु ।**

**- गोविन्द वर्तमान**

**हालै सर्वदलीय सहमति-द्वारा एनरोनलाई कर्णाली - चिसापानी परियोजनाको सर्भेक्षण अनुमति दिने निर्णय भएको छ । यस निर्णयबारे तपाईं के भन्नुहुन्छ ?**

- जे कुरामा पनि सर्वदलीय सहमति भन्ने गरिन्छ । तर यदि तपाई संविधान, ऐन कानूनलाई ध्यानमा राखेर कुरा गर्न चाहनुहुन्छ भने यस्तो विषयको निमित्त सर्वदलीय सहमतिको कुनै भूमिका नै हुँदैन । संविधानले धारा १२६ द्वारा यस्ता विषयहरूमा संसदलाई अधिकार दिएको छ । जसरी महाकाली सन्धि संसदले पास गरेको थियो, यस विषयमा पनि त्यसरी नै काम गर्ने अधिकार संसदलाई मात्र छ । यदि सर्वदलीय समितिले निर्णय गरिसकेको हुनाले धारा १२६ अनुसार काम गर्नुपर्दैन भन्ने हो भने त्यो भनाईं संविधानविपरीत हुन्छ । अर्कोतिर समस्या के छ भने, अहिले सर्वेक्षण अनुमति-पत्रको लागि जुन निवेदन दिइएको छ, त्यो विद्युत ऐन अन्तरगत दिइएको छ । त्यो विद्युत ऐन बनेकै खिम्ती आयोजना ल्याउनका लागि हो । खिम्ती आयोजना भनेको नेपालमा बिजुली नभएर उद्योगधन्दा बन्द भइरहेको, पर्यटनसमेत बन्द भइरहेको र नेपालको आर्थिकस्तर गिरिरहेको अवस्थामा जसरी भए पनि बिजुली ल्याऊँ भनेर नेपालको हितको निम्ति ल्याउन लागिएको आयोजना थियो । त्यही आयोजना ल्याउनका लागि नै यो विद्युत ऐन बनेको थियो ।

यो ऐनको जननी अर्थात् विद्युत नीतिमा स्पष्ट भनिएको छ - ४ सय मेघावाटको अरूण र १ सय मेघावाटको कालीगण्डकी बन्दैछ, यी दुवै आयोजना तयार हुन ७ देखि १२ बर्षसम्म लाग्छ, त्यतिन्जेल बिजुलीविना बस्न सकिन्न, त्यसैले ती आयोजनाहरूबाट विद्युत उत्पादन भएर नआउन्जेलका लागि वैकाल्पिक ब्यवस्था गर्नुपर्दछ । त्यसको निम्ति यो नीति आयो । र, यही नीतिले विद्युत ऐन जन्मायो ।

त्यसकारण अहिलेको विद्युत ऐन र विद्युत नीति १० हजार मेघावाट स्तरको आयोजनाको लागि नै होइन । यो नीति र ऐन कर्णाली आयोजना वा यस्तै उच्च बाँध खालको आयोजनाको निम्ति बनेकै होइन, साना आयोजनाहरूका लागि बनेको हो ।

**◆ यथार्थ यस्तो हुँदाहुँदै पनि एनरोनलाई लिएर 'सर्वदलीय सहमति हुनुमा के के कारणहरू हुनसक्छन् ?**

- अहिले यहाँ बहुदलीय प्रजातन्त्र छ । यदि नेपाली कांग्रेसको सरकारले धमाधम लाइसेन्स दिएको भए अरू दलहरूले विरोधमा हल्ला गर्थे । तर सबै दलहरूलाई साथ लिएर तिनीहरूका प्रतिनिधिहरूको सही गराएर ल्याप्चे लगाइदिएपछि त हल्ला गर्ने ठाउं भएन । प्रतिपक्षीहरूको मुखमा बुजो लाग्ने भयो । त्यसरी संसदका विपक्षी पार्टीहरूको मुखमा बुजो लागेपछि संविधानको धारा १२६ छलिने स्थिति देखियो । यो असम्बैधानिक काम हो ।

**◆ तपाईंको दृष्टिमा एनरोन कस्तो खालको ऊर्जा कम्पनी हो ?**

- एनरोनलाई मैले वास्तवमा त्यति नजिकबाट चिनेको छैन । संसारका विभिन्न ठाउँहरूमा उसका ऊर्जासम्बन्धी कामहरू छन् । त्यो एउटा बहुराष्ट्रिय कम्पनी हो । भारतमा पनि एनरोनले काम गरेर तहल्का मच्चाएको घटना तपाईंलाई थाहै होला । भारतको Out Look भन्ने म्यागाजिनले केसम्म लेख्यो भने, एनरोनले महाराष्ट्रमा विद्युत खरीद संझौता गर्दा सम्बन्धित अधिकारीहरूलाई घूससमेत ख्वाएको थियो ।




कार्टुन साभार: जनआस्था

एउटा विचारणीय कुरा के छ भने, नेपालजस्तो मुलुकमा कुनै एउटा कम्पनीले ७ अरब डलर खर्च गर्छ भने हाम्रोजस्तो खालको नैतिकता भएका राजनेताहरूलाई त्यस्तो कम्पनीले सजिलै किनबेच गर्नसक्छ । राष्ट्रको कूल बार्षिक बजेट नै १ अरब डलर भएको नेपालजस्तो देशमा ५/७ बर्षभित्र ७ अरब डलर खर्च गर्ने कम्पनीले आफ्नो खल्तीबाट राजनीतिज्ञहरू निकाल्न सक्छ । ७ अरब डलर खर्च गर्ने संस्थाको बर्षको ६/७ लाख डलर त पेटीक्यास नै हुन्छ । त्यही पेटीक्यासबाट वर्षको ६/७ हजार डलर खर्च गर्नु उसको लागि सामान्य कुरा हुन्छ । ७ हजार डलर भनेको त नेपालीहरूको लागि ठूलै धनराशी हो । शेरबहादुर देउवाको प्रधानमन्त्रीत्वकालमा सांसदहरूलाई बैंकक पठाउन एनरोनकै पैसा आइपुगेको थियो भन्ने कुरा त्यतिबेला नै ब्यापक चर्चामा थियो । एनरोनले यस्तो काम गर्छ कि गर्दैन भन्ने मलाई थाहा छैन, तर त्यस्तो संभावनालाई पनि अस्वीकार गर्न सकिन्न ।

**नेपालजस्तो मुलुकमा कुनै एउटा कम्पनीले ७ अरब डलर खर्च गर्छ भने हाम्रोजस्तो खालको नैतिकता भएका राजनेताहरूलाई त्यस्तो कम्पनीले सजिलै किनबेच गर्नसक्छ**

एउटा उदाहरण भनौं, ल्याटिन अमेरिकाका होण्डुरस, निकारागुआ आदि देशलाई एकताका 'बनाना स्टेट' भनिन्थ्यो । त्यहाँ एउटा बहुराष्ट्रिय कम्पनीले केरा खेती गर्दथ्यो । उसले एकदम सस्तोमा केरा उत्पादन गर्थ्यो र निर्यात गरेर नाफा जति आफूले खान्थ्यो । मजदूरहरूलाई चाहिं एकदम कम पारिश्रमिक दिन्थ्यो । तर चाखलाग्दो पक्षचाहिं के हुन्थ्यो भने, ती देशका प्रधानमन्त्रीहरू त्यही बहुराष्ट्रिय कम्पनीको खल्तीमा हुन्थे । बहुराष्ट्रिय कम्पनीले भनेभनेको बेलामा मन्त्री प्रधानमन्त्रीहरू फेरिन्थे । बहुराष्ट्रिय कम्पनीले फोन गरेको भरमा महत्वपूर्ण पदमा भएका व्यक्तिहरूलाई पदबाट हटाउन सक्थ्यो । त्यही परिदृश्य यहाँ पनि देखिनसक्छ । किनभने नेपाली राजनेताहरूको नैतिकताको स्तर यहाँ पनि देखिइसकेको छ ।

**◆ एनरोनको दक्षता र अनुभव जलविद्युतमा होइन । तर उसले कर्णाली-चिसापानी आयोजनामा बारम्बार आफ्नो लालसा देखाइरहेको छ । यसबारेमा तपाईं के भन्नुहुन्छ ?**

- यसलाई दुई किसिमले हेर्नु पर्दछ । एकातिर तपाईंले भन्नुभएको कुरा साँचो हो -एनरोनको बढी क्षमता ग्याँसबाट उत्पादित हुने ऊर्जामा देखिएको छ । तर अहिलेको समयमा एनरोनजस्तो ठूलो बहुराष्ट्रिय ऊर्जा कम्पनीले Hydropower मा काम गर्न सक्दैन भन्न पनि मिल्दैन । किनभने सम्बन्धित विशेषज्ञ तथा प्राविधिकहरूलाई पारिश्रमिक दिएर काममा लगाउने कुरा हो । तैपनि जलविद्युतको क्षेत्रमा काम गरेर नाम कमाएको पृष्ठभूमि चाहिं एनरोनको छैन ।

जहाँसम्म नेपालको सन्दर्भमा एनरोनको चाखको कुरा छ, नेपालको लागि ठूलो भए पनि १० हजार मेघावाट भनेको एनरोनको लागि सानो परियोजना हो ।

अर्को कुरा, एनरोनलाई नेपालमा ल्याएर फाईदा पाउनेहरू नेपालमा पनि थुप्रै होलान् । उनीहरूको चाहनाले पनि काम गरेको होला । तर अहिले जुन ढंगले यससम्बन्धी काम कुरा अघि बढेको देखिंदैछ, त्यसबाट म के देख्दैछु भने, एनरोन आएर नेपालमा आयोजना बन्यो भने पनि नेपाललाई फाइदा हुने संभावना चाहिं निकै कम छ । म त्यसका कारणहरू दिन सक्छु ।

**◆ ती कारणहरू प्रष्ट गरिदिनुस् न त !**

- हाम्रा मन्त्रीज्यूहरू के भन्नुहुन्छ भने - एनरोनले विद्युत उत्पादन गरिदिएपछि त्यो विद्युत निकासी हुन्छ, त्यसबाट सालको १ अरब डलर बराबरको आम्दानी हुन्छ । तर उहाँहरूले गल्ती गरिरहनुभएको छ । एनरोन भनेको विदेशी प्राइभेट सेक्टर हो । तसर्थ उसले निर्यात गरेको विजुलीको आम्दानी नेपालको राजस्वमा आउँदैन । नेपालमा आउने भनेको त यो विद्युत ऐनले वाध्य गरेको दै-दस्तूर मात्र हो । त्यो नाम मात्रको हुन्छ ।

हाम्रा मन्त्रीज्यूहरूले भन्ने गर्नु भएको अर्को कुरा हो - एनरोनले विद्युत उत्पादन गरिदिएपछि नेपालको सोधनान्तर स्थिति राम्रो हुन्छ ।

उहाँहरू विद्युत निर्यात गरेर डलर आम्दानी हुने कुरा गर्नुहुन्छ । पहिलो कुरा त, नेपालले निकासी गरेको विद्युतको भूक्तानी भारतले डलरमा तिर्ने संभावना नै निकै कम छ । दोश्रो कुरा, यदि भारतले डलरमै भुक्तानी गऱ्यो भने पनि त्यो डलर त विद्युत निकासी गर्ने कम्पनी एनरोनले नै लैजान्छ । यदि नेपालकै कुनै लगानीकर्ताले लगानी गरेर बनाएको आयोजना हुन्थ्यो भने त्यो निकासीको भुक्तानी नेपाली अर्थतन्त्रमा आउनसक्थ्यो ।

मन्त्रीज्यूहरू एनरोनले विद्युत उत्पादन गरिदिएपछि नेपालको ब्यापार घाटा सुध्रिन्छ पनि भन्नुहुन्छ । तर, १ अरब डलरको विद्युत निकासी हुने भए पनि त्यो पैसा नेपालमै नछिर्ने भएपछि नेपालको ब्यापारघाटा कसरी सुध्रिन्छ ? निकासी भएको विद्युतको पैसा नेपाल भित्रिएर नेपालको अर्थतन्त्रमा त्यसको बहुपक्षीय प्रभाव भए पो त्यसबाट नेपालको ब्यापारघाटा सुध्रिन्छ । त्यसो नहुने भएपछि व्यापार घाटा सुध्रिने स्थिति नै हुँदैन ।

उल्टो यहाँ विदेशी मुद्रासम्बन्धी एउटा खतरा छ । अब भनौं न, एनरोनले यहाँ ६/७ अरब डलर खर्च गर्छ, तर संझनु पर्ने कुरा के छ भने, ६/७ अरब खर्च गरेको रकममध्ये गाह्रोसँग १ प्रतिशत मात्र नेपालमा खर्च हुन्छ । भारत र नेपालमा फरक त्यही हो । भारतमा विदेशी लगानी आयो भने ६० देखि ७० प्रतिशतसम्म भारतमै खर्च हुन्छ । त्यस्तो कसरी हुन्छ भने, आयोजनाको लागि आवश्यक सबै सामाग्री भारतमै पाइन्छ । अब Backward linkege को कुरा गरौं । आयोजना निर्माणकालमा चाहिने सिमेन्ट, छड, पाइप, टर्वाइन,

जेनेटर, कन्स्ट्रक्सन इक्वीपमेन्ट र कन्स्ट्रक्सन मेशिनरी सबै भारतमा पाइन्छ । त्यसो भएपछि विदेशी कम्पनीले लगानी गरेको ठूलो भाग भारतमै रहन्छ । यसले गर्दा भारतले विदेशी मुद्रा पनि प्राप्त गर्छ ।

तर नेपालको हकमा चाहिं ७ अरब डलर नेपालमा लगानी भएको जस्तो देखिए पनि बास्तवमा त्यसको १ प्रतिशत मात्रै देशभित्र लगानी भएको हुन्छ । नेपाल राष्ट्र बैंकले त्यस आयोजनाबाट प्राप्त हुने विदेशी मुद्रा देख्नै पाउँदैन । तर भारतमा चाहिं कम्तीमा ६० प्रतिशत विदेशी मुद्रा त्यहांको सेन्ट्रल रिजर्भ बैंकमा बस्दछ ।

अर्को खराबी के छ भने, नेपालको विद्युत ऐन सानो आयोजनाको लागि बनेको हो । त्यसमा के भनिएको छ भने- विदेशी लगानीकर्ताले लगानी गऱ्यो भने साँवा ब्याज भूक्तानी गर्न तथा शेयर विक्री र लाभांशको पैसा डलरमा फिर्ता लिन पाइन्छ । तर यथार्थ कस्तो छ भने, उसले लगानी त गर्छ तर नेपालमा १ प्रतिशत पनि विदेशी मुद्रा लगानी हुँदैन । उसले भारतमा विद्युत निकासी गर्छ र नेपाललाई चाहिँ भारतीय मुद्रामा भुक्तानी गरेर नेपालसँग उसले बर्षको १ अरब डलर प्रत्यावर्तन गर्न माग्यो भने के हुन्छ ?

अहिले नेपालमा जम्माजम्मी १ अरब डलर विदेशी मुद्रा सँचिति रहेको छ । उसको त सालको १ अरब डलरको त बिजुली निकासी हुन्छ । हाम्रो जिन्दगीभरको विदेशीमुद्रा संचिति उसलाई दिंदा १ बर्षमा सकिन्छ । दोश्रो बर्ष के दिने ? हामी दिनै सक्दैनौं । त्यसैले ब्यापारघाटा सुध्रिने कुरा, सोधनान्तर स्थिति राम्रो हुने कुरा एकदम गलत हो । अझ, मैले त हाम्रो सोधनान्तर स्थिति नै खतरामा पर्ने देखेको छु । हामीकहां डलर नआउने भएर होइन, एनरोनले डलर लैजान पाउने कारणले हाम्रो सोधनान्तर स्थिति नै खतरामा पर्ने देखिन्छ । हाम्रो संचिति नै जम्मा एक अरब डलर भएको अवस्थामा सालको एक अरब डलर एनरोनलाई दिनुपऱ्यो भने के गर्ने ?

तपाईलाई याद होला, हाम्रा रामचन्द्र पौडेलजीले नै संसदमा कुरा उठाउनु भएको थियो । उहाँले भन्नुभएको थियो- खिम्ती र भोटेकोशी आयोजनाले मात्रै बर्षको ४ करोड डलर लैजान्छ । सालको हाम्रो बचत ५ करोड चानचुन छ, खिम्ती र भोटेकोशीले ४ करोड लैजाने भैसक्यो । अब बाँकी छ १ करोड डलर । भोलि इमर्जेन्सी परेर पेन्सिलीन इन्जेक्सन चाहियो भने के गर्ने ? हामीसँग विदेशी मुद्रा नै हुँदैन ।

यसरी हाम्रो संचिति नै जम्माजम्मी १ अरब डलर भएको परिस्थितिमा सालको १ अरब डलर एनरोनलाई तिर्नु पऱ्यो भने के हुन्छ ?

अर्कोतिर कस्तो छ भने, नर्वेको एउटा उदाहरण लिऊँ । वास्तवमा नर्वे धनी भएको एउटा कारण जलविद्युत हो । पचास वर्षअगाडि नर्वेमा पनि हामीले जस्तै विदेशी लगानी ल्याइएको हो । तर नर्वेलाई फाइदा कसरी भयो भने, विदेशी लगानीकर्ताले आएर आयोजना बनायो । पच्चीस तीस बर्ष चलायो । आफ्नो लगानी उठायो र आयोजना नर्वेलाई छोडेर गयो । त्यसपछि त्यो आयोजना नर्वे सरकार आफैंले चलायो, अनि त्यसबाट नाफा भयो र नर्वेमा संपन्नता आयो । नेपालमा स्थिति फरक छ । नर्वेको भौगर्भिक स्थिति र नेपालको भौगर्भिक स्थिति फरक छ ।

तपाईंले कुलेखानीको कुरा त सुन्नु भएकै होला । त्यहां तलाउको पिंध भरिंदैछ । भोलि गएर त्यो आयोजना काम नलाग्ने मात्र होइन, त्यसले हेटौंडालाई नै खतरामा पार्ने संभावना छ । नेपालमा पहाडहरू कच्चा, बग्ने हुनाले सिल्टहरूले गर्दा तलाउहरू चाँडै पुरिएर जान्छन् ।

अब कर्णालीको कुरा गरौं !

मानौं-एनरोनले आयोजना बनायो र ३५ बर्षसम्म चलाएर गयो । त्यसपछि यदि नेपालले त्यतिकै किसिमले चलाएर थप लगानी नगरीकन फाइदा निस्कनसक्यो भने त फाइदै होला । तर नेपालको भौगर्भिक स्थिति यस्तो छ कि ३५ बर्ष त लामो अवधि हो । सबभन्दा ठूलो डर त के छ भने- एनरोनले आयोजना बनायो, ३५ बर्ष चलाएर लगानी उठायो, नाफासमेत लिएर हिंड्यो। अनि नेपालले त्यो आयोजना आफ्नो हातमा पायो । आयोजना आफ्नो हातमा पाएपछि नेपालले फेरि लगानी गरेर बिजुली निकाल्नु पऱ्यो भने त फाइदा भएन । विदेशी लगानीको एउटा ठूलो फाइदा भनेको अनुमति-पत्रको अवधिपछि नेपालले त्यो आयोजना पाउने, अनि त्यसबाट दोहन गरेर नेपालले फाइदा लिनसक्ने भन्ने नै हो । तर त्यो स्थिति यहाँ छैन ।

यस्तै, अहिले यहाँ अर्को समस्या के छ भने, पश्चिम सेतीको बारेमा भएको संझौतामा अहिलेको विद्युत ऐनअनुसारको राजस्व दिने भनिएको छ । त्यो भनेको नेपालमै बिजुली खापत हुने सानो आयोजनाकै सरह तीन प्रतिशत राजस्व दिने हो । अनि, थप १० प्रतिशत राजस्व दिने पनि भनिएको छ । त्यस्तो किन भयो भने, यो ऐनअनुसार दिने ३ प्रतिशत राजस्व भनेको नेपालमा खपत हुने बिजुलीवापतको राजस्वको हो । निकासीको लागि होइन ।

**तर कुनै कम्पनीलाई आयोजना सुम्पनु अगाडि गर्नुपर्ने फाइदाको लेखाजोखा चाहिँ भएको छैन ।**

मैले अघि नै भनें, नेपालमा विद्युत खपत भयो भने त्यसबाट नै नेपालले फाइदा प्राप्त गर्छ । ती फाइदाहरूबाट बन्चित भएको कारण नेपालले थप फाइदा पाउनुपऱ्यो । पश्चिम सेतीमा त लगभग त्यही कारणले अर्थात् निकासी गरेको हुनाले नेपालले फाइदा पाएन । त्यसकारण १० प्रतिशत थपिदिएको छ । यसैले लगभग साँढे १२ प्रतिशत राजस्व सेतीबाट आउने भएको छ । तर एनरोनमा त त्यति प्रतिबद्धता पनि गरिएको छैन ।

**◆ अर्को कुरा, मूलतः विद्युत निर्यात हुने कर्णाली चिसापानी परियोजनाको निम्ति एनरोनजस्तो कम्पनीलाई पैठारी महसुल सुविधा दिनु ठीक हो र ?**

- जनसाधारणलाई किफायती मूल्यमा बिजुली उपलब्ध गराउन पैठारी महसुल सुविधा प्रदान गरिएको हो । किनभने निर्माण लागत पैठारी महसुलले गर्दा बढी लागेमा त्यसबाट उत्पादन हुने बिजुलीको महसुल पनि महँगो हुनु स्वाभाविक हो । तर निकासी गर्दा नेपालको प्राथमिकता विदेशी उपभोक्तालाई सस्तोमा बिजुली उपलब्ध गराउनु नभएर नेपालको कोषमा अधिकतम राजश्व प्राप्त गर्नै हुनुपर्छ । त्यसैले निकासीमूलक आयोजनालाई पैठारी महसुल सुविधा उपलब्ध गराउनु पनि नेपालको हक हितमा देखिदैन । तसर्थ निकासीमूलक आयोजनाको सम्बन्धमा यस्तो सुविधा पाउने व्यवस्था औचित्यपूर्ण छैन । एनरोनजस्तो विदेशी कम्पनीलाई पैठारी महसुल छुट दिएर आयात हुने समान सस्तो बनाउँदा नेपालको उद्योग फस्टाउँदैन ।

**◆ एनरोनजस्ता बहुराष्ट्रिय ऊर्जा कम्पनीहरूले नेपालजस्तो मुलुकमा आफ्नो निहित स्वार्थअनुरूप काम गर्न सफलता पाउनुको कारण तपाईं के ठान्नु हुन्छ ? विद्युत उत्पादनको विषयमा नेपालको राष्ट्रिय नीति नै खराब भएको जस्तो तपाईंलाई लाग्दैन ?**

- यसलाई टुक्र्याएर हेरौं । म चाहिं के कुरामा कन्भिन्स्ड छु भने, अहिलेको विद्युत ऐन र विद्युत नीति अन्तरगत कर्णाली आयोजना ऐनरोनलाई दिने हो भने नेपाललाई फाइदा हुनेछैन । तर पनि हाम्रा हाकीमहरू, मन्त्रीहरूलाई हतार देखिएको छ । अबूझ भएर, अनभिज्ञ भएर, बुझ पचाएर वा के भएर उहांहरू हतारिनु भएको हो, मलाई थाहा छैन । आजकल Small is beautiful भन्ने धारणा पनि चर्चामा छ । तर म यतिमा मात्रै सीमित हुन्न । यदि देशलाई, देशको अर्थतन्त्रलाई, देशवासीलाई फाइदा हुन्छ भने ठूलो वा सानो भन्ने विवाद गरिरहनु पर्दैन । तर कुनै कम्पनीलाई आयोजना सुम्पनु अगाडि गर्नुपर्ने फाइदाको लेखाजोखा चाहिं भएको छैन । यसरी फाइदाको लेखाजोखा नगरीकन जसरी हतार गरिएको छ, त्यसबाट चाहिं मलाई चिन्ता लागेको छ । मेरो लेखाजोखामा चाहिं मैले यस आयोजनाबाट नेपाललाई फाइदा हुने देखेको छैन ।

मैले अघि पनि भनें, बिजुली

भनेको कच्चा पदार्थ हो । कच्चा पदार्थ निकासी गरेर संसारमा कुनै पनि राष्ट्र धनी भएको छैन ।

◆ **विद्युत आयोजनाबाट हामीलाई फाइदा हुने कसरी हो त ?**

विजुलीबाट ५ किसिमको फाइदा लिन सकिन्छ । एउटा फाइदा त विजुलीको सदुपयोग गरेर Forward linkege को फाइदा लिन सकिन्छ । सिंचाई र शीत भण्डरको व्यवस्था गरेर कृषिमा फाइदा लिन सकिन्छ । त्यस्तै यातायातमा बिजुलीको प्रयोग गरेर पेट्रोल तथा डिजेलबाट हुने वातावरण प्रदुषण हटाउनुका साथै डिजेल-पेट्रोल आयात गर्दा खर्च हुने विदेशी मुद्रा जोगाउन सकिन्छ । उद्योगधन्दामा, शिक्षणमा र अस्पतालमा पनि बिजुलीको सदुपयोग गरेर फाइदा लिन सकिन्छ । अर्को फाइदा भनेको, पूँजीप्रधान आयोजनामा लगानी हुने पैसालाई फुत्कन नदिएर लिनसकिने फाइदा हो । सिमेन्ट, छड, टवाईन, पाइप, जेनरेटर सबै नेपालले नै दिनसक्ने स्थिति भएमा पैसा बाहिर फुत्कदैन । अर्थात् लगानी भएको पैसा अधिकांशतः नेपालमा रहने हो भने त्यसबाट फाइदा हुन्छ । तेस्रो फाइदा भनेको कर, दस्तूर, राजस्वबाट श्री ५ को सरकारलाई प्राप्त हुने फाइदा हो ।

अब कर्णालीको कुरा गरौं । त्यसबाट उत्पादित विजुली निकासी हुने भएपछि विजुलीको सदुपयोगबाट हुने फाइदाबाट बंचित हुने भयौं । एनरोनले ७-८ अरब डलर लगानी गर्छ, त्यो लगानी नेपालमा आउनसक्ने पूर्वाधार हामीले बनाएका छैनौं । दोश्रो फाइदाबाट पनि हामी बंचित भयौं । अहिलेको यो विद्युत ऐनअन्तरगत आयोजना बन्यो भने श्री ५ को सरकारले प्राप्त गर्ने कर, दस्तूर पनि थोरै हुने भयो । तेस्रो फाइदाबाट पनि हामी बंचित हुने भयौं ।


यस्तै, तात्विक खालको रोजगारी श्रृजना गरी चौथो फाइदा लिन सकिन्छ । लगानीको प्रतिफलबाट हुने फाइदा पाँचौं फाइदा हो । तर विदेशी लगानी हुनाले कर्णाली परियोजनामा यो पाँचौं फाइदाबाट पनि हामी बञ्चित हुने स्थिति देखिन्छ ।

त्यसकारण नेपालमा बन्ने आयोजनाहरू त्यस्तो हुनुपर्दछ, जसमा उपर्युक्त सबै किसिमका फाइदाहरू नेपालले लिनसकोस् । ❑

# जापानी कम्युनिष्ट पार्टीको अग्रगति




# अत्याधुनिक शैलीको सम्मेलन



**जा**पानको राजधानी टोकियोमा अत्याधुनिक शैलीमा जापानी कम्युनिष्ट पार्टीको सम्मेलन भएको छ । एक्काइसौं शताब्दीको संघारमा भएको सो सम्मेलनमा टि.भि., भिडियो र स्याटेलाइटजस्ता संचारको अत्याधुनिक माध्याम-हरूको प्रयोगद्वारा देशभरिका पार्टी-सदस्यहरूवीच व्यापक अन्तर्क्रिया भएको थियो ।

जापानी कम्युनिष्ट पार्टी (JCP) को केन्द्रीय कार्यालयकै हलमा गरिएको सम्मेलनमा पार्टी अध्यक्ष तेत्सुजो फुवाले प्रतिवेदन प्रस्तुत गरेका थिए ।

प्रतिवेदनमा उत्साह-वर्धक सफलताका साथ सम्पन्न स्थानीय निर्वाचनको समीक्षा गर्दै फुवाले भावी स्थानीय संघर्षहरूको रूपरेखा प्रस्तुत गरेका थिए । उनले युद्धसम्बन्धी पुराना सैनिक कानूनहरूको पुनर्जन्मपछि जापान र सिङ्गो एसियाको शान्ति-सुरक्षामा छाएको खतरा, आर्थिक मन्दीको समयावधिमा जनताको जीविकाको ग्यारेन्टीको सवाल र सरकारविरोधी देशव्यापी जनसंघर्षका बारेमा प्रतिवेदन पेश गरेका थिए ।

फुवाको प्रतिवेदन प्रस्तुतिको सूटिङ गरेर सम्मेलनका आयोजकहरूले स्याटेलाइटमार्फत् देशभरिका कार्यकर्ताहरूको घर-घरको टि.भि.मा प्रत्यक्ष प्रसारण गरेका थिए । सो प्रतिवेदनमाथि ३८ जना सदस्यहरूले गरेको बहस पनि टि.भि. द्वारा प्रत्यक्ष प्रसारण गरिएको थियो । जापानी कम्युनिष्ट पार्टीका ६ हजार सदस्यहरूले टि.भि. मा प्रतिवेदन र त्यसमाथि भएको बहसको प्रत्यक्ष प्रसारण हेरेका थिए । तीमध्ये ७०० जना पार्टी सदस्यहरूले सम्मेलनस्थलमा प्रतिवेदनमाथि आफ्ना विचारहरू पठाएका थिए । ती सबै विचारहरूलाई समेटेर अध्यक्ष फुवाले आफ्नो प्रतिवेदनलाई परिमार्जन गरेका थिए ।

सडक र चुनावको राजनीतिलाई साथसाथै लगिरहेको जापानी कम्युनिष्ट पार्टीले गाउँ, नगर क्षेत्रको चुनावमा धेरै सफलता हासिल गर्दै लगेको छ । त्यस्तै, सडकमा पनि यसले जनजीविका, प्रजातन्त्र र शान्तिका सवालहरूमा जनसंघर्षहरू चलाइरहेको छ । यस्ता संघर्षहरूमा आफ्ना सम्पूर्ण स्थानीय कमिटीहरूलाई परिचालन गरिरहेको यस पार्टीले एक्काइसौं शताब्दीमा युवाहरूबीच वैचारिक अभियान चलाउने र सदस्यता वृद्धि गर्ने घोषणा गरेको छ ।

'एक्काइसौं शताब्दीलाई युवा कम्युनिष्टहरूको शताब्दी'मा फेर्ने दृढताकासाथ अगाडि बढिरहेको जापानी कम्युनिष्ट पार्टीको समानता, स्वतान्त्रता, शान्ति र जीविकासम्बन्धी नारा र कार्यक्रमबाट धेरै नै जापानी युवाहरू आकर्षित हुनथालेको समाचार छ । ❑



## समता समाजको बटौली सम्मेलन हेरेपछि

# वामपन्थी कर्मकाण्ड

◆ खगेन्द्र संग्रौला

महान् बंगाली लेखक रवीन्द्रनाथ टेगोर ठूला संगीतज्ञ थिए । उनी नाउँ चलेका र सिकारू दुवैथरी गायक-गायिकाहरूका गीत सुनेर तिनलाई हौसला दिन सक्दो कोशिश गर्थे । तर गाउन थालेपछि बिसाउन बिर्सिने कतिपय गायक-गायिकाहरूको एकोहोरो ताल देखेर भने उनी वाक्क हुन्थे । एक पटक एउटा फर्किंदो युवा गायकको गीत सुन्न उनलाई निम्ता आयो । निम्ता दिन आउनेलाई उनले डराउँदै सोधे, "गीत कुन बेला बिसाउनु पर्ने हो त्यो त तिनलाई थाहा छ, हैन ?"

हाम्रा वामपन्थी दलहरू वा वामपन्थी दलका छातामुनि निर्माण गरिएका जनवर्गीय संगठनहरूका सभा-सम्मेलनमा भाग लिने निम्ता पाउँदा म सधैं झस्किंदै टेगोरको त्यो प्रश्न सम्झिन पुग्छु – हैन, त्यहाँ भाषण गर्नेहरूलाई भाषण कस्तो भाषामा गर्नुपर्ने हो र कुनबेला बिसाउनु पर्ने हो भन्ने कुराको हेक्का त होला ?

यही मंसीर ७ गते *दलित समता समाज*को दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा पाहुनाको हैसियतले भाग लिन म बटौली गएको थिएँ । उद्घाटन समारोहको मञ्चमा घण्टौंसम्म बस्दा मलाई टेगोरले दशकौंअघि झेल्नु परेको हैरानीको झल्झली सम्झना भइरह्यो ।

समारोहमा भाग लिन देशका कुना-कन्दरादेखि झुण्डझुण्डमा बाँधिएर, झण्डा बोकेर नारा लगाउँदै दलितहरू आएका थिए । तिनका आँखामा हिन्दू वर्ण व्यवस्थाको अपराधी जुवामुनि आफूले भोग्नुपरेको जातीय छुवाछूत, आर्थिक शोषण र सांस्कृतिक भेदभावविरूद्ध जुध्ने जुक्ति र बुद्धिबारे केही नयाँ कुरा सुन्ने, केही कुरा भन्ने र केही गर्नथाल्ने तीव्र उत्सुकता झल्केको थियो । सहभागीहरूमा महिला र पुरूष सराबरी थिए । त्यहाँ निकैजना पाका मानिसहरू पनि थिए र दूधे बालकहरू पनि केही थिए ।

समारोह शुरू हुनुअघि जुलूसले नौमोती बाजागाजासाथ नारा लगाउँदै नगरको फेरो मार्‍यो । जुलूसमा घुम्दाको त्यो क्षण दलितहरूका लागि उमङ्गपूर्ण चाडजस्तै थियो । जुगौंदेखि मुखमा चुकुल ठोकिएका दलित महिलाहरू र सिक्रीले दिमाग अँठ्याइएका पुरूषहरू त्यहाँ भेला भएका थिए ।

चारैतिर छरिंदा आफूलाई एक्लो र निर्धो ठान्ने ती मानिसहरू एकै ठाउँमा एकमुष्ट हुँदा आफूलाई निकै दरिलो ठानिरहेका थिए । तिनका मुद्रा र हाउभाउ, तिनको उमङ्ग र स्वरबाट त्यस कुराको सहजै लख काट्न सकिन्थ्यो । नाराको भाकामा तिनले आफ्नो मानवीय अस्मिताको दाबी गरे । तिनले सभ्य र सम्मानित मान्छे भएर जिउनका लागि एकजुट भएर लड्ने संकल्प गरे । र, तिनले एकता र भरथेगको लागि सेरोफेरोका असल मानिसहरूका मुखेञ्जी हात फैलाउने संकल्प गरे । उमङ्गले फुरूङ्ग भएका दलित ठिटाहरू नाचेका देखेर केही ठिटीहरू पहिले लाज र संकोचले खुम्चिंदै र पछि आँट र उत्साहले जोशिंदै सडक नाचमा नारिए । आफ्नो जातिको उज्यालो भविष्य र सुन्दर जीवनको खोजीमा निस्केको त्यो उल्लासमय जुलूसमा एउटा स्यानो केटो दमाहा बोकेका आफ्ना बाको कमिजको फेर समातेर लुखुर-लुखुर हिंडिरहेको थियो । उसका स्याना खुट्टा नाङ्गै थिए । ऊबाहेक शायद त्यो जुलूसमा कसैका खुट्टा नाङ्गा थिएनन् । कम्तीमा पनि सबैले चप्पल त लगाएकै थिए । मंसीरको याम भए पनि बटौलीको मध्य दिनको चर्को घाममा ठाउँ-ठाउँमा शीशाका टुक्रा अलपत्रसँग छरिएको अलकत्रे सडक धप्प बलेको थियो । र, त्यो केटाका खुट्टा नाङ्गै थिए ! *समता समाज*ले आफ्नो माउ मागको रूपमा सरकारसँग तीस प्रतिशत आरक्षणको हकदाबी गरेको थियो । सरकारसँग आरक्षणको हकदाबी गर्ने आमा-बासँग त्यो केटाका निरीह खुट्टाले मौन भाकामा आरक्षणको माग गरिरहेका थिए । जो असक्त छ, उसलाई सशक्त हुनको लागि आरक्षणको दाबी गर्ने मानवीय हक हुन्छ । केटाकेटीहरूसँग न नारा उराल्ने दरो आवाज हुन्छ, न घुर्की लगाउने र दबाब दिने संगठन हुन्छ, न उस्तै परे लड्ने-भिड्ने ताकत हुन्छ । ती हरेक दृष्टिले निम्छरा, असक्त र निरूपाय हुन्छन् । त्यसैले तिनलाई भौतिक र भावनात्मक दुवै किसिमको आरक्षणको खाँचो छ ।

अब आयो कुरो समारोहको । समारोह चलनचल्तीको वामपन्थी कर्मकाण्डको विधिविधान बमोजिम नै चालु भयो । मसालको झण्डामुनिका सबैजसो जनवर्गीय संगठनका एक-एकजना प्रतिनिधि सम्मेलनको सफलताको लागि शुभकामना प्रकट गर्न लस्करमा उभिएका थिए । त्यो संख्या झण्डै एक दर्जन थियो । मलाई लाग्छ, ती सबैका भाषणको सार केही सूत्रमा यसरी उतार्न सकिन्छ :

१) दलितहरूको जातीय संघर्षले वर्ग संघर्षको बाटो समात्नै पर्छ,

२) जातीय छुवाछूतविरूद्धको संघर्ष जमिन प्राप्त गर्ने अन्तर्जातीय संघर्षसँग गाँसिनैपर्छ, नत्रभने त्यो संघर्ष बरालिएर त्यसले जातीवादको रूप लिनेछ,

३) धारा-पानी, मन्दिर, विद्यालयमा मात्र समान हक खोजेर कतै पुगिंदैन,

४) दलितहरूको जातीय संघर्ष अन्तर्जातीय ऐक्यबद्धताको जगमा उभिनैपर्छ,

५) एनजीओ/आइएनजीओले दलित समुदायको मुक्ति संघर्षको बाटोमा भाँजो हाल्ने काम गरेका छन्, तिनको उछित्तो काढ्नैपर्छ ।

शुभकामनादाताहरूले प्रकट गरेका यी विचारहरू सैद्धान्तिक दृष्टिले सामान्यतः सही छन् । तर दलितहरूले तत्काल के गर्ने ? जे गर्ने हो त्यो कसरी गर्ने ? दलित जागरण, संगठन निर्माण र संघर्षमा आवश्यक पर्ने भौतिक साधन र मानवीय टेवा कसरी जुटाउने ? तत्काल पाइला चाल्नका लागि सोच्नुपर्ने, केलाउनुपर्ने र ठहर गर्नुपर्ने यस्ता ज्वलन्त समस्याहरूलाई त्यहाँ मसिनोसँग कसैले छोएन ।

वास्तवमा पहिलो वक्ताले बोलेपछि बाँकी वक्ताको बोल्ने कुरा निखिएको थियो । तर मुखले मार्क्सवादी, विज्ञानवादी, व्यवहारवादी, जनवादी, गतिशीलतावादी, सिर्जनशीलतावादी, लचकतावादी आदि इत्यादि जे जे वादी हौं भने पनि हाम्रो संस्कारको निर्माण त सराद्देमा बिरालो बाँध्ने हिन्दू कर्मकाण्डको कुहिगन्धे शिक्षाबाटै भएको हो । त्यसैले अरूअरू वाम पार्टीका छातामुनि हुने कार्यक्रमहरूमा झैं त्यहाँ पनि उही कुरा दोहोरियो । भन्नलाई कुनै नयाँ कुरा नभए पनि सबै प्रतिनिधि वक्ताले आ-आफ्नो भागमा परेको समयको भोगचलन गरेरै छाडे । सौभाग्यवश, भाषण शुरूहुनुअघि उद्घोषकले वक्ताहरूलाई 'म पन्ध्र मिनेटभन्दा बढी बोल्नेछैन' भन्ने लिखतमुनि बाकाइदा सहीछाप गराएका थिए । नत्रभने जति समयमा कार्यक्रम टुङ्गियो त्यसको दोब्बर-तेब्बर समय लाग्न सक्थ्यो ।

एउटा पार्टीको झण्डामुनि बनेका अनेक जनवर्गीय संगठनहरू भनेका एउटै शरीरका अनेक अङ्ग-प्रत्यङ्गजस्तै हुन् । त्यसैले कुनै पार्टीको कुनै जनवर्गीय संगठनको सम्मेलनमा सोही पार्टीको अर्को जनवर्गीय संगठनले शुभकामना दिनु भनेको दाहिने कानले देब्रे कानलाई र देब्रे कानले दाहिने कानलाई शुभकामना दिनुजस्तै हो । मेरा विचारमा यो फुर्मासी शुभकामना हो । सुनाउने नयाँ कुरा छ भने एउटै जनवर्गीय संगठनका अनेक वक्ताले बोले पनि हुन्छ । सुनाउने नयाँ कुरा नहुँदानहुँदै पनि चलनचल्तीको कर्मकाण्डको विधि धान्नकै लागि बोलियो भने सुन्नेहरूको समय ब्यर्थमा बर्बाद हुन्छ । बहुराष्ट्रिय कम्पनीका धनपतिहरू भन्छन् – समय भनेको पैसा हो । तर हामी भन्छौं – समय भनेको जीवन हो ।

**हैन, त्यहाँ भाषण गर्नेहरूलाई भाषण कस्तो भाषामा गर्नुपर्ने हो र कुनबेला बिसाउनु पर्ने हो भन्ने कुराको हेक्का त होला ?**

*कुनै पार्टीको कुनै जनवर्गीय संगठनको सम्मेलनमा सोही पार्टीको अर्को जनवर्गीय संगठनले शुभकामना दिनु भनेको दाहिने कानले देब्रे कानलाई र देब्रे कानले दाहिने कानलाई शुभकामना दिनुजस्तै हो ।*



लेखक

बासी कुरा भनेर वा भर्खरै अर्कोले भनिसकेका कुरा सुगाशैलीमा दोहोऱ्याएर कसैको समय बर्बाद गर्नु भनेको त उसका जीवनको कुल समयको एक खण्ड बर्बाद गर्नु पो हो !

सम्मेलनमा शुभकामना दिने सबैजसो वक्ताहरूका भाषणमा एउटा चिन्ता प्रकट भएको थियो । त्यो के भने, दलित समुदायको संघर्ष वर्ग संघर्ष भएन भने त्यो भाँडिएर सुधारवादी संघर्ष हुनपुग्छ । त्यसले जातिवादी संघर्षको रूप लिनसक्छ । यहाँनेर हामीले एउटा प्रश्न सोध्नुपर्छ – के समाज र सत्ताका ठालुहरू विरूद्ध चलाइने छुवाछूत र भेदभाव विरोधी संघर्ष वर्ग संघर्षकै एउटा रूप होइन ? त्यस संघर्षमा कुनकुन गुण भरेर अङ्ग पुऱ्याएपछि त्यो विशुद्ध वर्ग संघर्ष हुने हो ? देउरालीमा पुग्न फेदीदेखि थालेर उकालो हिंड्नुपर्छ । गोरेटो नबनिसकेको जङ्गली भिरालोमा उकालो हिंड्दा घुमाउरो बाटो रोजिने जोखिम त सधैं रहन्छ नै । तालुमा हात राखेर सोझो बाटोको कल्पना मात्र गर्ने तर घुमाउरो बाटो रोजिने जोखिम नउठाउनेहरू बसेको बस्यै देउराली पुग्दा हुन् र ? भूल हुनसक्छ भनेर कार्य गर्नु र नतिजा हेरेर भूल सुधार्दै आफूलाई खार्नु नै जीवनको नियम होइन र ?

अब आयो कुरा सुधारवादको । चिनियाँ लेखक लु स्यूनले भन्नुभएको छ – चीन कति साह्रो रूढीग्रस्त समाज हो भने यहाँ चूलोचम्को एक ठाउँबाट अर्को ठाउँमा सार्नुपर्दा समेत पनि रक्तपात हुनसक्छ । नेपाली समाज निश्चय नै उबेलाको चीनभन्दा कम रूढीग्रस्त छैन । यस्तो समाजमा ज्यादै ठूलो संघर्ष नगरिकन एकदम सानातिना सुधार गर्न पनि असम्भव छ । हाम्रोजस्तो समाजमा सुधारका काममा लाग्दा सुधारवादमा फसिएला कि भन्ने चिन्ता गर्नु भनेको सैद्धान्तिक शुद्धता जोगाउने निहुँमा सिन्कोसम्म पनि नभाँचनुजस्तै हो । हाम्रो समाजमा अपराधी हिन्दू वर्ण व्यवस्थाको पींधमा पारिएका दलितहरूको दर्जा पशुको भन्दा पनि तुच्छ छ । तिनको शरीर छुँदैमा मात्र पनि उच्च जातका हौं भन्ने ठालुहरू छिटो हालेर आफूलाई चोख्याउँछन् । त्यसैले दलितहरूको छोइछिटो र भेदभाव विरोधी संघर्ष सांस्कृतिक दृष्टिले एक क्रान्तिकारी संघर्ष हो । दलितको यस संघर्षमा कति रक्तपात भएको छ ! भोको भन्छ डाँडावारि खाऊँ, अघाको भन्छ डाँडापारि खाऊँ !

सार्थक भेला वा सम्मेलन भनेको एउटा पाठशाला हो । त्यस्तो पाठशालाबाट घर फर्किंदा प्रत्येक शिक्षार्थी गृह कार्य लिएर फर्किन्छ । ऊ रित्तो हात फर्कियो भने त्यो पाठशाला नालायक ठहरिन्छ । दलित सम्मेलनका गतिविधिहरू हेर्दैजाँदा मेरा मनमा एउटा प्रश्न उठेको थियो – सहभागीहरूले साथमा लैजाने गृहकार्य के होला ? तिनले आफू र आफ्नो जातिको उत्थानका निमित्त आफ्नो घर-परिवार, छरछिमेक वा गाउँमा गर्नुपर्ने काम, फिंजाउनु पर्ने विचार वा सन्देश के होला ? सम्मेलनमा सिद्धान्त र आदर्शका ठूलाठूला कुराहरू छेलोखेलो बोलिए । दलितहरूले दिनदिनैको जीवनमा भोग्नुपरेका झिना-मसिना कष्ट र बुहार्तनहरू, अभाव र अपमानहरू र तिनलाई घटाउँदै र हटाउँदै जाने व्यावहारिक पाइलाहरूको चर्चा हुँदै भएन भने पनि हुन्छ । कतै केही भयो नै भने पनि त्यो आम सहभागीहरूले बुझ्नै नसक्ने भाषामा भयो ।

म एउटा उदाहरण अघि सारूँ । सम्मेलनमा शहीदहरूलाई श्रद्धाञ्जली दिने बेला भयो । उद्घोषकले एकदम धमिलो र घुमाउरो भाषामा "हामीले शहीदलाई श्रद्धाञ्जली दिन बाध्य हुनुपरेको छ" जस्तो केही कुरा भने । धेरै सहभागीहरूले उनको कुरो खुलस्त बुझेनन् । त्यसैले पहिले केही टाठाबाठा ठिटाहरू उठे, अनि तिनलाई हेरेर ठिटीहरू उठे, अनि तिनलाई हेरेर अधबैंसेहरू, अनि पाकाहरू । सहभागीहरूको अघिल्लो लहरमा एकजना पैंसठ्ठी-सत्तरी वर्षकी आमा थिइन् । सबैजना उठेको देखेर उनी झस्किन् – हैन, यहाँ के हुन लागेको हो ? अनि उठ्नुपर्ने बेला रहेछ भनेर कारण थाहा नपाइकन उनी अतालिंदै उठिन् । फर्केर गाउँमा गएपछि सम्मेलनबारे सोध्नेहरूलाई उनले सुस्केरा हाल्दै सुनाइन् होलिन् – म बूढी मान्छे नानी, म के बुझ्दी हुँ र ? ठूला जातका, लाएखाएका, पढेलेखेका कति हो कति मान्छेले लामालामा भासन गरे । किन हो कुन्नि हामीलाई बीचमा उठाए पनि । खै कुरो एक जात बुझिएन, नानी !

अचम्मको कुरा के भने आफ्नै आमाहरूले समेत पनि नबुझ्ने गरी त्यसरी उद्घोषण गर्ने युवक दलित नै थिए !

सम्मेलनमा एउटै कुरो दश जनाले दोहोऱ्याएर सुन्नेहरूको हुर्मत लिनुको सट्टा त्यो समयमा दलितहरूका मुखबाट तिनका सुख-दुःख, आकांक्षा-सपना, मित्र-शत्रु, सफलता-बिफलताका अनुभवहरू सुन्न सकिंदो हो । त्यो ज्यूँदो अनुभवको सार मथेर दलित आन्दोलनको ज्यूँदो व्यावहारिक कार्यक्रम बनाउन सकिंदो हो । त्यसो गर्न खोजिएको भए प्रत्येक सहभागी दलित आफूले गर्नैपर्ने र गर्नसक्ने केही न केही गृहकार्य लिएर घर फर्किन पाउँदो हो । त्यसो भएको भए बटौलीको दलित सम्मेलन बढी रोचक र सार्थक हुँदो हो । र त्यसले दलित मुक्ति आन्दोलनको आगोमा केही न केही घिउ थप्न केही न केही सघाउ पुऱ्याउँदो हो कि ! ❑


## आइपुग्यो ! आइपुग्यो ! आइपुग्यो !

जाडो तथा गर्मी दुबै मौसमको लागि अति उपयुक्त चाइनीज फ्यान हिटर ज्यादै सस्तो मूल्यमा धमाधम बिक्री हुँदैछ । स्टक सीमित छ, समयमा नै किन्नु भई लाभ उठाउनुहोस् ।

| सामानको विवरण | आ. नं. | पूर्व मूल्य | हाल कायम मूल्य |
|---|---|---|---|
| चा. फ्यान हिटर एम.एस. | २००० | ~~१,२७५।-~~ | ६२५।- |

*उपलब्ध हुने स्थानः*
नेशनल ट्रेडिंग लिमिटेड
केन्द्रीय कार्यालय, टेकु
क्षेत्रीय कार्यालयहरू तथा
शाखा कार्यालयहरू

**नेशनल ट्रेडिंग लिमिटेड**
बिक्री प्रबर्धन महाशाखा
केन्द्रीय कार्यालय, टेकु
फोनः २४४९६२, २४४०३२

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीरविक्रम शाहदेव
सरकारको ५५ औं शुभजन्मोत्सवको सुखद्
उपलक्ष्यमा मौसूफप्रति
हार्दिक शुभ-कामना चढाउँदै
मौसूफको सुस्वास्थ्य, समृद्धि तथा सुकीर्तिका लागि
हार्दिक कामना गर्दछौं ।

नेपाल आयल निगम (लि.)
परिवार

श्री ५ महाराजाधिराज
वीरेन्द्र वीरविक्रम शाहदेव
सरकारको ५५ औं शुभजन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफप्रति
हार्दिक शुभ-कामना चढाउँदै
मौसूफको सुस्वास्थ्य, समृद्धि तथा सुकीर्तिका लागि
हार्दिक कामना गर्दछौं ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

# के हो अधिभूतवाद र द्वन्द्ववादबीचको मुख्य भिन्नता ?

- प्रज्ञानरत्न -

**एक जना अधिभूतवादीको निम्ति कुनै पनि वस्तु, वा जीव–जन्तु अस्तित्वमा छ भने सधैंभरि छ, छैन भने कहिल्यै पनि अस्तित्वमा छैन ।**

संसारमा जे जति कुरा अस्तित्वमा छन् ती सदासर्वदा एक्लाएक्लै अलग-थलग रूपमा अस्तित्वमा छन् कि ती अन्तरसंवन्धमा छन् ? अस्तित्वमा रहेका सारा बस्तुहरू र तिनीहरूको मानसिक छायाँ-बिचारहरू स्थिर छन् कि गतिशील ? र, गतिको कारण बाहिरी बल हो कि बस्तुमा रहेका अन्तरविरोधी पक्षहरू ?

संसारमा थुप्रै दार्शनिक पद्धतिहरू छन् । यी प्रश्नहरूको जवाफमा ती दार्शनिक पद्धतिहरू कहाँ उभिन्छन् ? यस आधारमा सबै दार्शनिक पद्धतिहरू दुई खेमामा बाँडिएका छन् । ती सबै दार्शनिकहरू अधिभूतबादी हुन्, जो संसारलाई संसारमा अस्तित्वमा रहेका सारा बस्तुहरू र तिनीहरूको मानसिक प्रतिबिम्व-बिचारलाई अगल-थलग ढंगले, एकपाखे ढंगले र स्थिर रूपमा हेर्दछन् र विश्लेषण गर्दछन् । एकजना अधिभूतवादीको लागि संसारका जे जति रूपका बस्तुहरू, जीवजन्तुका प्रकारहरू र आस्तित्वका ढंगहरू छन्, ती सबै अनादि कालदेखि छुट्टाछुट्टै छन् र ती सधैं अपरिवर्तनशील वा स्थिर छन् । केही परिवर्तन भएको छ भने तिनीहरूको संख्यामा घटबढ भएको छ, तापक्रम घटी बेसी भएको छ, तिनीरूले ठाउँ सरेका छन् । नत्र भने, स्याउको बोट्मा स्याउ फलेभैं, मान्छेले मान्छे नै जन्माएभैं, एउटा बस्तु, जीवजन्तु वा कुनै पनि किसिमको अस्तित्व खालि उस्तै रूपमा दोहोरिरहने मात्र गरिरहेछ । यो कुनै बिल्कुलै अर्को नयाँ रूपमा बदलिने र बिकसित हुने गरिरहेको छैन । तसर्थ यो संसार भनेको त्यस्तै अलग-थलग स्थिर र सधैंका लागि निश्चित रूपमा भएको अन्तिम वस्तुहरूको सँगालो हो । यो संसारमा नाँगो आँखाबाट देखिंदो किसिमले बस्तुहरूको संख्या घटबढ हुने, मात्रा बदलिने, गाडीको पाँग्रा भैं फन्फनी घुम्ने र वस्तुहरूले ठाउँ सर्ने गरिरहेका छन्- त्यो गतिको कारण बाहिरी बल हो ।

एक जना अधिभूतवादीको निम्ति कुनै पनि वस्तु, वा जीव-जन्तु अस्तित्वमा छ भने सधैंभरि छ, छैन भने कहिल्यै पनि अस्तित्वमा छैन । उसको निम्ति कुनै पनि वस्तु वा जीव-जन्तु उही नै समयमा अस्तित्वमा छ पनि, साथ साथै त्यो अस्तित्वबाट जाँदैछ पनि- यस्तो हुन सक्दैन । उसको निम्ति कुनै पनि वस्तु उही समयमा त्यही हो पनि, र होइन पनि- यस्तो हुन सक्दैन । एक जना अधिभूतवादीको लागि कुनै मान्छेमा नकारात्मक गुण छ भने उसमा सकारात्मक गुण साथसाथै रहन सक्दैन । या त 'छ' या 'छैन' या त 'हो' या 'होइन'- यही नै अधिभूतवादीहरूको एक मात्र भाषा हुनेगर्छ ।

यसप्रकार, अधिभूतवाद भनेको एकलकाँटे र एकपाखे दार्शनिक पद्धति हो । यो दर्शनको सीमा नै यही हो कि यसले कुनै पनि वस्तुलाई अन्तरसंवन्धमा र निरन्तर गतिमा हेर्न सक्दैन । यसले कुनै पनि वस्तुको विपरीत पाटो र समग्र पाटो हेर्न सक्दैन । यसले कुनै पनि वस्तु विपरीत पाटोको आपसी द्वन्द र अन्तरसंबन्धबाट पहिले मात्रामा बदलिँदै गएर अन्ततः गुणकै हिसावले विल्कुलै नयाँ वस्तुमा किन र कसरी बदलिन्छ- त्यसको व्याख्या विश्लेषण नै गर्न सक्दैन । अधिभूतवादीहरूको शब्दकोषमा 'विकास', 'रूपान्तर' र 'फड्को' भन्ने शब्द नै हुने गर्दैन ।

अधिभूतवादको ठीक बिपरीत दर्शन हो- द्वन्दवाद । ती सबै दार्शनिकहरू द्वन्दवादी हुन्, जो संसारका कुनै पनि वस्तुलाई र तिनीहरूको मानसिक छायाँ, बिचारहरूलाई एक्लो र अलग-थलग रूपमा होइन, अन्तरसंबन्धमा हेर्नुपर्छ, स्थिरतामा होइन, निरन्तर गतिमा हेर्नुपर्छ भन्ने धारणा राख्छन् । एकजना द्वन्दवादीको लागि संसारको कुनै पनि चीज एक्लो र अलग-थलग हुनेगर्दैन । संसारको प्रत्येक वस्तु वर र परका अरू अनगिन्ती वस्तुहरूसितको संबन्धमा रहेको हुन्छ । त्यो अरू थुप्रै वस्तुसितको अन्तर्निभरतामा रहेको हुन्छ । ती संबन्धहरूका कारणले एकले अर्कोमाथि प्रभाव पारिरहेको हुन्छ, क्रिया र प्रतिक्रिया सिर्जना गरिरहेको हुन्छ । वास्तवमा वस्तुहरू बीचका अन्तरसंवन्धबाट पैदा हुने आपसी क्रिया-प्रतिक्रिया नै हामीले देख्ने गरेको गति हो ।

त्यसैले, संसारमा त्यस्तो वस्तु नै हुँदैन, जो अलग-थलग हुन्छ र अरू वस्तुसितको अन्तरसंबन्धमा हुँदैन । यस्तो हुँदो हो त संसारमा परिवर्तन र गति भन्ने कुरा नै हुँदैनथ्यो । युगौंसम्म हामी उही मान्छे, उही बस्तु, उही समाज, उस्तै प्रकृति जस्ताका तस्ता देखिरहेका हुने थियौं । त्यसमा कुनै हेरफेर नै देखा पर्दैनथ्यो । परन्तु संसार र समाज, बस्तु र मान्छे कहिल्यै पनि उस्तै रहिरहेको छैन । ती हमेशा गतिशील वा परिवर्तनशील देखिएका छन् । यो गति र परिवर्तनको कारक तत्व अन्तरसंबन्ध हो, अन्तरसंबन्धमा रहेका तमाम वस्तुहरूको आपसी अन्तर्क्रिया हो ।

फ्रेडरिक ऐंगेल्सको सटिक भनाइ छ- "यी चीजहरू अन्तरसंवन्धित छन् भन्ने तथ्यभित्र के कुरा पहिले नै समाहित हुन्छ भने तिनीहरूले एक अर्कामाथि प्रतिक्रिया जनाउँछन्, र ठीक यही आपसी प्रतिक्रियाले नै गति पैदा गर्छ ।" (हेर्नुहोस्- Dialectics of Nature, Progress Publishers, Moscow, 1974 पृष्ठ ७०)

अधिभूतवादीहरूको भन्दा ठीक उल्टो द्वन्दवादीहरू के धारणा राख्छन् भने संसारमा जेजति थरिका वस्तु र जीव जन्तुहरू छन्, अस्तित्वहरू छन् ती सबै अनादिकालदेखि अलग-थलग र उही रूपमा रहिरहेका छैनन् । ती लगातार बदलिरहेका छन् । आम रूपमा बदलाहट भनेकै गति हो । खालि बस्तुहरूको संख्या मात्र घटबढ भएको होइन, उनीहरूले ठाउँमात्र सरेको पनि होइन, एउटा वस्तु संवन्धमा रहेका थुप्रै वस्तुहरूसितको अन्तक्रियाबाट बिल्कुलै नयाँ अर्को वस्तुमा बिकसित भइरहेछ । वस्तुको गुणमै हेरफेर भइरहेछ ।

प्रकृति बिज्ञानले थुप्रै अकाट्य प्रमाणहरूद्वारा के सावित गरिसकेको छ भने मान्छे र जीवजन्तुहरू प्रकृतिकै बिकासका नयाँ उपज हुन् । पृथ्वीमा अनादिकालदेखि नै मान्छे अस्तित्वमा थिएन, न त जीव जन्तुहरू नै अस्तित्वमा थिए । यस्तो पनि पृथ्वीमा समय र परिस्थिति थियो, जतिखेर यहाँ कुनै जीव जन्तु नै अस्तित्वमा थिएन । खालि निर्जीव प्रकृति मात्रै अस्तित्वमा थियो । निर्जीव वस्तुहरूबाट सजीव बस्तु पैदा भयो कसरी त ? यो कुनै ब्रम्हाले सृष्टि गरेको कुरो होइन । अनगिन्ती निर्जीव वस्तुहरूको आपसी संवन्ध र आपसी क्रिया-प्रतिक्रिया नै त्यस्तो कुँजी हो, जसले पृथ्वीमा रहेका सारा वस्तुहरूलाई बदल्दै लग्यो । लामो समयसम्मको निर्जीव बस्तुहरूको अन्तर्क्रिया र अन्तरसंबन्धबाट नै अनुकूल हावा, पानी र परिस्थितिमा बिल्कुलै नयाँ अर्को चीज-सजीव वस्तु पैदा भयो । बैज्ञानिक चार्ल्स डार्बिनले थुप्रै अकाट्य प्रमाणहरूद्वारा के प्रमाणित गरिसकेका छन् भने- मान्छे आफैं कुनै ईश्वरको सृष्टि होइन । यो प्रकृति र जीव जन्तुकै क्रमिक विकासको उपज हो । यो क्रमिक विकास एक्लाएक्लै र अलग थलग रूपमा कदापि आएको होइन, वरपरका अनगिन्ती वस्तुहरू र घटनाहरूसितको अन्तरसंवन्ध र त्यसबाट पैदा भएको क्रिया-प्रतिक्रियाबाट आएको हो ।

तसर्थ, अधिभूतवादको ठीक बिपरीत द्वन्दवादले के धारणा राख्छ भने संसारको कुनै पनि वस्तु जीव-जन्तु वा कुनै पनि किसिमको अस्तित्व दुरूस्त उस्तै रूपमा कुम्हालेको चक्रभैं दोहोरिरहने गर्दैन । वर र परका अनगिन्ती वस्तुहरूसितको आपसी संवन्ध, अन्तर्क्रिया र अन्तर्निर्भरताबाट यो लगातार र क्रमिक रूपमा

> ***$O_2$ अर्थात् अक्सीजनको २ वटा परमाणुबाट हामीले सास लिन प्रयोग गर्ने अक्सीजन ग्याँस बन्दछ । $O_3$ अर्थात् त्यही परमाणु तीनवटा भयो भने बिल्कुलै नयाँ अर्को वस्तु ओजोन बन्दछ ।***

बदलिरहेको हुन्छ । त्यो बदलाहट हाम्रो आँखामा छिटैछिटै देखिन्न मात्रै । तर लामो कालको अन्तरमा हेर्ने हो भने त्यो अन्तर स्पष्ट हुन्छ । प्रकृतिको विकास कुम्हालेको चक्रको गतिमा होइन, धरहराको सिँढीको गतिमा हुन्छ । उस्तै उस्तै देखिएका कुराहरू पनि दुरूस्त उस्तै कदापि हुन्नन् । वस्तुहरू क्रमिक रूपमा उकालो वा ओरालोतिर लाग्ने प्रक्रियामा हुन्छन् । त्यसमा आएको मात्रात्मक हेरफेर हामीलाई तुरून्तै याद हुन्न मात्रै; गुणमै हेरफेर आएपछि मात्रै हामीलाई याद हुन्छ वस्तु त पूरै बदलिएछ भन्ने कुरा । परन्तु कुनै पनि गुणको हेरफेर एक्कासी आएको हुँदैन । मात्रामा हेरफेरले नै कालान्तरमा गुणमा हेरफेर ल्याउँछ । अधिभूतवादको एउटा मुख्य सीमा नै यही हो कि त्यसले वस्तुको मात्रात्मक हेरफेरलाई मात्र देख्छ र विश्लेषण गर्छ । वस्तुमा आउने गुणात्मक हेरफेरलाई त्यसले देख्न र व्याख्या विश्लेषण नै गर्न सक्दैन । तसर्थ, अधिभूतवादीहरूको शब्दकोषमा 'बृद्धि' भन्ने शब्द मात्रै हुन्छ, 'बिकास' शब्द उनीहरूको धारणामा रहँदैन । मात्रामा हेरफेर बृद्धि हो, गुणमै नयाँ उँचाइमा हेरफेर बिकास हो । बृद्धि र बिकास पनि अलग थलग कुरा होइनन्, ती आपसमा संवन्धित कुरा हुन् ।

यस हिसावले अधिभूतवाद प्रकृतिविज्ञान आजको उँचाइमा विकास नहुँदाताकाको दर्शन हो, यो यन्त्र विज्ञानले मात्र विकास गर्दा ताकाको सत्रौं अठारौं शताब्दीको दर्शन हो । यही कारणले यसले नाङ्गो आँखाले ठम्याउन सक्ने यान्त्रिक गतिलाई मात्र गति भन्ठान्छ र यान्त्रिक गतिकै नियमलाई त्योभन्दा उन्नत प्रकारका तमाम गतिहरूमा जबर्जस्ती लागू गर्न खोज्छ । यहींनेर अधिभूतवाद नराम्ररी फेल खान्छ ।

हो, यन्त्र विज्ञानमा वस्तुहरूको संख्यामा घटबढ हुनु, वस्तुहरूले ठाउँ सर्नु, वस्तु घडीको सुईंभैं फन्फन्ती घुम्नु, वस्तुहरू एउटा मेशीनमा भैं अलग थलग पार्टपूर्जाको रूपमा रहनु जस्ता घटनाहरू मात्र हुन्छन् । त्यसमा एउटा वस्तु बिल्कुलै नयाँ अर्को वस्तुमा रूपान्तरित हुने क्रियाहरू देखिंदैनन् । तर, भौतिकविज्ञान, रसायनविज्ञान, जीवविज्ञान र समाजविज्ञानमा त बस्तुहरूको मात्रामा हेरफेरको फलस्वरूप गुणात्मक हेरफेर नै देखापर्ने गर्छ । $O_2$ अर्थात् अक्सीजनको २ वटा परमाणुबाट हामीले सास लिन प्रयोग गर्ने अक्सीजन ग्याँस बन्दछ । $O_3$ अर्थात् त्यही परमाणु तीनवटा भयो भने बिल्कुलै नयाँ अर्को वस्तु ओजोन बन्दछ । सामान्य वातावरणीय प्रेसरमा पानी १०० डिग्री तातिंदा बाफ बन्दछ । तर त्यही पानी ५५० डिग्री तताइयो भने प्लाज्मामा परिणत हुन्छ । यही वास्तविकता यन्त्रविज्ञानले ठम्याउन सक्दैन ।

यन्त्रविज्ञानमा यान्त्रिक गतिको कारण बाहिरी बल हुनेगर्छ । परन्तु उन्नत प्रकारको विज्ञानमा तमाम प्रकारका गतिको कारण बाहिरी बल हुनेगर्दैन । बस्तुमा निहित अन्तरविरोधी पक्षहरू नै गतिको कारण हुनेगर्छ । अधिभूतवादले गतिको कारणसंवन्धी निचोड खालि यन्त्रविज्ञानबाट निकालेको देखिन्छ । त्यसैले, अधिभूत-वादीहरूका धारणा के रहेको छ भने संसारमा गतिको कारण बाहिरी बल हो ।

द्वन्दवाद अत्याधुनिक विज्ञानमा आधारित छ । तसर्थ, अधिभूतवादको ठीक विपरीत द्वन्दवादले के धारणा राखेको छ भने संसारका तमाम वस्तुहरूको गतिको स्रोत बाहिरी बल होइन । वस्तुहरूमा निहित अन्तविरोधी पक्ष नै गतिको आधारभूत कारण हो । द्वन्दवादका अनुसार कुनै पनि वस्तु र घटनामा एउटा पक्ष वा पाटो मात्र हुँदैन, त्यसको ठीक विपरीत पक्ष वा पाटो पनि साथसाथै अस्तित्वमा रहिरहेको हुन्छ । विपरीत पक्षहरू वा पाटाहरू आपसमा विरोधी मात्र हुन्नन्, तिनीहरूले अर्कोलाई प्रभावित पारिरहेका पनि हुन्छन् । एकले अर्कोभित्र प्रवेश गरिरहेका पनि हुन्छन्, एउटा अर्कोमाथि अन्तर्निर्भर पनि हुन्छ । विपरीत पक्षहरू आपसमा संघर्षरत पनि हुन्छन्, सह-अस्तित्वमा पनि हुन्छन् । उनीहरूबीच सँघर्ष र एकता साथसाथै चलिरहेको हुन्छ । यहाँ एकताको अर्थ मेल होइन, साथसाथ अस्तित्व हो, एकै समयमा र स्थानमा विपरीत पक्षहरूको उपस्थिति हो, अन्तर्निर्भरता हो । द्वन्दवादका अनुसार, बस्तुहरूको यान्त्रिक गति मात्रै बाहिरी बलले गर्दा हुन्छ; अरू तमाम प्रकारका गतिहरू विपरीत पक्षहरूको द्वन्द र अन्तरप्रवेशले गर्दा हुन्छ, विपरीत पक्षहरूको संघर्ष र एकताले गर्दा हुन्छ । कुनै पनि वस्तु बाहिरी बलले गर्दा होइन, विपरीत पक्षको आपसी अन्तरविरोधले गर्दा आफैं गतिमा हुन्छ । यो स्वगतिमा हुन्छ । हरेक वस्तुमा बाहिरी बलले पैदा गरेको गति-अधिभूतवादको गतिसंवन्धी धारणा हो भने त्यसको ठीक विपरीत, अन्तरविरोधी पक्षहरूको द्वन्द र अन्तरप्रवेशले गर्दा पैदा भएको स्वगति-द्वन्दवादको गतिसंवन्धी धारणा हो ।

द्वन्दवादका अनुसार संसारमा त्यस्तो कुनै वस्तु हुँदैन, जसमा अन्तरविरोधी पक्ष हुँदैनन् । बिना अन्तरविरोध कुनै पनि वस्तु अस्तित्वमा हुँदैन ।

हामी जीवित मान्छे बाँचिरहेको मात्र देख्छौं । त्यसको विपरीत पाटो देख्दैनौं । वास्तविकता चाहिं के हो भने जीवन सँगसँगै मृत्यु पनि अस्तित्वमा रहिरहेकै हुन्छ । मान्छे बाँचिरहँदा ऊ हरेक क्षण मृत्युको भन्-भन् नजिक पनि पुगिरहेकै हुन्छ । जस्तो देखिन्छ, त्यस्तै मृत्यु कुनै अकस्मात घट्ने घटना होइन । यो एउटा अत्यन्त लामो प्रक्रिया हो । जीवन आफैं एउटा अन्तरविरोध हो । प्रत्येक क्षण शरीरका कैयन् कोषहरू मरिरहेका हुन्छन्, अरू कैयन् नयाँ कोषहरू पैदा भइरहेका पनि हुन्छन् । कालान्तरमा शरीरका पुराना कोषहरू पूरापूर बदलिसकेका हुन्छन् र नयाँ अणुहरूले तिनीहरूको स्थान लिइसकेका हुन्छन् । त्यसैले कुनै पनि जीवित वस्तु उही हो पनि र होइन पनि । उही हो भनौं भने बालक रामप्रसादको शरीर बृद्ध रामप्रसादमा बदलिरहेको हुन्छ र अन्ततः ऊ मर्छ । उही होइन भनौं भने रामप्रसाद बालकदेखि बृद्ध हुँदासम्म रामप्रसाद नै रहिरहन्छ ।

हामी बगिरहेको खोलामा पाइला टेक्न खुट्टा उचाल्छौं । गतिशील खोला उही हो । भनुँ भने हामीले पाइला टेक्न खुट्टा उचाल्दा खोलामा जुन पानी थियो, पाइला खोलामा पुग्दा त्यो पानी कहाँ पुगिसकेको हुन्छ । उही होइन भनुँ भने खोला त खोला नै रहिरहेको हुन्छ । तसर्थ, गति आफैं पनि एउटा अन्तरविरोध हो । कुनै वस्तु खास समयमा खास ठाउँमा रहनु पनि त्यो वस्तुले त्यही समयमा त्यो ठाउँ पार गरेर जानु पनि- यो अन्तरविरोधी पक्षको संघर्ष र एकताको नाम नै गति हो ।

❑ *बाँकी अर्को अंकमा*

**नयाँ नयाँ किताब पढेर ज्ञान बटुल्न चाहनेहरुलाई सुनौलो मौका !**

**हाम्रा नयाँ प्रकाशनहरू**

❑ परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति - **फ्रेडरिख एन्गेल्स**

❑ मार्क्सवाद र नेपालमा जनजाति आन्दोलन - **सीताराम तामाङ**

❑ वाल सिपाही चाङ का-ज : (उपन्यास) - **श्वी क्वाङ-याओ**




प्रगति पुस्तक सदन,
डिल्लीबजार, काठमाण्डौ फोनः ४२१०७५

**श्री ५ महाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको ५५ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफप्रति हार्दिक**

**शुभ-कामना**

**चढाउँदै मौसूफको सुस्वास्थ्य, समृद्धि तथा सुकीर्तिका लागि हार्दिक कामना गर्दछौं ।**

**राष्ट्रिय वाणिज्य बैंक**
*परिवार*

**के अँध्यारो समयमा पनि**
**गीतहरू गाइने छन् र ?**
**हो, गीतहरू गाइने छन् ।**
**त्यसबेला अँध्यारोकै बारेमा**
**गीतहरू गाइने छन् ।**
***- बर्तोल्त ब्रेख्त***

अँध्यारो समय र काला दिनहरूको विरोधमा गीत गाउदै हिंड्ने, दिन र रातका भयावह दृष्यहरूलाई रंगमञ्चमा उतार्ने र सुखद भविष्यका कथाहरू सुनाउँदै हिंड्ने विश्वविख्यात लेखकको नाम हो- बर्तोल्त ब्रेख्त ।

# बर्तोल्त ब्रेख्त



## बीसौं शताब्दीका महान कवि-नाटककार

◆ राजेन्द्र महर्जन

बीसौं शताब्दीको जर्मन भाषा, साहित्य र शैलीलाई बेस्कन प्रभावित पार्ने जर्मन साहित्यकारको प्रतीक हो- बर्तोल्त ब्रेख्त । उनले जति अरू कुनै पनि लेखक साहित्यकारले त्यति धेरै प्रभावित पार्न नसकेको दावी गर्नेहरूको कुनै कमी छैन । उनले मूलतः कविता, कथा, नाटक, लेखे । साहित्यका सिद्धान्तहरूमाथि हस्तक्षेप गर्ने क्रममा सैद्धान्तिक लेखहरू लेखे । उनको सम्पूर्ण लेखनको मूल सरोकारको विषय थियो- मानिसहरूलाई अन्ध-विश्वासहरूबाट मुक्त पार्न सघाउ पुऱ्याउनु । मानिसहरूमा सन्देह, सवाल र आलोचनात्मकताको विकास गर्नु । समग्रमा भन्ने हो भने वैज्ञानिक समाजवादी चेतनाले लैश पार्नु ।

उनी पटक पटक भन्ने गर्थे- 'आँखा चिम्लेर विश्वास गर्न छोड्नुस् र कुनै पनि कुरा स्वीकार्नुभन्दा अगाडि प्रश्न सोध्नुस्' । उनको मुख्य चिन्ता र चिन्तनको विषय थियो- स्थापित समाजको चिन्तन र सबैयालाई बदल्नु । स्थापित समाज, त्यसका प्रभुहरू र शासकहरूप्रति जनताको मनमा सन्देह र सवाल जन्माउनु उनको लेखनको अभीष्ट थियो । त्यसैले उनी भन्ने गर्थे - आफूलाई शासन गर्नेहरूप्रति शासित वर्गमा अविश्वास उत्पन्न हुनुभन्दा अर्को ठूलो सन्देह के हुनसक्दछ ?

स्थापित समाजको चिन्तन र दिशा फेर्नको लागि उनले आफ्नो कलमको धारले जर्मनीका हिटलरको फासीवाद र अमेरिकी साम्राज्यवादको विरूद्ध तीखो प्रहार गरेका थिए । त्यति मात्र होइन, उनले आफ्ना कविताहरूमा तथाकथित मार्क्सवादीहरू र कम्युनिष्टहरूको यान्त्रिक चिन्तन र कार्यशैलीमाथि पनि तीखो कटाक्ष गरेका थिए । त्यसलाई उनी एक प्रतिवद्ध मार्क्सवादी रचनाकारद्वारा चलाइएको आन्तरिक संघर्षको रूपमा व्याख्या गर्दथे ।

सचेत, आलोचक र विवेकशील मानवको निर्माणका लागि कविता, कथा, नाटकजस्ता 'सफ्टवेयरहरू'-को निर्माणमा क्रियाशील ब्रेख्तलाई स्थापित समाजका प्रभुहरूले कहिले पनि कायल पार्न सकेनन् । आफ्ना विचार र कर्मका कारण उनी नाजीहरूका कट्टर शत्रु भए । जब, हिटलर जर्मनीमा फासीवादको हतियारसहित सत्तासीन भए, तब सबैजसो लेखक, कलाकार र बैज्ञानिकहरू निर्वासित हुन विवश भए । ब्रेख्तले पनि आफ्नो देश छाडेर भाग्नु पऱ्यो, किनकि नाजी सैनिकहरूको 'हिटलिष्ट' मा उनको नम्बर पाँचौं स्थानमा थियो ।

स्केण्डिनिभियाई देशहरूको लामो प्रवासपछि सन् १९४१ मा अमेरिका पुगेका ब्रेख्तले त्यहाँ पनि अमेरिकी फासीवादको सामना गर्नुपऱ्यो । १९४७ मा म्याकार्थीको नेतृत्वमा गठित अमेरिकाविरोधी गतिविधिसम्वन्धी हाउस कमिटी अगाडि उनले पनि अभियुक्तको रूपमा प्रस्तुत हुनुपऱ्यो । चार्ली च्याप्लीन लगायत हलिउडका दशजना सर्वश्रेष्ठ लेखक, कलाकार र निर्देशकहरूसमेत अमेरिकी फासीवादको शिकार भएको बेला प्रतिबद्ध मार्क्सवादी ब्रेख्त कहाँ बच्न सक्थे ! उनी पनि चार्ली च्याप्लीनजस्तै अमेरिका छाडेर यूरोपतिर बसाइँ सरे । त्यसपछि उनले स्वीजट्रल्याण्ड हुँदै जनवादी पूर्वी जर्मनीलाई आफ्नो वैचारिक र साहित्यिक कार्यथलो बनाए ।

सन् १९५६ मा बर्लिनमा दिवंगत भएका ब्रेख्तले कहिले पनि साहित्यसम्बन्धी परम्परागत सरकारी सिद्धान्तलाई आँखा चिम्लेर स्वीकार गरेनन् । त्यसैले पूर्वी जर्मनी र सोभियत संघका राजनीतिक र सांस्कृतिक नेताहरूबाट उनले कहिले पनि प्रशंसा पाउन सकेनन् । उनी प्रसिद्ध सोभियत लेखक म्याक्सिम गोर्कीको 'समाजवादी यथार्थवाद'लाई कलाको अन्तिम रूप मान्न तयार थिएनन् । उनलाई लागेको थियो- 'समाजवादी यथार्थवादमार्फत् समकालीन संसारको समग्रतालाई पूरै पक्रन गाह्रो छ ।'

उनको यो नयाँ विचारलाई समाजवादी शिविरका राजनैतिक -सांस्कृतिक नेताहरूले सैद्धान्तिक विचलनका रूपमा व्याख्या गरेका थिए । ब्रेख्तले समाजवादी यथार्थवादलाई सम्पूर्ण रूपमा अस्वीकार गरेका भने थिएनन्, अन्यथा उनले गोर्कीको 'आमा' उपन्यासलाई नाट्य रूप दिने थिएनन् । यस्ता आलोचनाका बावजूद उनी आफ्नो सांस्कृतिक कर्ममा प्रतिबद्धताका साथ लागीरहे । उनी भन्ने गर्थे- बदलिंदो विश्वमा सिद्धान्तलाई पनि माझ्नु पर्दछ, फेर्नु पर्दछ, र नयाँ रूपमा उठाउनु जरूरी

'ब्रेख्त पढौं' शीर्षकमा 'सिर्जनाः चैत्र-३' ले यही पुस १३ गते काठमाण्डौमा एउटा छलफल कार्यक्रमको आयोजना गरको थियो । म्याक्सिम गोर्की र लुस्यूनको तुलनामा नेपालका प्रगतिशील लेखकहरूद्वारा अत्यन्त कम पढिएका तर साहित्यिक शक्ति र सौन्दर्यको दृष्टिले म्याक्सिम गोर्की र लुस्यूनकै उँचाइमा रहेका बर्तोल्त ब्रेख्तबारे त्यस दिन साहित्यकारहरूले गंभीरतापूर्वक आफ्ना विचारहरू प्रकट गरे ।

त्यसो त केही गंभीर तथा अध्ययनशील लेखकहरूले छिटपुट रूपमा मात्रै भए पनि तीन दशक अगाडिदेखि नै ब्रेख्त पढ्न थालेका थिए । थोरै भएपनि ब्रेख्तका छोटा कविता र कथाहरू तीन दशक अगाडिदेखि नै नेपालीमा अनुवाद भएर प्रकाशित भएका छन् । तर नेपाली साहित्यको प्रगतिशील फाँटले ब्रेख्तलाई चाहिँदो मात्रामा नेपाली साहित्यमा भित्र्याएन । त्यसका अनेकौं कारणहरूमध्ये एउटा कारण नेपालको प्रगतिशील साहित्य अनावश्यक रूपमा राजनीतिक पार्टीको संकीर्ण सांस्कृतिक चिन्तनधाराव्दारा निर्देशित भइरहनु हो । नेपालका थरिथरिका कम्युनिष्ट पार्टीका सांस्कृतिक संगठनहरूले ब्रेख्तलाई गोर्की र लुस्यूनलाई झैं पढ्नु पर्ने लेखकको रूपमा स्वीकार गरेनन् । त्यसैले प्रगतिशील वृत्तमा समेत ब्रेख्त त्यति पढिएनन् । अझैं पढिएका छैनन् ।

'ब्रेख्त पढौं' शीर्षकमा पुस १३ गते सम्पन्न भएको छलफल कार्यक्रममा ब्रेख्तका नेपाली पाठकहरूको स्थितिका बारेमा चर्चा

### *जर्मनीका प्रसिद्ध कवि तथा नाटककार ब्रेख्त भन्छन्:*

❑ आजको परिस्थितिमा कुनै पनि व्यक्तिले मार्क्सवादको ज्ञान र समाजवादी दृष्टिकोणविना न त यथार्थको बोध गर्नसक्छ, न त वर्तमानको जानकारीमा विकास गर्नसक्छ ।

❑ मेरो विचारमा साहित्यले विशेषरूपले द्वन्दात्मक भौतिकवादको अध्ययन र सामन्यरूपमा जन-समुदायको सामूहिक मेधाको अध्ययनमार्फत् आफ्नो विकास गर्दछ - हामी आफ्नो राज्यको निर्माण केही तथ्यांकहरू र आँकडाहरूका उपलब्धि हासिल गर्नका लागि होइन, बरू ऐतिहासिक प्रक्रियाको निरन्तरताका लागि गर्नेछौं ।

❑ साहित्यले रूसीहरू, सैनिक र पुलिसहरूको संरक्षण प्राप्त 'आदर्श' क्षेत्रको निर्माणमा सहायकको भूमिका खेल्न सक्दैन - सम्पूर्ण जर्मनीलाई कुनै थोत्रो पुरानो बनीबनाउ मानदण्डबाट क्रान्तिकारी लक्ष्यसम्म लान सकिँदैन । ❑



*नेपाली साहित्यको प्रगतिशील फाँटले ब्रेख्तलाई चाहिँदो मात्रामा नेपाली साहित्यमा मिश्र्याएन, किन होला ?*

# ब्रेख्त सम्बन्धी छलफलको शुरूवात

हुँदा सहभागी साहित्यकारहरूले उपर्युक्त विचारहरू पनि व्यक्त गरेका थिए ।

छलफल कार्यक्रमको प्रारम्भमा 'सिर्जना चैत्र-३' का संयोजक राजकुमार के.सी.ले ब्रेख्तजस्तो प्रतिबद्ध मार्क्सवादी लेखकको योगदानका बारेमा छलफल र अन्तर्क्रिया गर्न एक वर्ष अगाडिदेखि नै प्रयास गरिएको तर व्यवस्थापकीय तथा अन्य कमजोरीहरूले गर्दा गर्न नसकिएको बताउनु भयो । उहाँले ढीलै भए पनि ब्रेख्तजस्तो अत्यन्त प्रतिभाशाली साहित्यकारको बारेमा छलफलको शुरूवात गर्न सकिएकोमा प्रसन्नता पनि व्यक्त गर्नुभएको थियो ।

त्यसपछि 'सिर्जनाः चैत्र- ३' का सदस्य गोविन्द वर्तमानले ब्रेख्तको संक्षिप्त जीवनी सुनाउनुका साथै जर्मन साहित्य र ब्रेख्तसम्बन्धी अध्येता भारतीय विद्वान मोहन थपलियालले लेख्नु भएको ब्रेख्तको व्यक्तित्व र विचारहरू झल्कने 'दुःखका कारणहरूको खोजी गर्ने स्रष्टा' शीर्षकको रचना पाठ गर्नुभएको थियो ।

छलफल कार्यक्रममा त्यसपछि कवि पुरूषोत्तम सुवेदी, कथाकार तथा उपन्यासकार नारायण ढकाल, कवि तथा निबन्धकार विमल निभा, कवि तथा कथाकार हरिगोविन्द लुईंटेल, लेखक तथा पत्रकार राजेन्द्र महर्जन, कवि स्नेह सायमि, कवि राजेन्द्रप्रसाद अधिकारी, कवि मित्रलाल पंज्ञानी र वरिष्ठ साहित्यकार खगेन्द्र संग्रौलाले ब्रेख्तसम्बन्धी आफ्ना विचार र पठन-संस्मरणहरू सुनाउनुभएको थियो ।

कथाकार खगेन्द्र संग्रौलाले बर्तोल्त ब्रेख्तका कतिपय विचारहरू स्थापित मार्क्सवादी मान्यताको साँघुरो चौघेरोभित्र नअट्ने देखिएको तथ्य बताउँदै संभवतः त्यही कारणले नेपाली प्रगतिशील साहित्यकारहरू माझ ब्रेख्त ढिलो गरी आइपुगेको कुरा बताउनुभएको थियो । त्यस अवसरमा श्री संग्रौलाले ब्रेख्तको अत्यन्त गंभीर रचनामध्ये एक रचना 'सत्य लेख्नुपर्दा आइपर्ने पाँच कठिनाइहरू' अंग्रेजीबाट नेपालीमा अनुवाद गरेर सुनाउनुभएको थियो । त्यस अवसरमा शिक्षिका लक्ष्मी मालीले मोहन थपलियालद्वारा हिन्दीमा अनुदित ब्रेख्तका कविताहरू सुनाउनुभएको थियो । त्यस्तै, सो अवसरमा ब्रेख्तका अन्य कविता र लघुकथाहरू पनि वाचन गरिएको थियो ।

'ब्रेख्त पढौं' शीर्षकमा आयोजना गरिएको सो कार्यक्रम ब्रेख्तसम्बन्धी अध्ययन अघि बढाउने क्रमको एउटा शुरूवात मात्र भएको कुरा आयोजकहरूले बताएका छन् । ब्रेख्तका नाटक र कविताले निर्माण गरेको मूल्यवत्तालाई नेपाली पाठकहरूमाझ फैलाउन ब्रेख्तसम्बन्धी अझ ठूला कार्यक्रमहरू आयोजना गरिने कुरा 'सिर्जना चैत्र- ३' ले जनाएको छ । ❑

## रातीको लागि ओछ्यान

❑ बर्तोल्त ब्रेख्त

मैले सुनेको छु- न्यूयोर्कमा  
छब्बिसौं सडक र ब्रोडवेको कुनामा  
जाडोमा हरेक साँझ  
एउटा मानिस उभिन्छ  
र बटुवाहरूलाई अनुरोध गरेर  
घर नहुनेहरूका लागि  
जुटाइदिन्छ रातीको ओछ्यान

यसबाट संसार बदलिंदैन  
यसबाट मानिसहरूको  
आपसी सम्बन्ध सुध्रिंदैन  
यसबाट शोषणको सिलसिला  
सानो भइहाल्दैन  
तर यसबाट केही मानिसहरूलाई  
रात बिताउन  
ओछ्यान उपलब्ध हुनजान्छ  
एक रात उनीहरू स्याँठबाट जोगिन्छन्  
उनीहरूमाथि खस्ने हिउँ  
सडकमाथि खस्नपुग्छ ।

पाठक ! यो पढेर तपाईं  
यस किताबलाई बन्द नगर्नु होला  
केही मानिसहरूसँग  
एक रातकै लागि भए पनि ओछ्यान छ  
एक रात उनीहरू स्याँठबाट जोगिन्छन्  
उनीहरूमाथि खस्ने हिउँ सडकमाथि खस्छ  
तर यसबाट संसार बदलिंदैन  
यसबाट मानिसहरूको आपसी सम्बन्ध सुध्रिंदैन  
यसबाट शोषणको सिलसिला सानो भइहाल्दैन ।

◆ *हिन्दीबाट अनुः गेहेन्द्र अधिकारी*


हुन्छ । यस्तो स्थितिमा नाटकहरूको रूपमा नयाँपन ल्याउनु र लेखनमा नयाँ नयाँ प्रयोगहरू गर्नु जरूरी हुन्छ ।

उनी एउटा मानवीय, सुन्दर र स्वस्थ समाजका आकांक्षी लेखक-कलाकार थिए । त्यस्तो समाज, जहाँ कुनै एउटा अल्पसंख्यक वर्गको थिचोमिचो, प्रभुहरूको प्रभुत्व र कुनै एकल वीर नेतृत्वको आवश्यकता नहोओस्, सबै मानिसहरू विवेकशील, आलोचक र नेतृत्व गर्न सक्षम होऊन् भन्ने उनी चाहन्थे । 'ग्यालिलियोको जीवन' नामक महत्वपूर्ण नाटकमा उनले सचेत, संगठित, वीर मानिसहरूको देश र संसारको बारेमा लेखेका थिए ।

नाटकमा ग्यालिलियोका प्रिय छात्र आन्द्रेया भन्छन्- 'त्यो मुलुक अभागी देश हो, जहाँ वीरहरूको कमी छ ।'

त्यसको जवाफमा ग्यालिलियो भन्छन्- 'अभागी देश भनेको त्यस्तो देश हो, जुन देशमा वीरहरूको आवश्यकता हुन्छ ।'

सबै मानिसहरू वीर हुने, शक्तिशाली र सामर्थ्यवान हुने खालको समाजको स्थापनासम्बन्धी मीठो सपनालाई बीसौं शताब्दीका कुनै पनि हिटलर र म्याकार्थीहरूले मार्न सकेनन् । बीसौं शताब्दी भनेको त्यस्तो समय हो, जुनबेला रूख र जीवनको कविता लेख्नु र सुन्दर समाजको कल्पना गर्नुलाई समेत दण्डनीय अपराध ठानिन्थ्यो । बीसौं शताब्दीको अवशानपछि भुल्किएको एक्काइसौं शताब्दीको समय भनेको सुन्दर, स्वस्थ समाज कुँद्ने बेला हो । ब्रेख्तका कथा, कविता र नाटकहरूले, उनको क्रियाशील जीवन र कर्मले सबै श्रमशील जीवनहरूलाई नयाँ प्रेरणा, नयाँ क्षितिज दिनसक्छन्, अँध्यारा रात र काला दिनहरूलाई विदा दिन, सुन्दर भविष्यको गीत गाउन ब्रेख्तले नयाँ धून, नयाँ ताल दिन सक्छन् । त्यसैले यतिखेर भन्नै पर्ने कुरा हो- ब्रेख्तलाई पढौं, गुनौं अनि उनबाट सिकौं । ❑

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको ५५ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफप्रति हार्दिक शुभ-कामना चढाउँदै मौसूफको सुस्वास्थ्य, समृद्धि तथा सुकीर्तिका लागि हार्दिक कामना गर्दछौं ।

जनक शिक्षा सामग्री केन्द्र लि. परिवार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको ५५ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफप्रति हार्दिक शुभ-कामना !

ऋषिराज लुम्साली  
सभापति तथा  
कञ्चनपुर जिल्ला विकास समिति  
परिवार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको ५५ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसूफप्रति हार्दिक शुभ-कामना !

विष्णु घिमिरे  
सभापति तथा  
चितवन जिल्ला विकास समिति  
परिवार

# चीन, चीनको कम्युनिष्ट पार्टी चीनका नेताहरू कता जाँदैछन् ?

## अमेरिकाका विश्वप्रसिद्ध माओवादी लेखक विलियम हिन्टनसँगको विचारोत्तेजक कुराकानी

*हाम्रो छिमेकी देश चीन, कम्युनिष्टहरुले क्रान्ति गरेको चीन, माओ त्से तुङ र चाओ एन-लाईको चीन आज कता जाँदैछ ? पहिलेको नयाँ जनवादी चीन ५०वर्षपछि आज कतातिर लम्कदैछ ? समाजवादतिर कि पूँजीवादतिर ? चीनको कम्युनिष्ट पार्टी, त्यहाँका नेता र मन्त्री-प्रधानमन्त्रीहरु कता दौडदैछन्- शोषणविहीन समाजको निर्माणतिर कि अमानवीय शोषण हुने पुरानै पूँजीवादी व्यवस्थाको पुनर्स्थापनातिर ?*

*नेपाल लगायत विश्वभरिका कम्युनिष्ट पार्टीका नेता, कार्यकर्ता र समर्थकहरुको मन-मस्तिष्कमा यस्ता सवालहरु धेरै नै उब्जिरहेका छन् । उनीहरुले आ-आफ्नो अनुभव र ज्ञानको आधारमा यसका सही जवाफहरु खोज्ने प्रयासहरु गरिरहेकाछन् । तर कस्तो विडंवना भने, चिनियाँ कम्युनिष्ट पार्टीद्वारा शासित चीनमा यस्ता प्रयासहरुमाथि भने बन्देज लगाइएको छ ।*

*चीनको सरकारले सन् १९९२ मा एउटा आदेश जारी गर्दै चीन समाजवादतिर जाँदैछ कि पूँजीवादतिर जाँदैछ भन्ने विषयमा हुने बहस-विवादमाथि प्रतिबन्ध लगाइसकेको छ । सरकारले यस विषयमा प्रतिबन्ध लगाएता पनि असन्तुष्ट चिनियाँ विद्यार्थीहरुको मनमा, काम-माम नपाएका चिनियाँ मजदूर र किसानहरुको मस्तिष्कमा यस्ता सवालहरु उठिरहेका छन्- साँच्चै हामी, हाम्रो देश र हाम्रो राजनैतिक-आर्थिक र सांस्कृतिक व्यवस्था कतातिर जाँदैछ, समाजवादतिर कि पूँजीवादतिर ? र, उनीहरु यसको सही जवाफ खोजेर अगाडि बढ्ने प्रयत्न गरिरहेका छन् ।*

*यस्तै प्रयत्नहरुलाई विस्तार र गहिराइ प्रदान गर्ने मनसायले हामीले विश्व कम्युनिष्ट आन्दोलनको एउटा अत्यन्त जल्दोबल्दो सवाललाई अन्तर्क्रियाका लागि यहाँ प्रस्तुत गर्दछौं- चीन, चीनको कम्युनिष्ट पार्टी र त्यसका नेताहरु कता जाँदैछन् ?*

*श्रद्धेय नेता माओ त्से तुङको नेतृत्वमा चीनमा नयाँ जनवादी क्रान्ति भएको पचासौं वर्षगाँठको उपलक्ष्यमा, चिनियाँ क्रान्तिका उतार-चढावहरुको बारेमा गहिरो अध्ययन गरिरहेका अमेरिकाका विश्वविख्यात माओवादी लेखक र कृषिविद् विलियम हिन्टनसँगको विचारोत्तेजक कुराकानी हामी यहाँ प्रस्तुत गर्दछौं । विद्वान हिन्टन एउटा सेमिनारको सिलसिलामा नयाँ दिल्लीमा आउँदा 'लोकदस्ता' का मित्रहरुले लिएको यो अन्तर्वार्तामा उनले नयाँ जनवादी र समाजवादीकालको चीनको समाज, पार्टी र सरकारमा चलेको वर्गसंघर्षका बारेमा विस्तृत समीक्षा गरेका छन् । यसमा चिनियाँ कम्युनिष्ट पार्टीका उच्चपदस्थ नेताहरु ल्यू शाओ चि र देङ शियाओ पिङको दक्षिणपन्थी विचार कसरी हावी भयो ? भन्ने विषयमा नयाँ नयाँ तथ्यहरुसहित आफ्नो तीखो विश्लेषण राखेका छन् ।*

*अन्तर्वार्तामा माओको उच्च मूल्यांकन गर्दै आफूलाई माओवादी भन्न रुचाउने हिन्टनले माओका कट्टर समर्थक, महान सर्वहारा सांस्कृतिक क्रान्तिका वाहकहरुका रुपमा प्रख्यात चियाँग चिङ, चाङ चून चिआओ, याओ वेन युआन र हान वेन सम्मिलित 'चार जनाको समूह'का क्रियाकलापहरुको बारेमा पनि विचारोत्तेजक भनाइहरु राखेका छन् । पूँजीवादी खेमामा र वर्तमान चीनको कम्युनिष्ट पार्टीलाई समर्थन गर्नेहरुमाझ 'ग्यांग अफ फोर' (चारजनाको समूह) नामले चर्चित ती चारजना नेताहरुका बारेमा उनले प्रस्तुत गरेका तथ्य र विचारहरूले नयाँ बहसको सिर्जना गर्न सक्छ ।*

*-राजेन्द्र महर्जन*




*माओ त्से तुङ र देङ सियाओ पिङ, १९६९*

❑ *आफ्नो बारेमा केही बताउनुस् न ।*

- खै कहाँबाट शुरू गरूँ, मैले ठम्याउन सकिरहेको छैन । म अमेरिकाको एउटा मध्यमवर्गीय परिवारमा जन्मेको हुँ । मेरी आमा स्कूलकी शिक्षिका हुनुहुन्थ्यो । र, मेरा पिता वकिल हुनुहुन्थ्यो । उहाँहरू आम रूपमा साम्राज्यवादविरोधी हुनुहुन्थ्यो । फिलिपिन्समा अमेरिका घुसेको उहाँहरूले मनपराउनु भएन । मेरो पृष्ठभूमि यस्तो खालको थियो ।

जब म १७ वर्षको भएँ, तबसम्ममा मैले यो संसारमा बाँच्ने तरिका सिकिसकेको थिएँ । त्यसपछि मैले पहिलो पटक अमेरिका छोडें । जापानमा मैले एउटा अखवारमा ७ महिनासम्म काम गरें । यो कुरो १९३७ तिरको हो, त्यसैबेला जापानले चीनमाथि आक्रमण गरेको थियो ।

म पूरै संसार घुमेर रूस पुगें, त्यसपछि मात्रै आफ्नो घर फर्के । यसरी मैले विशेष गरी एशियाको, त्यसमा पनि अलिकति बेसी जापान र चीनको अनुभव बटुलें । म उत्तर पूर्वी चीन पनि गएको थिएँ, तर त्यसबेला म राजनीतिक रूपले त्यति धेरै सचेत भइसकेको थिइनँ । त्यसबेला चीनमा कुनै क्रान्ति भइरहेको छ भन्ने कुराप्रति पनि त्यति धेरै सचेत थिइनँ । त्यसबेला (सन् १९४२ तिर) मेरो राजनीतिक बुझाइ कति मात्रै थियो भने म आफूलाई शान्तिवादी भन्ठान्थें । म सेनामा पनि भर्ती भइँन । जब अमेरिका विश्वयुद्धमा सहभागी भयो, तव मलाई एउटा श्रमशिवीरमा पठाइयो ।

संयोगले त्यसबेला एडगर स्नोको Red Star Over China ('चीनको आकाशमा रातो तारा') नामक माओको जीवनीमा आधारित ऐतिहासिक किताब मैले पढ्ने मौका पाएँ । त्यसले मेरो जिन्दगीलाई पूरै बदलिदियो । त्यसपछि मैले निर्णय गरें- अब म शान्तिवादी भइरहन सक्दिनँ ! मैले अमेरिकी सेनामा भर्ती हुन चाहें । तर मेरो कानको पर्दामा परेको प्वालका कारणले त्यो संभव भएन । म फेरि एक पटक चीन फर्कन चाहेको थिएँ । त्यो किताबले ममाथि यति धेरै प्रभाव पारेको थियो कि म चीन जानका लागि पूरै उत्ताउलो भएको थिएँ ।

अन्ततः मलाई एउटा सानो काम प्राप्त भयो । अमेरिकी सरकारको एउटा प्रचार एजेन्सीका लागि युद्धसम्वन्धी सूचनाहरू जम्मा गर्नु , यही मेरो काम थियो । पछि गएर यही




# को हुन् विलियम हिन्टन ?

*विलियम हिन्टन । उमेर करीब करीब अस्सी वर्ष । पूँजीवादीहरूको नाइके देश–अमेरिकाको शिकागोमा जन्म । औपचारिक शिक्षा आर्जन कार्नेल र हार्वर्ड विश्वविद्यालयबाट । जन–राजनीतिसम्बन्धी शिक्षा चाहिँ जनवादी चीन र अध्यक्ष माओबाट । पेशाले अमेरिकी 'फार्मर' र कृषि विज्ञानका विशेषज्ञ । वृत्तिले लेखक । पेन्सिलभेनियास्थित फार्ममा आफ्नी श्रीमती र तीन छोराछोरीसहित कृषिकर्ममा क्रियाशील ।*

*अमेरिकी माओवादी लेखक तथा कृषिविद् विलियम हिन्टनको यो परिचय उनको व्यक्तित्वको एउटा पाटो मात्रै हो । अर्को पाटो, विशेष गरी विश्वप्रसिद्ध लेखक पाटो निकै आकर्षक र पठनीय छ । विगत ५० वर्षभित्र चिनियाँ समाजमा भइरहेका परिवर्तनहरूको लेखाजोखा गरी लेखिएका विश्वप्रसिद्ध किताबहरूका लेखक हुन् –विलियम हिन्टन ।*

*उनको सबैभन्दा विश्वप्रसिद्ध किताबको नाम हो– Fanshen: Documentery of Revolution in a Chinese Village । त्यस किताबमा उनले चीनको लांग बो गाउँमा चालीसको दशकको अन्त्यतिर क्रान्तिको क्रममा शुरू गरिएको भूमिसुधार आन्दोलनमा एक सहभागी र दर्शकको हैसियतले एकत्रित गरेका अनुभवहरूलाई लिखित रूप दिएका थिए । सन् १९४७ देखि १९५३ सम्म मुक्त क्षेत्रमा प्राविधिज्ञ र शिक्षकका रूपमा क्रियाशील रहेका हिन्टनद्वारा लिखित यस किताबमा लांग बो र त्यसवरिपरिका गाउँहरूमा चलेका परिवर्तनका प्रक्रियाहरू, कम्युनिष्ट पार्टीको स्थानीय इकाईमा भएका वैचारिक संघर्षहरू, गाउँले किसानहरूको सुख–दुःख र सबै कुरा फेर्ने अदम्य इच्छा र उत्साहले धेरैलाई प्रभावित पारेका छन् ।*

*१९७१ मा चाओ एन लाईको निमन्त्रणामा पुनः एक पटक लांग बो गाउँमा तीन महिनासम्म बसेर सांस्कृतिक क्रान्तिको उथल–पुथलकारी समयलाई उनले राम्ररी नियालेर हेरे ।*

*१६–१७ वर्षपछि त्यस गाउँमा जाँदा उनले पूँजीवादीहरूविरुद्ध सिंगो चीनमा चलेको संघर्षको झलक त्यहाँ देखे । त्यसपछि उनले Shenfan : the Continuing Revolution in a Chinese Village नामक अर्को किताब लेखे । यो उनको अर्को विश्वप्रसिद्ध किताब बन्यो ।*

*चीनसम्बन्धी विश्वचर्चित किताबहरूका लेखक, चीनको खेतीसम्बन्धी विशेषज्ञका रूपमा विश्वविख्यात व्यक्तित्व विलियम हिन्टनले सन् १९८९ तिर तेस्रो पटक चीन यात्रा गरेका थिए । १९८९ मे–जूनमा देङ्ग शियाओ पिंगको नेतृत्वमा चलिरहेको तात्कालीन चिनियाँ सरकारविरुद्ध भएका विद्यार्थी संघर्षहरूका प्रत्यक्षदर्शी हिन्टनले The Great Reversal, Privatization of China नामक पुस्तक लेखे । त्यसमा उनले चीनको पूँजीवादी भविष्यको बारेमा, बढ्दो भूमिहीनता, असमानता, प्राकृतिक सम्पदाको विनाश र क्रान्तिका महान उपलब्धीको रूपमा प्रख्यात रहेको कम्यूनको विघटन र क्षयको बारेमा ठूलठूला सवालहरू खडा गरेका छन् । त्यसमा उनले किसान, मजदूर र विद्यार्थीहरूको असन्तोष, आक्रोश र विद्रोहका कारणहरू खोतल्ने प्रयास पनि गरेका छन् ।*

*उनका अरू किताबहरू हुन् – (1) Iron Oxen (2) Turning Point in China (3) Hundred Day War (4) Chou En-lai : Conversation with Americans (5) The Great Reversal, Privatization of China.*

*माओ र माओविचार वा माओवादका विषयमा भएका अन्तर्राष्ट्रिय सेमिनारहरूमा पनि आफ्ना विचारोत्तेजक भनाइहरू प्रस्तुत गर्दै आएका हिन्टनका धेरैजसो किताबहरू अमेरिकाको विश्वविख्यात वामपन्थी प्रकाशन संस्था Monthly Review Press ले प्रकाशन गरेको तथ्य यहाँ उल्लेखनीय छ ।* ◉

## 'चीनका जनता फेरिफेरि पनि उठ्नेछन् !'

एजेन्सीलाई रूपान्तरण गरेर USIS (United States Information Service) नामाकरण गरियो । विश्वयुद्ध चलिरहेको त्यस बेलामा त्यो एजेन्सी राष्ट्रपतिको प्रत्यक्ष मातहतमा थियो । ओवेन लाटीमोर नामक विद्वान त्यसको चिनियाँ विभागका प्रमुख थिए । कैयौं उदारवादी र क्रान्तिकारीहरू त्यसमा कार्यरत थिए । सन् १९४०–४५ को समय धेरै नै उथलपुथलकारी थियो । जून शिंग नामक ठाउँमा त्यसको एउटा क्षेत्रीय कार्यालय थियो । सबै वामपन्थी र उदारवादी शक्तिहरूका प्रतिनिधिहरू त्यहाँ विद्यमान थिए । माओ पनि त्यसबेला त्यहाँ आउनुहुन्थ्यो । त्यसबेला उहाँ युद्धपछिको शान्तिपूर्ण समाधानका लागि प्रयासरत हुनुहुन्थ्यो । त्यहीं श्रीमती सन् यात सेनसँग पनि मेरो परिचय भएको थियो ।

मलाई थोरै समयमै चीन र कम्युनिष्ट आन्दोलनको बारेमा धेरै नै कुरा सिक्ने मौका प्राप्त भयो । मेरो जीवनको त्यो धेरै नै महत्वपूर्ण समय थियो । मे देखि डिसेम्बर महिनासम्म यस्तो मौका प्राप्त भइरह्यो ।

त्यो अवधि मेरो लागि धेरै नै रोचक अनुभवले भरिपूर्ण रह्यो । विश्वयुद्धको समाप्तिपछि सबै मानिसहरू घांघाई फर्के । त्यसपछि मलाई फेरि अमेरिका नै फिर्ता बोलाइयो । म फेरि चीन नै फर्कन चाहन्थें । एक वर्षभित्रै त्यस्तो अवसर फेरि प्राप्त भयो । यस पटक एउटा राहत बाँड्ने, United Nations Relief and Rehabilitation नामक संस्थामार्फत् प्राप्त भएको थियो । त्यसबेला संयुक्त राष्ट्र संघको गठन भइसकेको थिएन । संयुक्त राष्ट्र संघको नाममा मुख्य रूपले ब्रिटेन र त्यसका सहयोगी राष्ट्रहरू क्रियाशील थिए । जापान र जर्मनीद्वारा ध्वस्त पारिएका इलाकाहरूमा सहायता पुऱ्याउनका लागि यस संस्थाको गठन गरिएको थियो ।

म उत्तरी चीन जान चाहेको थिएँ । मलाई मुक्त क्षेत्रमा पठाइयो । जुलाई १९४७ मा म कम्युनिष्ट क्षेत्रमा पुगें । त्यहाँ म सात वर्षसम्म (१९४७ देखि १९५३ सम्म) बसें । यो त्यही समयावधि थियो, जब जनमुक्ति सेना (PLA) ले सम्पूर्ण चीनलाई आफ्नो नियन्त्रणमा लिएको थियो ।

म गृहयुद्धको बेला पनि चीनमैं बसें तर मैले पछिसम्म बस्ने मन गरिनँ । म अमेरिकामैं रहन र काम गर्न चाहन्थें । त्यसैले म फर्केर गएँ ।

चीनको यस प्रवासको क्रममा लंग बो (Long Bow) नामक गाउँमा मैले धेरै समय बिताएको थिएँ । त्यहाँ मैले धेरै नै सामग्रीहरू बटुलेको थिएँ । त्यही अनुभव र सामग्रीहरूको आधारमा मैले दुईवटा किताब लेखें– फानशेन (Fanshen) र आइरन अक्सन (Iron Oxen) दोस्रो किताब कृषि मेशिनसँग सम्बन्धित थियो ।

अमेरिकामा आफ्नो पेशा अनुरूप म कार्नेल हाईस्कूल गएँ । त्यहाँ मैले अन्नबाली र डेरीका लागि पशुधनको बन्दोबस्त (Animal Husbandry) को अध्ययन गरें । यसरी आफ्नो सम्पूर्ण जीवनमा किताब लेख्नुको अलावा मैले कृषिको अध्यापकको रूपमा काम गरें ।

❑ *तपाईं आफ्नो विचारधालाई कसरी प्रस्तुत गर्न चाहनुहुन्छ ?*

– माओवादी हुनुभन्दा पहिले म मार्क्सवादी थिएँ । मलाई उदारवादीबाट क्रान्तिकारी बनाउने श्रेय Red Star Over China नामक पुस्तकलाई जान्छ । चीनको मुक्तिपछि मेरो राजनीतिको मुख्य प्रेरक माओ हुनुभयो । म चीनमा सिक्नका लागि गएको थिएँ, सिकाउनका लागि होइन । मसँग सिकाउने कुशलता थियो । तब एउटा राम्रो सम्मिश्रण तयार भयो – म सिकाउन सक्थें र त्यहाँबाट राजनीति सिक्न सक्थें ।

जब फेरि मैले चीन जान चाहें, तब मलाई जान दिइएन । अमेरिकी सरकारले मलाई पासपोर्ट दिन अस्वीकार गऱ्यो । मैले चीन जानका लागि पूरै १५ वर्षसम्म कुर्नु पऱ्यो ।

❑ *के चीनमा पूँजीवादको पूर्नस्थापना भएकै हो त ? यस विषयमा यहाँ के भन्नु हुन्छ ?*

– चीनमा पूँजीवादको पुनर्स्थापना भइसक्यो भनेर म भन्दिनँ । किनकि उनीहरूले राजकीय उद्योगहरू नष्ट गरिसकेका छैनन् । उनीहरू त्यसरी नष्ट गर्न त चाहन्छन् । तर उनीहरूले त्यसो गर्नु संभव भइरहेको छैन । जनताद्वारा त्यस्तो कामको ठूलो प्रतिरोध भइरहेको छ । त्यहाँ मजदूर वर्गको अलग्गै स्थिति छ । तर चीन पूँजीवादतिर अग्रसर भइरहेकोमा कुनै सन्देह छैन ।

❑ *साँस्कृतिक क्रान्तिका बावजूद पनि चीनमा कसरी पूँजीवाद*

*फर्किन सकेको होला ?*

- नयाँ जनवादी क्रान्ति भनेको सामन्तवादविरोधी, साम्राज्यवादविरोधी र नोकरशाही पूँजीपति वर्ग विरोधी क्रान्ति हो । जब त्यो क्रान्ति भइरहेको थियो, तब चीनको कम्युनिष्ट पार्टीमा सहमति थियो । माओले नै नयाँ जनवादी क्रान्तिको विचारलाई सूत्रबद्ध गर्नुभएको थियो । कोमिङ्गताङ्गको हार हुँदासम्म उनीहरूबीच यस्तो सहमतिको वातावरण बनिरह्यो । तर कोमिङ्गताङ्गको हारसँगै क्रान्तिको स्वरूपमा फेरबदल आयो । अब साम्राज्यवादसँग प्रधान अन्तरविरोध रहेन । राष्ट्रिय पूँजीपति वर्ग साम्राज्यवादको पिछलग्गु थिएन । त्यो क्रान्तिको सहयोगी वर्ग थियो । नयाँ जनवादी क्रान्तिको क्रममा मित्र वर्गको रूपमा रहेको थियो ।

एउटा वर्गको हिसावले त्यसले कम्युनिष्ट पार्टीका हरेक नीतिहरूको समर्थन त गर्दैनथ्यो तर आम रूपमा त्यो क्रान्तिको समर्थक थियो । हुन त समाजवादी रूपान्तरणको निशाना पूँजीपति वर्ग नै थियो, तापनि नयाँ जनवादी क्रान्तिकालमा राष्ट्रिय पूँजीपति वर्गसँगको अन्तरविरोधलाई शत्रुतापूर्ण अन्तरविरोध मानिएको थिएन । उनीहरूलाई नियन्त्रणमा राखीछाड्ने नीति पार्टीको थियो । भ्रष्टाचार, घूसखोरी आदिका विरूद्ध चलाइएका आन्दोलनहरू यसैका अंशहरू थिए । तर त्यसबेला के कुरा स्पष्ट थियो भने, समाजवादी क्रान्तिको बारेमा पार्टीभित्र कुनै सहमति बनिसकेको थिएन ।


शुरूवातदेखि नै ल्यू शाओ चि ग्रुपको भनाइ थियो - नयाँ जनवादी क्रान्ति-मिश्रित अर्थव्यवस्थाको कालखण्ड-लामो हुनुपर्दछ । उनीहरूको ठम्याइ थियो - यस्तो अवधिमा राष्ट्रिय पूँजीपति वर्गलाई विकसित गर्ने अनि निजी खेतीलाई पनि फल्नेफुल्ने मौका दिइनुपर्दछ । हुन त भूमिसुधार नयाँ जनवादी क्रान्तिकै अंश थियो तर एक पटक किसानहरूले जमीन पाएपछि पनि यस प्रणालीलाई कैयौं वर्षसम्म जारी राख्ने कोशिस उनीहरूले गरे ।

माओ समाजवादको पक्षमा हुनुहुन्थ्यो । त्यसको अर्थ थियो - खेतीको सामूहिकीकरण, उद्योगहरूमाथि सार्वजनिक स्वामित्व आदि । यसै नीतिअन्तर्गत पारिवारिक खेतीको सामूहिकीकरण गर्ने प्रक्रिया शुरू भयो । राष्ट्रिय पूँजीपति वर्गका उद्योगहरू 'बण्ड'मार्फत् किनिए । अन्य व्यक्तिहरूलाई उद्योगहरूमा जागीर दिइयो ।

ल्यू शाओ चि र उनको लाइनका समर्थकहरूले शुरूवातदेखि नै माओको यस नीतिको विरोध गरिरहेका थिए । उनीहरूले खेतीको सामूहिकीकरणको पनि विरोध गरेका थिए । साँच्चै भन्ने हो भने चीनजस्तो पिछडिएको समाजमा भूमिसुधारको बाटोमा थुप्रै कठिनाइहरू थिए । एक स्तरबाट अर्को स्तरसम्म जाने बाटोमा थुप्रै समस्याहरू थिए । र, जब जब यस्ता समस्याहरू अगाडि आइपर्थे, तब तब ल्यू शाओ चि समर्थकहरूले निर्माण भइरहेका संगठनहरूलाई आफ्नो न्वारनदेखिको बल र ऊर्जा लगाएर लोप पार्ने नयाँ नयाँ प्रयोगहरूलाई तल्लो स्तरसम्म धकेल्ने काममा खर्च गर्दथे । सहकारी खेतीलाई तहसनहस पार्न, अनि कुनै पनि काम र अभियानलाई कुकुरको लाशझैं घिसार्ने काममा उनीहरूले अग्रणीको भूमिका खेल्दथे ।

जहाँसम्म चिनियाँ किसानहरूको सवाल थियो, उनीहरूको मुक्तिको बाटो सामूहिकीकरणमै थियो । उनीहरूले केही कुशलता हासिल गर्नु जरूरी थियो । उनीहरूको अगाडि मिलीजुली काम गर्नुबाहेक अर्को विकल्प थिएन । उनीहरूसँग पूँजीको पनि अभाव थियो । एउटा परिवारसँग एउटा जनावर हुन्थ्यो भने अर्को परिवारसँग अर्को जनावर । मिलीजुली काम गर्नु त उनीहरूको बाध्यता नै थियो ।

**_ल्यू शाओ चि र उनको लाइनका समर्थकहरूले शुरूवातदेखि नै माओको नीतिको विरोध गरिरहेका थिए ।_**



*ल्यू शाओ चि*

हरेक पाइलामा ल्यू शाओ चिको शक्तिले बाधा-ब्यवधान खडा गर्ने र परिवर्तनलाई रोक्ने धेरै प्रयास गऱ्यो । पार्टी र राज्यको यन्त्रभित्र यो लडाइँ १९५० र १९६० को दशकसम्म चलिरह्यो । उनीहरूको सोच फेर्नका लागि, उनीहरूका गलत विचारहरूलाई रोक्नका लागि, अनि सामूहिक खेतीलाई आफ्नै खुट्टामा उभ्याउनका लागि माओले कैयौं तरीकाहरू अपनाउनु भयो । तर यस्ता प्रयासहरूको विरोध निरन्तर जारी रह्यो । यस्ता समस्याहरूको समाधान खोज्ने क्रममै सांस्कृतिक क्रान्ति कार्यान्वयन गरिएको थियो । पूँजीवादी हेडक्वार्टर ध्वस्त गर्न जनतालाई अगाडि बढ्नका लागि आह्वान गरिनुको भित्री उद्देश्य थियो- पूँजीवादको बाटो समात्नेहरूलाई पन्छाउनु ।

यी सबै विवरण दिएर मैले स्पष्ट पार्न खोजेको के हो भने पार्टीभित्र दुईवटा हेडक्वार्टर थिए- एउटा पूँजीवादी हेडक्वार्टर, अर्को सर्वहारा हेडक्वार्टर । एउटा क्रान्तिकारी थियो भने अर्को प्रतिक्रियावादी थियो । पार्टीभित्र ती दुवै हेडक्वार्टरहरूलाई तलतलसम्म पनि समर्थन थियो ।

ल्यू शाओ चिसँग संगठन विभाग थियो । तर जनतालाई आकर्षित गर्ने, प्रेरित गर्ने र उद्वेलित गर्ने काममा माओलाई पछि पार्नसक्ने कोही थिएनन् । तर माओका कामहरूलाई कमजोर पार्नु वा तोडमरोड गर्नु ल्यू शाओ चिका लागि बायाँ हातको खेल थियो । किनभने पार्टी पंक्तिमाथि उनको नियन्त्रण थियो । त्यसैले जब सांस्कृतिक क्रान्ति असफल भयो, जब माओका उद्देश्य र आशाहरू पूरा भएनन्, तब त्यसले गूटबन्दी र गूटहरूबीचको संघर्षलाई धेरै नै मलजल दियो । त्यसलाई दबाउन वा सिध्याउन पनि निकै कठिन थियो । यसैको फलस्वरूप सबै मानिसहरू निराश भए । सबैजसो जनता दुःखी भए अनि त्यसले सिंगो चीनलाई ठूलो भ्रमको खाडलमा जाकिदियो ।

त्यसको केही समयपछि नै माओको मृत्यु भयो । त्यसै क्रममा त्यहाँ 'चार जनाको समूह' (Gang of Four) को सवाल पनि उठ्यो, जुन समूह माओको कट्टर समर्थकको रूपमा प्रस्तुत भएको थियो । तर वास्तविकता भने त्यस्तो थिएन । चिनियाँ जनताको अगाडि उनीहरूले समाजवादको प्रश्नलाई दिग्भ्रमित पारे । उनीहरूले कैयौं हिंस्रक कारवाहीहरू पनि गरे । अनि अतिवादी नीतिहरू पनि लागू गरे । त्यसले गर्दा जनतालाई बस्तुस्थितिबाट विच्छिन्नताको खाडलमा जाकिदियो ।

ल्यू शाओ चिको मृत्युपछि देङ्ग शियाओ पिङको दबदबा बढ्यो । उनको पार्टी र सेनामाथि बलियो आधार थियो । माओको स्थानमा हुआ कुओ फेंङ्ग आए । उनको बारेमा पार्टीभित्र विवाद र विभ्रमको स्थिति निर्माण भयो । त्यसमा 'ग्यांग अफ फोर' को पनि योगदान रहेको थियो । यी सबै विवाद र विभ्रमबाट देङ्गले धेरै नै फाइदा लुटे । त्यसो त, के कुरा बुझ्न निकै मुश्किल छ भने एउटा सिङ्गो देश, जसको समाजवादी रूपान्तरणको सन्दर्भमा धेरै नै समृद्ध अनुभव थियो, त्यसले त्यस बेला कसरी आफ्नो रंग फेर्न सक्यो होला ?

यसको एउटा कारण कम्युनिष्ट पार्टीको कडा अनुशासनको प्रक्रियाभित्र खोज्न सकिन्छ । आपसी मतभेदहरूलाई थाँती राखेर संगसंगै काम गर्ने परम्परा त्यसभित्र छ । कार्यकर्ताहरूलाई आफ्ना विचार र निर्णयहरू आफैसँग सुरक्षित राख्न र केन्द्रीय कमिटीको फैसला मान्नका लागि प्रशिक्षित गरिन्छ । यदि कुनै मामलामा आफ्नो असहमति छ भने वा कुनै विषयमा आफ्नो विरोध छ भने त्यसलाई जनताबीच लाने चलन थिएन, बरू पार्टीभित्रै उठाउने तरिका त्यहाँ प्रचलित छ । त्यसैले जब देङ्गले सामूहिक खेतीलाई तोड्दै 'परिवार-उत्तरदायित्व प्रणाली' शुरू गरे, तब सबैजसो मानिसहरूले त्यसको विरोध गरे । तर उनीहरूलाई पार्टीको फैसला आँखा चिम्लेर स्वीकार्न र लागू गर्नका लागि प्रशिक्षित गरिएको हुनाले उनीहरूले लुरूलुरू देङ्गको फैसलाको अनुशरण गरे । यसरी पार्टीको शक्ति नै उनीहरूको कमजोरीमा बदलियो ।

एकपटक माथिल्लो पद र ओहदामा बसेका मानिसहरूले पूँजीवादी हेडक्वार्टरको प्रशिक्षण प्राप्त गरे । त्यसपछि तल्लो स्तरमा बसेका मानिसहरूबाट प्रतिवादको प्रश्न नै उठेन, किनकि उनीहरूलाई प्रतिवादको लागि प्रशिक्षित गरिएकै थिएन । अस्सीको दशकमा देङ्गले पार्टीको ढाँचामा धेरै नै नयाँ नियुक्तिहरू गरे । त्यसमध्ये धेरैजसो मानिसहरू शांघाईको युवा शाखासँग जोडिएका बुद्धिजीवीहरू थिए । निश्चित रूपमा शांघाई सर्वहारावर्गको केन्द्र थियो, तर चीनको पूँजीपति वर्गको केन्द्र पनि त्यही नै थियो । डाक्टर, वकिल, अध्यापकजस्ता पेशागत समुदायसँग सम्बन्धित मानिसहरू नियुक्तिमा परेका थिए, र त्यस्ता बुद्धिजीवीहरू पनि थिए, जो

सोच-विचारको हिसावले पूँजीवादी थिए । सत्ताबाट भ्रष्ट भएका मानिसहरूको कारणले पनि देङ्गको खेमा मजबूत भयो ।

त्यस्ता मानिसहरूले माओको लाइनको सट्टा देङ्गको लाइनको समर्थन र अनुशरण गरे । किनकि देङ्गको लाइनअन्तर्गत तपाईं आफू स्वयंलाई समृद्ध पार्न सक्नुहुन्छ र पार्टीका आदर्श कार्यकर्ता पनि भइरहन सक्नुहुन्छ । माओको लाइन मान्नुको अर्थ थियो- साँचो मनले जनताको सेवा गर्नु र आफ्नो लागि भनेर कुनै लाभ नउठाउनु । कम्युनिष्ट पार्टीको समग्र इतिहासमा सत्ताबाट भ्रष्ट भएका मानिसहरूको कुनै कमी थिएन, न त आफ्नो फाइदाको लागि सत्ता र पार्टीको दुरूपयोग गर्ने मानिसहरूकै अभाव थियो । त्यसैले घाम जतिकै छर्लङ्ग छ- त्यस्ता भ्रष्ट मानिसहरूले देङ्गको लाइनको आगमनलाई कार्पेट बिछ्याएर स्वागत गरे । देङ्गले त्यस्ता मानिसहरूलाई सामेल गरे, जो सम्पन्न थिए, जो धनी किसान थिए, जसले उद्योगधन्दा शुरू गरेका थिए र त्यसबाट मोटो रकम कमाएका थिए । यो एउटा अर्को कारण थियो, जसले गर्दा उनीहरूको लागि समाजवादी चीनको स्थिति र प्रक्रियालाई पल्टाउन सजिलो बनाएको थियो ।

यसबाहेक सामूहिक खेतीको प्रयोगमा पनि केही समस्याहरू थिए । कैयौं सामूहिक कामहरू र कम्युनहरू सही ढंगले काम गरिरहेका थिएनन् । केही त पूरै खराब भइसकेका थिए, जहाँ विशेष गरी नेतृत्वमा बसेका मानिसहरूले आफ्नो पदको दुरूपयोग गरिरहेका थिए र त्यसलाई आफ्नो निजी स्वार्थसिद्धिका लागि उपयोग गरिरहेका थिए । उनीहरूले किसानहरूमाथि चर्को शासन चलाइरहेका थिए । साँस्कृतिक क्रान्तिले त्यसमध्ये केही समस्याहरू सुल्झाउने प्रयत्न गर्‍यो । तर धेरै समस्याहरू यथावत् रहे ।

हान डुंग नामक युवाले एउटा रोचक किताब लेखेका थिए । त्यसमा उनले आफू गाउँमा रहेको बेलाका अनुभवहरूको वर्णन गरेका थिए । उनले किताबमा देखाएका थिए- साँस्कृतिक क्रान्ति त्यस्ता मानिसहरूको लागि अति धेरै जरूरी थियो, जसले आफ्नो क्षेत्रको सत्ता सम्हालिरहेका थिए । किसानहरूले रेड बुकबाट प्रेरणा लिएर कैयौं स्थानमा भ्रष्ट अधिकारीहरूलाई ठीक पार्ने काम गरेका थिए । त्यसको धेरै राम्रो असर परेको थियो ।

त्यसो त एक तिहाई कम्यूनहरू कमजोर थिए । देङ्ग धेरै नै चतुर व्यक्ति थिए । उनी सधैं सानो स्तरबाट शुरूवात गर्दथे, जुन धेरै नै व्यावहारिक देखिने गर्दथ्यो । उदाहरणको लागि, दक्षिणी चीनका पहाडी इलाकाहरूमा सामूहिक खेती सही ढंगले चल्न सकिरहेको थिएन, किनकि त्यहाँ किसानहरूको कुशलताले ठूलो अर्थ राख्थ्यो र उनीहरू धेरै टाढा-टाढा बस्ने गर्दथे । त्यस्ता ठाउँहरूमा सामूहिक खेती तोड्ने क्रम शुरू गर्नुलाई केही मानिसहरूले ब्यावहारिक ठाने । अनि त्यसको विरोध पनि खासै भएन । एक पटक यसरी शुरूवात गरिसकेपछि देङ्गले यस प्रक्रियालाई ठूलो पैमानामा लागु गरे, चाहे त्यो प्रयोग राम्रो होस् या नराम्रो , चाहे त्यो सफल होस् या मध्यमस्तरको होस् । त्यसपछि आफ्नो यस प्रक्रियालाई तार्किक परिणतिसम्म पुर्‍याउनका लागि उनले सबै हथकण्डाहरू प्रयोग गरे । सामूहिक खेतीलाई भंग नगर्ने मानिसहरूलाई पार्टीबाट निष्कासन गर्ने, सामूहिक खेतीलाई ऋण नदिने, व्यक्तिगत खेती गर्ने किसानहरूलाई ऋण दिने आदि । राम्रो उर्वर जमीनको खोजीको क्रममा यदि कुनै व्यक्तिगत खेती गर्ने किसानहरूले सामूहिक खेतीको जमीनमाथि कब्जा जमाए भने, त्यो मुद्दा अदालतमा गयो भने न्यायाधीशहरूले व्यक्तिगत खेती गर्ने किसानहरूको पक्षमा फैसला गर्दथे । सामूहिक खेतीलाई भंग गर्न र व्यक्तिगत खेती गर्ने किसानहरूलाई मजबूत बनाउन त्यहाँ कुनै पनि कसर बाँकी राखिएन ।

शुरूवातदेखि लिएर अहिलेसम्मको इतिहास यही हो । पार्टीभित्रको विभाजन, दुवै गूटको पक्षमा पार्टीभित्र सांगठनिक ढाँचाको अस्तित्व अनि एउटा लामो लडाइँ ! सांस्कृतिक क्रान्तिले यस समस्याको समाधान खोज्न सकेन । देङ्गले माओको मृत्यु र हुआ कुओ फेङ्गका कमजोरीहरूको भरपूर फाइदा लिए । हुआ कुओ फेङ्गलाई सेनाको समर्थन थिएन तर देङ्गको भने सेनामाथि वर्चश्व थियो । उनी केन्द्रमाथि कब्जा जमाउन सफल भए । अनि उनी सम्पूर्ण प्रक्रियाहरूलाई पल्टाउन सफल भए । निश्चित रूपमा इतिहासमा धेरैजसो अगाडि बढ्नुको सट्टा पछाडि फर्कनु सजिलो हुनेगर्छ ।

सामूहिक खेतीलाई स्थापित गर्नु, त्यसलाई सही ढंगले चलाउनु धेरै नै कठिन काम हो र त्यसलाई ठीक ढंगले चलाउन सके लाभ पनि धेरै छ । तर त्यसमा गडबडी सिर्जना गर्नु पनि निकै सजिलो हुन्छ । यदि त्यो खराब ढंगले चलिरहेको छ भने त्यसको सट्टामा व्यक्तिगत खेतीको



*चाउ एन-लाई र लिन पियाओ*

***जे भए तापनि लिन पियाओ अतिवामपन्थीको रूपमा सबैको सामुन्ने आएका थिए ।***

कुरा पनि निकै आकर्षक लाग्नथाल्छ ।

❑ *तपाईंले आफ्नो किताब 'फ्रेनफ्रन'मा के कुरा उल्लेख गर्नुभएको थियो भने, क्रान्ति सम्पन्न भएपछि दक्षिणपन्थी अवसरवादविरुद्ध त संघर्ष चलाइयो तर वामपन्थी दुस्साहसवादविरुद्ध भने संघर्ष चलाइएन । यसको बारेमा केही स्पष्ट पार्न सक्नुहुन्छ कि ?*

– वास्तवमा चिनियाँ क्रान्तिको क्रममा वामपन्थी दुस्साहसवादको विरूद्ध संघर्ष चलेको थियो । जस्तो, भूमिसुधारको कालमा ल्यू शाओ चिले उग्र वामपन्थी लाइनको पक्ष लिएका थिए । 'फानशेन' किताब यसैको वरिपरि घुमेको छ । तर माओले यो लाइनलाई सच्याउने काममा सफलता प्राप्त गर्नुभएको थियो ।

तर सांस्कृतिक क्रान्तिको क्रममा वामपन्थी अवसरवादको विरोधमा कुनै जनअभियान चलाउन सकिएन । माओले के महसूस गर्नुभएको होला भने यदि आफूले अति वामपन्थको विरूद्ध कुनै अभियान चलाएमा त्यसको फाइदा दक्षिणपन्थलाई हुनेछ । स्मरणीय छ, त्यस बेलाको मुख्य शत्रु दक्षिणपन्थ नै थियो । त्यसैले उहाँले देङ्ग र चेनले लिन पियाओको बारेमा गरेका गुनासाहरूलाई नजरअन्दाज गर्नुभयो । मलाई लाग्छ - यो उहाँको गल्ती थियो । यदि उहाँले अति वामको विरोधमा कुनै अभियान चलाउनु भएको भए त्यो निकै उचित कदम हुने थियो । अति वाम पक्षको प्रतिनिधित्व 'ग्यांग अफ फोर' ले गरिरहेको थियो । त्यसले लिन पियाओ जस्तालाई बढावा दिइरहेको थियो । अन्ततः जब लिन पियाओविरूद्ध अभियान चलाइयो, तब उनलाई कन्फ्यूसियसको समकक्षमा राखेर उनको आलोचना गरियो । वास्तविकता चाहिँ के थियो भने कनफ्यूसियस आफ्नै समयमा पनि चिनियाँ समाजका कट्टर दक्षिणपन्थी थिए । उनी रूढीवादी थिए र आफ्नो बेलामै उनी पुरानो प्रणालीतिर फर्कन चाहन्थे । उनीहरू सबैले के भन्न थाले भने लिन पियाओ र कन्फ्यूसियस दुवै एउटै खालका मानिस हुन् । अन्ततः लिन पियाओ सार रूपमा दक्षिणपन्थी साबित त भए, उनले क्रान्तिलाई नोक्सान त पुर्‍याए, जे भए तापनि उनी अतिवामपन्थीको रूपमा सबैको सामुन्ने आएका थिए । मानिसहरू उनलाई कट्टर वामपन्थीको रूपमा नै चिन्ने र बुझ्ने गर्दथे । मैले के कुरा बुझ्न सकिन भने तपाईं एक्कैचोटि लिन पियाओ र कनफ्युशियससँग कसरी लड्न सक्नुहुन्छ ?

❑ *तपाईं चियाँग चिंग, चांग चुन चिआओ, याओवेन युआन आदिको चर्चित 'चारजनाको समूह' (ग्यांग अफ फोर) का गल्तीहरूको बारेमा केही कुरा राख्नुहुन्छ कि ?*

– उनीहरूको लाइन सधैं सधैं अतिवादको शिकार भयो । त्यो कैयौं तरिका र रूपबाट अभिव्यक्त हुने गर्दथ्यो । साँस्कृतिक क्रान्तिको क्रममा चर्चित व्याले (नृत्य नाट्य) र अपेरामा चियाँग चिङ्गको साँस्कृतिक दर्शन प्रकट भएको देख्न सकिन्छ । औपचारिकतावाद (Formalism) उनको समग्र सिद्धान्त थियो । उनको

◄ विश्व कम्युनि



*आफ्नी श्रीमती चियाँग चिङ्का साथ क. माओ*

***उनीहरूलाई महान समाजवादी भनिन्थ्यो, समाजवादी संस्कृतिका अगुवा भनिन्थ्यो तर उनीहरूसँग समाजवादी संस्कृतिको कुनै ज्ञान नै थिएन । 'ग्यांग अफ फोर' बाट धेरै नै निराश भएर म त्यस यात्राबाट फर्कें ।***

सिद्धान्तअनुसार ब्याले र अपेरामा अभिनेता (Hero) मंचको केन्द्रमा रहनु अनिवार्य थियो । अरू बाँकी पात्रहरूको तुलनामा अभिनेता वा हिरोको उँचाई बेसी हुनु पनि जरूरी थियो । औपचारिकतावादको यो प्रयोग सांस्कृतिक रूपमा विनाशकारी थियो । मंचमा पात्रहरूको स्थान र उनीहरूको हाउभाउ, चाल, अभिनय सबैको बारेमा उनको निर्देशन पालना गर्नुपर्दथ्यो । मानिसहरूले आ-आफ्ना अनुभव र ज्ञानबाट आफ्नो अभिनय कलालाई समृद्ध बनाउने भन्ने कुरा त्यहाँ संभव थिएन । यदि कुनै प्रस्तुतिको कुनै अंशलाई फेरबदल गर्ने प्रयास गरियो भने उनी रिसाउने गर्थिन् ।

उनको सांस्कृतिक दर्शनलाई आधार मानेर 'फानशेन' लेख्नु मेरो लागि कुनै पनि हालतमा संभव थिएन । 'ग्यांग अफ फोर' को ठम्याइअनुसार त्यो बेकारको किताब हो । उनीहरूको भनाइ थियो- त्यस किताबमा सामाजिक यथार्थवाद छैन, प्रकृतिवाद छ । किनकि त्यसमा कैयौं त्यस्ता मानिसहरू थिए- जो गल्ती गर्छन्, जो राम्रा नराम्रा दुवै किसिमका काम गर्छन् ।

मेरो विचारमा 'फानशेन' निकै विश्वसनीय किताब हो, किनकि मानिसहरूले किताब पढेपछि महसूस गर्न सक्छन्, मैले त्यसमा कुनै काल्पनिक मानिसहरूको बारेमा लेखेको होइन । उनीहरू स्वयंको बारेमा लेखेको छु र उनीहरू वरिपरिका आफूले थाहा पाइरहेकै मानिसहरूको छवि त्यसमा देखिन्छ । समाजवादी यथार्थवाद यस्तै खालको हुनुपर्दछ । मलाई यस्तो लाग्छ । तर चियाँग चिङ्गको सिद्धान्तको साँचोमा यो फिट हुनसक्दैन । उनको सिद्धान्तमा एउटा आदर्श समाजवादी हिरो हुनु जरूरी थियो । मंचमा उसको प्रभाव देखिरहनु आवश्यक थियो । महिलाको उँचाई हिरोको तुलनामा बेसी हुनु त संभव नै थिएन । यही अति वामपन्थ हो ।

उनीहरूले विरोध गरेका अरू थुप्रै चीजहरूमध्ये एउटा थियो- बजार । उनीहरूका लागि किनबेचको प्रक्रिया निम्न पूँजीवादी भ्रष्टाचारको प्रतीक थियो । ग्रामीण इलाकाहरूबाट बजारलाई निमिट्यान्न पार्नका लागि उनीहरूले धेरै प्रयास गरे । जब १९७१ मा म लांग बो गाउँमा थिएँ, तब ग्रामीण क्षेत्रका गरीखानेहरूका नेताले मेलामाथि प्रतिबन्ध लगाइदियो । त्यो मेला सयौं वर्षअगाडिदेखि चल्दै आइरहेको थियो । जाडो मौसममा पूर्णिमाको अवसरमा सो मेला लाग्ने गर्दथ्यो । उनीहरूले त्यसमाथि प्रतिबन्ध लगाउने क्रममा तर्क दिए- यस्ता आयोजनाहरूबाट उत्पादनमा फरक पर्नसक्छ । किनकि मानिसहरूले चार-पाँच दिनको विदा लिन्छन् । नातेदारहरू घरमा आउँछन् । मानिसहरूले उनीहरूलाई खुवाउने काममा पैसा खर्च गर्छन् । उत्पादनको हिसाबले यो ठीक भएन ।

साँच्चै भन्ने हो भने जब म त्यहाँ गएको थिएँ तब मैले मानिसहरूको उत्पादन कार्य आफ्नै ढंगबाट अगाडि बढिसकेको देखें । पहिले खेतीको लागि चाहिने केही साना साना चीजहरू मेलाबाट पूर्ति हुनेगर्दथ्यो । पछि मेलामाथि प्रतिबन्ध लागेपछि मानिसहरूले आफ्ना आवश्यकता पूर्ति गर्नका लागि अर्कै बाटो रोजेका थिए । प्रतिबन्धले एउटा के मात्र फरक परेको थियो भने नगर प्रशासनबाट त्यस मेलाको क्रममा देखाइने अपेराका लागि दिइने अनुदान रकम बचेको रहेछ ।

तर मेलामाथिको प्रतिबन्धले गर्दा समाजवाद वा पार्टीका महत्वपूर्ण कुराको प्रचार गर्ने शानदार मौका गुम्यो । यसबाट केवल कम्यूनहरूको प्रतिष्ठा घट्यो र मेला एउटा उत्सवको सट्टा केवल व्यावसायिक वस्तुमा फेरियो । त्यसबाट त्यही कुरा मात्रै स्थापित भयो, जुन 'ग्यांग अफ फोर' ले विरोध गरेको थियो । अर्थात् किनबेच गर्ने वा पैसा बनाउने प्रथा मात्रै स्थापित भयो । तर यो त एउटा उदाहरण मात्रै हो । उनीहरूले कस्ता-कस्ता अतिवादी कामहरू गरे भन्ने कुरा बुझाउनका लागि यो एउटा उदाहरण नै काफी छ ।

नजिकैको एउटा शहरमा चिनियाँ इतिहाससम्बन्धी एउटा ठूलो म्यूजियम थियो । उनीहरूले त्यहाँका सबै प्रदर्शनीय वस्तुहरू बाहिर निकाल्न लगाए । अनि त्यहाँ माओका उक्तिहरू लेख्न लगाए । म मान्छु, म्युजियमको निर्माता पुरानो राजाले जनताको शोषण गरेको थियो, तर यसको अर्थ त्यस बेलाका साधारण कालीगढहरू, श्रमिकहरूले बनाएका चीजहरूमाथि पनि त्यस्तो व्यवहार गर्नु ठीक हो र ? वास्तवमा उनीहरूले म्यूजियमलाई यथावत कायम राखीछाड्नुपर्दथ्यो र त्यसबेलाका कालीगढहरूको प्रतिभा र कुशलतालाई रेखाकित गर्नुपर्दथ्यो ।

जुन जुन वस्तुमा उनीहरूले हात हाले, उनीहरूले त्यसलाई क्रान्तिलाई सुधार्ने जडसूत्रवादी रूपमा बदलिदिए । 'ग्यांग अफ फोर' मा एउटा ठूलो समस्या थियो, त्यो हो हिंस्रकता । उनीहरू हिंस्रक थिए, उनीहरूसँग सहमत नहुने व्यक्तिहरूमाथि शारीरिक रूपमा हमला गर्ने उनीहरूको प्रवृत्ति थियो । यस्तो प्रवृत्तिका व्यवहारहरू एकले अर्कोलाई हमला गरिरहेको समयभन्दा धेरैपछिसम्म पनि जारी रहे । जस्तो, १९७२-७३ मा जियाँगजी प्रान्तका पार्टी सचिव लांग जानलाई संशोधनवादी भएको आरोपमा उनको विरूद्ध अभियान नै चलाइयो । उनी त्यही लांग जान थिए, जसले पहिले असल पार्टी सेक्रेटरीको रूपमा काम गरेका थिए । तर सांस्कृतिक क्रान्तिको प्रारम्भिक कालमा उनलाई सो पदबाट हटाइएको थियो । पछि फेरि असल कार्यकर्ताको रूपमा उनलाई पुनर्वहाली गरिएको थियो । उनैले भूमिसुधारपछिको चिनियाँ समाजको ध्रुवीकरणमाथि अनुसन्धान गरेका थिए । त्यही अनुसन्धानको आधारमा माओले सहकारिता आन्दोलन छिटै चलाउने फैसला गर्नुभएको थियो । भूमिसुधारपछि किसानहरूको एउटा तप्काले जमीन बिक्री गर्न थालेको र केही किसानहरू झन् झन धनी हुनथालेको नयाँ स्थितिको बारेमा पूरै तथ्ययुक्त तस्वीर त्यस अनुसन्धानमा खिचिएको थियो । लांग जानले ताचाओ मोडेल र त्यसका नेताको पनि समर्थन गरेका थिए । यही मोडेललाई माओले चिनियाँ किसानहरूका लागि आदर्श घोषित गर्नुभएको थियो ।

'ग्यांग अफ फोर' मा सबैभन्दा योग्य, क्षमतावान र अनुभवी व्यक्ति चांग चुन चियाओ थिए । मलाई लाग्छ- शुरूवातमा उनीहरू सबै माओको पक्षमा थिए । शुरूवातमा उनीहरूले धेरै नै सकारात्मक भूमिका खेलेका थिए । तर पछि उनीहरूले नकारात्मक भूमिका खेल्नथाले । उनीहरूलाई गिरफ्तार गर्नु सरासर गलत थियो तर निश्चित रूपमा उनीहरूलाई आदर्श माओवादी भन्न सकिँदैन ।

❑ *चाओ एनलाईको बारेमा तपाईंको मूल्यांकन कस्तो छ ?*

– मलाई लाग्छ चाओ धेरै नै सक्षम र प्रतिभाशाली मानिस थिए । तर उनी सिद्धान्तकार चाहिं थिएनन् । उनी माओप्रति निष्ठावान थिए र उनले सधैं माओको समर्थन गरेका थिए । 'ग्यांग अफ फोर'ले चाओमाथि पनि हमला गऱ्यो । र, चारैतिर प्रचार गऱ्यो - 'चाओ संशोधनवादी हुन् ।' उनीहरूले चाओको विरूद्ध अभियान नै चलाए ।

वास्तवमा पार्टी र जनताको आपसी सम्बन्ध र पार्टी पूँजीवादी बाटोतिर अगाडि बढ्न थालेको कुरा चाओले ठीक ढंगले ठम्याउन सकेनन् । मैले उनीसँग कैयौं अन्तर्वार्ताहरू लिएको छु । मैले एउटा किताब पनि प्रकाशित गरेको छु । त्यसमा उनले चीनमा उदाउन थालेका वर्गशक्तिहरूको बारेमा चर्चा गरेको छन् । प्रतिक्रियावादी वर्गहरूको चर्चा गरेका छन् तर पूँजीवादी व्यवस्थाको उदयको बारेमा कहीं पनि विश्लेषण गरेका छैनन् ।

माओले जुन काम गर्ने प्रयास गरिरहनु भएको थियो, त्यसलाई चाओले कहिले पनि समग्रमा बुझ्न सकेनन् । तर उनलाई थाहा थियो -माओ दूरदर्शी हुनुहुन्छ, त्यसैले उनले जहिले पनि माओलाई साथ दिए, उहाँसँग सँगै अगाडि बढे । चाओको

बाँकी ४६ पेजमा

# क्यालेण्डर

◆ विमल निभा



म उनको छिमेकी हुँ । त्यसैले उनको विषयमा मलाई धेरथोर ज्ञान हुने नै भयो । बडो गजबको जिन्दगी छ उनको । सबथोकको दिन निर्धारित छ । चाहे त्यो प्रेम होस् अथवा क्रुरता । सहयोग होस् अथवा बेइमानी । उदारता होस् अथवा धोका । मानवता होस् अथवा विश्वासघात । चिन्तन होस् अथवा षड्यन्त्र । शिष्टता होस् अथवा पाखण्ड । निष्ठा होस् अथवा दुराचार । कोमलता होस् अथवा अनैतिकता । मधुरता होस् अथवा बदमासी । गम्भीरता होस् अथवा छल । आदि इत्यादि । कतै कुनै बाधा-व्यवधान छैन । जेको पनि एउटा दिन निर्धारित छ । यसलाई भङ्ग गर्ने अनुमति कसैलाई छैन । उनी स्वयम् यो नियमको कठोरतापूर्वक पालन गर्ने गर्छन् । म उनको नियमबद्ध जिन्दगीबाट निकै प्रभावित छु । आशा छ, तपाईहरुलाई पनि रोचक नै लाग्नेछ ।

*साप्ताहिकी*

*उनको जिन्दगीको*

*आइतवार :* साताको आरम्भ उनी सदैव बेइमानीबाट गर्ने गर्छन् । विहानीपख बिउँझेर उनी पूजा गर्छन् । तत्पश्चात् दिनभरिको बेइमानीको विषयमा सोच्न थाल्छन्- कसरी बेइमानी गर्ने ? को कोसँग बेइमानी गर्ने ? राम्रो बेइमानीको तरीका के हुनसक्छ ? पुरानो बेइमानीको नवीकरण केगरी गर्ने ? बेइमानीका नयाँ नयाँ प्रविधिहरु कस्ता छन् ? ईत्यादि । यो चिन्तन उनी अति इमान्दारीपूर्वक गर्ने गर्छन् ।

*प्रश्न-* उनले आइतवारको दिन बेइमानीलाई किन दिएका हुन् ?

*उत्तर-* साताको आरम्भ शुभ हुनुपर्छ भन्ने उनको मान्यता छ । पारिवारिक ज्योतिषीले पनि यही भनेका छन् । उनलाई यसमा विश्वास छ । त्यसैले उनी बेइमानीबाट नै सप्ताहारम्भ गर्ने गर्छन् ।

*सोमवार :* यो दिन उनले धर्मकर्मलाई दिएका छन् । सदाभैं विहान पूजा-पाठ गरेर सबै मन्दिरहरुमा जाने गर्छन् । शंकर, विष्णु, हनुमान, दुर्गा, राम, जानकी, गणेश, लक्ष्मी-यावत् देवी-देवताहरुलाई उनी श्रद्धा गर्ने गर्छन् । तर लक्ष्मीमातालाई बढी । लक्ष्मीको भव्य मूर्ति स्थापित भएको मन्दिरमा उनको धेरै समय ब्यतित हुने गर्छ ।

*प्रश्न-* लक्ष्मीलाई बढी मान्ने कारण के हो ?

*उत्तर-* लक्ष्मी धनकी देवी र उनी धनको पुजारी । अतः यो स्वाभाविक नै छ । तर होइन, मुख्य कारण के हो भने लक्ष्मीको संगमरमरको मूर्ति खरीद गर्न उनले आफ्नो फर्मको नामबाट एक लाख एक रुपियाँको चन्दा दिएका थिए । यसकारण लक्ष्मीलाई बढी मान्नु उनको अधिकार हो ।

*मंगलवार :* मंगलवार शुभ दिन हो । त्यसैले उनी यस दिन गणेशलाई लड्डु चढाउने गर्छन् । लड्डु शुद्ध घ्यूमा बनेको हुन्छ । साइज ठूलो । लड्डुलाई रातो रंगको राम्रो प्याकेटमा राखेर उनी दिनभरि जिल्लाको माननीय, प्रजिअ, एस्.पी., भन्सार अधिकृत, कर हाकिम आदिहरुकहाँ जाने गर्छन् । प्रेमपूर्वक प्याकेट अर्पण गर्ने गर्छन् ।

*प्रश्न-* प्याकेट दिन उनी आफै किन दगुर्ने गर्छन् ?

*उत्तर-* लड्डु संगसंगै अर्थोक पनि हुनेगर्छ । त्यसको नाउँ घूस हो । हुन त घूस अशिष्ट शब्द हो । तर लिने र दिनेले शिष्टाचारको पालन गरे ठीकै छ ।

*वुधवार :* यो दिन उनले दयालाई समर्पण गरेका छन् । उनी विशुद्ध वैष्णव हुन् । विष्णु, लक्ष्मीका पति । वैष्णव हुनुमा के घाटा छ ? वुधवार उनी भिखारीहरुलाई दान गर्ने गर्छन् । चराहरुलाई अन्न छर्ने गर्छन् । आफ्नै छतमा आउने चराहरुलाई । दयावश माछाहरुलाई चारा खुवाउने गर्छन् । यसको लागि उनी कृषि विभागको ठूलो पोखरीमा जाने गर्छन् । यो पोखरी शहरबाट टाढा छ । तर केही छैन । उनीसँग आफ्नै कार छ ।

*प्रश्न-* यति टाढा गएर माछालाई चारा खुवाउने किन ?

*उत्तर-* उनी प्रत्येक वर्ष विदेशबाट मल मगाउने गर्छन् । रासायनिक मल । यसको लागि कृषिको प्रधान हाकिमले अनुमति दिनुपर्ने हुन्छ । हाकिम माछाप्रेमी हुन् । माछा स्वादिष्ट हुनलाई राम्रो चारा पनि त आवश्यक छ ।

*विहीवार :* हरेक विहीवार उनी आफ्नो खाद्यान्नको गोदाममा जान्छन् र आफ्नै प्रत्यक्ष निर्देशनमा मिसावट गर्ने गर्छन् । धानमा भूसा, चामलमा सानो ढुंगा र खानेतेलमा विषालु पदार्थ । छोराहरु भन्ने गर्छन्- पिताजी, तपाई आउनु पर्दैन । बदमासीमा हामीहरु नै पर्याप्त छौं । दुःख नगर्नोस् । तर उनी मान्दैनन् । नियमित रुपले आफैं जान्छन् ।

*प्रश्न-* छोराहरुले भन्दा भन्दै पनि उनी किन मान्दैनन् ?

*उत्तर-* यही मिसावटले गर्दा उनी यति सम्पन्न भएका हुन् । उनी आफ्नो जमीन बिर्सन चाहँदैनन् । फेरि मिसावटको बानी भइसक्यो । कसरी छाड्ने ?

*शुक्रवार :* यस दिन उनी उदार हुने गर्छन् । उनीकहाँ आउने जतिलाई चन्दा दिने गर्छन् । त्यसैले शुक्रवार हुल हुने गर्छ । आश्रम चलाउनेहरु, मठ चलाउनेहरु, मन्दिर बनाउनेहरु, समाजसेवा गर्नेहरु- सबै चन्दा लिन आउने गर्छन् । तर ठूला पार्टीहरु सत्ताधारी र प्रमुख प्रतिपक्षका नेताहरु उनीकहाँ चन्दा माग्न आउँदैनन् । उनी आफैं पार्टीअफिस गई चन्दा दिने गर्छन् ।

*प्रश्न-* ठूला पार्टीका नेताहरु उनीकहाँ चन्दा लिन किन आउँदैनन् ?

*उत्तर-* पार्टीका नेताहरुलाई थाहा छ, उनलाई ठूला पार्टीहरुलाई चन्दा नदिई हुँदैन, त्यसैले अवश्य दिन आउँनेछन् । र उनलाई थाहा छ, म दिन जान्छु, त्यसैले नेताहरु आउँदैनन् ।

*शनिवार :* शनिवार विदाको दिन हो । त्यसैले यस दिन उनी खास केही गर्दैनन् । आफ्नो घरको ठूलो बैठकमा दिनभरि तास खेल्ने गर्छन् । उनीकहाँ ठूला-ठूला नेता र हाकिमहरु तास खेल्न आउने गर्छन् । ध्यान दिनयोग्य के छ भने तासमा उनी सँधै हार्ने गर्छन् ।

*प्रश्न-* उनी तासमा किन हार्ने गर्छन् ?

*उत्तर-* उनी हार्ने भएकोले नै नेता र हाकिमहरु उनीकहाँ आउने गर्छन् । नत्र किन आउने ? अतः उनी हार्नु कुनै रहस्यको कुरो होइन । सबै पारदर्शी नै छ ।

यस प्रकार उनको दिन, साता, महिना र वर्ष नियमानुसार बितिरहेछ । उनीमाथि विचार गर्दा मलाई लाग्छ, उनी कुनै व्यक्ति होइनन्, मेरो कोठाको भित्तामा झुण्ड्याइएको एउटा क्यालेण्डर हुन् । फगत क्यालेण्डर । नयाँ वर्ष आइसक्यो । सोचिरहेछु, यो पुरानो क्यालेण्डरलाई मिल्काइदिउँ । ❑❑




*वुधवार उनी भिखारीहरूलाई दान गर्ने गर्छन् । चराहरूलाई अन्न छर्ने गर्छन् । आफ्नै छतमा आउने*

# पाठकको कुरो

४४ पेजको बाँकी

जस्तो समस्या अरू धेरै व्यक्तिहरूमा पनि थियो ।

'ग्यांग अफ फोर' सँग मेरो भेटघाट एउटा चर्चा -सत्रको क्रममा भएको थियो । १९७१ मा म जब फेरि चीन गएको थिएँ, तब चाँगचुंग चिआओसँग प्रत्यक्ष भेट्ने मौका पाएँ । मे दिवसको सिलसिलामा धेरै नै नाटकहरू, साँस्कृतिक कार्यक्रमहरूको आयोजना गरिएको थियो । लगभग १६ वर्षपछि म चीन गएको थिएँ । त्यसबेला चीन विशाल सामाजिक निर्माणको चरणबाट गुज्रिरहेको थियो । मेरो आशा थियो- साँस्कृतिक कार्यक्रमहरूमा समाजवादको निर्माणका समस्याहरूको झलक हेर्न पाइनेछ । त्यहाँ मैले लगभग सयवटा जति कार्यक्रमहरूको प्रस्तुति हेरें । त्यसमध्ये मुश्किलले दुई-तीनवटा कार्यक्रमहरू मात्रै समाजवादसँग सम्बन्धित थिए । बाँकी सबैजसो त जापानी आक्रमणबाट मुक्ति, नयाँ जनवादी क्रान्ति आदिसँग सम्बन्धित थिए । मैले चाओ एनलाइसामु आफ्नो राय राखें- 'मलाई त यी सबै उटपट्याङ खालको लाग्यो ।' उनले पनि मेरो कुरामाथि सहमति जनाए । त्यसपछि उनले मलाई 'ग्यांग अफ फोर' मध्येका दुई जनासँग भेटाए । मैले जब सांस्कृतिक कार्यक्रमको बारेमा आफ्नो राय उनीहरूसमक्ष राखें, तब उनीहरू रिसाए । उनीहरूले जोड दिएर भने- यही नै हो, कम्युनिष्ट संस्कृतिको नमूना !

उनीहरूलाई महान समाजवादी भनिन्थ्यो, समाजवादी संस्कृतिका अगुवा भनिन्थ्यो तर उनीहरूसँग समाजवादी संस्कृतिको कुनै ज्ञान नै थिएन । 'ग्यांग अफ फोर' बाट धेरै नै निराश भएर म त्यस यात्राबाट फर्कें ।

❑ *चीन एउटा पूँजीवादी देश बन्ने दिशातिर अग्रसर छ । तपाईं चीनको भविष्य कस्तो देख्नुहुन्छ ?*

- अन्तर्राष्ट्रिय वित्तको भुमरीमा चीन फँस्नेछ । एउटा स्वतन्त्र चीनमुखी अर्थव्यवस्था चलाउन उसको लागि संभव हुनेछैन । उसले बजारमाथिको आफ्नो नियन्त्रणबाट हात धुनुपर्ने छ । एकातिर उसले पैसा उधारो लिएकोलियै छ, अर्कोतिर देङ समर्थकहरू पैसा कमाउने, त्यसलाई कहीं अन्तै लगानी गर्ने काममा व्यस्त छन् । यदि यो दिशालाई बदल्ने प्रयास भएन भने निश्चित छ- चीनलाई फेरि एक पटक पश्चिमी संसारको दलाल बनाइने छ । तर चीनका जनता फेरिफेरि पनि उठ्नेछन् ! ❑

## भ्रष्टाचारविरोधी अंक

मूल्यांकनको पूर्णाङ्क ७२मा भ्रष्टाचारसम्बन्धी लेख ज्यादै समसामयिक लाग्यो । समग्रमा यो पत्रिका नेपालका वामपन्थी बुद्धिजीवी र वाम झुकाउ राख्ने व्यक्तिहरूले ज्यादा पढ्छन् । पूँजीवादीहरू यो पत्रिकाको नाम सुन्ने वित्तिकै ओठ लेप्प्राउँछन् । भ्रष्टाचारसम्बन्धी आवरण लेखलाई प्रचारात्मक र प्रभावकारी बनाउन केही थपघट गरी 'मूल्यांकनबाट साभार' भनेर नेपालका सबै मन्त्रालय र त्यस मातहतका जिल्लाका निकायहरूमा- गा.वि.स.देखि प्रतिनिधिसभा र राष्ट्रिय सभाका निर्वाचित निकायसम्म पुऱ्याउने गरिएमा राम्रो हुन्छ । साथै कार्यपत्रको रूपमा तयार गरेर देशका दुईचार ठूला शहरमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने संघसंस्थाबीच अन्तरक्रिया चलाउनेतर्फ मूल्यांकन परिवारले ध्यान दिनसके कसो होला ? म कुनामा बसेर दुनामा खाने एक सचेत महिलाको यो अनुरोध, मूल्यांकन परिवारसँग ।

- सुश्री विमला ढुङ्गाना,

*त्रि.न.पा.- ७, मोतीगडा, उदयपुर ।*

## *अन्तरक्रिया निरन्तर होस्*

नेपाली बजारमा ब्यापारमुखी पत्रिकाहरूको खात छ । अर्थोपार्जन गर्नका लागि मानवीय नैतिकता र दायित्वलाई तिलाञ्जली दिएर मनगढन्त कुराहरूको प्रकाशन गरी चेतनास्तर न्यून भएका पाठकहरूलाई रनभुल्ल पार्ने पत्रिकाहरूको माझमा 'मूल्यांकन' जस्तो निर्दिष्ट लक्ष्य राखी वस्तुगत सत्यतथ्यहरूको विवेचना गरेर पाठकहरूमा सत्य विचारको सम्प्रेषण गर्ने पत्रिकाले पाठकहरूको न्यानो माया प्राप्त गर्न समर्थ भएको छ ।

मूल्यांकनको ७१ औं अङ्कलाई सरसर्ती हेरेर समग्ररूपमा भन्नुपर्दा यो अङ्कमा प्रकाशित 'वीस वर्षे स्वास्थ्य कार्यक्रमका बारेको अन्तरक्रिया' र 'जति विदेशी सहायता आएपनि नेपाल किन झन् झन् गरीब' आवरण कथाले नेपालको राज्य व्यवस्थाको चित्रण यथार्थ रूपले गरेको छ । अन्य सम्पूर्ण स्तम्भका कुराहरू पठनीय र सग्रहणीय छन् ।

यस मासिकले दर्शन-सम्बन्धी ज्ञान प्रभावकारी ढङ्गले दिने उद्देश्यले ६२ र ६३ औं अङ्कमा भ्याउरे लयमा दिएर अन्य अङ्कहरूमा त्यसरी नदिएकोमा दुख लाग्यो । यसैगरी इस्मालीको 'जीरो माइल' उपन्यास प्रकाशन गर्न असमर्थ रहेको सूचनाले पनि दुखित तुल्यायो । अन्तर्क्रिया स्तम्भलाई निरन्तरता दिइरहियोस् । अब आउने अङ्कमा शिक्षा पद्धतिका बारेमा अन्तरक्रिया चलाई प्रकाशन गरियोस् भन्ने अपेक्षा राख्दछु ।

- गोविन्द आचार्य,

*श्री ज.क.मा.वि. पालुङ, मकवानपुर ।*

## बुर्जुवाहरूलाई आश्चर्य

म मूल्यांकनको नियमति पाठक हुँ । यसपल्टको पूर्णाङ्क ७२ छिटै हात पऱ्यो । भ्रष्टाचारसम्बन्धी आवरण कथाले देशमा भ्रष्टाचार गरिने सबै निकाय, संघसंस्था मन्त्रालयको चरित्रको भण्डाफोर गरेको छ । राणाकालदेखि हालसम्म भ्रष्टाचारको प्रवृत्ति बदलिएको छैन भन्ने कुरा यसले दर्शाएको छ ।

नब्बेको दशकमा छिन्नभिन्न भएको समाजवादी सोभियत संघमा स्तालिनका नातिद्वारा गठित स्तालिनवादी मोर्चाले रूसी जनता पुनः आन्दोलित हुँदैछन् भन्ने संकेत गर्छ । विश्वविख्यात चित्रकार पाब्लो पिकासोको कम्युनिष्ट पार्टीको सदस्यता र अटलविहारी वाजपेयीको राजनीति कम्युनिष्ट दर्शनबाट प्रारम्भ भएको भन्ने यथार्थताले बुर्जुवाहरूलाई आश्चर्य चकित पारेको छ ।

नारायण ढकालको माओवादीमा आएको परिवर्तनको संकेत, गोविन्द वर्तमानको वाम संघर्षमा एकताविरोधी संकीर्णता र नागभुषण पटनायकको संसदीय राजनीतिमा जनहस्तक्षेप सम्बन्धी भाषणले नेपालका सबै वामशक्ति एउटै मोर्चामा आउनुपर्छ भन्ने दिशा निर्देश गर्दछ । श्याम श्रेष्ठको अर्थतन्त्रसम्बन्धी लेखले नेपाली कांग्रेसले लिएको गरीवी निवारणको नीति र व्यवहारलाई जनसमक्ष नङ्ग्याइदिएको छ ।

दीपक बैद्यको सियाटल व्यापार वार्ता विफलसम्बन्धी लेख छोटो भयो । नीति र संस्कृतिसम्बन्धी लेखले आम जनताको चेतनालाई परिवर्तन गर्नुपर्ने, तर कताकता खास प्रभाव पार्न नसकेको अनुभूति हुन्छ । देवेन्द्रराज पाण्डेको लेखले सरकारलाई भ्रष्टाचार कम गर्ने तरिकाबारे जानकारी दिएको छ । रूपचन्द्र विष्टको अन्तरवार्ताले थाहा अभियानमार्फत् जनतालाई सचेत र इमानदार हुने शिक्षा प्रदान गरेको छ । विमल निभाको व्यंगले सिंहदरबारबाट नै परिवर्तन खोज्ने वामपन्थी नेतालाई पछि फर्केर हेर्ने सूचना प्रदान गरेको छ ।

- रामजी पोखरेल,

*त्रिनपा-७ मोतिगडा, उदयपुर ।*

## आभारी हुने थियौं

राजेन्द्र महर्जनद्वारा लिखित पेरूको कम्युनिष्ट आन्दोलनबारेको लेख पढ्दा पेरूको तानाशाही फूजीमोरी सरकारका विरूद्ध आवाज उठाउन मलाई पनि क्रान्तिकारी भावना जागेर आएको छ । मानव अधिकारको ख्याल नगरी मानवको रूपमा आएका दानवको व्यवहार देखाउने नरसंहारकारी फूजीमोरी सरकारको कार्यप्रति विश्व मानव अधिकार संस्थाले पनि विशेष ध्यान दिएर फूजिमोरी सरकारविरूद्ध आवाज उठाउनु पर्ने कामना गर्दछु ।

यहाँ लेखकले साइनिंग पाथका दोश्रा नेता क. फेलिसियानोको बारेमा चर्चा गरी सकेर उनको गिरफ्तारीपछि पनि साइनिंग पाथमा फेरि देखापरेका अर्का नेता क. आर्तिमोको नेतृत्वमा चल्ने जनयुद्धका बारेमा पनि खोजको विषय बनाएर दिए आभारी हुने थियौं ।

- अर्जुन कुमार अधिकारी

*बाक्सिला-४, खोटाङ ।*

## सफलताको शुभकामना

मूल्यांकनको पूर्णाङ्क ७१ समयमै प्राप्त भयो । यसको 'आवरण कथा' ले सबै नेपालीलाई आफ्नो भाग्यबारे सोच्न सजग गराएको छ । 'घटना र प्रवृति' ले पनि राम्रो शिक्षा दिएको तथा 'विज्ञान प्रविधि' को समाचारले विश्वका मानवलाई नयाँ खुशी प्रदान गरेको छ । 'दर्शन' ज्ञानवर्द्धक छ र 'अन्तरक्रिया' र 'कथा' पनि पठनीय छन् । 'विश्व कम्युनिष्ट आन्दोलन'ले नेपालका वामपन्थीहरूलाई नयाँ शिक्षा दिएको छ । 'आत्मकथा' र 'नीति संस्कृति' पनि प्रेरणास्पद छन् । अन्तमा सँधैभैं यो अंक पनि पाठकहरूको मन जील्न सफल भएको छ ।

सुझावको रूपमा एउटा कुरा राख्दछु । पूँजीवादी खेमामा स्तरीय पत्रिका नभएकोले त्यो पनि पूरा गरी बजार लिन 'पूँजीवादी विचार मञ्च' भन्ने स्तम्भ थप गरियोस् भन्दै मूल्यांकनको सफलताको शुभकामना गर्दछु ।

-शिवप्रसाद खनाल

डेढगाउँ- ९, नवलपरासी,

हाल- केउरानी, नवलपरासी ।

## शिक्षाप्रद मूल्यांकन

प्रत्येक अंक हात पार्दै जाँदा अंक ७२ पनि छुटेन । वास्तवमा यस पत्रिकाले आजको पत्रपत्रिका जगतमा आफ्नो छुट्टै अस्तित्व उभ्याउन पछिपरेको छैन । यसको कारण यसमा प्रकाशित लेख रचना नै हो । 'भ्रष्टाचार' शीर्षकमा बडो गम खाएर लेखिदिनु भएछ लेखकज्यूहरूले, वहाँहरूलाई धन्यवाद ।

त्यसो त, रमेश विकलज्यूको कथाले समाजका हरकोहीलाई समाजको कथा-व्यथासँग अलग तुल्याउनु उचित ठानेको छैन । वर्तमान सरकारको नौलो प्रेरणामा परेको बढ्दो महंगीलाई कोट्याएर लेख्न अघिसर्नुभएका लेखकज्यूले पनि खुब ठीक गर्नुभएको छ । मूल्यांकनले राष्ट्रिय स्तरको अलावा अन्तर्राष्ट्रिय स्तरको घटनाक्रमलाई पनि छर्लङ्ग्याउन खोज्नुले अन्तर्राष्ट्रिय रूपमा भए-घटेका घटना प्रवृतिलाई समेत बुझ्न सजिलो भएको छ ।

यसर्थ, हर क्षेत्रमा अग्रपंक्तिमा रहेको यस 'मूल्यांकन मासिक, नाम मात्रको मूल्यांकन नभई अझ हर क्षेत्रमा गहन अध्ययनकासाथ मूल्यांकन गरी नियमित रूपमा प्रकाशित हुनसकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

- दानबहादुर जर्घा मगर

*जोगबुडा-१, डडेल्धुरा, हाल - काठमाण्डौं ।*



श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
५५ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा
मौसूफप्रति हार्दिक शुभ-कामना चढाउँदै
मौसूफको सुस्वास्थ्य, समृद्धि तथा सुकीर्तिका
लागि श्री परमेश्वरसँग प्रार्थना गर्दछौं ।

**नेपाल राष्ट्र बैंक**

परिवार

---

# HONS

**Himalayan Online Service Pvt. Ltd.**

*Your Gateway to the Information Superhighway*

PO Box : 9285, Bag Bazar, Kathmandu, Nepal
Phone : 977 1 220848, 223914
E-mail : info@hons.com.np

**SPECIAL OFFER !**

**Sign Up Now & Get FREE 24 hours internet access**

A Full Internet Service Provider and network consultant, provide services to all interested business and individuals all over Nepa HONS is connected to the Internet via VSAT link.

**Our Services:**

- Full Internet Access
- E-mail
- E-Fax
- Fax2Fax
- Web Site Design & Hosting
- Domain Registration
- Network Consultant for LINUX, WIN NT, WINDOWS

---

नव **युवा**

हरेक युवाले
पढ्नै पर्ने
मासिक पत्रिका !

---

मेडिआ बेन्जामिनद्वारा अनुदित र सम्पादित/
खगेन्द्र संग्रौलाद्वारा अंग्रेजीबाट नेपालीमा अनुदित



**होण्डुरसकी महिलाको हृदयको आवाज़ !**

*ल्याटिन अमेरिकी देश होण्डुरसमा भएका जनसंघर्षहरूको नेतृत्व गर्ने कुशल संगठक एल्भिया अल्भारादोको रोचक रोमाञ्चक, प्रेरक र ज्ञानवर्द्धक आत्मकथा !*

**प्रकाशित भयो !**

विक्रेता तथा क्रेताहरूले तुरुन्तै
सम्पर्क राख्नुहोला ।

SPACE
**स्पेस**, केन्द्रिय कार्यालय
पाटनढोका, ललितपुर, फोन नं. ५३०६६७
पो.ब.नं. ९६३६, काठमाण्डौ फ्याक्स : ५४२८९४
इमेल : space@mos.com.np

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०    म.क्षे.हु.द.नं. १२/०५१/५२


# बोर्डिङ्ग पास – समयको उपहार

एक बृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन् । छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन् । बडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको पुष्पक विमान को परिकल्पनामा मग्न छिन् ।

शहरमा छोरा भेट्न धैरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुःख कष्ट भाग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन् । अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी विताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमुल्य समयको उपहार ।
देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न





शाही नेपाल
वायुसेवा

जति उड्यो उति उडौं उडौं लाग्ने